
# शिक्षक

www.teacher.org.np

मूल्य रु ४०/-

भदौ २०६८

- शिक्षकको नयाँ तलबमान
- परम्परागत ज्ञान र सीपको लाभ
- प्रजनन प्रणाली पढाउँदा...
- बहस: शिक्षा र शिक्षकका समस्या



## विद्यालय शिक्षा

# बजेट जति तलबमा


Dabur
Real
QUALITY TOUR CONTEST
सुपर बम्पर पुरस्कार: QUALITY TOUR TO सिंगापुर
२ जोडीलाई
साप्ताहिक पुरस्कार: QUALITY TOUR TO रियल फ्याक्ट्री र पोखरा
१३ जोडीलाई
Real Quality Tour Contest मा सहभागी हुन राष्ट्रिय दैनिकहरूमा सोधिने साप्ताहिक प्रश्नहरूको सही जवाफ पठाउनुहोस् । आफ्नो मोबाइलको म्यासेज बक्समा जानुहोस् अनि Real लेखि a, b वा c मध्ये कुनै एक सही जवाफ रोज्नुहोस् र 2722 मा SMS गर्नुहोस् ।
SMS to 2722
SMS Powered by:
THT Live
Tour Managed by:
AceTravels.com
Real Fruit Power
Mango
विस्तृत जानकारीका लागि लग-अन गर्नुहोस्:
www.realqualitycontest.com
Real QUALITY
Real HEALTH
Real TRUST
जिन्दगी रमाउँछ... singapore घुम्न पाईन्छ...







**राहत, आराम र तरोताजा**

९ वटा महत्वपूर्ण जडिबुटीयुक्त नवरत्नको नरम मालिसले मस्तिष्कलाई तरोताजा र शरीरलाई शितल राख्दछ ।

यसमा छ : लताकस्तुरी, नगरमोठा, जापा पुष्पा, भिङ्गराज, शैलजा, कसिर काकोली, करचुर, अमला र कुन्च ।



# रेडियो कथा प्रतियोगिता

# लेखे दुनियाँले सुन्छ नलेखे हराएर जान्छ



**प्रिय शिक्षक साथीहरू,**

तपाईंका विद्यार्थीको लेखनको प्रतिभालाई मद्दत गर्न एउटा कथा लेखन प्रतियोगिता हुँदैछ ।

आफ्ना विद्यार्थीलाई यस प्रतियोगितामा भाग लिन प्रोत्साहन र सहयोग गरिदिनुहुन हाम्रो हार्दिक अनुरोध छ ।

### रेडियो कथामा को सहभागी हुनसक्छन् ?

- १२ वर्ष पुगेको र १८ वर्ष ननाघेको हुनुपर्छ । कथा साथमा सहभागीहरूको उमेरको प्रमाणपत्रको प्रतिलिपि पनि पठाउनुपर्नेछ ।
- १२-१४ वर्षको उमेर समूह र १५-१८ वर्षको उमेर समूहको मूल्याङ्कन फरक-फरक मापदण्डमा हुनेछ ।
- छानिएका लेखकहरूले काठमाडौंमा भेला भएर फेरि कथा लेख्नुपर्नेछ ।

### तपाईंको भूमिका

- विद्यार्थीलाई उनीहरूको मन छोएका, उनीहरूले नजिकबाट अनुभव गरेका वा भोगेका कुरा लेख्न प्रेरित गरिदिनुहोस् । उनीहरूले जे लेखे पनि आफ्नै मनबाट र आफ्नै भाषा शैलीमा लेखून् ।
- विद्यार्थीलाई मौलिक हुन हौसला दिनुहोस् । अर्काले लेखिसकेका कुरा दोहोऱ्याएर कोही पनि लेखक हुनसक्दैन भन्ने कुरा उनीहरूले सानैदेखि बुझ्नु आवश्यक हुन्छ ।
- आफूले लेखेका कुरा कसैले पनि नहेरी *रेडियो कथा* मा पुग्छ र उनीहरूका रचनालाई कसैले पनि सेन्सर (जाँचपास) गर्दैन भन्ने कुरा विद्यार्थीहरूलाई बुझाइदिनुहोस् ।
- तपाईंका विद्यार्थीहरू इन्टरनेट चलाउँछन् भने www.radiokatha.com.np मा लग अन गर्न वा फेसबुकमा *रेडियो कथा* को पृष्ठ हेर्न सुझाव दिनुहोस् ।
- विद्यार्थीलाई लेख्न हौसला दिनुहोस् तर नसिकाइदिनुहोस् । आज तपाईंले सिकाएर लेखे भने पनि पुरस्कृत भएपछि उनीहरूले काठमाडौंमा आएर आफैं नै लेख्नुपर्नेछ । त्यतिबेला उनीहरू लज्जित हुनु नपरोस् ।

### के लेख्ने

आफूले भोगेका वा नजिकबाट देखेका कुरा लेखेर पठाउने। संस्मरणात्मक शैलीमा लेखिएका सामग्रीलाई विशेष ग्राह्यता दिइनेछ ।

कथा इमेलबाट पठाए सजिलो हुन्छ । इमेलबाट पठाइएको कथा तुरुन्तै इन्टरनेटमा प्रकाशित हुनसक्छ । कथा हुलाकबाट पठाए पनि हुन्छ। जसरी पठाए पनि सफा र बुझिने अक्षरमा भने हुनुपर्छ ।

सहभागीहरूले तलका जानकारी र विवरण पूरा भर्नुपर्नेछ ।

- नाम: .................
- जन्ममिति .................
- विद्यालयको नाम .................
- जिल्ला .................
- गाउँ/नगर .................
- फोन नम्बर ................. (तपाईंले दिएको फोननम्बर कसको हो ? आफ्नै ? अभिभावकको ? स्कूलको? शिक्षकको? छिमेकीको?) वा ........
- हुलाकबाट पठाएका खण्डमा कथाको एउटा प्रति आफूसित सुरक्षित राख्नुहोला ।
- फोननम्बर हुने सहभागीलाई कथा प्राप्त भएको जानकारी फोनबाट पनि दिइनेछ ।

### पुरस्कार के छ ?

पुरस्कृत कथा लेखकहरूले अन्य पुरस्कारका अतिरिक्त आगामी शरद ऋतुमा काठमाडौंमा आयोजना हुने डेनमार्क र नेपालका विशेषज्ञहरूले दिने लेखनसम्बन्धी तालिममा सहभागी हुने समेत मौका पाउनेछन्। छानिएका कथा नेपाली र अङ्ग्रेजीमा प्रकाशित पनि हुनेछन् ।

### *रेडियो कथा* को मर्म हो

तपाईंका कथा तपाईंले लेख्नुभयो भने संसारले सुन्छ, लेख्नु भएन भने तपाईंले बिर्सिनुहुन्छ र कसैले सुन्न पनि पाउँदैन ।

**कथा पठाउने ठेगाना**

**रेडियो कथा**

हिमाल एसोसिएसन
Himal Association

पाटनढोका, पो.व.नं. १६६, ललितपुर, नेपाल
फोन: ५५४२५४४, ५५४८१४२, फ्याक्स: ५५४११९६
इमेल: radiokatha@gmail.com
Radiokatha

# शिक्षक
मासिक

वर्ष ४ पूर्णाङ्क ४१

भदौ २०६८
Aug–Sep 2011


आवरण तस्बिरः रजनीश भण्डारी


ज्ञान-विज्ञान शैक्षिक सहकारी संस्था लिमिटेडका लागि अध्यक्ष **दीपक थापा** द्वारा प्रकाशित

**सम्पादक**
राजेन्द्र दाहाल

**सल्लाहकार सम्पादक**
केदार शर्मा

**सहायक सम्पादक**
सुदर्शन घिमिरे

**वरिष्ठ संवाददाता**
बाबुराम विश्वकर्मा

**संवाददाता**
प्रमोद आयाम

**ले-आउट**
विपेन्द्र घिमिरे
के.बी. मगर

**प्रमुख कार्यकारी अधिकृत**
पीताम्बर कट्टेल

**विज्ञापन**
रामचन्द्र घिमिरे

**लेखा**
बन्दना श्रेष्ठ

**बिक्री वितरण/ग्राहक सेवा**
हरि ढकाल, तारानिधि रेग्मी

**कार्यालय**
**ज्ञान-विज्ञान सहकारी संस्था लिमिटेड**
**(*शिक्षक* मासिक)**
मचागाः (मच्छिन्द्रमार्ग), जावलाखेल, ललितपुर,
**पो.ब.नं. ३९१, ललितपुर**
फोनः सम्पादकीय- ५५४३२५२
व्यापार/विज्ञापन- ५५४८१४२
ग्राहक गुनासो (उपत्यका मात्र)- ४२६५६८६,
फ्याक्सः ५५४११९६
इमेलः mail@teacher.org.np,
वेबः www.teacher.org.np,
मुद्रणः जगदम्बा प्रेस, हात्तीवन, ललितपुर

जिप्रका लपु द.नं ५३/०६५/०६६


# बढ्दो बजेट, घट्दो इमान

हरेक वर्ष रु.३० लाखभन्दा बढी बजेट खर्च गरिएका माविले एक जना पनि छात्रछात्रा एसएलसीमा उत्तीर्ण गराउन नसकेका धेरै उदाहरण फेला पर्छन् । चौतर्फी हेलचेक्र्याईंले सरकारी लगानी मात्र डुबाएको छैन, नेपाली पसिनालाई पनि पानी बनाइदिएको छ ।

**रिपोर्ट**
पृष्ठ **२४-२९**




## बहस शिक्षा र शिक्षकका समस्या
पृष्ठ **३८-४३**

- राधेश्याम अधिकारी
- किशोरदत्त बराल

## समाचार १२-१६

शिक्षकको नयाँ तलबमान ■ वर्ष दिनमा पनि बनेन निर्देशिका ■ नयाँ बाटो नयाँ पाइला फेरि शुरू ■ बालविकास कार्यकर्ताको तलब बढ्ने ■ स्कूल हत्याउन अभिभावकको हत्या ■ ज्ञानोदयमा रूब्रिक्स शुरू ■ ऐन संशोधनमा ढिलाइः असर धेरैतिर

## अन्य सामग्री


स्कूल बन्दै मदरसा
*डम्बरकृष्ण श्रेष्ठ,* १८

त्रिपक्षीय संयोजनको सुखद् परिणाम २०

एसएलसीः अङ्ग्रेजी माध्यममा ८४ प्रतिशत
*विनोद शर्मा,* ३०

संवादः 'पारदर्शी होऔं, जवाफदेही बनौं !'
३४

सञ्जीवनीका बुटी ४४

लाभै लाभका स्रोतः परम्परागत ज्ञान र सीप
*डा. तीर्थबहादुर श्रेष्ठ,* ४६

प्रतिभा पहिचान र प्रोत्साहन ५०
- *श्यामप्रसाद लामिछाने*
- *नेपाल प्रकाश अधिकारी*
- *फाल्गुना दाहाल*

प्रजनन प्रणाली पढाउँदा...
*समुन्दर सिंह सैगर,* ५४


## स्तम्भ


विषय-सन्दर्भ ४, हेराइ र बुझाइ ५, प्रतिक्रिया र सुझाव ६, मनका कुरा ८, जिज्ञासा र जवाफ ५८, फुर्सद ६१, आलोपालो ६४



***शिक्षक*को ग्राहक बन्दा आधिकारिक व्यक्तिबाट मात्र बन्नुहोस् । पत्रिका प्राप्त नभएमा फोन नं. ९७२१५८००४८ मा तत्काल जानकारी गराउनुहोला ।**

■ केदार शर्मा

# मूकदर्शक नबनौं, लागिरहौं

प्रत्येक महिना *शिक्षक* मासिकको तयारीका क्रममा जम्मा हुने सूचना, समाचार र लेख-रचनाले सम्पादक मण्डलका सदस्यहरूको मनमा मिश्रित भावहरू पैदा गर्छन्। हामीकहाँ जसरी एकदमै उत्साहजनक समाचार र विवरणहरू प्राप्त हुन्छन्, त्यसैगरी सुन्नै मन नलाग्ने, स्वीकार्नै नसकिने कुरा पनि आउँछन्। हामी दुवैथरी प्रकाशित गर्छौं। सधैँझैँ *शिक्षक* को भदौ अङ्क पनि दुवै किसिमका सामग्री लिएर आएको छ, यस्तो सधैँ नै भइरहनेछ।

राम्रा समाचारबाट समाजमा राम्रो सन्देश फैलिन्छ, अरूमा पनि राम्रो काम गर्न प्रेरणा जाग्छ भन्ने विश्वास गरिन्छ। राम्रा कामलाई सञ्चारमाध्यमहरुले उच्च महत्त्व दिनु भनेको त्यस्ता कामलाई सार्वजनिक मान्यता दिनु र त्यसका नायक नायिका वा सहभागीहरूको सुनाम र सुकृति फैलाउन मद्दत गर्नु पनि हो। राम्रा कामका बारेमा छापिएका समाचारबाट व्यक्तिमा 'फलानाले राम्रो काम गरेर त्यत्रो इज्जत पायो भने त्यही कुरा हासिल गर्न म किन सक्दिनँ' भन्ने भावना पैदा हुनसक्छ। समाजले राम्रोपनतिर अघिबढ्ने प्रेरणा पाउँछ।

**राम्रा काम र राम्रा कुराको सङ्ख्या बढ्यो भने समाज राम्रोपनतिर र नराम्रा काम बढ्दै गएमा सिङ्गै समाज नराम्रातिर हुने हो। राम्रो समाजका पक्षधर तपाईंहाम्रो सानै प्रयासले पनि समाजलाई राम्रोपनतिर अघि बढाउन सक्छौं। त्यसतर्फ लागिरहौं, लागिरहौं!**

तर राम्रा समाचारबाट मात्रै राम्रो प्रभाव पर्ने होइन, नकारात्मक कामका बारेमा छापिने समाचारबाट पनि समाजले धेरै कुरा पाउँछ। यस्ता समाचारले गैरजिम्मेवार, भ्रष्टाचारी, खराब नियत र खराब आचरण भएका तथा समाज र कानुनलाई छलेर वा शक्ति हातमा लिएर नराम्रो काम गर्ने व्यक्तिहरूबाट सावधान हुन वा उनीहरूलाई कानुनको सीमाभित्र राख्न पनि मदत गर्छन्। यस्ता समाचारहरूको सङ्ख्या बढ्दै जाँदा सञ्चारमाध्यमले आफ्नो मखुन्डो उघारिदिने भयले कतिपय व्यक्तिहरू ठेगानमा बस्न थाल्छन्। नहुनुपर्ने कामका बारेमा छापिएका समाचारले नागरिकहरूलाई आफ्नो अधिकारका बारेमा सचेत र जागरूक बनाउँछन्। सही सूचना र ज्ञानले मानिसलाई जिम्मेवार बन्न सघाउँछन्। यो परिवर्तन लेखेजति सजिलो छैन तर मानिसहरूले नपत्याए जति अप्ठ्यारो पनि छैन। अर्थात् सहज नभए पनि असम्भव पनि छैन।

यो अङ्कमा पर्याप्त स्थान दिइएको शैक्षिक लगानी र त्यसको प्रतिफलसम्बन्धी सामग्रीले पाठकहरूलाई यस सम्बन्धमा गहिरिएर सोच्न बाध्य पार्ला भन्ने यो पङ्क्तिकारको विश्वास छ। उक्त लेखमा उल्लेख गरिएका घटना र प्रवृत्तिहरू पेशागत निष्ठा र क्षमताको अभावका मात्र हैन, अनाचार र भ्रष्टाचारका पनि ज्वलन्त नमुना हुन्। 'सियो चोर्नेले फाली चोर्छ, फाली चोर्नेले घर फोर्छ' भन्ने उखान छ। विद्यार्थीको छात्रवृत्ति उडाउने वा स्कूलमा कामै नगरी अरू किसिममा बजेट सिद्धयाउने व्यक्तिहरू नीतिनिर्माण गर्ने वा ठूलाठूला बजेटका काम गर्ने ठाउँमा भए केसम्म गर्दा हुन्, अनुमान गर्न गाह्रो छैन।

यता आएर मुलुकमा अनाचार र भ्रष्टाचारका कुरा बाहिर निस्किनुपर्छ भन्ने आवाज घनीभूत हुँदै गएको छ। नेपाल प्रहरीका वरिष्ठ अधिकृतहरूलाई समेत धमाधम खोरमा छिराइन थालेपछि भ्रष्टाचार विरोधीहरूको आत्मबल बढेको छ। यो अवस्था अरू केही समयसम्म रह्यो भने सियो चोर्नेदेखि घर फोर्नेसम्मका व्यक्तिहरू नाङ्गिन थाल्नेछन्। धेरैले कारागारको नि:शुल्क भोजनको स्वाद पाउनेछन्। त्यसबेला उनीहरूलाई संरक्षण दिने र उनीहरूको पापको कमाइमा सहभागी हुनेहरूले समेत उनीहरूलाई संरक्षण दिनसक्ने छैनन्। हाम्रो विश्वास छ, सरस्वतीका मन्दिरमा बसेर नानीहरूको अक्षरको हक खोस्नेहरू पनि कारबाहीबाट सधैँभरि बच्न सक्दैनन्।

तर त्यो दिन तब मात्र आउनेछ जब राम्रा, असल र सदाचारी व्यक्तिहरूलाई आफ्नो र आफ्नो पेशाको मर्यादाको चेतनाले मुख खोल्ने आँट दिनेछ। स्पष्टै भनौँ, शिक्षाका नाममा हुने वा शिक्षकहरूबाट हुने भ्रष्टाचारका बारेमा सबभन्दा धेरै जानकारी अर्को शिक्षकलाई नै हुन्छ। हो, एउटा व्यक्ति वा केही व्यक्तिहरूले मात्र समाजबाट अनाचार र भ्रष्टाचार समाप्त गर्न सम्भव छैन। तर सचेत व्यक्तिलाई चित्त नबुज्दा कर्तुतहरू देख्दा, मूकदर्शक भएर बस्न अझ गाह्रो हुन्छ। त्यसैले आफूले सक्ने किसिमले अनाचारहरूको प्रतिकार गर्नु सबै सचेत नागरिकको कर्तव्य हो। प्रश्न आउँछ, त्यो काम कसरी गर्ने त? सके त्यस्ता व्यवहारको खुलेर विरोध गर्ने, आफैं विरोध गर्न नसके समाजका जिम्मेवार व्यक्ति र अभिभावकहरूलाई "हेर्नुस्, तपाईंका अबोध बालबालिकाको भविष्यका लागि छुट्याइएको स्रोतको दुरुपयोग भइरहेको छ" भनेर जानकारी दिने र त्यो पनि गर्न नसके सञ्चारकर्मीहरूलाई लिखित/मौखिक रूपमा जानकारी दिने केही उपायहरू हुन्।

यति गर्दा पनि समाजबाट नराम्रा कुरा टुङ्गिदैनन्। तर नराम्रा कुरा जति बढे पनि समाजमा राम्रा काम हुन पनि छाड्दैनन्। राम्रा काम र राम्रा कुराको सङ्ख्या बढ्यो भने समाज राम्रोपनतिर अग्रसर हुने हो र नराम्रा काम बढ्दै गएमा सिङ्गै समाज नराम्रो हुने हो। तपाईंहामी राम्रो समाजका पक्षधरहरूले सानै प्रयास गरेर पनि समाजलाई राम्रोपनतिर अघि बढाउन सक्छौं। त्यसतर्फ लागिरहौं, लागिरहौं!

# शङ्कालु आँखा



**एक** जना बूढो मानिसको घरबाट बन्चरो हरायो। अघिल्लो दिन दाउरा चिरेर राखेको ठाउँबाट एकाएक बन्चरो हराउँदा उनलाई छिमेकको केटाप्रति शङ्का लाग्यो। किनभने; त्यसबेला छरछिमेकमा त्यो केटो बाहेक अर्को कोही देखिएको थिएन।

त्यो केटोलाई उनीहरू विश्वासिलै मान्थे। तर पनि अचानक शङ्का गर्नुपर्ने परिस्थिति परेपछि उनी त्यो केटो कसरी चोर्न बाध्य भयो होला भन्ने सोच्न थाले। उनलाई त्यो केटाको घरको दयनीय अवस्थाबारे थाहा थियो। बिचरा केटालाई 'स्कूलमा खाजा खान मन लाग्यो होला। बन्चरो बेचेको पैसाले खाजा खायो होला, यसो गर्‍यो होला, उसो गर्‍यो होला' भन्दै उनले धेरै सोचे।

तैपनि वृद्ध त्यस ठिटाका अरू चालचलन विचार गर्न थाले। उनले केटालाई जहिले पनि डराए जस्तो र अरूका छेउमा पर्न नखोजे जस्तो देखे। चुस्स दाह्री पालेको त्यो केटाका चालचलन र व्यवहार पेशेवर चोरकै जस्तो भएकोमा उनी विश्वस्त हुँदै गए।

एकदिन वृद्ध घरमा एक्लै थिए। उनको भैंसी फुकेर बारीमा दौडिन थाल्यो। पल्लो घरको त्यही केटो आएर भैंसी बाँधिदियो। केटाले उनलाई सोध्यो, "काका, भरे बाल्नलाई दाउरा पनि देख्दिनँ, चिरिदिऊँ?"

वृद्धले नमीठो स्वरमा जवाफ फर्काए, "भएको एउटा बन्चरो त कुन पापीले चोर्‍यो, केले चिर्नु र दाउरा?"

केटोले आफ्नो घरबाट बन्चरो लिएर आयो। उसले वृद्धसँग कुन मूढो चिर्ने? भनेर सोध्यो। बूढाले देखाएको मूढो केटाले बल गरेर तान्यो। त्यो मूढामुनिको कापमा एउटा बन्चरो देखा पर्‍यो।

"काका, यही त होइन तपाईंको हराएको बन्चरो?" केटाले सोध्यो।

बूढालाई आफ्नो शङ्कालु बानीप्रति हुनसम्म पछुतो भयो।

*(चिनियाँ लोककथा)*




# प्रतिक्रिया र सुझाव




## सभासद् थापालाई कारबाही गर

'विद्यालय व्यवस्थापन: सभासद् नै सर्वेसर्वा ?' (शिक्षक साउन, २०६८) स्थलगत रिपोर्टले एनेकपा एमाओवादीका सभासद् हरिलाल थापा नै मुख्य दोषीका रूपमा स्थापित गरेको छ। विद्यालयको मुहार फेर्न दिनरात कडा परिश्रम गर्ने दुर्गा उमावि आलिताल-५, डडेल्धुराका प्रअ प्रतापसिंह धामीलाई उनको काम र योगदानको उच्च मूल्याङ्कन गरेर सम्मान र पुरस्कृत गर्नुको साटो उल्टै सार्वजनिक भेलामा उनलाई जिउँदै जलाइदिने धम्की दिनुले सभासद् थापाको रक्तपिपासा अझै नमेटिएको पुष्टि हुन्छ। युद्धकालमा गोलीको सिकार बन्न बाध्य हामी शिक्षकमाथि आज शान्ति प्रक्रिया चलिरहेको अवस्थामा पनि किन अनेक तनाव र धम्की ? शिक्षकको यो विडम्बना कहिले अन्त्य हुने हो? के सभासद् जस्तो व्यक्तिले एक राष्ट्रसेवकलाई दिनुपर्ने उपहार र ढाडस यस्तै डर र धम्की हो?

सम्पूर्ण अभिभावक, विद्यार्थी, शिक्षक तथा विद्यालय व्यवस्थापन समितिका अधिकांश सदस्यहरूले प्रअ धामीको योगदानको चर्चा र प्रशंसा गरिरहेको अवस्थामा सभासद् थापाले पदीय मर्यादा र नैतिकतासमेत गुमाई पूर्वाग्रही ढङ्गबाट एक कुशल नेतृत्वकर्ता तथा राष्ट्रको होनहार व्यक्तिलाई सार्वजनिक स्थलमा गाली-गलौज गर्नु र जिउँदै जलाइदिनेसम्मको धम्की दिनु हदैसम्मको अत्याचार हो। सभासद् थापाको यो व्यवहारबाट दुर्गा उमाविका मात्र नभई देशका सम्पूर्ण शिक्षकलाई असुरक्षा महसुस गराएको छ। यस्तो आचरण भएका सभासद्बाट कस्तो संविधान बन्ला ?

सभासद् थापालाई स्वयम् माओवादी पार्टी र सभामुखले समेत कारबाही गरी पीडित शिक्षकलाई न्याय दिलाउनुपर्दछ। अन्यथा, यस्ता मैमत्ता सभासद्बाट माओवादी पार्टी र संविधानसभाको साख दिन दुईगुणा र रात चौगुणा गर्दै घट्ने निश्चित छ। बेलैमा चेतना भया।

मदन अधिकारी
श्री कञ्चनजङ्घा निमावि, मेनपा-१३, सालघारी (झापा)

## अङ्ग्रेजीमा कति सिकाइएला ?

नेपालका सामुदायिक विद्यालयले अङ्ग्रेजी माध्यमबाट आफ्ना बालबालिकाहरूलाई पठनपाठन गराउनु नराम्रो कुरा होइन। विश्वबजारमा नेपाली विद्यार्थीलाई प्रतिस्पर्धी तुल्याउन हाम्रो शिक्षालाई पनि त्यही स्तरको बनाउनु जरुरी छ। तर यसो भन्दैमा सबै विषयहरूलाई एक्कासी अङ्ग्रेजीमय बनाउँदा के सही सिकाइ सम्भव होला त ? यथार्थ त के हो भने प्रा.डा. जयराज अवस्थीले भने झैं; अनिवार्य अङ्ग्रेजी मात्रै राम्रोसित अङ्ग्रेजीमा पढाइदिए पुग्छ। यसैबाट सुधार गर्दै आगामी दिनहरूमा अन्य विषयहरूमा फड्को मार्न सजिलो होला। वास्तवमा अङ्ग्रेजी माध्यम हुनेबित्तिकै शिक्षा गुणस्तर हुने होइन। अर्काले घोडा चढ्यो भनेर हामीले धुरी चढ्ने चेष्टा गर्नुहुँदैन।

डम्बर थापा मगर
रौता-८, उदयपुर

## *शिक्षक* ले गर्दा कम उत्तीर्ण ?

२०६७ को एसएलसी परीक्षामा ५६ प्रतिशत मात्र विद्यार्थी उत्तीर्ण भएपछि यसबारे धेरै थरीका चर्चा परिचर्चाहरू भए। थोरै विद्यार्थी उत्तीर्ण हुनुको कारण खोजियो। आखिर किन यस्तो भयो ? बन्द-हडतालका कारण पढाइ नभएर हो कि ? विद्यार्थीहरू नै अल्छे भएर हो कि ? कि प्रत्येक विषयका प्रश्नपत्र नै अपेक्षाकृत जटिल थिए? धेरैले धेरै तर्कहरू निकाले।

ज-जसले जे-जे भने पनि, यस वर्षको एसएलसी उत्तीर्ण प्रतिशत घट्नुको जस (या अपजस) म शिक्षक लाई दिन्छु। विगतका वर्षहरूमा एसएलसी परीक्षामा हुने 'खुलमखुला चिटिङ'लाई लिएर शिक्षक मा थुप्रै सामग्रीहरू प्रकाशित भए। 'चिटिङ'देखि वाक्क भएका केही असल शिक्षक, असल विद्यार्थी र असल अभिभावकले गुणस्तरीय शिक्षाका विषयमा आवाज उठाए। शिक्षक आफैंले जाँगर चलाएर 'एसएलसी चिटिङ' विषयक सामग्रीहरू प्रकाशन गऱ्यो। यी सबै आवाजहरूले सरकारलाई दबाब दियो। परिणामत: एसएलसी परीक्षालाई मर्यादित बनाउने प्रयासहरू गरिए। त्यसैले केही हदसम्म भए पनि 'चिटिङ' रोकियो। पास नहुनुपर्ने केही विद्यार्थीहरू यसपटक पास भएनन्।

यद्यपि यो एउटा सानो प्रगति मात्र हो। निम्न तथा अति निम्न वर्गीय परिवारका विद्यार्थी र अभिभावकमा पढेर र पढाएरै पास गर्नुपर्छ भन्ने सन्देश अझै पुग्न सकेका छैनन्। उनीहरू त अहिले पनि 'शिक्षकहरूले चोराउनै सकेनन्' भन्छन्।



यस वर्षको एसएलसी परिणाम हेर्दा, अधिकांश विद्यार्थीहरू कुनै एउटै विषयमा फेल भएका देखिन्छन् । यसो हुनाको कारण, अन्य विषयको परीक्षा परम्परागत रूपमा (निष्फिक्रीसँग चिटिङ भएरै) नै सम्पन्न भएको हुनुपर्छ । जि.शि.अ., प्र.जि.अ., वि.नि. र उच्च सुरक्षा प्रमुखहरू आएका दिन चोर्न/चोराउन सम्भव भएन। त्यस्ता दिनमा जुन विषय पऱ्यो विद्यार्थी त्यसमै फेल भइदिए । त्यसैले कुनै केन्द्रबाट परीक्षा दिएर फेल हुनेहरू सबै विज्ञानमा फेल भए, अर्को केन्द्रका गणितमा, अर्को केन्द्रका अङ्ग्रेजीमा।

जबसम्म बढीभन्दा बढी विद्यार्थी तथा अभिभावककहरूमा 'परीक्षा लेखेरै/पढेरै पास गर्नुपर्छ' भन्ने भावनाको विकास हुँदैन, तबसम्म परीक्षा सुधार्न गाह्रो छ। शिक्षकहरू त नियम-कानुनले बाँधिएका छन्। उनीहरूलाई उनीहरूभन्दा माथिको एउटा निर्देशन नै काफी हुन्छ।

इन्द्र श्रेष्ठ
सरस्वती उमावि, खानीभञ्ज्याङ, ओखलढुङ्गा

## विचरो शिक्षक

शिक्षण आफैंमा सम्मानित र जिम्मेवारीपूर्ण पेशा हो। शिक्षक समाजको मार्गदर्शक, विद्यार्थीको पथप्रदर्शक र परिवर्तनको संवाहक हो।

तर नेपाली माटो अनुकूल उत्पादन भएका शिक्षक विचरा ! कठिन सङ्घर्षपश्चात् उत्पादन भएका दक्ष जनशक्ति शिक्षक आफ्नै हातमुख जोड्न दिनभर चकको धूलो खानुछ, एकसरो लुगा वर्ष दिनमा फेर्नुछ । जति पढाए पनि परीक्षार्थी फेल भएमा नपढाएको अवगाल आई नै हाल्छ। शिक्षकले पढाएन कि विद्यार्थीले पढेन ? यो कुरा कसैले सोच्दैन । विद्यालयको नाममा भवन छ। प्रयोगशालामा पाठ्यपुस्तकसम्म छैन । अन्य सामग्री भएको त रेकर्ड नै छैन। फेल भए विद्यार्थीको मार, पास भए शिक्षकसँग छैन कुनै सरोकार । शिक्षक ज्यालादारी खान्छ घुसखोरी हुँदैन। बोर्डिङले त नास्ता पुग्ने खर्च पनि दिँदैन तैपनि विचरो शिक्षक! भिक्षा माग्ने जोगी झैं बन्छ मूकदर्शक।

तलबको निर्धारण राज्यले गर्ने । राज्यमा नियम बलले बन्ने । नियमको कार्यान्वयन समाजले गर्ने । समाज भने पैसावालले किन्ने। योग्यतालाई पैसाले किन्ने । इज्जतलाई बलले जित्ने । राजनीतिक भागबण्डापश्चात् शिक्षक भर्ती हुनुपर्ने। चार महिनासम्म ऋणले चुर्लुम्म डुब्ने । एउटा खरिदार समान आफ्नै स्नातकोत्तर योग्यता तुलना नगरिने विचरा शिक्षक ! चक र डस्टरको त मास्टर !

मुख सुकेर थुक्नु छैन । शिक्षक भनेको भुक्नु होइन। शिक्षक सरकारको सौतेलो होइन। न त हो राजनीतिकर्मीको सम्पत्ति ! त्यसैले शिक्षक सान हो। मान हो । उज्यालो प्रकाश छर्छ । विद्यार्थी समाजमा उमार्छ, फुलाउँछ र ज्ञान दिई फलाउँछ । त्यसैगरी मैनबत्ती झैं आफू जलेर अरूलाई उज्यालो छर्दछ । तर पनि विचरो ! अन्त्यमा फूल झैं ओइली झर्छ।

रुगबहादुर क्षेत्री
तिलाचन निमावि, निसी–९, बाग्लुङ

## यस्तो होस् स्कूल

शिक्षकले विद्यार्थी हाँसी-हाँसी पढाउन्
दिलभित्र रोपेर प्रेमको फूल फुलाउन्
पढाउन होइन सिकाउन पढाउन्
सिकाएका कुराले भोलि जीवन चलाउन्।
एउटा एउटा बिरुवा भिन्न भिन्न फुल्ने फूल
रङ बेग्लै भए'नि सबै फूल समान हुन्
बाहिर हाँसो फक्रन्छ भित्र हुन्छ प्रतिभा
त्यो प्रतिभा चम्काउने शिक्षकको कर्तव्य।
घुमिरहोस् स्कूल शिक्षकको दिलमा
तन जहाँ भए'नि मन पुगोस् स्कूलमा
शिक्षक र विद्यार्थी मिली माला गाँसेर
एकापसमा लगाउन् सबै जना हाँसेर।
सरकारले शिक्षकलाई खुसी बनाई काम लाओस्
राम्रो गर्ने मालीले सबैबाट जस पाओस्
सुरक्षित स्कूल होस् कक्षा भित्रै घाम छिरोस्
पढाउने र पढ्नेको दुनियाँमै नाम चलोस्।
यति भए स्कूल सुन्दर मन्दिर बन्नेछ
त्यो स्कूलमा पढ्नेले भोलि देश बोक्नेछ।

कृष्ण कुम्पुरे
सत्यवती उमावि, धादिङ

**शिक्षक सङ्ग्रह २०६७**




*शिक्षक* मासिकको २०६७ सालका अंकहरू 'बाइण्डिङ' गरिएको सङ्ग्रह तयार भएको छ । इच्छुक पाठक तथा बिक्रेताहरूले नजिकको पत्रिका पसल अथवा *शिक्षक* को कार्यालयमा सम्पर्क राख्नुहोला:
कार्यालयः ०१-५५४८१४२, ९७२१५८००४८ (हरि),
मूल्य रू.: ४००/-

विश्वविद्यालयका प्राध्यापकहरूबाट अध्यापन गराइने यस काठमाडौं शिक्षा क्याम्पसमा
एम.एड. (अङ्ग्रेजी, नेपाली, स्वास्थ्य, शैक्षिक योजना तथा व्यवस्थापन र पाठ्यक्रम)
बी.एड. एकवर्षे र तीनवर्षे (अङ्ग्रेजी, नेपाली, स्वास्थ्य, गणित, जनसंख्या, सामाजिक, शैक्षिक प्रशासन र सुपरिवेक्षण)
+२ (शिक्षा, मानविकी, व्यवस्थापन र कम्प्युटर विज्ञानका कक्षा सञ्चालन भइरहेको छ । तीनथाना, काठमाडौं, फोनः ४३११८४३)

नेपालको पहिलो सामुदायिक शिक्षा क्याम्पस
**काठमाडौं शिक्षा क्याम्पस**
पद्मोदय उमाविको भवन, रामशाहपथ, काठमाडौं,
फोनः ०१-४२३०२४०, ९८५१०११६४६, ९८४१३२५९००, ९८४१२६५५४४,
नोटिस बोर्ड नं.: क्याम्पस सूचना-१६१८०१४२३०२४०, विद्यार्थी सूचना-१६१८०७०७२०२४१
उक्त नं. हरुमा नेपालभरिका लोकल फोनबाट सम्पर्क गर्न सकिनेछ।
E-mail: kscram@ksc.edu.np, URL: www.ksc.edu.np

KSC Notice
- विभिन्न विषयका विशेषज्ञहरूद्वारा छुट्टै स्रोत कक्षाको व्यवस्था गरिएको।
- वेबसाइट नोटिस बोर्ड तथा फेसबुकमार्फत् सूचना प्रदान र आधुनिक प्रविधिबाट अध्यापन।
- कक्षा सञ्चालन साँझ ४ देखि ८ तथा प्रशासन दिनको १ देखि साँझ ८ बजेसम्म।
- एमएड दोस्रो वर्षको कक्षा आरम्भ साउन ३० गतेबाट सञ्चालन भैसकेको छ।
- एमएड प्रथम वर्षमा भाद्र मसान्तसम्म छात्रवृत्ति सहित भर्ना लिइनेछ।

# प्रश्नै प्रश्न

**कुशल खेलाडीको लागि राजनीति सर्वोच्च खेल होइन र ? राजनीतिले के के दिन सक्छ ? असल शासन ? समृद्धि ? रामराज्य ? काम ? माम ? इनाम ? नाम ? गास ? बास ? कपास ? विकास ? मनचिन्ते झोली ? समयले नेटो नकाट्दै विकासको राजनीति गर्ने कि ?**

शिक्षा विकासको मूल हो ? समृद्धि हो ? सर्वस्व हो ? शिक्षा विकासको बिरुवा हो ? जरा, हाँगा, पात, फूल, फल, सबै हो ? त्यसो भए यो बहुमूल्य शिक्षा कुन रूपमा दिने ? नि:शुल्क ? सशुल्क ? सर्वसुलभ ? लेनदेनको कारोबार कसरी मिलाउने ? जनता कस्तो शिक्षा चाहन्छन् ? सडकमा गिट्टी फोडेर पेटमा धरो कसी-कसी आफ्ना बच्चा किन बोर्डिङमा पढ्न पठाउँछन् ? एक टोकरी तरकारी, एक घोगा मकै, नाङ्ले पसलमा खुद्रा सामान बेचेर पनि बोर्डिङ स्कूलमा पठाउने रहर कि बाध्यता हो ? फेसन हो ? हल्ला, ठगी हो ? शिक्षाको व्यापार हो ? वा आफ्नो बच्चाको सुन्दर भविष्यको लागि खर्च गर्ने रहर हो ? कसले खोजी गर्ने ? किन खोजी गर्ने ? कि यो छताछुल्ल दृश्य कसैले देखेको छैन ? सरकार सञ्चालित विद्यालयहरू किन रित्तिँदै छन् ? के कमी भयो ? शिक्षक छैनन् ? भवन छैन ? खेल मैदान, फर्निचर के छैन ? कसको कमजोरी हो ? शिक्षा नीतिकै प्रश्न ? सरकारी लगानीकै प्रश्न ? प्रश्नै प्रश्न ? के त यी प्रश्नमा उत्तर छ ? उत्तर दिने को हो ? शिक्षक, अभिभावक, विद्यार्थी, नेता, कर्मचारी, व्यापारी, कृषक, मजदुर, सरकार ? को को सुध्रिनुपर्ने ? के सुधारिनुपर्ने ? संस्कृति, राजनीति, बानी, सोच, धर्म, कर्म ?

निजी संस्थाहरूको शिक्षा किन सबैको रोजाइ भयो ? किन्न पाएर ? बेच्न पाएर ? रोजगारमूलक भएर ? कार्यमूलक भएर ? अङ्ग्रेजी प्रयोग हुने भएर ? स्तरीय ? देखावटी ? विदेश जान सजिलो ? आधुनिक ? के के भएर ? लामो इतिहास बोकेको सरकार सञ्चालित शिक्षाले किन जनताको साथ पाउन सकेन ? यो अमूल्य शिक्षा किन मर्ने न मोटाउने भयो ? नि:शुल्क दिनु गलत हो ? वा स्तर गिर्नु गलत हो ? त्यसो हो भने अब किनबेच तर्फ नै लैजाने त ? विकास फलाउने विरुवा बेच्ने ? किन्ने ? कसले बेच्ने ? कसले किन्ने ? जरा बेच्ने ? काण्ड, पात, फूल, फल, सबै बेच्ने ? कस्तो कस्तो रूपमा बेच्ने ? उत्तरपुस्तिकाको रूपमा ? पाठ्यपुस्तक, छपाइ खर्च, फर्निचर, सर्टिफिकेट, खाजा खर्च, ट्युसन, खेल मैदान, पौडी पोखरी आदि अनेक रूपमा ? कहाँ कहाँ बेच्ने ? बोर्डिङहरूमा ? पुस्तक पसलहरूमा ? कोचिङ सेन्टरहरूमा ? कसले कति कमायो ? लेखाजोखा ? अडिटिङ ? पसलमा राखिएको शिक्षा कुन स्तरको छ ? देखावटी ? आकर्षक ? बुर्जुवा ? रोजगारमुखी ? विदेश पठाउने ? बेरोजगारको जमात बढाउने ? गफ गर्न सिकाउने ? धूर्त राजनीतिज्ञ ? बाठो ? भ्रष्ट संस्कृति सिकाउने ? कस्तो शिक्षा बेचिँदैछ ? विदेशको श्रमबजारमा बिक्ने शिक्षा ? हामीसँग के सीप छ ? कुन स्तरको काम गर्न सकिन्छ ? स्वदेशमै कामको निर्माण गर्न सकिन्छ ? सर्टिफिकेट देखाउने वा काम देखाउने शिक्षा ? रोइकराइ गरेर भीख माग्ने शिक्षा ? नेपाली कान्छा हुने शिक्षा ? कहाँ काम गर्ने ? भान्छा ? बेडरुम ? खेतबारी ? अफिस ? सडक ? ट्वाइलेट ? के चलाउने ? कलम, मेशिनगन, कार, संस्था, राष्ट्र ? के यी सबै यक्ष प्रश्न होइनन् ? नेताहरूलाई नि:शुल्क शिक्षा चाहियो ? व्यापारीहरूलाई सशुल्क ? र जनतालाई ...?

तपाईंहरूसँग पनि केही प्रश्नहरू छन् ? के सम्बन्धी प्रश्नहरू ? शिक्षा सम्बन्धी ? विकास सम्बन्धी ? के को विकास गर्ने ? यातायात ? स्वास्थ्य ? शिक्षा ? सञ्चार ? कहाँ गर्ने ? तराई ? पहाड ? हिमाल ? शहर ? गाउँ-गाउँ ? गल्ली-गल्ली ? पहिला के कति विकास गर्ने ? शिक्षाको ज्योति फैलाउने ? घाम जस्तै न्यानो र उज्यालो ज्योति ? कहाँसम्म पुऱ्याउने ? तराईमा मात्र कि पहाडसम्म ? शहरमा मात्र कि गाउँसम्म ? घर-घर ? दैलो-दैलो ? अनि हिमाल ? के गर्ने ? कुन बाटो जाने ? शिक्षाको ज्योति आकाशबाटै पठाउन मिल्छ ? कि आफैं बोकी लैजाने ? टिभी, रेडियो, इमेल, इन्टरनेट केही प्रयोग गर्न मिल्छ ? अभियान चलाउने कि ? कति लगानी लाग्छ ? को तयार छ अभियान चलाउन ? शिक्षाको ज्योति लिएर जानै पर्ने भए बाटो बनाउने ? कताबाट खन्ने ? नदी किनार-किनार ? भत्काउने ? खन्ने ? पुर्ने ? प्राकृतिक सम्पदा वनस्पति मास्ने ? पहाडका पाखा छेड्ने ? सुरुङ निर्माण गर्ने ? मनकामना मन्दिर जाने जस्तै केबुलकार झुण्ड्याउने कि ? कि पहाडका टाकुराहरूमा खोच काटेर विना पिलरको तर मजबुत नयाँ प्रविधिको केबुलकार निर्माण गर्ने ? पहाडको फेदीबाट टाकुरासम्म छड्के लिफ्ट सिस्टम बनाउने ? विद्युत् शक्ति ? त्यसै चल्छ लिफ्ट ? लगानी को गर्ने ? देशी विदेशी कसलाई अनुरोध गर्ने ? नाफा हुन्छ ? जडिबुटी व्यापार ? पर्यटन ? बीउबिजन उत्पादन ? जलविद्युत् उत्पादन ? फलफूल खेती ? के के ? सम्भावनाहरू छन् लगानी गर्ने ? को कोलाई नाफा हुन्छ ? लगानीकर्तालाई के के नाफा ? सरकारलाई के के ? नेतालाई के ? जनतालाई के ? को को कसरी लगानी गर्ने ? टुक्रे लगानी गर्ने ? विश्व ब्याङ्क बोलाउने ? कस्तो शर्तमा बोलाउने ? देशभित्रै कोही छन् कि ? सक्छन् ? जनताले कस्तो लगानी गर्ने ? कसरी उत्प्रेरित गर्ने ? कसरी आश्वस्त पार्ने ? अन्तरिक्ष यात्रा तय गर्ने नासा जस्तै कुनै संस्था छ कि ? के यो पृथ्वीवासी सबैलाई यो कैलाश लोकको भूगोल देख्ने अधिकार छैन ? यो प्राकृतिक छटा, पाखा, पखेरा,

जीव, जन्तु, उच्च बस्ती, फोक्सुन्डो ताल, रारा ताल, गोसाईंकुण्ड, तिलिचो ताल आदि देख्ने इच्छा छैन ?

तेन्जिङ नोर्गे र एडमण्ड हिलारी कसरी पुगे सगरमाथा ? कुन बाटो गए ? कसले देखायो त्यो अद्वितीय पदपथ ? कसले पुऱ्यायो शिखरमा ? इच्छाशक्ति बलियो थियो ? लक्ष्य थियो ? सगरमाथा विजयले कसलाई के कति फाइदा भयो ? नाम्चेको चिनारी ? शेर्पाहरूको पहिचान ? नेपालीहरूको शिर ? सगरमाथा को अस्तित्व ? इच्छा भए कसले कसलाई रोक्न सक्छ ? केले केलाई ?

अब राजनीतिको कुरा गर्ने ? कहाँको राजनीति ? अमेरिकाको ? चीनको ? इण्डियाको ? बेलायत ? नेपाल ? कहाँको राजनीतिले के गऱ्यो ? इतिहास सम्भनुभयो ? देश डुबायो ? देश उठायो ? जनता ठग्यो ? असल शासन दियो ? लडाईं ? मृत्यु ? समाधान ? रामराज्य ? के के दियो ? नेपालकै कुरा गरौं ? दरबारिया राजनीति ? जहाँनियाँ राजनीति ? बहुदल ? पञ्चायत ? सशस्त्र जनयुद्ध ? जनआन्दोलन ? शान्तिसम्झौता ? कुन राजनीतिको कुरा गर्ने ? विष्णु अवतारको राजनीति ? पुज्ने र पुजाउने राजनीति ? ऐस र आराम ? सपना बाँड्ने र भऱ्याङ चढ्ने ? जित्ने र जिताउने ? थुन्ने र थुनाउने ? सुध्रिन खोज्ने तर नसुध्रिने राजनीति ? सिध्याउने र सिद्धिने राजनीति ? त्यस्तै मेलमिलाप गर्ने र अवसर खोज्ने राजनीति ? गद्दी आरोहण र गद्दीपतन राजनीति ? टुक्रिने र टुक्र्याउने राजनीति ? खुट्टा तान्ने र धरातल टेकाउने राजनीति ? जनताबाट बहिष्कृत हुने र शासन गर्ने राजनीति ? फोहोरी खेल जस्तै खेल्ने ? गोल गर्न खोज्ने तर नसक्ने अनि गोल गर्न पनि नदिने राजनीति ? गोल गोल भन्दै भद्रगोल गर्ने राजनीति ? अन्त्यमा हामी मिलेर बाँडी खाउँ भन्ने समावेशी र सदावहार राजनीति ? सबै प्रश्नै प्रश्न ? उत्तर कसले दिने ?

कुशल खेलाडीको लागि राजनीति सर्वोच्च खेल होइन र ? राजनीतिले के के दिन सक्छ ? असल शासन ? समृद्धि ? रामराज्य ? काम ? माम ? इनाम ? नाम ? गास ? बास ? कपास ? विकास ? मनचिन्ते झोली ? समयले नेटो नकाट्दै विकासको राजनीति गर्ने कि ?

**जागेश्वर भुसाल**
शिक्षक, श्री जनप्रभा उमावि, लिक, डोल्पा

---

# विद्यालय सुधार योजनाः शङ्का लाग्न थाल्यो

**राजनीतिक अस्थिरताको फाइदा उठाउँदै शैक्षिक क्षेत्रमा हालीमुहाली गर्ने तत्वहरूका कारण विद्यालय सुधार योजना जस्तो महत्त्वपूर्ण र शैक्षिक क्षेत्रकै एउटा कोसेढुङ्गा सावित हुनसक्ने कार्यक्रम देशभर पूर्णरूपले लागू नहुँदै तुहिने पो हो कि भन्ने शङ्का उब्जिन थालेको छ ।**

सरकारले विद्यालयको संरचनामा समेत परिवर्तन गर्ने गरी विद्यालय सुधार योजना (२००९-२०१५) कार्यान्वयनमा ल्याइसकेको छ । एकीकृत विद्यालय सुधार योजना निर्माण तथा एकीकृत लेखा प्रणाली परीक्षणका लागि हाल रसुवा, डडेलधुरा, कपिलवस्तु, बाँके र धनकुटा गरी पाँच वटा जिल्लामा विद्यालय सुधार योजनाले समेटेको कार्यक्रम र मनसाय विस्तार गर्ने कार्य पनि थालनी भइसकेको छ । आधारभूत तहमा लागू गरिएको यो बहु-आयामिक योजना विगतका थुप्रै शैक्षिक योजनाहरू जस्तै असफल नहोस् भन्नेतर्फ सरोकारवालाहरू सचेत रहेको पाइएको छ । विद्यालय सुधार योजना कार्यक्रमलाई नमुनाको रूपमा मस्यौदा तयार पार्ने र त्यसलाई लागू गर्ने/गराउने क्रममा रसुवा जिल्लालाई शुरुदेखि नै सामेल गराइएकाले यसप्रति हाम्रो विशेष चासो रहँदै आएको छ ।

केन्द्रमा यसअघि तयार पारी लागू गराइएका शैक्षिक योजनाहरू कार्यान्वयनस्तरमा पुगेर फितलो हुने गरेको यथार्थ बुझेर यसपटक कार्यान्वयन तहमा नै पुगेर राय-सुझाव सङ्कलन गरी लागू गर्ने यस योजनाले लिएको सराहनीय पाटो थियो । तथापि यसले जे-जति मात्रामा सरोकारवालाहरूलाई आकर्षण गर्नुपर्ने हो त्यति गर्न नसकेको हो कि भन्ने लागेको छ । मस्यौदा माथि टिप्पणी गर्ने क्रममा संस्थागत रूपमा रहने भनिएको विद्यालयगत संरचनालाई शब्दको खोलले ढाकछोप गरेर यसअघिकै संरचनाको निरन्तरता रहने सङ्केत यसले देखाइसकेको छ । तहगत रूपमा विद्यालयको संरचना आधारभूत र माध्यमिक तह रहने गरी विद्यालय सुधार योजना ल्याइए पनि नक्साङ्कनका आधारमा विद्यालयहरू केन्द्रीकृत गर्ने मस्यौदाको ठम्याइ यहाँ आइपुग्दा फितलो हुनपुगेको देखिन्छ ।

विद्यालय सुधार योजनाको मर्मलाई ध्यान दिएर सरकारले शिक्षा नियमावली संशोधन गर्ने कार्य त पूरा गरेको छ । तर, शिक्षा ऐन अहिलेसम्म पनि संशोधन हुन नसक्नुले अन्योल बढाएको छ । परिणामतः राजनीतिक अस्थिरताको फाइदा उठाउँदै शैक्षिक क्षेत्रमा हालीमुहाली गर्ने तत्वहरूका कारण विद्यालय सुधार योजना जस्तो महत्त्वपूर्ण र शैक्षिक

क्षेत्रकै एउटा कोसेढुङ्गा सावित हुनसक्ने कार्यक्रम देशभर पूर्ण रूपले लागू नहुँदै तुहिने पो हो कि भन्ने शङ्का उब्जिन थालेको छ।

यस कार्यक्रमको प्रारम्भमा जसरी राय-सुझाव सङ्कलन तथा मस्यौदा तयार पार्ने काम भयो सोही गतिमा शिक्षासँग सम्बन्धित ऐन नियमावलीहरू संशोधन गरी कानुनी टुङ्गो लागेका कुरालाई वैधता दिँदै गएको भए यसको कार्यान्वयन पक्ष सहज र मजबुत हुनेथियो। कार्यक्रमले १-८ कक्षालाई आधारभूत तहका रूपमा व्याख्या गरे पनि व्यावहारिक रूपमा १-३, १-५ र १-८ तहमा पहिलेकै बोर्ड झुण्ड्याएर विद्यालयहरू सञ्चालन भइरहनु अन्योलको विषय बनेको छ। विद्यालय तहमा मात्रै नभएर जिल्ला र कतिपय केन्द्रीय कार्यक्रमहरूमा समेत अझै पनि प्रावि, निमावि तथा मावि तह लिखित रूपमै जारी रहिरहेको अवस्थामा विद्यालय सुधार योजना लागू भयो भनेर कसरी सरोकारवालाहरूलाई बुझाउने?

हालै मात्र एकीकृत विद्यालय सुधार योजना निर्माण र एकीकृत लेखा प्रणाली नमुनाको रूपमा रसुवा जिल्लामा पनि सञ्चालनमा आएको छ। यस कार्यक्रमले विशेषगरी विद्यालय तह र उच्च माध्यमिक तहमा रहेको तहगत भिन्नतालाई विद्यालय सुधार योजनाको मर्म अनुसार केन्द्रीकृत गर्न खोजेको देखिन्छ। नयाँ आर्थिक वर्षसँगै विद्यालय तहको शैक्षिक गतिविधिमा रहँदै आएको दोहोरो कार्यनीतिलाई एउटै कार्ययोजनामार्फत सञ्चालन गर्ने यस कार्यक्रमको मुख्य आशय रहेको छ। तर विद्यालय तहका स-साना कार्यक्रमहरूलाई एकीकृत गर्दैमा विद्यालय सुधार योजना कार्यान्वयनमा आउँछ भन्न सकिँदैन। यो सम्भव पनि देखिँदैन। अहिलेसम्म उच्च माध्यमिक तह आफ्नै शिक्षा ऐन र नियमावली तथा आफ्नै पाठ्यक्रम, आफ्नै परीक्षा प्रणाली र छुट्टै कार्यालयसहितको ठूलो बोर्ड सानोठिमीमा झुण्ड्याएर विद्यालय सुधार योजनालाई चुनौती दिइरहेको देखिन्छ। सरकार भने शिक्षा ऐनमा संशोधन नै नगरी नियमावली र विद्यालयस्तरका कार्यक्रममा थपघट गर्दै योजना लागू गरेको प्रचारवाजी गरिरहेको छ। नमुनाका रूपमा छनोट भएका जिल्लाहरूमा कार्यक्रमका पोका थुपारिएका छन् तर कार्यान्वयन हुने तह थप अन्योलको भुमरीमा फसिरहेको छ। हचुवाको भरमै कार्यक्रम थेग्न बाध्य भइरहनुपरेको छ।

केन्द्रीय रूपमा रहेको तहगत संरचनाको पाटोमा कुनै फेरबदल नै भएको छैन। शिक्षा नियमावलीले विद्यालयको तहलाई 'आधारभूत' र 'माध्यमिक तह' भनेर परिभाषित गरे पनि हालको संरचनालाई नै समेटेको छ। कक्षा १-१२ को अवधारणा लागू भइसकेको विद्यालय सुधार योजना बोलिरहेको छ। बिहान सञ्चालन हुने गरेको कक्षा ११ र १२ को लेखा प्रणाली र दिउँसो सञ्चालन हुने गरेको १-१० को लेखा प्रणाली एकीकृत गर्न जिशिकाले पनि निर्देशन दिइरहेको छ। तर संयुक्त शैक्षिक पात्रो तथा एकीकृत लेखा प्रणाली जस्तो विद्यालयस्तरको कार्यक्रममा मात्र परिवर्तन गर्न यत्रो सुधार योजना चाहिन्थ्यो? अथवा विद्यालय क्षेत्र सुधार योजनाको लक्ष्य र दायरा त्योभन्दा धेरै ठूलो पो थियो कि?

सल्लाह र सुझाव सङ्कलनको पाटो तल्लो तहबाट शुरु गर्नुपर्ने भए तापनि कार्यान्वयनको पाटो भने केन्द्रीयस्तरबाटै गरिनुपर्ने होइन र? शिक्षा ऐनमा रहेको विद्यालयगत संरचनाको व्यवस्था नहटाउँदै सरोकारवालाहरू योजना लागू भएको घोषणा किन गरिरहेका छन्? सामान्य जानकारहरू अन्योलमा रहेका छन्। शैक्षिक जगतको मूल कानुनमा नै संशोधन नगरी स-साना क्रियाकलाप र कार्यक्रममा थपघट गर्दै योजनाको अवधि पूरा गर्ने मनसाय पो हो कि भन्ने शङ्का गर्नुपर्ने भइसकेको छ। देशको शैक्षिक जगतलाई समय अनुकूल परिवर्तन गर्दै अन्तर्राष्ट्रियस्तरको गुणस्तरीय शिक्षा प्रदान गर्न साँच्चै विद्यालय सुधार योजना कार्यान्वयनमा ल्याउन लागिएको हो वा विगतका योजना जस्तै वैदेशिक सहयोग कागजी घोडामा पूरा गरेर स्वाहा पार्न थालिएको हो स्पष्ट हुनसकेको छैन। विद्यालय तहको संरचना ऐनमा परिवर्तन गर्न केले रोकेको छ? कि सुधार योजना कार्यान्वयनमा ल्याउन हतारै भएको हो! यसबारे छुट्टै योजनाको मस्यौदा तयार पारेर राय-सुझाव लिन जिल्लागत र विद्यालयगत तहमा फेरि मस्यौदाकारवालाहरू टिप्पणीका लागि पठाउनुपर्ने पो हो कि!

**वीरबहादुर गुरूङ**
श्री रसुवा उमावि धुन्चे, रसुवा


# शिक्षक साथीहरूलाई अनुरोध!

देशभरका विज्ञान शिक्षकहरूलाई संगठित र एकताबद्ध गरी विद्यालयस्तरमा विज्ञान शिक्षाको गुणस्तर विकास गर्ने उद्देश्यले स्थापित ***विज्ञान शिक्षक समाज, नेपाल*** *(Science Teachers Association of Nepal - STAN)* को स्वीकृत विधान अनुसार विभिन्न जिल्लाहरूमा गठन गरिएका जिल्ला कार्य समिति, आफ्नै विधान अनुसार जिल्लास्तरमा दर्ता भई गठन भएका समितिहरू र विगतका वर्षहरूमा विज्ञान शिक्षाको उन्नयनका लागि कार्यरत संगठित संस्थाहरूबीच आपसी सहकार्य, समझदारी र समन्वयमा सञ्जाल निर्माण गर्दै भविष्यका लागि साझा दृष्टिकोण, कार्य दिशा र योजनाको खाका तयार गर्नका लागि २०६८ भदौ २३ गते शुक्रबार १०:०० बजे शैक्षिक तालिम केन्द्र (अमरसिंह उमावि), पोखरामा आयोजना हुने ***विज्ञान शिक्षक समाज, नेपाल*** को भेलामा सबै कार्यसमिति र संस्थाबाट कम्तीमा तीन जना प्रतिनिधिहरू (अध्यक्ष र सचिव समेत) उपस्थित भइदिन तथा पठाइदिनुहुन हार्दिक अनुरोध गर्दछौं।

सम्पर्कः ९८४७०२८६२५, ९८४६०६८१८५, ९८४६३०५४५०

आयोजक
**विज्ञान शिक्षक समाज नेपाल**
जि.प्र.का.-तनहुँ दर्ता नं.- ७१५/२०५६

# नयाँ रुप, नयाँ अवतारमा
# हामी सबैको लोकप्रिय
# धारावाहिक रेडियो नाटक श्रृङ्खला

**पूर्वाञ्चल**

रेडियो सुम्हात्लुङ, १०४.२ मेगाहर्ज
इलाम एफ.एम., ९३ मेगाहर्ज
सप्तकोशी एफ.एम., ९० मेगाहर्ज
कोशी एफ.एम., ९४.३ मेगाहर्ज
रेडियो खाँदबारी, १०५.२ मेगाहर्ज
सोलु एफ.एम., १०१.२ मेगाहर्ज
रेडियो त्रियुगा, १०४ मेगाहर्ज
हलेसी एफ.एम., १०२.४ मेगाहर्ज
समद एफ.एम., १०२.६ मेगाहर्ज
विजयपुर एफ.एम., ९८.८ मेगाहर्ज

**मध्यमाञ्चल**

रेडियो जनकपुर, ९७ मेगाहर्ज
हजुरको रेडियो, १०२.१ मेगाहर्ज
एकता एफ.एम., ९२.४ मेगाहर्ज
रेडियो सिन्धुलीगढी, १०३.६ मेगाहर्ज
रेडियो धादिङ, १०६ मेगाहर्ज
रेडियो सिटी एफ.एम., ९८.८ मेगाहर्ज
युथ एफ.एम., ९६.८ मेगाहर्ज
हेडलाइन एफ.एम., ९७.२ मेगाहर्ज
सिनर्जी एफ.एम., ९१.६ मेगाहर्ज
हेटौडा एफ.एम., ९६.६ मेगाहर्ज
नारायणी एफ.एम., १०३.८ मेगाहर्ज
नुवाकोट एफ.एम., १०६.८ मेगाहर्ज

**पश्चिमाञ्चल**

रेडियो गोर्खा, ९२.२ मेगाहर्ज
रेडियो आँधीखोला, १०५.४ मेगाहर्ज
माछापुच्छ्रे एफ.एम., ९१ मेगाहर्ज
रेडियो बाग्लुङ, ९६.४ मेगाहर्ज
रेडियो म्याग्दीकाली, ८८.२ मेगाहर्ज
रेडियो बुद्धआवाज, ८९.६ मेगाहर्ज
रेडियो परासी, ९०.२ मेगाहर्ज
विजया एफ.एम., १०१.६ मेगाहर्ज
रेडियो मदनपोखरा, १०६.९ मेगाहर्ज
लुम्बिनी एफ.एम., ९६.८ मेगाहर्ज
श्रीनगर एफ.एम., ९३.२ मेगाहर्ज

**मध्यपश्चिमाञ्चल**

रेडियो कैलाश, १०३.४ मेगाहर्ज
रेडियो कर्णाली, १०५.२ मेगाहर्ज
रेडियो हाम्रो पहुंच, ९८ मेगाहर्ज
रेडियो स्वर्गद्वारी, १०२.८ मेगाहर्ज
रेडियो रोल्पा, ९३.८ मेगाहर्ज
रेडियो सिस्ने, ९२.८ मेगाहर्ज
रेडियो राप्ती, १०३.८ मेगाहर्ज
कृष्णसार एफ.एम., ९४ मेगाहर्ज
रेडियो गुर्बाबा, १०६.४ मेगाहर्ज
रेडियो भेरी, ९८.६ मेगाहर्ज
कोहलपुर एफ.एम., १०१.२ मेगाहर्ज

**सुदूरपश्चिमाञ्चल**

शुक्लाफांट एफ.एम., ९९.४ मेगाहर्ज
रेडियो बाजुरा, १०४ मेगाहर्ज
रेडियो रामारोशन, ९२ मेगाहर्ज
रेडियो शैलेश्वरी एफ.एम., १०५.९ मेगाहर्ज
रेडियो कालापानी, १०२.२ मेगाहर्ज




हरेक बिहिबार
साँझ ७ देखि ७:३० बजे
एकैसाथ ४५ भन्दा बढी एफ.एम. रेडियोमा

Search for Common Ground

AFN Antenna Foundation Nepal

समाचार

# शिक्षकको नयाँ तलबमान

| तह/श्रेणी | साविकको तलबमान (रु.) | २०६८/४/१ देखि लागू भएको नयाँ तलबमान | | | | २०५७/४/१ भन्दाअघि नियुक्त भई प्राविधिक स्केल खाईपाई आएकाहरूको लागि विशेष व्यवस्था | | |
|---|---|---|---|---|---|---|---|---|
| | | तलब स्केल (रु.) | ग्रेड सङ्ख्या | ग्रेड दर | जम्मा | ग्रेड सङ्ख्या | शुरुको तलबमा थप | अन्तिम तलब |
| दुई विषयभन्दा बढी एसएलसी अनुत्तीर्ण | ७,४८० | १०,६१० | १५ | ८८ | ११,९३० | २ | १८० | १२,११० |
| दुई विषयसम्म एसएलसी अनुत्तीर्ण | ८,०२० | ११,२९० | १५ | १०० | १२,७९० | २ | २०० | १२,९९० |
| प्राथमिक तृतीय | ९,९०० | १३,६५० | १५ | ११० | १५,३०० | २ | २२० | १५,५२० |
| प्राथमिक द्वितीय | १०,५६० | १४,४८० | १७ | १२० | १६,५२० | २ | २४० | १६,७६० |
| प्राथमिक प्रथम | १३,९९० | १८,७९० | १५ | १६० | २१,१९० | २ | ३२० | २१,५१० |
| निमावि तृतीय | १०,५६० | १४,४८० | १७ | १२० | १६,५२० | २ | २४० | १६,७६० |
| निमावि द्वितीय | १३,९९० | १८,७९० | १५ | १६० | २१,१९० | २ | ३२० | २१,५१० |
| निमावि प्रथम | १४,७८० | १९,७८० | १२ | १८० | २१,९४० | २ | ३९० | २२,३३० |
| मावि तृतीय | १३,९९० | १८,७९० | १५ | १६० | २१,१९० | २ | ३२० | २१,५१० |
| मावि द्वितीय | १५,८१० | २१,०८० | १२ | १९५ | २३,४२० | २ | ३९० | २३,८१० |
| मावि प्रथम | १८,७२० | २४,७४० | ११ | २३० | २७,२७० | | | २७,२७० |

*स्रोत: अर्थ मन्त्रालय*

**नोटः** तलब वृद्धिमा राहत अनुदानका शिक्षकहरू परेका छैनन्। तथापि माथि उल्लिखित तह/श्रेणीगत तलब वृद्धिको अनुपातमा उनीहरूको पनि तलब बढाउने प्रस्ताव मन्त्रिपरिषद्मा लैजाने तयारी भइरहेको जानकारी अर्थ र शिक्षा मन्त्रालयका अधिकारीहरूले दिएका छन्।

# वर्ष दिनमा पनि बनेन निर्देशिका

**एउटा** सामान्य किसिमको निर्देशिका तयार गर्न कति समय लाग्ला? एक वा दुई वा तीन महिना? तर, शिक्षा मन्त्रालयले एक वर्ष बित्दा पनि स्रोतव्यक्ति व्यवस्थापन निर्देशिकालाई अन्तिम रुप दिनसकेको छैन।

शिक्षा विभागले २०६७ साउनमा स्रोतव्यक्ति व्यवस्थापनमा देखिएका समस्या र त्यसको समाधानार्थ सुझाव प्रतिवेदनसहित *स्रोतव्यक्ति व्यवस्थापन निर्देशिका* को मस्यौदा शिक्षा मन्त्रालयमा पठाएको थियो। मन्त्रालयले उक्त मस्यौदा नौ महिनापछि २२ वैशाख २०६८ मा मन्त्रिपरिषद्मा पठायो। त्यस लगत्तै; निर्देशिका विभागीय मन्त्रालयबाटै स्वीकृत गर्न मिल्ने भनी मन्त्रिपरिषद्ले शिक्षामै फिर्ता गरिदियो। त्यसपछि शिक्षा मन्त्रालयले निर्देशिकाको मस्यौदालाई 'भाषा मिलाएर पठाउनू' भनी फेरि विभागमा पठाइदियो। अहिले शिक्षा विभागमा रहेको उक्त निर्देशिकाको मस्यौदाबारे विभागका उपसचिव रामराज खकुरेल भन्छन्, "मस्यौदा पुनर्लेखन गर्दैछौं। यसलाई अब जतिसक्दो छिटो 'फाइनल' गरेर मन्त्रालयमा पठाउनेछौं।"

मन्त्रालयका सहसचिव जनार्दन नेपाल निर्देशिका स्वीकृतिमा ढिलाइ भएको स्वीकार्छन्। उनी भन्छन्, "यसमा ढिलाइ भएकै हो। अब छिट्टै टुङ्ग्याउनुपर्छ भन्नेमा हामी प्रतिबद्ध छौं।" २०४९ सालदेखि स्रोतकेन्द्रको अभ्यास शुरु भएतापनि स्रोतव्यक्ति व्यवस्थापनका निम्ति निर्देशिका आजसम्म छैन। शिक्षा विभागबाट हुने परिपत्रका आधारमा स्रोतव्यक्तिको व्यवस्थापन र परिचालन हुँदै आएको छ। स्रोतकेन्द्र मातहतका विद्यालयका प्रअहरूबाटै स्रोतव्यक्ति छानिने र तिनै प्रअले चाहेमा हट्ने विद्यमान नीतिका कारण 'पेशागत असुरक्षा' भएको गुनासो स्रोतव्यक्तिहरूले गर्दै आएका छन्। मुलुकभर हाल एक हजार ५३

# नयाँ बाटो नयाँ पाइला फेरि शुरु



**अनुशासन** र नियमको कडा परिधिभित्र जीवनका उर्वर वर्षहरू बिताएर भर्खरै अवकाश पाएका वीरध्वज बस्नेत शितलपुर गाउँका धनाढ्यमध्ये पर्छन्। उनी भूपू सैनिक हुन्। उनी जेठो छोरो विमल जस्तै कान्छो छोरो विक्की पनि आर्मी नै बनोस् भन्ने चाहन्छन्। तर विक्कीको इच्छा गीत-सङ्गीततिर छ। बाबु-छोराबीचको यो मनमुटावले विक्कीलाई विस्तारै कुलततिर धकेल्दैछ।

यो कथा-प्रसङ्ग धारावाहिक रेडियो नाटक *नयाँ बाटो नयाँ पाइला* को हो। २०६३ साउन १६ गतेदेखि २०६७ असारसम्म रेडियो नेपाललगायत विभिन्न एफएम स्टेसनहरूबाट निरन्तर प्रसारण हुँदै आएको यो नाटक शृङ्खलाको दोस्रो अध्याय आरम्भ भएको छ। एक वर्षको विश्रामपछि पुन: शुरु भएको नाटकको मूल विषयवस्तु र स्वरुप भने यथावत् नै छ। विशेषत: शान्ति प्रक्रिया र त्यसमा युवाको भूमिकालाई लिएर बनाइएको यो धारावाहिक नाटक आफैंमा काल्पनिक हुँदाहुँदै पनि यसले द्वन्द्वपछिको देशको वास्तविकतालाई छर्लङ्ग पार्ने गरेको छ। नाटकको शृङ्खला अघि बढ्दै जाँदा युवाहरूले सानो गाउँ र परिवारको मुहार फेर्न खेल्न सक्ने भूमिका अझ मजबुत हुँदै गएको छ। यसको प्रसारण हरेक बिहिबार साँझ सात बजे देशभरिका ४५ भन्दा बढी एफएम स्टेसनहरूबाट भइरहेको छ।

मध्यपश्चिमको काल्पनिक बाङ्गेपीपल गाउँबाट आफ्नो परिवेश स्थापित गरेको नाटक अहिले पश्चिमाञ्चलको शितलपुर गाउँको परिवेश वरिपरि घुम्न थालेको छ।

बुबाआमा र छोराछोरीबीचको सम्बन्ध, अयोग्य छापामारको जीवन कहानी, बेपत्ता नागरिकको परिवारको पीडा पढ्ने नकारात्मक काममा लागेका सशस्त्र समूहका युवाहरूको कथाले *नयाँ बाटो नयाँ पाइला* को दोस्रो अध्यायलाई सुन्न लायक बनाएको छ।

हरेक महिनाको अन्तिम अङ्कमा नाटकपछिको १० मिनेट श्रोता सहभागिताको लागि 'मझेरी गफ' स्तम्भ भनेर छुट्याइएको छ। यो स्तम्भमा नाटक सुन्ने श्रोताको मझेरीमै गएर नाटकसम्बन्धी कुराकानी गरिन्छ र देशैभरिका श्रोताका चिठीपत्र र नाम पढिन्छ।

*नयाँ बाटो नयाँ पाइला* सम्भवत: रेडियोमा पाँच सय शृङ्खला भन्दा लामो समय चलेको पहिलो नेपाली नाटक हो। यसको उत्पादन एन्टेना फाउण्डेशन नेपाल र सर्च फर कमन ग्राउण्डले संयुक्त रूपमा गर्ने गरेका छन्।

स्रोतकेन्द्र सञ्चालनमा रहेको बताइने गरेको छ।

विभागले गत वर्ष सिफारिस गरेको मस्यौदामा जिशिअको संयोजकत्वमा पाँच सदस्यीय समितिबाट प्रतिस्पर्धाका आधारमा स्रोतव्यक्तिको छनोट गर्न सुझाव दिइएको थियो। मस्यौदामा स्रोतव्यक्तिका निम्ति १४ बुँदे जिम्मेवारी तोक्दै त्यसप्रति जिम्मेवार नदेखिए जिशिअबाटै पदमुक्त गर्नुपर्ने प्रस्ताव गरिएको थियो। मस्यौदाले स्रोतव्यक्तिको शैक्षिक योग्यता, नियुक्ति प्रक्रिया, बिदा सुविधा लगायतका मापदण्डहरू पनि सिफारिस गरेको छ। तर, वर्ष दिनसम्म पनि निर्देशिका नआउँदा यी सबै सुझाव अलपत्र परेका छन्।

# बालविकास कार्यकर्ताको तलब बढ्ने

**सरकारले** बालविकास सहयोगी कार्यकर्ताको मासिक तलब रु.६०० बढाउने भएको छ। शिक्षा विभागले तलब वृद्धिको प्रस्ताव २४ साउनमा शिक्षा मन्त्रालयमा पठाएको छ।

मन्त्रालयको कार्यक्रम शाखाका उपसचिव हरि लम्सालले अर्थ मन्त्रालयको सहमति लिएर तलब बढाउने प्रस्ताव मन्त्रिपरिषद्मा पठाउने जानकारी दिएका छन्। उनले भने, "बालविकास कार्यकर्ताको तलब बढाउने सवालमा अर्थ मन्त्रालय पनि सकारात्मक नै छ। साउनदेखि लागू हुने गरी रु.६०० तलब बढ्नेछ।"

शिक्षा विभागको पछिल्लो तथ्याङ्क अनुसार, हाल देशभर २८ हजार ७७२ जना बालविकास कार्यकर्ता कार्यरत छन्। तीमध्ये हिमाली जिल्लाका १ हजार २८७ जनाले मासिक रु.२ हजार र बाँकीले रु.१ हजार ८०० पाउँदै आएका छन्।

वृद्धि भए पनि हिमाली जिल्लाका कार्यकर्ताको तलब रु.२ हजार ६०० र अरू कार्यकर्ताको तलब रु.२ हजार ४०० पुग्नेछ। सरकारले आर्थिक वर्ष २०६८/६९ को बजेटमार्फत यस वर्ष थप ५०० बालविकास केन्द्र खोल्ने घोषणा गरेको छ।

# स्कूल हत्याउन अभिभावकको हत्या

विद्यालयमा रकम कुम्ल्याउन राजनीतिक दलले विद्यालय व्यवस्थापन समिति कब्जा गर्ने उपक्रम तराईमा बढ्दै गएको छ। धनुषामा संसद् र गाविसको भन्दा पनि स्कूलको चुनावलाई राजनीतिक दलका प्रतिनिधिले महत्त्व दिन थालेपछि स्कूल भेलामा कुटपिट र हत्याका घटना बारम्बार दोहोरिने गरेका छन्। यस्तै प्रवृत्तिको पछिल्लो सिकार भए धनुषाको ऋटियाही-७ का अभिभावक रामएकवाल मण्डल।

६ साउन २०६८ मा पूर्वी धनुषाको ऋटियाहीस्थित *मिथिला तिलक नन्दकुमारी कार्की* माविमा व्यवस्थापन समिति गठनका निम्ति आयोजित भेलामा अभिभावकको हैसियतमा मण्डल पनि सहभागी थिए। उक्त भेलामा विद्यालय व्यवस्थापन समितिको अध्यक्ष छनोट प्रक्रियामा राजनीतिक दलका प्रतिनिधिबीच भएको सामान्य मतभेद रुडपमा परिणत भयो। सोही क्रममा ऋटियाही-४ का सुशीलकुमार साहले हानेको गोली लागि ऋटियाही-७, निवासी ४५ वर्षीय रामएकवाल मण्डल मारिए। पूर्व गाविस अध्यक्ष साह नेकपा एमालेका कार्यकर्ता हुन्। उनी स्कूल व्यवस्थापन समितिका अध्यक्षका प्रत्यासी थिए। मण्डलको हत्यापछि उनी फरार भएका छन् भने घटनाका अर्का अभियुक्त



हत्या गरिएका राम एकवाल मण्डल

सुनिल यादवलाई प्रहरीले पक्राउ गरेको छ।

उक्त विद्यालयको व्यवस्थापन समित हत्याउन नेकपा एमाले र मधेशी जनअधिकार फोरम (गणतान्त्रिक)बीच होड चलेको थियो। ती दलको तुच्छ स्वार्थको सिकार चाहिँ निर्दोष मण्डल भए। इलाका प्रहरी कार्यालय, धनुषाधामका असई कामेश्वर पाण्डेको नेतृत्वमा तीन प्रहरी जवानसहितको टोली अभिभावक भेलाको सुरक्षार्थ खटिएको थियो। तर प्रहरीकै उपस्थितिमा साहसहित सात-आठ जनाको समूहले सात/आठ राउण्ड गोली फायर गर्दा मण्डलको ज्यान गएको हो। धनुषाका प्रहरी उपरीक्षक हरिबहादुर पालले भेलामा गोली चल्नु र अभिभावकको हत्या हुनुमा प्रहरीको लापरवाही पनि केही हदसम्म जिम्मेवार रहेको स्वीकारेका छन्। उनले उक्त घटनामा खटिएका असई पाण्डे, प्रहरी जवानद्वय चन्द्र तामाङ र प्रमोद साहलाई निलम्बन गरी अनुसन्धान अघि बढाएको जानकारी दिएका छन्।

उक्त घटनापछि प्रहरीले अभियुक्त सुशीलकुमार साहको घर तलासी गर्दा दुई वटा कट्टुवा पेस्तोल, २३ वटा १२ बोरको गोली लगायत ३०३ राइफल, एसएलआर र इन्सासका गोली तथा बम पटाका, खुकुरी, दबिया आदि हतियार र विष्फोटका सामग्री बरामद गरेको छ। साह भने त्यसै दिनदेखि फरार छन्।

पक्राउ परेका यादव चाहिँ आपराधिक गतिविधिमा यसअघि पनि संलग्न रहेको प्रहरीको दाबी छ। १५ वर्षकै उमेरमा उनी तत्कालीन जनतान्त्रिक तराई मुक्ति मोर्चा गोइत समूहमा प्रवेश गरेका थिए। उनले धनुषाको खरियानीबाट एक इन्जिनियरलाई अपहरण गरी आठलाख फिरौती लिएर छाडेको बताइन्छ। त्यसपछि उनी धनुषाकै बफै-३ का गङ्गाप्रसाद साहलाई अपहरण गरेको घटनामा ४५ दिन थुनामा परी पुनरावेदन अदालतको आदेशले तारेखमा छुटेका थिए। 📖

**अजय अनुरागी**/जनकपुर

# ज्ञानोदयमा रुब्रिक्स शुरु

**अग्रणी** सरकारी विद्यालयमा गनिने काठमाडौं, बाफलको ज्ञानोदय माध्यमिक विद्यालयले रुब्रिक्स मूल्याङ्कन विधिको प्रयोगात्मक अभ्यास शुरु गरेको छ। स्कूलले आफ्ना शिक्षकहरूका निम्ति रुब्रिक्स तालिमको आयोजना गरेर यसको सुरुवात गरेको हो।

शिक्षा मन्त्रालयका उपसचिव एवं रुब्रिक्सविज्ञ प्रशिक्षक इमनारायण श्रेष्ठले १३ साउनमा विद्यालयमा आयोजित कार्यक्रममा रुब्रिक्स प्रशिक्षण दिएका थिए। विद्यार्थीले वास्तविक जीवनमा उपयोगी हुने के कति अवधारणा सिकेका छन् भनेर मूल्याङ्कन आधुनिक र लोकप्रिय विधिको रूपमा विकसित देशहरूमा रुब्रिक्सको प्रयोग हुँदै आएको छ। तर नेपालका चाहिँ यो विधि अझै प्रयोगमा आइनसकेको प्रशिक्षक श्रेष्ठको कथन छ। "यो विधिलाई राष्ट्रियस्तरको परीक्षामा तत्काल औपचारिक मूल्याङ्कनको माध्यम बनाउन नसकिए पनि विद्यालयले लिने जाँचमा प्रयोगमा ल्याउन सकिन्छ।" उनले भने, "विस्तारै एसएलसीको जाँच लिँदा पनि यसको प्रयोग गर्ने दिन आउनेछ।"

प्रशिक्षणमा सहभागी शिक्षकहरूले नयाँ विधि सिक्न पाएकोमा खुशी व्यक्त गर्दै व्यावहारिक प्रयोगमार्फत भविष्यमा यसबारे राम्रो ज्ञान हासिल गने इच्छा व्यक्त गरेका थिए। प्रशिक्षणमा विद्यालयका पूर्व प्राथमिकदेखि माध्यमिक तहका २० जना शिक्षकको सहभागिता थियो। सो अवसरमा प्रअ धनञ्जय शर्मा अधिकारीले विद्यालयको स्तर उकास्दै लैजान यो विधिको प्रयोग फलदायी हुने विश्वास व्यक्त गर्दै यस बारेमा थप ज्ञान तथा व्यावहारिक प्रयोग गर्न शिक्षकहरूलाई आफूले साधन स्रोत र तालिमको यथोचित व्यवस्था गर्ने प्रतिबद्धता जनाएका थिए। 📖

# ऐन संशोधनमा ढिलाइ: असर धेरैतिर

नेपाल शिक्षक युनियनसँग ११ कात्तिक २०६६ मा १४ बुँदे सम्झौता गर्दा शिक्षा मन्त्रालयले त्यही सालको माघ मसान्तभित्र शिक्षा ऐन संशोधन विधेयक संसद्मा पेश गर्ने प्रतिबद्धता जनाएको थियो । तर सहमतिको दुई वर्ष बित्न लाग्दासम्म सो विधेयक संसद्मा पुगेको छैन।

शिक्षा मन्त्रालयले गत वैशाखमा मात्रै मन्त्रिपरिषद्मा पठाएको संशोधन विधेयकको प्रारम्भिक मस्यौदा त्यहीँ अड्किएको छ। मन्त्रिपरिषद्ले थप छलफल गरेर मस्यौदालाई अन्तिम रुप दिन आफू मातहतको विधेयक समितिलाई अधिकार दिएको थियो। सो समितिले पनि मस्यौदा टुङ्ग्याउन नसकेपछि शिक्षामन्त्री गङ्गालाल तुलाधरको संयोजकत्वमा अर्को कार्यदल बनायो। कार्यदलले आफ्नो सुझाव प्रतिवेदन बुझाए पनि विधेयक समितिले मस्यौदालाई अझै अन्तिम रुप दिनसकेको छैन।



जसरी पनि स्थायी गर ! २०६७ चैतमा शिक्षा मन्त्रालय अगाडि धर्ना दिँदै अस्थायी शिक्षक।


संशोधन विधेयक तयारीका क्रममा अस्थायी शिक्षकलाई आन्तरिक प्रतिस्पर्धामार्फत स्थायी गर्ने सवाल सबैभन्दा बढी पेचिलो बन्न पुगेको छ। शिक्षा मन्त्रालयले मन्त्रिपरिषद्मा



पठाएको मस्यौदामा २१ साउन २०६१ सम्म अस्थायी दरबन्दीमा कार्यरत शिक्षकबीचको आन्तरिक प्रतिस्पर्धामा उत्तीर्ण हुनेमध्ये बढीमा ६६ प्रतिशत शिक्षकलाई स्थायी गर्ने उल्लेख थियो। कार्यदलले त्यसमा परिवर्तन गर्दै दुईखाले मापदण्ड बनाएको छ। पहिलो, २० पुस २०४८ भन्दा अघिदेखि कार्यरत अस्थायी शिक्षकहरूबीच आन्तरिक प्रतिस्पर्धा गराएर त्यसमा उत्तीर्ण हुने सबै शिक्षकलाई स्थायी गर्ने प्रस्ताव छ। त्यस्ता शिक्षकको सङ्ख्या सयको हाराहारीमा रहेको अनुमान छ। दोस्रो, १० वैशाख २०६३ सम्म कार्यरत अस्थायी शिक्षकहरूबीच छुट्टै प्रतिस्पर्धा गराएर त्यसमध्ये ५० प्रतिशतलाई स्थायी गर्नुपर्ने सुझाव कार्यदलको प्रतिवेदनमा छ। यो अवधिभित्र कार्यरत अस्थायी शिक्षकको सङ्ख्या १६ हजारको हाराहारीमा रहेको अनुमान गरिएको छ। यही प्रावधान ऐनमा राखियो भने करिब आठ हजार शिक्षकहरू आन्तरिक प्रतिस्पर्धाबाट स्थायी हुनसक्ने देखिन्छ। प्रतिस्पर्धामा असफल हुने शिक्षकलाई निश्चित सुविधा दिएर अवकाश दिने प्रस्ताव पनि मस्यौदा विधेयकमा छ।

शिक्षकका संघ/सङ्गठनहरू भने शतप्रतिशतलाई नै स्थायी गर्नुपर्ने अडानमा छन्। अखिल नेपाल शिक्षक सङ्गठनका अध्यक्ष गुणराज लोहनी भन्छन्, "बरु १० वैशाख २०६३ को समयसीमा तलमाथि गर्न हामी तयार छौं तर, स्थायी प्रक्रियामा शतप्रतिशतलाई नै अवसर दिइनुपर्छ।" नेपाल शिक्षक युनियन र अस्थायी शिक्षक आन्दोलन समितिको धारणा पनि यस्तै देखिन्छ। यता कतिपय उच्च सरकारी अधिकारीहरू भने ५० प्रतिशतलाई स्थायी गर्ने प्रस्तावमै असहमत देखिन्छन्। विधेयक मस्यौदा कार्यदलकै एक सदस्य भन्छन्, "यति धेरै अस्थायी शिक्षकलाई स्थायी गर्नु भनेको नयाँ र प्रतिभावान जनशक्तिलाई शिक्षण पेशामा प्रवेश दिन नचाहनु हो।"

ऐन संशोधनमा भएको आलटालका कारण शिक्षक सेवा आयोगले स्थायी पदपूर्तिको प्रक्रिया समेत अगाडि बढाउन सकेको छैन। खुला प्रतिस्पर्धा गराउन उसलाई अड्चन नभए पनि आन्तरिक प्रतिस्पर्धाको मुद्दा ऐन संशोधनसँग गाँसिएको हुँदा आयोग अन्योलमा छ। ऐन संशोधन नहुँदाको असर खुला विज्ञापन र अस्थायी शिक्षकका मुद्दामा मात्रै सीमित छैन। ऐन नहुँदा विद्यालय शिक्षा संरचना परिवर्तनको महत्त्वाकाङ्क्षी लक्ष्य बोकेको विद्यालय क्षेत्र सुधार योजना(एसएसआरपी)ले समेत वैधानिक हैसियत पाएको छैन। जबकि एसएसआरपी ४ भदौ २०६६ मै लागू गरिसकिएको छ। यसको नीतिगत दस्तावेज २०६४ फागुनमै बनेको थियो। एसएसआरपी अनुसार, आधारभूत तह (कक्षा १-८) र माध्यमिक तह (कक्षा ९-१२)लाई कानुनी मान्यता दिन ऐनमा संशोधन हुनैपर्छ। कक्षा १२ को परीक्षा सञ्चालन र व्यवस्थापन तथा क्षेत्रीयस्तरमा हुने कक्षा १० र जिल्लास्तरमा हुने कक्षा आठको परीक्षा समन्वयका निम्ति राष्ट्रिय परीक्षा बोर्ड गठनको उद्देश्य एसएसआरपीले राखे पनि ऐन नआउँदा बोर्ड नै गठन भएको छैन। शिक्षा मन्त्रालयका उपसचिव डा. नकुल बानियाँ भन्छन्, "ऐन संधोशन नहुँदा एसएसआरपीले परिकल्पना गरे जस्तो शैक्षिक पुनर्संरचना गर्न तथा लक्षित कार्यक्रमलाई कार्यान्वयन गर्न समस्या परेको छ।"



# विद्यालयले संरक्षण गर्नुपर्ने १० अधिकार

**प्रत्येक विद्यालयले शिक्षाका निम्न १० आधारभूत अधिकारको संरक्षण गर्नुपर्दछः**

## १. अनिवार्य तथा निःशुल्क शिक्षाको अधिकार

विद्यालय जाने उमेर पुगेका प्रत्येक बालबालिकाको विद्यालयमा सर्वसुलभ पहुँच हुनुपर्दछ । आधारभूत तहको शिक्षा अध्ययनका लागि कुनै पनि प्रकारको प्रत्यक्ष वा अप्रत्यक्ष शुल्क लगाउनुहुँदैन र शिक्षालाई क्रमशः सबै तहमा निःशुल्क बनाउँदै लैजानुपर्दछ ।

## २. भेदभाव रहित/समानताको अधिकार

राज्यले गरेको विशेष नीतिगत सकारात्मक व्यवस्था बाहेक विद्यालयले कुनै जातजाति, लिङ्ग, धर्म, भाषाभाषी, राष्ट्रियता, अपाङ्गता वा अन्य अवस्थाका आधारमा कोही कसैलाई भेदभाव गर्नुहुँदैन ।

## ३. पर्याप्त भौतिक पूर्वाधारको अधिकार

प्रत्येक कक्षाको लागि सबैलाई पहुँच हुने विपद् जोखिमरहित कक्षाकोठाको व्यवस्था हुनुपर्दछ । पर्याप्त मात्रामा फर्निचर, पुस्तकालय, प्रयोगशाला, खानेपानी र छात्रछात्राको लागि छुट्टाछुट्टै सफा शौचालय र सरसफाईको व्यवस्था हुनुपर्दछ ।

## ४. तालिमप्राप्त शिक्षक पाउने अधिकार

विद्यालयमा पर्याप्त सङ्ख्यामा तालिमप्राप्त शिक्षकको व्यवस्था हुनुपर्दछ, जसअनुसार एक शिक्षक बराबर कम्तीमा राज्यले तोकेको विद्यार्थीको अनुपात कायम गर्नुपर्दछ । शिक्षकहरूलाई उचित तलब, सेवा पूर्व र सेवाकालीन गुणस्तरीय तालिमको व्यवस्था गर्नुपर्दछ ।

## ५. सुरक्षित र हिंसारहित वातावरणको अधिकार

विद्यार्थीहरू विद्यालय आउँदा जाँदा बाटोमा र विद्यालयमा विपद् वा अन्य घटनाहरूबाट सुरक्षित रहने वातावरण हुनुपर्दछ । विद्यालयमा कुनै पनि प्रकारको दण्ड, सजाय वा हिंसा हुनुहुँदैन । यदि कुनै प्रकारको बालअधिकारको हनन हुने घटनाहरू भएको खण्डमा पीडितको आवश्यक गोपनीयतालाई ध्यानमा राखी पीडकलाई कारबाही हुनुपर्दछ ।

## ६. सान्दर्भिक तथा उपयोगी शिक्षाको अधिकार

विद्यार्थीहरूको भाषा र संस्कृतिको पहिचानसँग तालमेल हुने तथा उनीहरूको सामाजिक, सांस्कृतिक, वातावरणीय र आर्थिक सन्दर्भ, सीप र उपयोगिता हुने पाठ्यक्रम तथा शिक्षणविधिको व्यवस्था गरिनुपर्दछ ।

## ७. आफ्नो अधिकारबारे सुसूचित हुनपाउने अधिकार

प्रत्येक विद्यार्थीहरूले मानवअधिकार खासगरी बालअधिकारको बारेमा जान्ने अवसर पाउनुपर्दछ, र उमेर अनुसारको यौन तथा प्रजनन शिक्षासम्बन्धी जानकारी पाउने अधिकार समेत सुनिश्चित गरिनुपर्दछ ।

## ८. सहभागिताको अधिकार

छात्र तथा छात्राहरूले आफूलाई प्रभाव पार्ने कुनै पनि विषयमा स्वतन्त्रपूर्वक बोल्न वा सहभागी हुन पाउनुपर्दछ र उनीहरूको विचारलाई निर्णय प्रक्रियामा उचित स्थान दिनुपर्दछ ।

## ९. पारदर्शिता तथा जवाफदेहिताको अधिकार

राज्यले गरेको नीतिगत व्यवस्था अनुरूप विद्यालयका सरोकारवालाहरू (विद्यालय व्यवस्थापन समिति, अभिभावक शिक्षक संघ, शिक्षक, अभिभावक, स्रोतव्यक्ति, विद्यालय निरीक्षक, शिक्षा समिति)ले आ-आफ्नो काम, कर्तव्य र अधिकारबारे जानकारी लिनुपर्दछ र सो अनुसार पारदर्शी ढंगले कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ ।

## १०. गुणस्तरीय सिकाइको अधिकार

विद्यार्थीहरूको पूर्ण शारीरिक र मानसिक विकासका साथै बौद्धिक र व्यक्तित्व विकासका लागि गुणस्तरीय बालकेन्द्रित सिकाइ वातावरण र प्रभावकारी शिक्षण प्रक्रिया अवलम्बन गर्नुपर्दछ ।

---

*शिक्षा अधिकारसम्बन्धी राष्ट्रिय/अन्तर्राष्ट्रिय मान्यता र प्रयोगमा आधारित रहेर यी १० बुँदा पहिचान गरिएको हो । हाम्रो विचारमा प्रत्येक विद्यालयले यी आधारभूत अधिकारहरूको संरक्षण गर्न सके मात्र गुणस्तरीय शिक्षा प्राप्त गर्ने हरेक बालबालिकाको अधिकार रक्षा हुनसक्दछ । त्यसैले हामी हरेक विद्यालयलाई यी अधिकारहरूको संरक्षण गर्न हार्दिक अपील गर्दछौं ।*

actionaid





अङ्ग्रेजी पुस्तकका साथ मदरसाका विद्यार्थी ।

नेपाली क,ख,ग पढ्ने सामग्रीका साथ बालबालिका ।

# स्कूल बन्दै

शब्द/तस्बिरः **डम्बरकृष्ण श्रेष्ठ**

दुई दशकदेखि घिटी-घिटी चल्दै आएको नेपालगञ्जको गणेशपुरस्थित दारुल उलुम गुलशने मदिना अहिले गुलजार छ । बाँस-टाटले बेरेको झुपडीको ठाउँमा पक्की कक्षाकोठा बनेका छन्, विद्यार्थी सङ्ख्या ३८ बाट बढेर १६० पुगेको छ र तिनलाई पढाउन मौलनाका अतिरिक्त ६ जना शिक्षक कक्षा शुरु हुनुभन्दा १५ मिनेट अगावै मदरसा अर्थात् विद्यालयमा उपस्थित भइसक्छन् । ३ कक्षासम्मलाई जिल्ला शिक्षा कार्यालयले मान्यता दिइसकेको छ भने मौलना मासिर उद्दिन अन्सारीको नामका अगाडि 'प्रधानाध्यापक' को उपाधि पनि थपिएको छ । जिशिकाबाट कक्षा ४ र ५ को पढाइले मान्यता पाउन बाँकी छ ।

यो सबै परिवर्तन र उपलब्धिको जस









मौलना/प्रधानाध्यापक नासिर उद्दिन अन्सारी। दायाँ बायाँका बोर्डमा शिक्षक तथा अभिभावकबाट विद्यालयले गरेको अपेक्षा।

# मदरसा !

उर्दू र अरबी बाहेक नेपाली तथा अङ्ग्रेजी भाषा र गणितलगायतका विषयसमेत पढाउने मदरसाको साहसी निर्णयलाई जान्छ। निकै वर्षसम्म उर्दू र अरबी मात्रै पढाउने जिद्दी बोक्दै आएका मौलना अन्सारीलाई लाग्यो, “धार्मिक हिसाबले उर्दू, अरबी र इस्लामविना त हामी बाँच्न सक्दैनौं, तर व्यावहारिक जीवनका लागि नेपाली र अङ्ग्रेजी नभई नहुने रहेछ।” उनी भन्छन्, “काठमाडौं कति किलोमिटर टाढा छ भनेर लेखेको पोल होस् या सरकारी अफिसको साइनबोर्ड–सबै नेपाली र अङ्ग्रेजीमा भएकाले ती भाषा त नपढाई हुँदै भएन !”

बाँके जिल्लाका १४७ मदरसामध्ये ७० वटा जिल्ला शिक्षा कार्यालयमा दर्ता भएका छन्। यसरी दर्ता भएका मदरसाले सरकारी अनुदानसँगै शिक्षक तालिमलगायतका अवसर र सुविधा पाउँछन्।

नेपाली र अङ्ग्रेजी विषयकी शिक्षक पूर्णिमा रिजाल।



**स्थलगत** **मिर्मी निमावि, स्याङ्जा**

प्रमोद आयाम

# त्रिपक्षीय संयोजनको सुखद् परिणाम

**नेपालका प्राय:जसो सामुदायिक विद्यालयको सञ्चालनमा सरकार र विद्यालय प्रशासन (प्रअ, शिक्षक, विव्य समिति आदि) हावी छन्। तर, जहाँ यी दुईका अतिरिक्त तेस्रो पक्ष अर्थात् अभिभावकहरू पनि संलग्न गराइएका छन् त्यस्ता विद्यालय स्वत: अब्बल र उत्कृष्ट बनेको पाइन्छ। मिर्मी निमाविमा केही शिक्षकको तलब र अन्य खर्च व्यहोर्ने सरकार, विद्यार्थीलाई सिकाउने-सघाउने सवालमा बिहान-बेलुका नभनी खट्ने योग्य र इमानदार शिक्षक अनि विद्यालय राम्रो बनाउन आर्थिक-भौतिक र नैतिक सहयोग गर्न हरदम तत्पर अभिभावक- तीनवटै पक्षको सक्रिय र सन्तुलित उपस्थिति छ। त्यसैले यो स्कूल आशलाग्दो किसिमले मौलाउँदै पनि गएको छ।**

स्याङ्जाको मिर्मीस्थित मिर्मी निमाविको मूलढोका सामान्यतया बिहान नौ बज्दा खुलिसकेको हुन्छ। त्यसपछि 'साउन्ड बक्स'मा बाल गीत तथा राष्ट्रिय भावनाका गीतहरू घन्किन थाल्छन्। पौने दश बज्दा सबै विद्यार्थी आइसकेका हुन्छन्। १५ मिनेट लामो प्रार्थनासभापछि *जाग लम्क, चम्क हे, नौ जवान हो* ... गीतको तालमा विद्यार्थीहरू 'मार्च-पास' गर्दै कक्षामा प्रवेश गर्छन्।

प्रार्थनासभाको प्रस्तुति जस्तै यो विद्यालयको पठनपाठन, अतिरिक्त क्रियाकलाप तथा व्यवस्थापन पक्ष पनि उत्तिकै भिन्न लाग्छ। कक्षा सातसम्म पढाइने यो निमाविमा कक्षा पाँचसम्म अङ्ग्रेजी माध्यम अपनाइएको छ। नर्सरीका ३७ विद्यार्थीका लागि कक्षामा टीभी र कम्प्युटर समेत राखिएका छन्। प्रअ रामप्रसाद भट्टराईको भनाइमा, नेपाली र अङ्ग्रेजी वर्णमाला सजिलोसँग सिकाउनको लागि नर्सरीमा कम्प्युटर राखिएको हो।

विद्यालयमा शैक्षिक पूर्वाधार र सामग्री पर्याप्त देखिन्छन्। कक्षा एकदेखि नै 'कम्प्युटर साइन्स' पढाइन्छ। यो स्कूलको पुस्तकालय र भिडियो लाइब्रेरी पनि उत्तिकै उपयोगी देखिन्छन्। पुस्तकालयमा कथा, जीवनी, इतिहास लगायतका १७०० भन्दा बढी बालोपयोगी पुस्तक सङ्ग्रहित छन् भने 'भिडियो लाइब्रेरी'मा १०० भन्दा बढी सीडी तथा डीभीडीहरू सङ्कलन गरिएका छन्।

'भिडियो लाइब्रेरी'को प्रयोग दुई किसिमबाट हुने गरेको पाइन्छ। शिक्षकले विद्यार्थीलाई पुस्तकालयमै लगेर पाठसँग सम्बन्धित सीडी देखाउँछन् भने खेलकुद पिरियड वा अरू खाली समयमा विद्यार्थीहरू आफूलाई मन लागेका भिडियो हेर्न सक्छन्। २०६८ जेठको पहिलो साता *शिक्षक* प्रतिनिधि मिर्मी स्कूलमा पुग्दा कक्षा चारका छात्रछात्राहरू कम्प्युटरमा विश्व सम्पदा सूचीमा रहेका सम्पदा स्थलहरू हेर्दै थिए। विज्ञान प्रयोगशालाका निम्ति छुट्टै कोठा छ, जहाँ माइक्रोस्कोप, टेलिस्कोप लगायतका विभिन्न सामग्रीहरू छन्। मिर्मीमा दैनिक आठ पिरियडको तालिका बनाइएको छ, एउटा चाहिँ 'गेम पिरियड' हुन्छ। फुटबल, क्रिकेट, ब्याडमिन्टनका साथै लुँडो, क्यारेमबोर्ड लगायतका सामग्रीको व्यवस्था छ। हरेक कक्षामा पङ्खा र यताउता सार्न मिल्ने 'मुभेवल ह्वाइटबोर्ड' छन्।

मिर्मीको विद्यार्थी मूल्याङ्कन पद्धति पनि प्रभावकारी छ। सबै पाठ्यपुस्तकका हरेक एकाईको पठनपाठन सकिएपछि 'युनिट टेष्ट' लिइन्छ। त्यसमा कुनै विद्यार्थी कमजोर देखिएमा 'बच्चाको पढाइप्रति घरमा पनि ख्याल गर्न' अभिभावकलाई सुझाव दिइन्छ। वर्षमा तीनवटा 'टर्मिनल परीक्षा' लिने गरिन्छ, जुन क्रमश: २०, ३० र ५० प्रतिशत अङ्कभारका हुन्छन्। हरेक परीक्षापछि उत्तरपुस्तिकासहितको

> **"मेरो बच्चा त घरमा भन्दा स्कूलमै रमाएको छ, घरै जान मन गर्दैन। हामीले खोजेभन्दा धेरै राम्रो छ, यो स्कूल।"**
>
> **- विन्दु पाण्डेय,**
> **अभिभावक**

मिर्मी निमावि।








**आमाको माया: 'टिफिन' समयमा बच्चालाई खाजा खुवाउँदै अभिभावक।**

मूल्याङ्कन फाइल विद्यार्थी र अभिभावकलाई दिने गरिन्छ। शिक्षक ज्ञानप्रसाद पाण्डेय भन्छन्, "परीक्षाको कापी नै फिर्ता दिँदा विद्यार्थीले आफ्नो कमजोरी र अभिभावकले आफ्ना बच्चाको सिकाइको स्तर जान्ने मौका पाउँछन्।" परीक्षामा कमजोर देखिएका विद्यार्थीलाई स्कूलमै पनि 'उपचारात्मक शिक्षण' पनि गराइने गरेको पाण्डेय बताउँछन्।

## जागरुक समुदाय– मिहिनेती शिक्षक

२०५७ सालमा प्राथमिक तहको स्वीकृति पाएको मिर्मी स्कूलका प्रथम पाँच वर्ष कच्ची भवनमा बिते। २०६१ मा रु.३ लाख ७० हजारको लागतमा गाउँले मिलेर चारकोठे पक्की भवन बनाए। त्यसपछि जिल्ला शिक्षा कार्यालयको सहयोगमा अर्को दुईकोठे भवन बन्यो। हालै जिशिकाकै साढे आठ लाख र समुदायको साढे ६ लाखको लागतमा थप चारकोठे भवन बनाइएको छ।

मिर्मी निमाविप्रति स्थानीय बासिन्दाको लगाव अत्यन्त प्रशंस्य र अनुकरणीय लाग्छ। सिङ्गो समुदाय नै विद्यालयको उत्थानमा उत्साहित भएर लागेको पाइन्छ। स्कूलमा कम्प्युटर, प्रयोगशालाका उपकरण र शैक्षिक सामग्रीको जोहो अभिभावककै सहयोगमा गरिएको हो। अभिभावक गोविन्द न्यौपाने भन्छन्, "जुन उद्देश्यले मिर्मी स्कूल खडा गरियो, त्यही अनुसारको सफलता पाइएको छ। हामी यो स्कूललाई अरू नयाँ उचाइमा पुऱ्याउने छौं।" स्कूललाई विदेशमा कार्यरत मिर्मीवासीबाट पनि उल्लेख्य सहयोग प्राप्त भएको देखिन्छ।

२०६६ सालको अभिभावक भेलाले अङ्ग्रेजी माध्यममा पठनपाठन गराउने निर्णय गरेको हो। नर्सरीदेखि शुरु गरेर क्रमश: बढाउँदै लगेर अङ्ग्रेजी माध्यमलाई कक्षा पाँचसम्म पुऱ्याइएको छ। प्रअ भट्टराई भन्छन्, "विद्यालयलाई क्रमश: कक्षा दशसम्म विस्तार गर्ने र सबैमा अङ्ग्रेजी माध्यम चलाउने योजना छ।" अहिले यहाँ २३२ जना विद्यार्थी पढ्दैछन्। दुई वर्षयता यो स्कूलबाट विद्यार्थीहरू अन्य स्कूलमा गएका छैनन्। बरु, केहीले बोर्डिङबाट आफ्ना बच्चा यसमा ल्याएका छन्।

मिर्मी निमाविमा १४ जना स्थानीय नै शिक्षक छन्। तीमध्ये दरबन्दीका दुई र राहतमा एक जना छन् भने बाँकी निजी स्रोतका। निजी स्रोतका शिक्षकले रु.२५ सयदेखि रु.७ हजारसम्म तलब पाउँछन्। त्यो रकम जुटाउन नर्सरीमा मासिक रु.२०० र एलकेजी/युकेजीका लागि रु.२२५ शुल्क तोकिएको छ। त्यसपछि हरेक माथिल्लो कक्षामा क्रमश: रु.२५ थपिँदै जान्छ। विद्यालय प्रशासन र भौतिक व्यवस्थापनको पाटो प्रअ रामप्रसाद भट्टराईले हेर्छन् भने शैक्षिक व्यवस्थापनको नेतृत्व शिक्षक ज्ञानप्रसाद पाण्डेयले लिएका छन्।

अङ्ग्रेजीमा बी.ए. र कानुनमा स्नातक पाण्डेयसँग दुई दशक लामो शिक्षण अनुभव छ। उनले १४ वर्ष पोखराको कुमुदिनी स्कूल र त्यसपछिका दुई-दुई वर्ष मिर्मीकै कालीगण्डकी बोर्डिङ र काठमाडौंको न्यू समिट स्कूलमा पढाए। समिटमा पढाउँदै गर्दा मिर्मीका प्रअ र अभिभावकले गरेको अनुरोधलाई स्वीकारेर एक वर्ष नि:शुल्क काम गर्ने शर्तमा पाण्डेय २०६६ मा गाउँको स्कूलमा आएका हुन्। पाण्डेयको मिर्मी निमाविप्रतिको सेवाभाव यति बढ्यो कि अब उनी यो स्कूल छोड्ने कुराको कल्पनासम्म गर्न सक्दैनन्। यहाँ उनको मासिक तलब रु.७ हजार छ। जबकि समिट स्कूलमा शिक्षण र होस्टल दुवैको जिम्मेवारी सम्हालेबापत उनले रु.२० हजारभन्दा बढी हात पार्थे। तर, उनी मिर्मी स्कूलप्रतिको लगावलाई पैसासँग तुलनै गर्न चाहँदैनन्। भन्छन्, "मैले जीवनमा सबैभन्दा बढी खुशीको क्षण यो स्कूलमा पाएको छु। अब सकुञ्जेल यही स्कूलको सेवा गर्नेछु।"

पाण्डेयले शिक्षण विधि, बाल मनोविज्ञान र विद्यालय प्रशासन सम्बन्धी दर्जनौं तालिम लिएका छन्। तिनै तालिममा सिकेका सीप र अनुभवलाई उनले मिर्मीमा खन्याएका छन्। उनको भूमिकाबाट विद्यालयका शिक्षक र अभिभावकहरू पनि सन्तुष्ट देखिन्छन्। विद्यालय व्यवस्थापन समितिका अध्यक्ष नन्दलाल भट्टराई भन्छन्, "ज्ञानुलाई जे सोचेर काठमाडौंबाट ल्याइयो, त्यसरी नै उपलब्धि हासिल गर्न सकिएको छ।"



तस्विरहरू: प्रमोद आयाम

कम्प्युटरमा टाइप सिक्दै कक्षा २ का छात्रछात्रा।

**"समुदायको 'मिसन'लाई सफल पारौँ भन्ने चाहनाले काठमाडौंमा पढ्दापढ्दै गाउँ फर्केको हुँ। स्कूललाई अप्ठेरो पर्दा थोरै तलबमै पनि काम गर्न तयार छु।"**

**– महेश भट्टराई, शिक्षक**

पाण्डेय जस्तै मिर्मीका अरू युवाले विद्यालयका निम्ति उस्तै त्याग देखाएका छन्। महेश भट्टराई तिनैमध्येका एक हुन्, जो त्रिभुवन विश्वविद्यालय, कीर्तिपुरमा एम.ए (अङ्ग्रेजी) पढ्दापढ्दै गाउँको स्कूलमा पढाउन आइपुगेका छन् । उनी भन्छन्, "समुदायको 'मिसन'लाई सफल पारौं भन्ने चाहनाले काठमाडौंमा पढ्दापढ्दै गाउँ फर्केको हुँ । स्कूललाई अप्ठेरो पर्दा थोरै तलबमै पनि काम गर्न तयार छु ।" त्यहाँ उनको तलब रु.४ हजार मात्र छ । उनी आफ्नो अध्ययन चाहिँ अब स्वाध्ययनबाटै पूरा गर्ने बताउँछन् ।

एउटा शिक्षकले कम्तीमा ६ पिरियड पढाउनुपर्छ। तर, बिहान १० देखि साँझ ४ बजेसम्म पढाउनुलाई मात्रै आफ्नो दायित्व ठान्दैनन्, यहाँका शिक्षकहरू । आवश्यक पर्दा बिहान सात बजे नै विद्यालय पुग्छन् । शिक्षकको मिहिनेतकै कारण मिर्मी निमाविका विद्यार्थीको सिकाइ उपलब्धि राम्रो देखिन्छ । २०६७ को नतिजा अनुसार कक्षा एक, दुई, तीन र चारमा विद्यार्थीको औसत सिकाइ उपलब्धि क्रमशः ८३.३३, ७४.०४, ७०.१४ र ६९.२८ छ भने कक्षा पाँचमा ६२.७२ र ६५.७२ । शिक्षकको मिहिनेतका बारेमा व्यवस्थापन समितिका सदस्य लीलाबल्लभ न्यौपाने भन्छन्, "शिक्षकले दुःख नगरेको भए स्कूललाई यत्तिको बनाउन सकिने थिएन । तर, शिक्षकलाई साह्रै कम ज्यालामा पढाउन लगाउनुपरेकोमा हामी दुःखी छौं । भविष्यमा दिगो स्रोतको व्यवस्था गर्न सके शिक्षकलाई राहत दिन सकिन्छ कि भन्ने आशा छ ।"

## लोभलाग्दा अभ्यास

बालबालिकाको शैक्षिक विकासप्रति यहाँका अभिभावकहरू पनि उत्तिकै सचेत देखिन्छन् । विद्यार्थीको पढाइलाई लिएर उनीहरू शिक्षकसँग निरन्तर सम्पर्कमा रहन्छन् । हरेक दिन 'टिफिन' समयमा खाजा लिएर विद्यालय आइपुग्नु यहाँका अभिभावकहरूको दिनचर्या बनेको छ । अभिभावक आइपुगेनन् भने पनि विद्यार्थी भोको पर्दैनन्। विद्यालय आउन नभ्याएका अभिभावकले शिक्षकलाई खबर गरेर खाजा खुवाइदिन अनुरोध गर्छन् । मिर्मी निमाविका हरेक क्रियाकलाप बालमैत्री देखिन्छन् । अभिभावक बिन्दु पाण्डेय भन्छिन्, "मेरो बच्चा त घरमा भन्दा स्कूलमै रमाएको छ, घरै जान मन गर्दैन । हामीले खोजेभन्दा धेरै राम्रो छ, यो स्कूल।" कुनै विद्यार्थी अनुपस्थित हुँदा शिक्षकले अभिभावकलाई टेलिफोन गरेर विद्यार्थी नआउनुको कारणबारे सोधखोज गर्छन्। शिक्षक, अभिभावक र विद्यार्थीका निम्ति फरक-फरक आचारसंहिता लागू गरिएका छन् ।

मिर्मी स्कूलमा शुक्रबार अरू दिनको जस्तो नियमित पठनपाठन हुँदैन। बिहान १० देखि एक बजेसम्म चित्रकला, सामान्य ज्ञान, स्वास्थ्य शिक्षा र नेपाली व्याकरण पढाइन्छ । खाजा समयपछि नर्सरी र केजीका विद्यार्थीलाई बिदा दिइन्छ भने कक्षा एकदेखि माथिका विद्यार्थीलाई सङ्गीत, नृत्य, हाजिरीजवाफ, वक्तृत्वकला जस्ता अतिरिक्त क्रियाकलाप गराइन्छ। हरेक शुक्रबार छुट्टी हुनुअघि शिक्षकहरूको साप्ताहिक समीक्षा बैठक हुन्छ । "यो बैठकमा विद्यार्थीको कमजोरी, अभिभावकलाई दिनुपर्ने सुझाव र शिक्षकलाई परेको समस्याको बारेमा समीक्षा गरिन्छ", प्रअ भट्टराई भन्छन् ।

कुनै पर्व वा राष्ट्रिय दिवसका कारण सार्वजनिक बिदा परेको दिन विद्यालयमा पठनपाठन हुँदैन, तर विद्यालय खुलेकै हुन्छ । त्यस्तो दिनमा जुन पर्व वा दिवस परेको हो, त्यसैसँग सान्दर्भिक क्रियाकलापहरू गर्ने गरिन्छ । जस्तो; शहीद दिवसको दिन शहीदको तस्विरमा माल्यार्पण गराएर शिक्षकले त्यस दिवसको सान्दर्भिकताबारे विद्यार्थीलाई जानकारी दिन्छन् । विद्यालयको पुस्तकालय चाहिँ बिदाको दिन पनि अभिभावक र विद्यार्थीका निम्ति खुला रहन्छ ।

विद्यार्थीमा असल आचरणको बानी बसाउने खालका कैयौं अनुकरणीय अभ्यास भेटिन्छन्, मिर्मी निमाविमा। विद्यालयभित्र कसैको कुनै सामान हराउँदैन। विद्यालय प्राङ्गणमा भेटिएका कुनै पनि सामान 'लस्ट एण्ड फाउण्ड' र्‍याकमा राखिन्छन्। कक्षामा कसैको कुनै चीज भेटिएमा विद्यार्थीले 'यो कसको हो?' भनेर सोधिहाल्छन्। विद्यालय प्राङ्गणमा कागजको सानो टुक्रा पनि रहँदैन। विद्यार्थीले देख्नासाथ 'डस्टबिन'मा फाल्नुपर्ने आदत बसाइएको छ।

विद्यालयको दान-बाकसमा सङ्कलित रकम आर्थिक रूपमा विपन्न विद्यार्थीको स्टेशनरीमा खर्च गरिन्छ । विद्यार्थीलाई सिर्जनशील तुल्याउनका निम्ति मासिक भित्ते-पत्रिका *'दि क्रियशन'* प्रकाशन गरिन्छ, जसमा विद्यार्थीका लेख/रचनाले स्थान पाउँछन्। अनुकरणीय अभ्यासहरूकै कारण यता आएर जिल्लाका धेरै स्कूलका निम्ति मिर्मी निमावि 'अवलोकन गन्तव्य' बन्न थालेको छ । केहीअघि मात्रै स्याङ्जाको चापाकोट स्रोतकेन्द्रका २४ र फेदीखोला स्रोतकेन्द्रका २२ विद्यालयका प्रअ र व्यवस्थापन समिति अध्यक्षले मिर्मीको अवलोकन गरेका थिए । स्याङ्जाका जिशिअ टोपबहादुर श्रेष्ठ मिर्मीलाई जिल्लाकै 'उदाहरणीय विद्यालय' ठान्छन्। उनी भन्छन्, "समुदाय र शिक्षकले देखाएको सक्रियता साँच्चिकै प्रशंसनीय छ। यसबाट अरू विद्यालयका शिक्षकले पनि सिक्नुपर्छ।"

## बदलिंदो आकाश फेरिंदो धर्ती

**अजय दीक्षित**

# जलवायु परिवर्तनसँगै बाँच्ने एउटा बाटो

साउनको दोस्रो सातातिर काठमाडौँबाट प्रकाशित एक अङ्ग्रेजी दैनिकमा “गर्मी बढेको हुँदा गोठमा पङ्खा सञ्चालन, तराईमा जनजीवन अस्तव्यस्त” ‘क्याप्सन’मा एउटा तस्बिर छापिएको छ। गोठका मालिकले गाईवस्तुलाई गर्मीबाट राहत दिन पङ्खा चलाएको बुझिन्छ। तस्बिरले जलवायु परिवर्तनका केही पक्ष उजागर गर्नुका साथै नयाँ परिस्थितिसँग कसरी बाँच्दै जाने भन्ने जवाफ खोज्न पनि सहयोग गर्छ।

वर्षा ऋतुमा पानी पर्दा सामान्यतया तराई र उपत्यकामा तापक्रम घट्छ; तर पानी पर्न रोकिएर घाम लागेपछि हपक्क गर्मी बढ्छ। तराई क्षेत्रमा चैत-वैशाख र जेठ महिनामा साह्रै गर्मी हुन्छ, तातो हावा पनि चल्ने गर्छ। के तराईमा अनुभव गरिने गर्मी जलवायु परिवर्तनको असर हो त? जवाफ खोज्न विज्ञानको सहयोग आवश्यक पर्छ। कुनै खास क्षेत्रको तापक्रमको चरित्रले उक्त प्रश्नको जवाफ खोज्न सघाउँछ। तर नेपालका धेरै ठाउँमा तापक्रम नाप्ने थर्मामिटर भएका स्टेसन छैनन्, छेउछाउमा रहेका स्टेसनको आँकडामा भर पर्नुपर्छ। यस्ता आँकडा पनि नियमित छैनन्। वर्षाको आँकडाको स्थिति पनि यस्तै छ। उचाइले गर्दा पहाडी धरातलका बेंसी र देउरालीमा पानी पर्ने चरित्रमै फरक हुन्छ। छेउछाउका मापन केन्द्रले खोजेको स्थानको तापक्रम र वर्षाको पूर्ण अवस्थाको जानकारी दिन सक्दैनन्। तापक्रमको हकमा यो कार्य तुलनात्मक रूपमा सहज हुन्छ। उदाहरणको लागि कपिलवस्तु जिल्लाको दक्षिण भेगमा गर्मी भए उत्तरी भेगमा पनि हुन्छ; यद्यपि केही कम।

जलवायु परिवर्तनका कारण भविष्यमा तापक्रम कति बढ्ला र वर्षा कस्तो होला? कम्प्युटरमा आधारित जनरल सर्कुलेसन मोडल (जीसीएम)ले वायुमण्डललाई ग्राफ जस्तै स-साना तीनवटा आयामिक कोठाहरूमा विभाजन गर्छ र कोठा भित्रको तापक्रम, हावाको गति, वाफ, जस्ता पक्षको अर्को कोठा सितको अन्तरसम्बन्ध केलाउछ। अनि ३०, ५०, ७५ वा ९० वर्षपछि कार्बनडाइअक्साइड उत्सर्जन हुने मात्रा अडकल गर्दै त्यसले तापक्रम र वर्षाको चरित्रमा पर्ने परिदृश्य तयार गरिन्छ।

सन् २००९ मा पन्ध्रवटा जीसीएम प्रयोग गरी गरिएको एउटा अध्ययन ले सन् २०३०, २०६० र २०९० मा नेपालको औसत तापक्रम परिवर्तनको परिदृश्य तयार गरेको थियो। पन्ध्रवटै मोडलबाट प्राप्त नतिजाको विश्लेषणले सन् २०३० मा औसत तापक्रम; सन् १९७७-१९९९ को औसतको तुलनामा १.४ डिग्री सेल्सियस बढी हुने देखाएको छ।

सो अध्ययन अनुसार सन् २०६० सम्म गर्मी दिनहरू १५ देखि ५५ प्रतिशत र २०९० सम्म २६-६९ प्रतिशतले बढ्न सक्नेछन्। त्यस्तै, मनसुन वर्षअघिका रातमा २०६० सम्म १५-५५ प्रतिशत र २०९० सम्म २६-६९ प्रतिशतले गर्मी बढ्नेछ। औसतमा गर्मी रातहरू २०६० सम्म ६-७७ प्रतिशत र २०९० सम्म २९-९३ प्रतिशतले बढ्ने छन्।

यसरी तापक्रम बढेपछि जनजीवन र प्रकृतिमा के-कस्तो असर पर्छ त? यसको जवाफ खासै कठिन पनि छैन। शरीरलाई असजिलो हुन्छ, जलअल्पता (डि-हाइड्रेसन) हुन्छ, बीउ-बिजन नाश हुन्छन्, खडेरी बढी पर्छ; उत्पादन घट्छ, डढेलोका घटना बढ्ने छन्, कीरा-फट्याङ्ग्रा बढ्छन् एवं फोहोर-मैलाबाट शुरु हुने रोगव्याधी बारम्बार दोहोरिने जस्ता प्रभाव अरू बढी हुनेछन्। औषधिमुलोको व्यवस्था गर्न नसक्ने र कमजोर परिवारको जीविका झन् कष्टपूर्ण हुनेछ।

यस्तो स्थितिको सामना कसरी गर्ने त? कतिपय उपाय स्पष्ट छन्। स्वास्थ्य सेवाको स्तर सुधार्नु एउटा उपाय हो। सीमान्त अवस्थामा बाँचिरहेकाहरूलाई सो सेवा उपलब्ध गराउने मूल दायित्व राज्यको भए पनि यस कार्यमा निजी क्षेत्रलाई पनि उत्तिकै सहभागी गराउन सकिन्छ। फोहोर-मैलाको व्यवस्थापन त्यसै पनि गर्नुपर्ने कार्य हो। सफा-सुग्घर क्षेत्रमा रोगव्याधीको सङ्क्रमणको सम्भावना स्वतः कम हुन्छ। खेतीपाती एवं फलफूलमा पर्ने प्रभावको आकलन र त्यसको समाधान गर्न सिर्जनशीलता आवश्यक पर्छ। यस क्रममा राज्यका अङ्गहरूको दायित्व र भूमिकाको पुनर्व्याख्या तथा नयाँ तौरतरिकाको चयन ठूलो चुनौती बन्न सक्छ।

दह्रो स्वास्थ्य सेवा जस्तै राज्यले खानेपानी, सिंचाइ, ऊर्जा आपूर्ति, सञ्चार सुविधा, ब्याङ्किङ, यातायात जस्ता आधारभूत सेवा प्रत्याभूत गर्न सकेको खण्डमा मात्रै जलवायु परिवर्तनबाट प्रभावित व्यक्तिहरू अप्ठचारो परिस्थितिसँग जुध्न र त्यससँगै अभ्यस्त रहने उपाय अवलम्बन गर्न सक्षम हुनसक्छन्। खानेपानी, सिंचाइ र जल ऊर्जा उत्पादन प्रणाली जलवायु परिवर्तनका कारण थप जोखिममा पर्ने हुँदा त्यो स्थितिसित जुध्ने उपयुक्त रणनीति तर्जुमा गर्न चनाखो हुनु त्यतिकै जरुरी हुन्छ।

प्रारम्भमा उल्लेख गरिएको तस्बिर- सही ऊर्जा प्रणालीबाट जलवायु परिवर्तनको प्रभाव न्यून पार्न मद्दत पुग्छ भन्ने कुराको एउटा उदाहरण हो। गोठका मालिकले गाईवस्तुलाई गर्मीबाट राहत दिन पङ्खाको व्यवस्था गरे। उनको क्षेत्रमा बिजुली आपूर्ति भएको हुँदा पङ्खा प्रयोग गर्न सम्भव भयो। ती किसानको पङ्खा किन्न सक्ने आर्थिक हैसियतले सो सम्भव गरायो। तर यो सन्दर्भमा सबैभन्दा महत्त्वपूर्ण कुरा सुलभ ऊर्जा हो। सुलभ ऊर्जा आपूर्तिविना सञ्चार, भरपर्दो ब्याङ्किङ, दह्रो स्वास्थ्य सेवा र शिक्षाको प्रवर्द्धन हुनसक्दैन।

आराम र सुविधा खोजी गर्दै (पश्चिमी) सभ्यताले ऊर्जाको प्रयोग त बढायो तर त्यो खनिज तेल दोहनको प्रविधिमा जाकियो र परिणति रह्यो, जलवायु परिवर्तन। त्यसैले आजको चुनौती बनेको छः कार्बन पदचिह्न नभएको ऊर्जाप्रणालीको स्थापना र प्रयोग कसरी बढाउने? अब छानिने बाटो १०० वर्षअघि रोजिएको (खनिज तेल) जस्तो हानिकारक हुनुहुँदैन। यस्ता ऊर्जा आपूर्तिप्रणालीका थुप्रै विकल्पहरू पहिल्याउनु सबैभन्दा विवेकसम्मत कार्य हुनसक्छ। यस्तो कार्य घातक ग्यासहरूको उत्सर्जन घटाउन सहयोगी हुन्छ भने हरेक नेपालीलाई जलवायुको परिवर्तित अवस्थासित अभ्यस्त हुनसक्ने तुल्याउन पनि।

विद्यालय शिक्षामा लगानी बालुवामा पानी !

बाबुराम विश्वकर्मा

# बजेट बढ्दै, इमान घट्दै

**नेपालका राजनीतिक दलको सत्ता प्राथमिकतामा गृह, अर्थ, रक्षा र सञ्चार मन्त्रालय परे पनि सबैभन्दा बढी बजेट विनियोजन हुने मन्त्रालयमा शिक्षा पर्दै आएको छ। किसानको बाहुल्य भएको हाम्रो देशको कृषि मन्त्रालयको बजेट चालु आर्थिक वर्षमा करिब साढे १२ अर्ब रुपैयाँ मात्र छ भने शिक्षा मन्त्रालयका निम्ति यसको पाँच गुणाभन्दा बढी रु.६४ अर्ब विनियोजन गरिएको छ। शिक्षा मन्त्रालयमा गएको बजेटको करिब ८६ प्रतिशत रकम सार्वजनिक स्कूल शिक्षामा खर्च हुन्छ। सार्वजनिक विद्यालयमा सरकारले गरेको लगानीको अनुपातमा के कति प्रतिफल प्राप्त भयो भन्ने बारे अझैसम्म लगानीकर्ता, अभिभावक, छात्रछात्रा अथवा अन्य कसैले पनि लेखाजोखा गरेको पाइँदैन। शिक्षा विभागले विनियोजित रकम जिशिकालाई पठाइदिन्छ। जिशिकाहरू उपलब्ध रकम विद्यालयको खातामा रकम पठाउनुमा आफ्नो कर्तव्य पूरा भएको ठान्छन्। यसरी मुख्य जिम्मेवारी पाएका निकायले हुलाकीको जस्तो मात्र काम गर्दा सरकारी विद्यालयमा गरिएको लगानी फलदायी हुनुको सट्टा अनुत्पादक र अनियमितताको सिकार हुने गरेको छ।**

**हरेक वर्ष रु.३० लाखभन्दा बढी बजेट खर्च गरिएका माविले एक जना पनि छात्रछात्रा एसएलसीमा उत्तीर्ण गराउन नसकेका धेरै उदाहरण फेला पर्छन्। चौतर्फी हेलचेक्र्याइँले सरकारी लगानी मात्र डुबाएको छैन, नेपाली पसिनालाई पनि पानी बनाइदिएको छ। हामीले यसपटक देशका विभिन्न विद्यालयमा गरिएको सरकारी लगानी र प्रतिफलको लेखाजोखा गरेका छौं। तीमध्ये 'अति' स्तरमा रहेका केही माविको सत्य-कथा यहाँ प्रस्तुत गरिएको छ।**

### तस्बिर-१: विजेश्वरी मावि हरिहरपुर, सुर्खेत

यस स्कूलमा जिशिकाबाट गएको वर्ष रु.३० लाख गएको थियो। तर, यो स्कूलले यसपालिको एसएलसीमा लगभग *शून्य नतिजा* दिएको छ। परीक्षामा सहभागी २५ विद्यार्थीमध्ये एक जना मात्र एसएलसी उत्तीर्ण भएका छन्।

अनुत्तीर्णमध्ये दुई जनाको सात, तीन जनाको छ, पाँच जनाको पाँच, चार जनाको चार र पाँच जनाको तीन वटा विषय लागेको छ। प्रअ रामबहादुर राना आफैं भन्छन्, "हाम्रो विद्यालयमा खर्च भएको बजेट हेर्ने हो भने लगानी बालुवामा पानी खन्याएसरह भएको छ।" गत आर्थिक वर्षको बजेट हेर्दा त्यहाँ अध्ययनरत ३३० विद्यार्थीको लागि प्रति-विद्यार्थी वार्षिक रु.९ हजार ९० खर्च भएको देखिन्छ। शिक्षक तलबका लागि मात्र रु.१४ लाख १० खर्च भएको छ।

जिशिकाले गत साल उक्त विद्यालयमा छात्रवृत्ति वितरण गर्न रु.८५ हजार निकासा गरेको थियो। तर, यो रकम अहिलेसम्म वितरण भएको छैन। दलित छात्रवृत्तिको रु.३३ हजार ८००, छात्रा छात्रवृत्तिको रु.३४ हजार, मावि छात्रवृत्तिको रु.१२ हजार र अपाङ्ग छात्रवृत्तिको रु.५ हजार पनि वितरण भएको छैन। स्रोतव्यक्ति चक्रबहादुर सिंहले बताए, "सरकारले रकम दिएको छ, स्कूलले भने विद्यार्थीलाई दिएको छैन।"

जिशिकाले उक्त स्कूललाई पाठ्यपुस्तकमा रु.१



लाख ७ हजार, विद्यालय व्यवस्थापनको लागि रु.१ लाख ५८ हजार, पीसीएफमा रु.९६ हजार र कक्षाकोठा तथा शौचालय निर्माणमा रु.८ लाख ५ हजार दिएको छ। त्यसमाथि गाविसले पनि शिक्षक तलबको रु.३ लाख उपलब्ध गराएको छ। तैपनि स्कूलले एक जनाभन्दा बढी पास गराउन सकेन।

## तस्बिर– २ः कोशी मावि, कुशाहा सुनसरी

सुनसरीको पश्चिम कुशाहा-६ स्थित कोशी माविमा गत वर्ष जिशिकाले करिब रु.३२ लाख उपलब्ध गराएको थियो। यो रकममा गाविसको अनुदान रु.५० हजार, स्कूलको जग्गाको आम्दानी रु.१ लाख १६ हजार, छात्रछात्राले तिरेको शुल्क रु.९८ हजार ५१० जोड्दा स्कूलको वार्षिक आम्दानी रु.३६ लाखभन्दा बढी हुन्छ। सुनसरीमा यो सम्पन्न स्कूलमध्येमा पर्छ। तर, यसपालि एसएलसी दिएका ९७ जना परीक्षार्थीमध्ये ९६ जना फेल भएका छन्। प्रअ लक्ष्मण यादव भन्छन्, "विद्यार्थीलाई मोबाइलले बिगारेको छ। मोबाइलले नअल्झाएको भए सबै पास हुन्थे।"

कोशी माविबाट एसएलसीमा सामेल ९७ छात्रछात्रालाई स्कूलको वार्षिक बजेट भाग लगाउँदा एउटाको टाउकोमा रु.३७ हजार २५४ लगानी पर्छ। जिशिका सुनसरीको अभिलेख अनुसार गएको वर्ष कोशी माविको भवन मर्मतका लागि रु.१ लाख निकासा भएको थियो। तर, स्कूल नजिकैका बासिन्दा भुवनेश्वर उराँवले आश्चर्य व्यक्त गर्दै भने, "भवन बनाउन पैसा आएको छ र! मैले त स्कूल मर्मतसम्हार भएको देखेकै छैन, सुनेको पनि छैन।" प्रअ यादवसँग यसबारे खोजीनिती गर्दा उनले गत वर्ष स्कूल मर्मतसम्हार भएको कुनै प्रमाण देखाउन सकेनन्।

यहाँ गएको साल शिक्षक तलबमा रु.२१ लाख १७ हजार ८८ खर्च भएको छ। शिक्षकको पोशाकका निम्ति पनि रु.४५ हजार रकम खर्च भएको छ। तर, विद्यालयले शिक्षक पोशाक अझै तय गरेको छैन। शिक्षकहरू पुरानै ढर्रामा विद्यालय आउँछन्।


कोशी माविको आम्दानी रु.३६ लाख भए पनि त्यसको सामान्य लेखा पनि राखिएको छैन। यससम्बन्धी अभिलेख स्रोत केन्द्र र जिशिकामा खोज्दा पनि भेटिएन। विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रामनारायण यादवको गुनासो छ, "प्रअले व्यवस्थापन समितिलाई बजेटका बारेमा कुनै जानकारी दिँदैनन्, मनोमानी गर्छन्। मैले के गर्नु?" स्रोतव्यक्ति केदारनाथ अधिकारी थप्छन्, "मैले पनि पटक पटक स्कूल बजेट मागेँ। तर, पाइनँ।"

## तस्बिर– ३ः श्री मावि अजिगरा, कपिलवस्तु

यस विद्यालयमा गएको वर्ष जिशिकाबाट रु.३२ लाख ५१ हजार ३५२ निकासा गएको थियो। तर, उक्त विद्यालयले गएको एसएलसी परीक्षामा *शून्य नतिजा* दियो। श्री माविबाट ३९ छात्रछात्रा एसएलसीमा सामेल भएकोमा सबै जना अनुत्तीर्ण भए। स्कूलमा गएको बजेट फेल विद्यार्थीलाई दामासाहीले भाग लगाउँदा एउटाको भागमा रु.८३ हजार ३०० पर्छ। कपिलवस्तुका जिशिअ शङ्करबहादुर गौतम भन्छन्, "यस वर्ष सरकारले त्यो स्कूलमा गरेको लगानी खेरै गयो।"


गत वर्ष जिशिकाले निकासा गरेको बजेट र उक्त स्कूलको खर्च पनि मेल खाँदैन। पाठ्यपुस्तकका निम्ति रु.१ लाख १३ हजार ८२७ निकासा भएकोमा रु.१ लाख ११ हजार ४९६ मात्र स्कूलमा पुगेको छ। व्यवस्थापन शीर्षकमा जिशिकाले रु.९६ हजार निकासा गरेको देखिन्छ भने स्कूलमा रु.४८ हजार मात्र आएको

**शिक्षक एक, विद्यार्थी दुईः नन्दी गणेश मावि, काठमाडौंको यूकेजीका दुईजना नानीसँग शिक्षक रामलखन गुप्ता।**



बाबुराम

# विद्यालय शिक्षामा लगानी बालुवामा पानी !



**विद्यार्थीलाई मोबाइलले बिगारेको छ, मोबाइलले नअल्झाएको भए सबै पास हुन्थे ।**
**– लक्ष्मण यादव,**
**कोशी मावि, सुनसरी**

छ। पैसा कहाँ हराउँछ भन्ने प्रश्नमा प्रअ परिपूर्णानन्द मिश्रा भन्छन्, "मलाई जानकारी छैन । जिशिकालाई नै सोध्नुहोस् ।"

जिशिकाका लेखापाल विनोद पौडेलका अनुसार, श्री माविमा असार मसान्तसम्म भौतिक पूर्वाधार निर्माणका लागि १५ लाख निकासा भएको छ । तर, उक्त रकमबाट भवन सम्बन्धी कुनै काम भएको छैन ।

श्री माविका निमावि तहका ८३ छात्रालाई छात्रवृत्तिका लागि जिशिकाले गत आर्थिक वर्षमा रु.४०० का दरले छात्रवृत्ति दिन रु.३३ हजार २०० निकासा गरेको थियो। तर, कक्षा ६ मा पढ्ने छात्रा कमला चौधरीले १७ असार २०६८ मा छात्रवृत्तिबापत रु.२०० बुझिन् भने कक्षा ७ की सावित्री चौधरी र कक्षा ५ की यशोदा मिश्रले पनि रु.२०० का दरले नै रकम पाए । अभिभावक तापस मिश्रले गुनासो गरे, "जिशिकाले रु.४०० दिनु भनेको रहेछ, हाम्रा नानीलाई रु.२०० मात्र दिइयो।" यस बारेमा स्रोतव्यक्ति राधेश्याम चौधरी भन्छन्, "यो हेडमास्टरको काम हो। म त स्कूलमा गएकै छैन ।"

निमावि तहको दलित छात्रवृत्तिको लागि गएको रु.२८ हजार ८०० बाट पनि प्रति-विद्यार्थी रु.२०० का दरले बाँडिएको पाइयो। माविका दलित र छात्रा छात्रवृत्ति रकमको पनि ५० प्रतिशत मात्र वितरण भएको छ । विपन्न विद्यार्थीका लागि गएको रु.१५ हजार ६०० उनीहरूलाई बाँडिएकै छैन ।

यसअघिको आर्थिक वर्ष २०६६/६७ मा जिशिकाबाट छात्रवृत्ति शीर्षकमा रु.५६ हजार ३१ निकासा भएको थियो । तर, त्यो वर्ष कुनै पनि विद्यार्थीले छात्रवृत्ति रकम पाएनन्। विद्यालयका तत्कालीन प्रअ मुन्नालाल शुक्ला र अहिलेका प्रअ मिश्राले आफूलाई छात्रवृत्तिबारे 'केही थाहा नभएको' बताए। अघिल्लो वर्षको लेखा परीक्षणमा छात्रवृत्तिको रु.५६ हजार ३१ मध्ये रु.२४ हजार मात्र खर्च भएको देखाइएको छ। बाँकी रु.३२ हजार कता गयो केही थाहा छैन। स्कूलका अभिभावक म्यानेजर कुर्मी भन्छन्, "यहाँ छात्रवृति नै बाँडिएको छैन। लेखापरीक्षणमा देखाइएको रु.२४ हजारको खर्च विवरण पनि झूठो हो।"

सरकारी बजेट यसरी दुरुपयोग भए पनि कसैले अनुगमन गरेको छैन । विनि नारायण लामिछानेले छात्रवृत्तिमा अनियमितता भएको बारे आफूलाई 'केही थाहा नभएको' बताए। जिशिअ शङ्करबहादुर गौतम भन्छन्, "त्यो स्कूलमा सबै कुरा अस्तव्यस्त छ । अनुगमन गर्न सकिएको छैन।"

त्यो वर्ष श्री माविमा पाठ्यपुस्तकका लागि रु.९० हजार निकासा भएकोमा सो स्कूलका विद्यार्थीले पाठ्यपुस्तक पाएका छैनन् । भवन निर्माणका लागि जिशिकाले रु.६ लाख ४८ हजार निकासा गरेको थियो। यसमध्ये रु.४ लाख ५८ हजार ६५ खर्च भएको वार्षिक प्रतिवेदनमा देखाइएको छ। बाँकी रु.१ लाख ९० हजार ६३५ को हरहिसाब कतै छैन। लेखापरीक्षण प्रतिवेदनमा निर्माण शीर्षकको रु.६ लाख ४८ हजार ७०० मध्ये रु.२ लाख ८३ हजार ७० निर्माणमा, रु.५० हजार फर्निचरमा र रु.२५ हजार कक्षाकोठा मर्मतमा खर्च भएको भनिएको छ। तर, खर्च भएको भनिएको शीर्षक अनुसार विद्यालयमा कुनै पनि काम भएको छैन। भवन निर्माणको रु.१ लाख ८० हजार फिर्ता गरिएको स्कूलको व्यय विवरणमा देखाइएको छ। अभिभावक कुर्मी थप्छन्, "हिसाब त देखाइयो होला। तर, काम चाहिँ देख्न पाइएको छैन।"

### तस्बिर–४: नन्दी गणेश मावि, काठमाडौं

काठमाडौं, मातातीर्थ गाविसको नन्दी गणेश माविका प्रावि शिक्षक रामलखन गुप्ताले वर्षमा दुई जना नानीलाई कक्षा उत्तीर्ण गराउँछन् । किनभने उनले पढाउने स्कूलको युकेजी कक्षामा दुईभन्दा बढी नानीहरू कहिल्यै पनि हुँदैनन्। गुप्ताले भने, "मेरो जिम्मामा युकेजी छ। त्यसैले म सधैँ यही कक्षामा हुन्छु।"

१९ साउन २०६८ मा *शिक्षक* प्रतिनिधि उक्त विद्यालय पुग्दा निमावि शिक्षक हीरादेवी केसी पनि केजी तहका पाँच जना विद्यार्थीलाई कखरा सिकाउँदै थिइन्। त्यस दिन त्यस विद्यालयका कुनै पनि कक्षामा ६ जनाभन्दा बढी विद्यार्थी थिएनन्। पूर्वप्राथमिकदेखि मावि तहसम्मका कक्षामा जम्मा ३९ जना विद्यार्थी उपस्थित थिए। त्यसमा कक्षा ९ मा १ जना मात्र छात्र थिए।

यहाँ अनौठो के रहेछ भने कक्षा ३ पछि एकैपटक कक्षा ६ सञ्चालन भएको छ। बीचका दुई वटा कक्षा

**प्रअले व्यवस्थापन समितिलाई स्कूल बजेटका बारेमा जानकारी नदिएर मनोमानी गरेका छन्। त्यसैले स्कूल बर्बाद भएको छ।**
**– रामनारायण यादव, अध्यक्ष, विव्यस, कोशी मावि, सुनसरी**



### स्कूल भ्रष्टाचारका प्रकृति र असर

| भ्रष्टाचार हुने विषय | भ्रष्टाचार हुने क्षेत्र | प्रभावित हुने शैक्षिक क्षेत्र |
|---|---|---|
| भौतिक पूर्वाधार निर्माण | सार्वजनिक टेन्डर, सूचनाको छल र विद्यालय नक्साङ्कन | समव्यवहार |
| शिक्षक भर्ना/नियुक्ति, बढुवा र सेवा सुविधा | नातावाद, कृपावाद र घुसखोरी | शिक्षाको गुणस्तर |
| शिक्षकको आचरण | अयोग्य शिक्षक, घुसखोरी (विद्यालय भर्ना र विद्यार्थीको मूल्याङ्कन) | शिक्षामा पहुँच, गुणस्तरीयता, समव्यवहार र नैतिकता |
| पाठ्यपुस्तक, उपकरण र खाजाको उपलब्धता र वितरण | सार्वजनिक टेण्डर, सूचनाको छल र नियम मिच्ने प्रवृत्ति | समानता |
| सुविधा व्यवस्था (निजी क्षेत्रले पाउने सुविधा क्षतिपूर्ति र अनुदान) | नातावाद, कृपावाद, घुसखोरी र नियम मिच्ने पद्धति | शिक्षामा पहुँच र समव्यवहार |
| परीक्षा र प्रमाणपत्र | गोप्य सूचना बेचविखन, नातावाद, कृपावाद, घुसघोरी र शैक्षिक जालसाजी | समव्यवहार र नैतिकता |

*स्रोत: युनेस्को; एथिक्स एण्ड करप्सन इन एजुकेशन, २००२*

४ र ५ अस्तित्वमै छैनन्। कक्षा ३ मा पढाइरहेका शिक्षक सीताराम राउतलाई कक्षा ४ र ५ कहाँ छ भनेर देखाइमाग्दा उनले देखाउन सकेनन् र भने, "विद्यार्थी नभएकाले ती कक्षाको अस्तित्व नै छैन।" कक्षा ६ मा पढाइरहेका शिक्षक हरिकृष्ण बखुन्चेले पनि यही कुरा पुष्टि गरे।

*शिक्षक* प्रतिनिधिले यसअघि १५ साउन २०६८ मा उक्त स्कूलका सबै कक्षा चहार्दा पनि युकेजीदेखि कक्षा १० सम्म ३५ भन्दा बढी छात्रछात्रा उपस्थित थिएनन्। हरेक कक्षामा एकाध विद्यार्थी लिएर शिक्षकहरू 'पढाउन' व्यस्त देखिन्थे। तर, प्रअको कार्यकक्षमा राखिएका हाजिर रजिष्ट्रमा भने कक्षा १० सम्म १३५ जना विद्यार्थीको नाम चढाइएको छ। यिनैमध्ये नियमित विद्यालय आउने छात्रछात्रा ४० छन्।

नन्दी गणेश माविको गत वर्षको छात्रछात्रा विवरण, विद्यालयमा गएको सरकारी बजेट, स्कूलले गरेको खर्च विवरण अनि एसएलसी नतिजा केलाउँदा सार्वजनिक विद्यालयले गरेका शैक्षिक लापरबाहीको नमुना फेला पर्छ। गत वर्ष प्राविमा ६६ छात्रा र ४२ छात्र गरी जम्मा १०५, निमाविमा ६३ छात्रा र ३२ छात्र गरी ९५ र माविमा १५ छात्रा र १७ छात्रसहित ३२ गरी जम्मा २३२ छात्रछात्रा रहेको विवरण उक्त स्कूलले स्रोतकेन्द्र र जिशिका काठमाडौंमा पेश गरेर सोही आधारमा सरकारी बजेट लगेको थियो। उक्त स्कूल हेर्ने स्रोतव्यक्ति इन्द्रप्रसाद रिसाल भन्छन्, "मैले निरीक्षण गर्दा पोहोर पनि ३०-४० जनाभन्दा बढी छात्रछात्रा भेटेको थिइनँ। स्कूलले २३२ जनाको विवरण बुझाएर सरकारी अनुदान लिइरहेको छ।"

यस स्कूलले जिशिकामा पेश गरेको विद्यार्थी विवरणमा निमाविसम्म छात्राको सङ्ख्या बढी देखाएको

> **हामीले जिशिकालाई ढाँटेर, छल गरेर भए पनि विद्यालयको अस्तित्व बचाइदिएका छौं।**
>
> **सतिशराज पाण्डे**
> **नन्दी गणेश मावि, मातातीर्थ, काठमाडौं**

छ भने माविमा छात्रको। छात्राको नाममा बढी रकम आउने भएकाले तिनको सङ्ख्या बढी देखाइएको अनुमान गर्न गाह्रो पर्दैन।

गएको शैक्षिक सत्रमा यथार्थमा यहाँ २३२ छात्रछात्रा थिएनन्। तर, स्कूलले बुझाएको सङ्ख्याको आधारमा गत वर्ष जिशिकाले नन्दी गणेश माविको नाममा खोलिएको नेपाल बैंक लिमिटेड भूगोलपार्कको खाता नम्बर २.११.३०८८० मा रु.२८ लाख ३५ हजार ७५३ रुपैयाँ पठाएको छ। यो रकम पनि अपुग भएर विद्यालयले आन्तरिक स्रोतबाट थप रु.२ लाख खर्च गरेर रु.३१ लाखभन्दा बढी खर्च गरेको विवरण तयार गरेको छ।

विद्यालयले शिक्षक तलबमा रु.२४ लाख ७ हजार ९१ खर्च गर्छ। जिशिकाबाट छात्रा पोशाकका लागि प्राप्त भएको रु.४५ हजार खर्च हुने छात्राहरू नै स्कूलमा छैनन्। त्यस स्कूलमा मुस्किलले २० छात्रा छन्। तथापि पोशाकमा रु.२० हजार मात्र खर्च भएको देखाइएको छ।

यसैगरी पाठ्यपुस्तकको रु.६४ हजार ४२७ मध्ये रु.१८ हजार ९२६ खर्च गरिएको छ। तर, उपस्थित सबै छात्रछात्रालाई पुस्तक दिंदा पनि यति खर्च हुने देखिँदैन। छात्रवृत्तिको रु.६७ हजार ५०० बाट पनि

# विद्यालय शिक्षामा लगानी बालुवामा पानी !

## गफ गर्न तलब दिएको होइन

**हरिप्रसाद वस्ती, जिशिअ सुनसरी**

सुनसरीको कोशी माविबाट एक जना पास हुनु र सुनसरीकै अरू दुई वटा स्कूल माविले शून्य नजिता दिनु गम्भीर चिन्ताको विषय हो। मैले एसएलसीमा शून्य नतिजा ल्याउने र एक जना मात्र उत्तीर्ण गराउने विद्यालयलाई सचेत गराइसकेको छु। आगामी वर्ष सुधार नभए बजेट कटौती हुन्छ।

यसपालि ती स्कूलमा हामीले गरेको लगानी खेर गएको छ। शिक्षकहरू पढाउँदै नपढाउने, विद्यार्थीहरू नपढेरै पास हुन खोज्ने प्रवृत्तिले धेरै नजिता बिग्रिएको छ। हामीले शैक्षिक शुद्धीकरणका लागि गत सालको मङ्सिरदेखि नै २७ बुँदे कार्ययोजना बनाएर सबैलाई सूचित गराए पनि विद्यालयका प्रधानाध्यापक, शिक्षक, व्यवस्थापन समिति सचेत नभएकै कारण केही विद्यालयमा *शून्य नतिजा* आएको हो।

कार्ययोजना अनुसार काम भए सुधार हुन्छ। आगामी वर्षदेखि शिक्षकहरूले पढाउँछन्, सचेत अभिभावकले त्यसको निगरानी गर्नेछन्, विद्यार्थीहरू पढ्छन् र शिक्षा कार्यालयले आफ्नो दायित्व पूर्ण रूपले निर्वाह गर्नेछ भन्ने आशा गरिएको छ। शिक्षकले नपढाए अभिभावकले तिनको कठालो समात्न पाउँछन्। किनभने सरकारले शिक्षकलाई राम्रो पढाउनका लागि तलब दिएको हो, राजनीति गर्न र चौतारामा बसेर गफ गर्न होइन।

**अझै कति डुब्ने ! अविरल वर्षाका कारण मध्य साउनमा दहमा डुबेको सुनसरीको कोशी मावि यसपालिको एसएलसी परीक्षामा पनि डुबेको छ।**

३० हजार खर्च गरिएको छ। प्रअ सतिशराज पाण्डे भन्छन्, "स्कूल आउने सबैलाई रु.५०० का दरले छात्रवृत्ति वितरण गर्दा त्यति खर्च भएको हो। बाँकी रकम निजी शिक्षकको तलबमा खर्च गरियो।"

विद्यालय सुधारका लागि प्राप्त भएको रु.१ लाख ५६ हजारको कतै अत्तोपत्तो छैन। स्कूल सुधारको बजेट गए पनि स्कूलको कम्पाउण्ड चाहिँ बाँसका भाटाले घेरिएको छ। विद्यालय व्यवस्थापनका लागि गएको रु.६७ हजार १३५, बाल कक्षाको रु.२४ हजार ४०० र निरन्तर विद्यार्थी मूल्याङ्कनको रु.३ हजार केमा खर्च भयो भन्ने जिशिकालाई पनि थाहा छैन। बरु प्रअ पाण्डे नै भन्छन्, "हामीले जिशिकालाई ढाँटेर, छल गरेर भए पनि स्कूलको अस्तित्व बचाइदिएका छौं।"

गत वर्ष जिशिकाबाट यस स्कूलमा गएको रु.२८ लाख ३५ हजार ७५३ लाई विद्यालय आउने ४० छात्रछात्राबीच दामासाहीले भागबण्डा गर्ने हो भने एउटा विद्यार्थीको भागमा रु.७० हजार ८९३ लगानी भएको देखिन्छ। तर, यसपालिको एसएलसीमा उक्त विद्यालयको शून्य नतिजा छ। यस स्कूलबाट एसएलसीमा सामेल पाँच विद्यार्थीमध्ये पाँचै जना फेल भए।

एसएलसीमा फेल भएका यी विद्यार्थीहरू कक्षा ४ देखि नै यही विद्यालयमा पढेका र विभिन्न विषयमा लगातार फेल हुँदै कक्षा १० सम्म पुगेका थिए। अङ्ग्रेजी, विज्ञान र गणितमा यी विद्यार्थीहरूले कहिल्यै पनि कुनै कक्षा राम्रोसँग उत्तीर्ण गरेको स्कूलको रेकर्डबाट देखिँदैन। तर पनि यी विद्यार्थीहरूलाई जबर्जस्ती कक्षा चढाउँदै लैजानुमा जिशिकाबाट बजेट माग गर्ने काइदाले काम गरेको छ।



श्रवणदेव



**बाँसको बेराभित्र विद्यालयः** विद्यालय सुधारका नाममा जिशिका, काठमाडौंबाट अनुदान गए पनि काठमाडौं मातातीर्थको नन्दी गणेश मावि, अझै मक्किएको बाँसको बेराबाट मुक्त भएको छैन।

बाबुराम

कतिपय सार्वजनिक स्कूलहरूले विद्यार्थी सङ्ख्या बढी भएकाले राम्रोसँग पढाउन नसकिएको गुनासो गरिरहेका छन्। तर, नन्दी गणेश माविको हकमा यो कुरा लागू हुँदैन। यस स्कूलले 'अतिन्यून' सङ्ख्याका विद्यार्थीलाई पनि स्तरीय शिक्षा दिनसकेको पाईंदैन। काठमाडौंको शिक्षक-विद्यार्थी अनुपात १:४० भए पनि उक्त विद्यालयको शिक्षक-विद्यार्थी अनुपात १:२ जति हुन आउँछ। यहाँका ४० विद्यार्थीलाई पढाउन माविमा ४, निमाविमा ३, प्राविमा ६ र निजी स्रोत दुई गरी १५ जना शिक्षक छन्। स्कूलमा जाने बजेटको सबैभन्दा ठूलो अंश यिनै शिक्षकको तलबमा खर्च हुन्छ। शिक्षकले गत वर्ष लिएको रु.२४ लाखभन्दा बढी तलबले *शून्य नतिजा* दिएको छ।

एसएलसीमा *शून्य नतिजा* आए पनि स्कूलका प्रअ सतिशराज पाण्डे भन्छन्, *"शून्य नतिजा* आउनुमा हामी शिक्षकहरू जिम्मेवार छैनौं। अभिभावक, विद्यार्थी र समाज नै गैरजिम्मेवार छन्।" स्रोतव्यक्ति इन्द्रप्रसाद रिसाल भन्छन्, "विद्यालयमा आएको नतिजाको जिम्मेवारी प्रअ र शिक्षकले लिनुपर्छ। उनीहरूले अक्षमताको दोष अरूको थाप्लामा हाल्न पाउँदैनन्।" तथापि, *शून्य नतिजा* ल्याउने यस विद्यालयप्रति स्रोतव्यक्ति, विनि र जिशिकाको पनि ध्यान गएको देखिँदैन। स्रोतव्यक्ति, विनि र जिशिअलाई यस विद्यालयमा गरिएको लगानी र नतिजा राम्रैसँग थाहा छ। तर, उनीहरू थरीथरीका बहाना बनाएर आफ्नो जिम्मेवारीबाट पन्सिन्छन्। स्रोतव्यक्ति रिसालको कथन छ, "मलाई त्यो स्कूलको बेथिति थाहा छ। तर, कारवाही गर्ने अधिकार छैन्।" जिशिका काठमाडौंका उपसचिव देव बराल भन्छन्, "नन्दी गणेश कमजोर विद्यालयको नमुना हो। तैपनि केही गर्न सकिएको छैन।"

माथिका चार वटा विद्यालयले हाम्रा सरकारी विद्यालयमा हुने गरेका आर्थिक क्रियाकलाप र पठनपाठनको नालीबेली बताउँछन्। यस्ता विद्यालयबारे कसैले पनि खोजबिन गरेको छैन। सबैको आँखा पर्ने र शिक्षित समाजकै वरिपरि रहेका विद्यालयको अवस्था त यस्तो छ भने दुर्गम भेगका स्कूलको हालत के होला? त्यसतर्फ सबैको ध्यान जान जरुरी छ। सरकारी विद्यालयको यो दुर्दशा अन्त्य गर्न शिक्षा मन्त्रालय र मातहतका निकाय तथा कर्मचारीहरूले जिम्मेवारी वहन गर्न शुरु गर्नुपर्छ र तत्काल काम थाल्नुपर्छ।

साथमा **कलेन्द्र सेजुवाल,** सुर्खेत, **श्रवण देव,** सुनसरी र **मुकेश पोखरेल,** कपिलवस्तु


## शिक्षक साथीहरूलाई अनुरोध !

देशभरका विज्ञान शिक्षकहरूलाई संगठित र एकताबद्ध गरी विद्यालयस्तरमा विज्ञान शिक्षाको गुणस्तर विकास गर्ने उद्देश्यले स्थापित ***विज्ञान शिक्षक समाज, नेपाल*** *(Science Teachers Association of Nepal - STAN)* को स्वीकृत विधान अनुसार विभिन्न जिल्लाहरूमा गठन गरिएका जिल्ला कार्य समिति, आफ्नै विधान अनुसार जिल्लास्तरमा दर्ता भई गठन भएका समितिहरू र विगतका वर्षहरूमा विज्ञान शिक्षाको उन्नयनका लागि कार्यरत संगठित संस्थाहरूबीच आपसी सहकार्य, समझदारी र समन्वयमा सञ्जाल निर्माण गर्दै भविष्यका लागि साझा दृष्टिकोण, कार्य दिशा र योजनाको खाका तयार गर्नका लागि २०६८ भदौ २३ गते शुक्रबार १०:०० बजे शैक्षिक तालिम केन्द्र (अमरसिंह उमावि), पोखरामा आयोजना हुने ***विज्ञान शिक्षक समाज, नेपाल*** को भेलामा सबै कार्यसमिति र संस्थाबाट कम्तीमा तीन जना प्रतिनिधिहरू (अध्यक्ष र सचिव समेत) उपस्थित भइदिन तथा पठाइदिनुहुन हार्दिक अनुरोध गर्दछौं।

सम्पर्कः ९८४७०२८६२५, ९८४६०६८१८५, ९८४६३०५४५०

**आयोजक**

**विज्ञान शिक्षक समाज नेपाल**

जि.प्र.का.-तनहुँ दर्ता नं.- ७१५/२०५६

# एसएलसीः अङ्ग्रेजी माध्यममा ८४ प्रतिशत




**लमजुङको** तार्कु ४ स्थित विद्या ज्योति माविबाट २०६१ सालको एसएलसी जाँच दिने २६ छात्रछात्रामध्ये दुई जना मात्र उत्तीर्ण भएका थिए। तर, सात वर्षअघिको उक्त नतिजा अहिले उल्टिएको छ। तीन वर्षयता उक्त स्कूलबाट एसएलसीमा सहभागी ८० प्रतिशतभन्दा बढी छात्रछात्रा उत्तीर्ण भएका छन्।

यसपालि लमजुङबाट अङ्ग्रेजी माध्यममा एसएलसी दिने एउटा मात्र स्कूलमा पर्छ विद्या ज्योति मावि। तर, विद्या ज्योतिका ३२ मध्ये २७ जना (८४ प्रतिशत) उत्तीर्ण भए भने ११ जनाले प्रथम श्रेणी हासिल गरेका छन्। यस्तो नतिजाबाट प्रअ, शिक्षक र छात्रछात्रा मात्र होइन, अभिभावक पनि उत्साहित छन्।

विद्या ज्योति माविले यस्तो सफलता हासिल गर्नुमा उक्त विद्यालयका प्रअ सूर्यबहादुर के.सी.को शैक्षिक/प्रशासनिक नेतृत्व र शिक्षकहरूको मिहिनेतले महत्त्वपूर्ण भूमिका खेलेको छ। २०६१ सालमा के.सी विद्या ज्योति माविमा प्रअ हुँदा तीन सय छात्रछात्रा थिए भने स्कूलको शैक्षिक-भौतिक अवस्था कमजोर थियो। एसएलसी नतिजा पनि निराशाजनक थियो। तर, उनले सात वर्षमा स्कूलको शैक्षिक स्तर उकास्ने काममा मात्र होइन, भौतिक पूर्वाधारको विकासमा समेत सफलता हात पारेका छन्।

विद्या ज्योतिमा लामो समयदेखि नेपाली माध्यममा पठनपाठन हुन्थ्यो। तर, समाजमा बढ्दै गएको अङ्ग्रेजी मोहलाई सम्बोधन गर्न प्रअ केसीले २०६२ देखि अङ्ग्रेजी माध्यममा पढाइ शुरु गरे। उनी भन्छन्, "शिक्षकहरूलाई अङ्ग्रेजी माध्यमबाट पढाउन सक्ने बनाउन तालिम दिइयो, त्यसपछि सबै विषय अङ्ग्रेजीमा पढाउन थालियो।" केसीका अनुसार अङ्ग्रेजीमा आत्मविश्वास नभएका छात्रछात्रालाई स्कूलले अङ्ग्रेजी माध्यममा विशेष कक्षा सञ्चालन गरेर एसएलसी दिनसक्ने बनाएको हो।

उक्त विद्यालयमा अङ्ग्रेजी माध्यममा निजी स्कूलका पाठ्यक्रम समेत पढाउने गरिएको छ। स्तरीय पठनपाठनका लागि विद्यालयले छात्रछात्राबाट मासिक शुल्क रु.४० देखि रु.११० सम्म लिने गरेको छ। यसरी जम्मा हुने वार्षिक रु.३ लाखबाट तीन जना शिक्षक थपिएको छ।

प्रअ सूर्यबहादुर केसीले स्कूल सुधार अभियान चलाएपछि विद्या ज्योतिको नयाँ भर्ना अनुपात पनि बढ्दै गएको छ। अघिल्लो वर्ष १०० नयाँ छात्रछात्रा भर्ना भएका थिए भने यस वर्ष १३० जना भर्ना भइसकेका छन्। यीमध्ये १०० जना निजी स्कूलबाट आएका छात्रछात्रा छन्। बोर्डिङ भन्दा आफूहरूले राम्रो पढाइ सञ्चालन गरेका कारण विद्यार्थीको चाप बढेको केसीको कथन छ।

काठमाडौं पञ्चकन्या माविमा अध्ययन गरिरहेकी शर्मिला तामाङ खराब सङ्गतका कारण दिक्क थिइन्। शिक्षकको दबाब दिएर पढाउने तरिका पनि उनलाई ठीक लागेको थिएन। बिदामा लमजुङ आउँदा एक दिन उनी विद्या ज्योति मावि पुगिन्। विद्या ज्योतिका शिक्षक र साथीहरूको व्यवहारले उनलाई आकर्षित गऱ्यो। त्यसपछि शर्मिलाले त्यहीं पढ्ने निधो गरिन्। भन्छिन्, "मलाई गतिलो लाग्यो विद्या ज्योति। त्यसैले काठमाडौं छाडेर यतै पढ्न थालेकी हुँ।"

पठनपाठन सुधार गर्न विद्या ज्योति माविमा बर्खे बिदामा पनि पढाइ सञ्चालन गरिएको छ। शिक्षकले अतिरिक्त कक्षा लिएको खण्डमा शिक्षकलाई प्रति पिरियड रु.२० दिइन्छ। सामान्य अवस्थामा कक्षा खाली हुँदैन। विज्ञान शिक्षक राजिव पण्डित भन्छन्, "निजी स्रोत शिक्षकलाई पनि बिरामी बिदाको रकम दिइन्छ।" यस्तो व्यवस्थाले शिक्षकहरूमा पढाइप्रति जाँगर बढाउँदै लगेको छ। स्कूलले निकालेको वार्षिक क्यालेण्डरमा सबै शिक्षकको नाम र फोननम्बर भएकाले विद्यार्थीले स्कूल बाहिर पनि शिक्षकसँग सहज पहुँच पाएका छन्।

विद्यालयमा शिक्षक छनोट गर्दा खुल्ला प्रतिस्पर्धा गरिएकाले छात्रछात्राले दक्ष विषयगत शिक्षक पाएका छन्। गतिला शिक्षकको व्यवस्थाले पढाइ सुधार्न मात्र होइन स्तरीय शैक्षिक उपलब्धि हासिल गर्नमा पनि सहयोग पुऱ्याएको छ। वर्षमा जेठ, भदौ, पुस र चैतमा गरी चारवटा परीक्षा लिइन्छ। वार्षिक परीक्षामा विशिष्ट श्रेणी ल्याउने विद्यार्थीलाई ५० प्रतिशत छुट दिइएको छ। यसअघि प्रत्येक कक्षामा प्रथम हुनेलाई ७० प्रतिशत र दोस्रो हुनेलाई ३० प्रतिशत छुटको व्यवस्था थियो।

प्रअ केसीले स्कूलको आर्थिक अवस्था सुधार गर्न अभिभावकलाई आजीवन, साधारण र विशेष सदस्यता दिने नीति लागू गरेका छन्। यसबाट विद्यालयको लगानी कोषमा रु.९ लाख जम्मा भएको छ। यस बाहेक रु.५० हजारदेखि रु.१ लाख २५ हजारसम्मका पाँच वटा अक्षय कोषको स्थापना गरिएका छन्। स्कूलले गर्ने लगानीबाट उठ्ने व्याजबाट छात्रवृत्ति, पुस्तकालय, शैक्षिक सामग्री खरिद गरिएको विव्यस अध्यक्ष विष्णुप्रसाद अधिकारी बताउँछन्। स्थानीय निकाय र अभिभावकको सहयोग विद्यालयको उन्नतिका निम्ति बरदान सावित भएको छ। फलतः तार्कु गाविसमा मात्र होइन जिल्लामै राम्रो पढाइ हुने स्कूलमा दरिन पुगेको छ विद्या ज्योति मावि।

**विनोद शर्मा,** लमजुङ

# See the world differently this morning.

## The best global and local news, in one simple package.

**Subscribers will get**

**free access to NYTimes.com**

Call : 4268656 subs@myrepublica.com





# भारतको ६५ स्वत

## भारतको सहयोगमा सर्वाङ्गीण विकास :

सन् १९५१ मा शुरु भएको भारत-नेपाल आर्थिक विकास कार्यक्रमको नेपाल सरकारको राष्ट्रिय विकास प्रयासमा सहयोग पुऱ्याउने उद्देश्य रहिआएको छ ।

### शिक्षा





**विद्यालय/क्याम्पस/पुस्तकालय भवनहरु**

भारत सरकारको साना विकास परियोजना कार्यक्रमले २००३ देखि हालसम्म देशका करिब ७० जिल्लाहरुमा ने.रु. ५०० करोड भन्दा बढीको लागतमा १९० वटा विद्यालय भवनहरु/बहुमुखी क्याम्पसहरु निर्माण गर्न सहयोग प्रदान गरिसकेको छ । भारत सरकारद्वारा प्रत्येक वर्ष भारत तथा नेपालमा विद्यावारिधि/स्नातकोत्तर, स्नातक तथा प्लस टु तहहरुका इन्जिनियरिङ, चिकित्सा, कृषि, औषधीविज्ञान, पशुविज्ञान, कम्प्युटर, व्यापार प्रशासन, संगीत तथा ललितकला लगायतका विषयहरुमा करिब १८०० नेपालीलाई छात्रवृत्ति कोटा प्रदान गरिन्छ । सन् २००५ देखि भारत सरकारले नेपाली विद्यार्थीहरुलाई १०००० भन्दा बढी छात्रवृत्ति प्रदान गर्दैआएको छ ।

**मनमोहन मेमोरियल पोलिटेक्निक**

डिप्लोमा तहको प्राविधिक शिक्षामा तीन इन्जिनियरिङ तथा धुै व्यवसायिक विषयहरुसहित एक पटकमा लगभग ५०० विद्यार्थीहरुलाई अध्यापन गराउने क्षमता रहेको यो नेपालको पहिलो पोलिटेक्निक हो । ने.रु. ५० करोड लागतमा स्थापना गरिएको यस संस्थानको उद्घाटन नेपालका प्रधानमन्त्रीद्वारा २ नोभेम्बर २००९ मा गरिएको हो ।


**हेटौंडाको पोलिटेक्निक**

भारतले ने.रु. ४१ करोडको लागतमा मध्यम तहको ४ इन्जिनियरिङ विषयमा अध्यापन गराइने हेटौंडामा सरकारी पोलिटेक्निक निर्माण गर्दैछ ।

### स्वास्थ्य

**बीर अस्पताल:**

काठमाडौंस्थित बीर अस्पतालको ५ तले बहिरंग भवन भारत सरकारको सहयोगमा १९८४-८५ मा निर्माण भएको र २५०० बहिरंग बिरामी अटाउने क्षमता रहेको उक्त भवन अत्याधुनिक सुविधा सम्पन्न रहेको छ । अगष्ट १५, २०११ मा अस्पताललाई एउटा एम्बुलेन्स पनि उपलब्ध गराईदैछ ।



**बीर अस्पताल, काठमाडौंमा ट्रमा केन्द्र**

स्वरुप ने.रु. १५० करोड लागतमा निर्माण गरेको पूर्ण रुपले आधुनिक चिकित्सा उपकरण सम्पन्न ट्रमा केन्द्र एक अत्याधुनिक विशेष तथा नेपालमा यस प्रकारको प्रथम अस्पतालको साथै ट्रमाका बिरामीहरुलाई उपचार गर्ने नयाँ दिल्लीस्थित अल इण्डिया इन्स्टिच्युट अफ मेडिकल साइन्सेस् पछि दक्षिण एसियामा दोस्रो अस्पताल हो । केन्द्रको सफल संचालनको लागि यस अस्पतालका चिकित्साकर्मीहरुले भारतमा विशेष तालिम लिनेछन् ।

**गलगाँड नियन्त्रण कार्यक्रम**

सन् २०१० सम्म भारत सरकारले नेपालमा गलगाँड नियन्त्रण तथा आयोडिनको कमीले हुने रोगहरु नियन्त्रणको लागि ने.रु. ४६.६९ करोड सहयोग प्रदान गरिसकेको छ ।

**बी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान**

भारत सरकारको ने.रु. १९२ करोड सहयोगमा निर्माण गरिएको धरानस्थितबी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान काठमाडौं बाहिरको सबभन्दा ठूलो मेडिकल कलेज तथा अस्पताल हो । भारत सरकारले भारतका विभिन्न प्रख्यात संस्थानहरुबाट विशेषज्ञ प्राध्यापक काजमा पठाई चिकित्सा प्राध्यापन सहयोग पनि प्रदान गर्दैआएको छ । हाल भारत सरकारको ने.रु. १०.९७ करोड सहयोगमा प्रतिष्ठानको लागि एक कलेज ब्लकको निर्माण भैरहेको छ ।

**एसडीपी अन्तर्गत अस्पताल तथा मातृ स्याहार केन्द्र**

भारत सरकारको साना विकास परियोजना कार्यक्रम अन्तर्गत ठूलो संख्यामा स्वास्थ्य केन्द्रहरु, नर्सिङ कलेजहरु, मातृ स्याहार केन्द्र, आँखा अस्पतालहरु र प्राकृतिक चिकित्सा अस्पतालहरु निर्माणधीन रहेका छन् । नेपालका १७ जिल्लामा ने.रु. ४७ करोड सहयोगमा २१ अस्पतालहरुको लागि पूर्वाधारहरु निर्माण गरिँदै छन् ।

**नेपाल नेत्र ज्योति संघलाई मोतिबिन्दु र ट्रकोमा शल्यक्रिया कार्यक्रमको लागि सहयोग**



भारत सरकारको सहयोगमा नेपाल नेत्र ज्योति संघले मोतीबिन्दुका लागि करिब ४०० डि.एस.टी. शिविर तथा शल्यक्रिया र ट्रकोमा उपचार शिविर ५० जिल्लामा र १४ जिल्लामा टीटी संचालन गर्दछ । ५१ जिल्लाका ४.२५ लाख भन्दा बढी बिरामीहरुलाई करिब १६०० शिविरहरुमा जाँच गरिसकिएको छ । ८७ हजार भन्दा बढीको मोतीबिन्दुको उपचार गरिएको छ भने करिब ३००० ट्रकोमाको उपचार गराइएको छ । भारत सरकारले नेपाल नेत्र ज्योति संघलाई नेपालमा निदानात्मक र आँखा शल्यक्रिया शिविरहरु संचालन गर्न २००१ देखि २०१० सम्म ने.रु. १३.८१ करोड सहयोग उपलब्ध गराएको छ ।

**विद्यालय आँखा स्वास्थ्य स्याहार कार्यक्रम**

भारत सरकारले नेपाल नेत्र ज्योति संघलाई सन् २००७ देखि दुर्गम जिल्लाका विद्यालयहरुमा आँखा शिविर संचालन गर्न र दृष्टिदोष भएका बच्चाहरुलाई निःशुल्क ९ हजार चश्मा तथा आँखा कम देख्ने बच्चाहरुलाई ३०० चश्माहरुको लागि प्रत्येक वर्ष ने.रु. २.६९ करोड प्रदान गरेको छ । नेपाल नेत्र ज्योति संघलाई विद्यालयहरुमा आँखा शिविरहरु सञ्चालन गर्न ने.रु. २१.६३ लाख पर्ने घुम्ती आँखा स्याहार भ्यानसमेत प्रदान गरिएको छ ।

### सडक र पुलहरु




(क) महेन्द्रनगरदेखि मेचीसम्मको कुल १०२४ किमी लामो पूर्व-पश्चिम राजमार्गको (महेन्द्र राजमार्ग) ८०७ किमी खण्ड भारत सरकारले निर्माण गरेको हो जुन आज नेपालको लागि जीवनमार्ग बनेको छ।

(ख) भारत सरकारद्वारा पूर्व-पश्चिम राजमार्गको कोहलपुर-महाकाली खण्डमा २२ वटा पुलहरु निर्माण गरी सन् २००१ मा नेपाल सरकारलाई हस्तान्तरण गरिएको थियो ।

(ग) हालै दुर्गम गाँउका जनतालाई सहज पहुँचको लागि साना विकास परियोजना कार्यक्रम अन्तर्गत ने.रु. ४८.७९ करोड सहयोगमा १७ ग्रामीण तथा शहरी सडक तथा तीन पुलहरु निर्माण गरिएको छ ।

**तराई सडक परियोजनाहरु**

(क) भारतका विदेश मामला मन्त्रीको जनवरी २०१० मा भएको नेपाल भ्रमणको क्रममा दुवै सरकारका बीच नेपालको तराई क्षेत्रमा सडक विकास तथा निर्माण गर्न एक सम्झौतापत्रमा हस्ताक्षर भयो ।

(ख) भारत सरकारको ने.रु. ११०० करोड सहयोगमा तराईका १३ जिल्लाहरुमा प्रथम चरणमा निर्माण गरिने कुल ६०५ किमि लम्बाइ भएका १९ वटा सडकहरुबाट करिब ८८ लाख जनतालाई सहज सडक पहुँच प्रदान गर्नेछ ।

(ग) प्रथम चरण पश्चात दोस्रो चरण अन्तर्गत करिब ९०० किमि सडक निर्माण गरिनेछ ।

# ९ औं
# न्त्रता दिवस



- कुल लगानी: वार्षिक ने.रु. ६,३०० करोड भन्दा बढी
- परियोजना संख्या: ४११
- समेटिएका जिल्लाहरुको संख्या: ७५
- भारतीय भूपूहरुलाई वार्षिक रुपमा लगभग ने.रु. १,९०० करोड निवृत्तिभरण बाँडिन्छ
- वार्षिक रुपमा नेपाली विद्यार्थीहरुलाई १,८०० भन्दा बढी छात्रवृत्ति प्रदान गरिन्छ

## सीमापार सम्बन्ध सबलीकरण



भारत सरकारले भारत नेपाल सीमाका निम्न चार प्रमुख बिन्दुहरुमा एकीकृत जाँच चौकीहरु निर्माणमा नेपाल सरकारलाई सहयोग गर्ने प्रतिबद्धता जनाएको छ :

(क) रक्सौल (भारत)-बीरगंज (नेपाल)
(ख) सुनौली (भारत)-भैरहवा (नेपाल)
(ग) जोगबनी (भारत)-बिराटनगर (नेपाल)
(घ) नेपालगंज सडक (भारत)-नेपालगंज (नेपाल)

रक्सौल-बीरगंजको काम अनुमानित ने.रु. ३९.२ करोडमा सम्पन्न गर्ने गरी सुरु भएको छ । जाँच-चौकी अत्यन्त सुविधा सम्पन्न हुनुको साथै एकीकृत भन्सार तथा अध्यागमनसहित मानिस तथा बस्तुहरुको सीमा बारपार आगमनलाई सहज गराउने छ । भारतका गृहमन्त्रीले २०१० अप्रील २४ मा रक्सौलमा तथा गृह राज्यमन्त्रीले २०१० जुन २४ मा जोगबनीमा एकीकृत जाँच-चौकीको शिलान्यास गर्नुभयो । भारत पक्षका दुवै स्थानमा कार्य भैरहेको छ ।

### सीमापार रेल सेवा

भारत-नेपाल सीमाका निम्न ५ स्थानहरुमा सीमापार रेलसेवा स्थापना गर्ने नेपाल सरकारको अनुरोधलाई भारत सरकारले स्विकार गरेको छ :

(क) जयनगर, भारत देखि बर्दीवास, नेपाल
(ख) जोगबनी, भारत देखि बिराटनगर, नेपाल
(ग) नौतन्वा, भारत देखि भैरहवा, नेपाल
(घ) रुपैडिया, भारत देखि नेपालगंज, नेपाल र
(ङ) नयाँ जलपाईगुडी, भारत देखि काँकडभिट्टा

जयनगर-बर्दीवास र जोगबनी-बिराटनगर खण्डका रेलमार्गको प्रथम चरणका कामहरु अनुमानित लागत ने.रु. १०४० करोड भन्दा बढीमा सञ्चालन भएका छन् ।

## बाढी नियन्त्रण तथा नदी रोकथाम

(क) भारतले लालबकैया, बागमती र कमला नदीहरुमा तटबन्ध मजबुत तथा बिस्तार गरी बाढी नियन्त्रणको लागि ने.रु. २७५.४९ करोड सहयोग प्रदान गर्दैआएको छ ।
(ख) नेपालका गगन, त्रिजुगा, लखनदेइ, सुनसरी, कन्काई र कालीगण्डकी नदीहरुमा बाढी नियन्त्रण कार्यको लागि पनि भारतले ने.रु. २३१.२९ मिलियन अनुदान सहयोग प्रदान गर्दैआएको छ ।
(ग) कपिलवस्तु जिल्लाको बाणगंगा नदी रोकथाम परियोजना पनि ने.रु. ४० मिलियन लागतमा सुरु गरिएको छ ।

दुई निकट तथा मित्रवत छिमेकी देशको विकास र समृद्धिमा योगदान पुऱ्याउने जलस्रोत क्षेत्रको विकासमा नेपालसँग निकट रही निरन्तर कार्य गर्न भारत प्रतिबद्ध रहेको छ ।

## भूपू कल्याण



(क) हाल करिब ४०,००० गोर्खा सैनिकहरु भारतीय सेनाको अर्धसैनिक बल अन्तर्गत कार्यरत छन्।
(ख) १,२४,००० भन्दा बढी भारतीय भूपूहरुले वार्षिक रुपमा लगभग ने.रु. १९०० करोड निवृत्तिभरण पाउँछन् ।
(ग) प्रत्येक वर्ष ११ करोड भन्दा बढी रकम कल्याणकारी योजना अन्तर्गत कार्यान्वयन गरिन्छ।
(घ) करिब ३०० विद्यार्थीहरुलाई शैक्षिक छात्रवृत्ति स्वरुप ने.रु. २५ लाख भन्दा बढी खर्च गरिन्छ।
(ङ) ने.रु. १.८२४ करोड पर्ने १,२४,००० बट्टा औषधि यस वर्ष वितरण गरियो ।
(च) ने.रु. ३३.२५ करोड लागतमा करिब १.५ लाख जनतालाई सुविधा पुग्ने १७ वटा सौर्य परियोजनाहरु कार्यान्वयन गरियो ।
(छ) १०३३ वटा खानेपानी परियोजनाहरु चालु छन् । यस वर्ष मात्रै ने.रु. ३.६४ करोड लागतमा ७२ हजार जनतालाई सुविधा पुग्ने १६ वटा परियोजनाहरु कार्यान्वयन हुँदैछन् ।
(ज) यस वर्ष औषधि अनुदान अन्तर्गत ने.रु. ३७ लाख पर्ने औषधि वितरण गरियो ।

## दूरसञ्चार

(क) भारत सरकारले पूर्व-पश्चिम राजमार्गमा ९०४ किमी अप्टिकल फाइबर केबल बिछ्याउन तथा ८० स्थानमा एस.डी.एच. उपकरण जडानको लागि ने.रु. ११८ करोड सहयोग प्रदान गरेको छ ।
(ख) फाइबर अप्टिक केबल नेपालमा दूरसञ्चार सञ्जाल विस्तारमा मेरुदण्ड हुनुको साथै यसले नेपाली जनताको जीवनशैली बदलिदिएको छ ।

## विद्युत परियोजनाहरु



(क) भारत सरकारले हालैका वर्षमा नेपाल विद्युत प्राधिकरणको ग्रिड मार्फत ३१ गाँउहरुमा विद्युतिकरण गर्न ने.रु. १५ करोड तथा १७ जिल्लाहरुमा सौर्य विद्युतिकरण गर्न ने.रु. ३३ करोड सहयोग प्रदान गरेको छ ।
(ख) भारतका विदेश मामला मन्त्रीको जनवरी २०१० मा भएको नेपाल भ्रमणको क्रममा ने.रु. १० करोडको लागतमा बिभिन्न पाँच जिल्लाका कुल पाँच गाविसहरुमा विद्युतिकरण गर्ने सम्झौतापत्रमा हस्ताक्षर भएको थियो ।

## जलस्रोत



(क) कोसी, त्रिशुली, गण्डकी नदीहरुमा भारत-नेपाल जलविद्युत परियोजना सहकार्य अन्तर्गत उत्पादित विद्युतले नेपालको जलविद्युतमा प्रमुख योगदान पुऱ्याएको छ ।
(ख) त्रिशुली जलविद्युत परियोजनाको रुपमा सन् १९७० ताका २० मेगावाटको विद्युत गृह निर्माण गरियो ।
(ग) सन् २०११ मा भारत हेभी इलेक्ट्रिकल लिमिटेडले देवीघाट जलविद्युत परियोजना (३x५ मे.वा.) को जिर्णोद्धार गरी १३ जुलाई २०११ मा नेपाल सरकारलाई हस्तान्तरण गऱ्यो ।
(घ) सुरजपुर विद्युत परियोजना, कटैया विद्युत परियोजना तथा पुछेखोला परियोजनाहरुले पनि सहयोग प्राप्त गरेका छन् ।
(ङ) सन् १९९० ताका महाकाली सन्धिमा हस्ताक्षर भयो जस अन्तर्गत महाकाली नदीको एकीकृत विकास, शारदा ब्यारेज, टनकपुर ब्यारेज तथा पञ्चेश्वर परियोजना प्राधिकरण पर्नुको साथै बुढीगण्डकी नदी परियोजनाहरुमासमेत ध्यान केन्द्रित गरिएको छ ।

## खानेपानी

(क) हालैका वर्षहरुमा भारत सरकारले २०० भन्दा बढी गाविसहरुमा खानेपानी परियोजनाको लागि ने.रु. २६ करोडको सहयोग प्रदान गरेको छ ।
(ख) भारत सरकारले सोलुखुम्बु जिल्लाको खुम्जुङ र कुँडे गाविसमा खानेपानी सुविधा पुऱ्याउन अर्को महत्वाकांक्षी परियोजना सञ्चालन गर्दैछ ।

### आगामी कार्यक्रमहरु:

- बीरगंजमा सभागृह: अनुमानित लागत ने.रु. ४० करोड
- महेन्द्रनगर-टनकपुर सडक सञ्जाल: अनुमानित लागत ने.रु. ४० करोड
- हेटौडा पोलिटेक्निक: अनुमानित लागत ने.रु. ४१ करोड
- खुमलटार, काठमाडौंमा विज्ञान सिकाई केन्द्र: अनुमानित लागत ने.रु. २५ करोड
- कपिलवस्तुमा आँखा अस्पताल: ने.रु. १३ करोड

विज्ञापन

# 'पारदर्शी होऔं, जवाफदेही बनौं !'

*शिक्षक* मासिकले *एलायन्स फर सोसल डाइलग (एएसडी)* सित मिलेर शिक्षा क्षेत्रको बजेट र त्यसको उपलब्धिबारे सरकारी अधिकारी, शिक्षाविद्, अर्थविद्, प्रधानाध्यापक, शिक्षक युनियनलगायतका सरोकारवालाहरूसित २३ साउन २०६८ मा अन्तरक्रिया कार्यक्रमको आयोजना गऱ्यो। शिक्षा मन्त्रालयका कार्यक्रम शाखा प्रमुख हरि लम्सालले 'शिक्षा बजेटको बाँडफाँड, उपयोगिता, उपलब्धि र सुधारका बाटाहरू' प्रस्तुत गरेपछि त्यसैमा आधारित रहेर सहभागीहरूले आ-आफ्नो धारणा राखेका थिए। त्यसको सार संक्षेप:



मीनरत्न वज्राचार्य

**हरि लम्साल, उपसचिव, शिक्षा मन्त्रालय**

२०६०/६१ सालमा कुल राष्ट्रिय बजेटमा शिक्षाको हिस्सा रु.१८ अर्ब (१६ प्रतिशत) थियो। प्रतिशतका हिसाबले अहिले पनि राष्ट्रिय बजेटमा शिक्षाको हिस्सा लगभग उत्ति नै (१६.६ प्रतिशत) छ; तर रकम भने रु.६४ अर्बको हाराहारीमा पुगेको छ। स्थानीय निकाय, समुदाय र गैरसरकारी संस्थाबाट विद्यालयमा हुने खर्च जोड्दा यो आँकडा अरु बढी हुन्छ। तथापि नेपालको कुल शैक्षिक बजेटमा करिब ७५ प्रतिशत हिस्सा सरकारको छ भने बाँकी दातृ निकायको।

आर्थिक वर्ष २०६८/६९ को निम्ति शिक्षामा विनियोजन गरिएको ६३.९१ अर्बको ८६ प्रतिशत हिस्सा विद्यालय तहमा खर्च हुन्छ। त्यसमध्ये ५७ प्रतिशत रकम शिक्षकको तलब/भत्तामा जान्छ। बालविकास कार्यकर्ता, विद्यालय कर्मचारी, अनौपचारिक शिक्षाका सहजकर्ताको तलब जोड्दा तलबको अंश ६७ प्रतिशत पुग्छ। उच्च शिक्षामा जाने १० प्रतिशत, व्यवस्थापनको तीन प्रतिशत लगायतका खर्च जोड्दा शिक्षाको गुणस्तर सुधार्न खर्चिने अंश न्यून हुन्छ। अहिलेको बजेटअनुसार पूर्व प्राथमिक तहमा प्रतिविद्यार्थी सरकारी लागत रु.१ हजार ३०० हुन्छ। प्राथमिक, निम्नमाध्यमिक र माध्यमिक तहमा प्रतिविद्यार्थी सरकारी खर्च क्रमश: रु.१० हजार २३०, रु.३ हजार ९२१ र रु.६ हजार ४१९ हुन्छ भने उमावि तहमा रु.३ हजार २११। यस अनुसार, विद्यालय शिक्षामा प्रतिविद्यार्थी औसत लगानी रु.८ हजार १९७ अर्थात् (१४२ डलर) रहेको छ।

नेपालको कुल जनसङ्ख्यालाई आर्थिक हिसाबले पाँच समूहमा बाँड्ने हो भने सबैभन्दा कमजोर वर्गका १९ प्रतिशत बालबालिका मात्रै माध्यमिक तहमा पढ्छन्। सर्वाधिक धनी वर्गका ९९ प्रतिशत माध्यमिकमा पढ्छन्। यसबाट नि:शुल्क शिक्षाबाट हुनेखाने वर्ग नै बढी लाभान्वित भएको देखिन्छ। नेपालमा नि:शुल्क शिक्षाको दायरा बढ्दै जाँदा धनी वर्गले झन् बढी लाभ पाउने गरेका छन्। प्राथमिक विद्यालय उमेरका ११ प्रतिशत बालबालिका अझै विद्यालय बाहिरै छन्। करिब २२ प्रतिशतले कक्षा दोहोऱ्याउँछन्। कक्षा एकमा भर्ना भएका मध्ये ८० प्रतिशत कक्षा ५ मा पुग्छन् भने २५-३० प्रतिशत मात्रै कक्षा १० मा पुग्छन्। यी सबै तथ्यले शिक्षामा गरिएको लगानीको प्रतिफल अत्यन्तै थोरै प्राप्त भएको देखाउँछन्।

**डा. शिवराज लोहनी, अर्थविद्**

विद्यालयको सबल व्यवस्थापनका लागि स्वायत्तता, जवाफदेहिता र सुविधालाई मुख्य आधार मानिन्छ। नेपालमा समुदायलाई विद्यालय व्यवस्थापनको जिम्मेवारी दिएर स्वायत्तताको अभ्यास गरिए पनि जवाफदेहिताको अभ्यास भएको छैन। त्यसैले गतिलो नपढाउने शिक्षकलाई कारबाही र राम्रो नतिजा दिने

शिक्षकलाई थप सुविधा वा पुरस्कार दिने व्यवस्था छैन। २०४७ सालसम्म नेपालमा करिब ५० प्रतिशत शिक्षक अस्थायी थिए। गुणस्तरीय शिक्षणका लागि शिक्षकलाई स्थायी गरेर उत्प्रेरित गर्नुपर्छ भन्यौं र स्थायी पनि गर्‍यौं तर, गुणस्तर बढेन। निजी विद्यालयको नतिजा राम्रो देखिनुको कारण पुरस्कार र दण्डले काम गरेको छ। तर, सामुदायिक विद्यालयका शिक्षकलाई पुरस्कृत र दण्डित गर्ने पद्धति नहुँदा स्तर खस्किएको छ। यही अवस्था रहिरहने हो भने शिक्षा बजेट १७ प्रतिशतबाट बढाएर ३० प्रतिशत पुऱ्याउँदा पनि स्कूलको हातल सुध्रने होइन; अरू बिग्रने सम्भावना छ। शैक्षिक कार्यक्रम तर्जुमा र मूल्याङ्कनमा योजना आयोगको भूमिका कमजोर छ। त्यसैले शिक्षामा गरिएको लगानी उपयोग भएको छैन। यसबारे शिक्षा मन्त्रालयले नै सूक्ष्म रूपमा अध्ययन गर्नुपर्ने आवश्यकता छ।

## डा. विष्णु कार्की, शिक्षाविद्

विश्व ब्याङ्कले विद्यालयको लगानी व्यवस्थापनका सन्दर्भमा तीनवटा सवाललाई उठाएको छ। पहिलो स्थानीय सरकार बलियो हुनुपर्छ। किनकि विद्यालयमा गरिएको लगानीको व्यवस्थापन, अनुगमन र नियमन स्थानीय सरकारबाटै हुनुपर्छ। दोस्रो कुरा, शैक्षिक सूचनाप्रणाली एकदमै दुरुस्त र विश्वसनीय हुनुपर्छ। त्यसो भएन भने गलत तथ्याङ्क देखाएर बढी अनुदान असुल्ने प्रवृत्ति बढ्छ, जुन अहिलेको पीसीएफले देखाइसकेको छ। तेस्रो सवाल विद्यालयका लागि न्यूनतम भौतिक पूर्वाधार हुनैपर्छ। पूर्वाधार भएन भने विद्यालयले भौतिकको नाउँमा बर्सेनि स्रोत मागेर दुरुपयोग गर्ने सम्भावना हुन्छ। अहिले हामी यी तीनै पक्षमा कमजोर भएका छौं।

हामीले भौगोलिक विविधतालाई आधार मानेर शिक्षामा लगानी गर्ने प्रणाली अवलम्बन गरेनौं। कुन ठाउँको स्कूललाई कति स्रोत जरुरी हुन्छ भन्ने स्पष्ट मापदण्ड तय गरेर लगानी गर्दा त्यसले सही नतिजा दिन सक्छ। उदाहरणका लागि हामीलाई कति विद्यालय आवश्यक छ भन्ने थाहा पाउन नक्साङ्कन गरेर ती स्कूलमा न्यूनतम सुविधा पुऱ्याइयो भने अहिलेको स्थितिमा सुधार शुरु हुन्छ।

बजेट तीन किसिमले बनाउन सकिन्छ। पहिलो; निश्चित कार्यक्रमको लक्ष्य र उद्देश्य पूरा गर्ने गरी; दोस्रो, समसामयिक मुद्दा र विषयवस्तुलाई सम्बोधन गरेर र तेस्रो हो; अघिल्ला वर्षकै बजेट र कार्यक्रममा निश्चित रकम थपेर निरन्तरता दिने। अहिले हामीले तेस्रो अभ्यासलाई अवलम्बन गरिरहेका छौं। शुरुका दुई सिद्धान्तलाई छुनै सकेका छैनौं। त्यसैले अहिलेको बजेटले एसएसआरपीको उद्देश्यलाई समेट्न नसकेको हो।

सरकारी प्रस्तुतिमा ६ वर्षमा विद्यार्थी सङ्ख्या ठूलो दरले नबढेको कुरा आयो। त्यसमा मेरो विमति छ। पहिलाको खुद भर्ना दर तथा कुल भर्ना दर कति थियो र आज कति पुग्यो भन्ने आँकडा चाहिँ देखाइएको छैन। यी दुईखाले आँकडा तुलना गर्ने हो भने तथ्याङ्कमा ठूलो भ्वाङ देखिन्छ। प्राथमिक तहको विद्यार्थी टिकाउ दर ७३ प्रतिशत भनिएको छ। तर २२ प्रतिशत विद्यार्थीले कक्षा एकमै स्कूल छाड्छन्। अरु कक्षा दुई, तीनहुँदै पाँचसम्म पुग्दा धेरै विद्यार्थीले कक्षा छाडिसकेका हुन्छन्। त्यस आधारमा टिकाउ दर ७३ प्रतिशत हुनै सक्दैन। कक्षा एकको निश्चित उमेर समूहमा भर्ना हुने विद्यार्थी सङ्ख्या ८९ प्रतिशत देखाइएको छ। तर, सरकारी आँकडामै ११ प्रतिशत विद्यार्थी कक्षा बाहिर रहेको देखिन्छ। कक्षा १ मा ९८ प्रतिशत भर्ना दर देखाएर प्राथमिक तहमा ५ प्रतिशत विद्यार्थी विद्यालय बाहिर छन् भन्नु हास्यास्पद हुन्छ। त्यसकारण सरकारी आँकडामा ठूलो त्रुटि छ। त्यही त्रुटिले स्कूलको लगानी दुरुपयोग गर्ने ढोका खोलिदिएको छ।

**कक्षा एकमा भर्ना भएका मध्ये ८० प्रतिशत कक्षा ५ मा पुग्छन् भने २५-३० प्रतिशत मात्रै कक्षा १० मा पुग्छन्। यी सबै तथ्यले शिक्षामा गरिएको लगानीको प्रतिफल अत्यन्तै थोरै प्राप्त भएको देखाउँछन्।**
**– हरि लम्साल**

**हामीले भौगोलिक विविधतालाई आधार मानेर शिक्षामा लगानी गर्ने प्रणाली अवलम्बन गरेनौं। कुन ठाउँको स्कूललाई कति स्रोत जरुरी हुन्छ भन्ने स्पष्ट मापदण्ड तय गरेर लगानी गर्दा त्यसले सही नतिजा दिन सक्छ।**
**– डा. विष्णु कार्की**

## डा. महेशनाथ पराजुली
**प्राध्यापक, काठमाडौं विश्वविद्यालय**

हाम्रो प्रणालीमै प्रशासनिक र प्राविधिक कमजोरी छन्। राजनीतिक खिचातानीका कारण विद्यालय व्यवस्थापन समितिको चयनमा विवाद हुँदा गोली चल्छ। विद्यालयमा आपराधिक क्रियाकलाप बढ्दै गएको छ। यसमा सुधार नभएसम्म शैक्षिक लगानीको उच्चतम प्रतिफल आउने अपेक्षा गर्न सकिँदैन। स्कूल सुधार गर्ने कार्य त्यसै पनि सजिलो होइन। सरोकारवाला सबै पक्ष जिम्मेवार नभइकन पद्धतिगत कमजोरी सुधार्न सकिँदैन। यसनिम्ति अब नागरिक तहबाट दबाबमूलक कार्यक्रम थाल्नुपर्छ। स्थानीयदेखि केन्द्रीय तहसम्मै नागरिक आन्दोलन आरम्भ गर्नुपर्छ।

## भोलाप्रसाद दाहाल
**प्रतिनिधि, फिनल्याण्ड दूतावास**

स्कूलमा पैसा मात्रै खन्याउने काम गरिएको छ। खेर गएको शैक्षिक लगानीको लेखाजोखा गर्ने गरिएको छैन। अहिले कक्षा १-५ मा ५० लाखको हाराहारीमा विद्यार्थी अध्ययनरत छन्। तर, त्यसमध्ये प्रावि उमेर समूहका विद्यार्थी सङ्ख्या ३० लाख मात्रै होलान्। यो तहका १८ लाख विद्यार्थी बढी वा कम उमेर समूहका छन्। जबसम्म यी १८ लाख विद्यार्थीलाई सम्बोधन गर्न सकिँदैन तबसम्म शिक्षामा जति बजेट खन्याए पनि प्राथमिक तह सुध्रनेवाला छैन।

बहुसङ्ख्यक सरकारी स्कूलका शिक्षकले किताब हेरेर मात्रै पढाउने गर्छन्। पाठ्यक्रम हेरेर पढाउने हैसियत शिक्षकले

# सम्वाद शिक्षामा लगानी र उपलब्धि

राख्दैनन्। यसबाट स्कूलमा पढाइ भएको तर सिकाइ नभएको देखिन्छ। सिकाइ केन्द्रित शिक्षण नभएसम्म लगानीको साँचो प्रतिफल पाउन सकिन्न। विद्यालयको स्वामित्व सरकारको हो कि स्थानीय समुदायको भन्ने विवादका कारण पनि विद्यालय व्यवस्थापन र स्रोत परिचालनमा नकारात्मक असर पारेको देखिन्छ।

विद्यालयमा शैक्षिक सामग्री, पुस्तकालय व्यवस्था, शिक्षकको तालिमका लागि बजेट पुगेको छैन। बजेट अपुग मात्र देखिएन, बजेटका प्राथमिकता पनि प्रभावकारी भएनन्। छात्रवृत्तिको दर बढाएर त्यसलाई सीमान्तकृत वर्गमा मात्रै सीमित गर्नुपर्छ भन्ने आवाज उठ्दाउठ्दै शतप्रतिशतलाई छात्रवृत्ति दिने घोषणा सरकारले गरेको छ जुन त्रुटिपूर्ण छ।

जिशिकाबाट विद्यालयमा जाने बजेट कुन-कुन शीर्षकका हुन् भन्ने थाहा हुँदैन। केही जिशिकाले बुलेटिनमार्फत विद्यालयमा जाने बजेटको सूचना सार्वजनिक गर्ने अभ्यास गरेका छन्, जुन सकारात्मक छ। बजेटको जानकारी व्यवस्थापन समितिका सबै पदाधिकारी, शिक्षक, अभिभावकले पाए भने खर्चको पारदर्शिता बढ्छ र खेर जाने वा दुरुपयोग हुने क्रम पनि रोकिन सक्छ।

### डा. नरेन्द्र फुयाल

**सह-प्राध्यापक, शिक्षा अनुसन्धान तथा विकास केन्द्र (सेरिड)**

सरकारले छात्रवृत्ति बढाउने घोषणा गरेको छ। तर, छात्रवृत्ति बढाएर मात्रै हुँदैन। छात्रवृत्ति दिनैपर्ने र पाउनुपर्ने वर्ग कुन चाहिँ हो? छात्रवृत्ति लिन नचाहने र दिनैपर्ने वर्ग एउटै समूहमा छन्। अतः त्यसको पहिचान नगरी हचुवाको भरमा छात्रवृत्ति बाँड्नु भनेको रकम खेर फाल्नु हो।

निजी स्कूलमा तीन वर्षको बच्चालाई पूर्वप्राथमिक तहमा भर्ना गरिन्छ। अर्को तीन वर्षपछि बल्ल ऊ कक्षा एकमा पुग्छ। तर, सरकारी स्कूलमा चाहिँ सीधै कक्षा एकमा राखिन्छ। यसो हुँदा सरकारी स्कूलका विद्यार्थीको सिकाइको स्तर निजीको तुलनामा स्वतः कमजोर हुन्छ। यो पद्धतिमा सुधार आउनु जरुरी छ।

### प्रकाशसिंह अधिकारी

**अध्यक्ष, सामुदायिक विकास प्रवर्तन केन्द्र**

शैक्षिक गुणस्तर बढोत्तरीका लागि कम्तीमा रु.२ लाख खर्च गर्ने अवसर एउटा विद्यालयलाई दिइनुपर्छ। विद्यालय शिक्षामा राज्यले कति योगदान गर्ने र अभिभावकको योगदान कति रहने? यसलाई राज्यले महसुस गर्नु जरुरी छ। जस्तो; रेमिट्यान्समार्फत भित्रिने रकमको ठूलो हिस्सा घर, जग्गा र शिक्षामा लगाइएको छ। यसबाट अभिभावकहरू आफ्ना बच्चाको शिक्षामा लगानी गर्न चाहन्छन् भन्ने बुझिन्छ। बजेट बनाउँदा यो तथ्यलाई पनि हेर्नुपर्छ।

**विद्यालयमा शैक्षिक कार्यक्रम कार्यान्वयन भए/नभएको नियमित अनुगमन र मूल्याङ्कन सरकारी निकायबाट राम्ररी गरिनुपर्छ। अन्यथाः शैक्षिक लगानी सदुपयोग भए/नभएको थाहा हुँदैन।**

**– नन्दकुमारी महर्जन**

### नन्दकुमारी महर्जन

**प्राचार्य, जनसेवा उमावि, कीर्तिपुर**

विद्यालयमा शैक्षिक कार्यक्रम कार्यान्वयन भए/नभएको नियमित अनुगमन र मूल्याङ्कन सरकारी निकायबाट राम्ररी गरिनुपर्छ। अन्यथाः शैक्षिक लगानी सदुपयोग भए/नभएको थाहा हुँदैन। शिक्षक, व्यवस्थापन समिति र समुदायको सामूहिक प्रयत्न भएमा विद्यालयको स्तर सुध्रन्छ। कीर्तिपुर क्षेत्रका केही विद्यालयको अभ्यासले यही देखाउँछ। वास्तवमा विद्यालयमा लगानी गर्न स्थानीय अभिभावकहरू पनि इच्छुक छन्। समुदाय र अभिभावककै सहयोगबाट हाम्रो विद्यालयमा रु.२२ लाख ५ हजार सङ्कलन भयो। यसबाट हामीले अन्तर्राष्ट्रियस्तरको बास्केटबल कोर्ट बनाएका छौं।

### देवीप्रसाद शर्मा

**उपसचिव, अर्थ मन्त्रालय**

विद्यार्थीको फर्जी आँकडा देखाएर बढी अनुदान लिएका तथ्यहरू बाहिर आएका छन्। फर्जी स्कूलमै बजेट गएको पनि सुनिन्छ। बजेटको दुरुपयोग नियन्त्रण गर्न शिक्षा मन्त्रालयले अनुगमन संयन्त्रलाई प्रभावकारी बनाउनुपर्छ, ताकि शिक्षा विभागले निकाल्ने *फ्लास रिपोर्ट* 'फल्स रिपोर्ट' नहोस्। शिक्षाका लागि विनियोजित बजेटमा वित्तीय पारदर्शिता र वित्तीय अनुशासन होस् भन्ने अपेक्षा अर्थ मन्त्रालयको हुन्छ। अहिलेको बजेट प्रणालीमा विनियोजन र खर्च हेरिन्छ। त्यसको कार्यगत अनुगमन गरिँदैन। यही त्रुटिले सबैतिर गोलमाल भएको छ। यसमा सुधार ल्याउन आउँदो वर्षदेखि बजेट प्रणालीलाई अन्तर्राष्ट्रिय मुद्रा कोषको मापदण्ड अनुसार, 'जीएफएस सिस्टम'मा लागू गर्ने तयारी गरिएको छ। यो प्रणालीमा विनियोजन अनुसार खर्च विवरण हेरेर मात्र पुग्दैन खर्च भएको हो कि होइन भन्ने पनि हेरिनुपर्छ। यो प्रणालीमा गएपछि शिक्षा मन्त्रालयले पनि बजेट कार्यान्वयनको अनुगमन/मूल्याङ्कन गर्नुपर्ने अवस्था आउनेछ।

### दाताराम लुईंटेल

**प्राचार्य, बरुणेश्वर उमावि, ओखलढुङ्गा**

बजेट बढ्नु मात्रै ठूलो कुरा होइन, विनियोजित बजेटको कुशल व्यवस्थापन मुख्य कुरा हो। विद्यालयको भौतिक पूर्वाधार निर्माणका लागि दिइने बजेटमा ठूलै राजनीतिक खिचातानी हुने गरेको छ। जुन विद्यालयमा भवन आवश्यक छैन, त्यहाँ बजेट गइरहेको छ, जहाँ आवश्यक छ त्यहाँ बजेट जाँदैन। हामीकहाँ यस्तै भइरहेको छ।

### पूर्णा जोशी

**उपाध्यक्ष, नेपाल शिक्षक युनियन**

देशभर कति विद्यालय र कति शिक्षक चाहिने हो भन्ने कसैलाई थाहा छैन। शैक्षिक लगानीको उच्चतम उपलब्धिका निम्ति विद्यालयमा गतिला शिक्षक राखिनुपर्छ। शिक्षकको पदपूर्ति एकद्वार प्रणालीबाट गरिनुपर्छ। शिक्षक सेवा आयोगको परीक्षामा प्रतिस्पर्धा गराएर मात्रै शिक्षक छनोट गरिनुपर्छ। आयोगलाई

पनि संवैधानिक बनाइनुपर्छ। शिक्षाको बजेट बर्सेनि बढ्दो छ। तर, शैक्षिक विकासका लागि साझा र प्रभावकारी कार्यक्रम तय गर्न नसक्दा त्यसको प्रतिफल सन्तोषजनक छैन, बरु बजेटको दुरुपयोग चाहिँ बढेको छ।

### डा. चिरञ्जीवी नेपाल, अर्थविद्

वितेका पाँच वर्षमा कुल गार्हस्थ उत्पादनमा शैक्षिक क्षेत्रको योगदान ६-७ प्रतिशत देखिन्छ। यसले शिक्षा क्षेत्रमा निजी लगानी बढेको देखाउँछ। सरकारी बजेटमा पनि सबैभन्दा ठूलो हिस्सा शिक्षाकै छ। तथापि ठूला राजनीतिक दलहरूको प्राथमिकतामा शिक्षा कहिल्यै पर्दैन। गृह, अर्थ, रक्षा मन्त्रालय लिन खिचातानी हुन्छ। तर, शिक्षा मन्त्रालय सम्हालेर काम गरेर देखाउँछौं भनेर कुनै दल अघि सर्दैनन्। यसबाट शिक्षाप्रति दलहरू कुन हदसम्म उदासीन छन् भन्ने प्रस्ट हुन्छ। फ्रान्स र चीनले शिक्षालाई कति उच्च प्राथमिकता दिएका छन् भन्ने कुरा त्यहाँको मन्त्रिपरिषद्को वरिष्ठताक्रममा शिक्षामन्त्री दोस्रो स्थानमा रहेबाट स्पष्ट हुन्छ।

फर्जी विद्यालय र फर्जी विद्यार्थी सङ्ख्या देखाएर बजेटको दुरुपयोग भइरहेको छ। तर, यसमा पारदर्शिता र जवाफदेहिता पटक्कै देखिँदैन। विकसित भनिएका मुलुकका विद्यालय तहमा अङ्ग्रेजी र गणितलाई निकै प्राथमिकता दिइएको पाइन्छ। हामीले पनि यो अभ्यासलाई अनुकरण गर्ने हो भने धेरै राम्रो हुन्छ। दक्ष जनशक्ति उत्पादनको मूल थलो विद्यालय नै हो। त्यसका लागि विद्यालयको पाठ्यक्रम र शिक्षकको योग्यता पनि अद्यावधिक गरिनु जरुरी छ।

### डा. शान्ता दीक्षित

**निर्देशक, रातो बङ्गला स्कूल**

अहिले सरकारी स्कूलमा विद्यार्थी सङ्ख्या घट्दै गएको छ। अरु हिमाली र केही पहाडी क्षेत्रमा त पहिल्यैदेखि कम नै छन्। विद्यार्थी कम भएका ठाउँमा कक्षा १-३ का विद्यार्थीलाई एउटै कोठामा राखेर बहुकक्षा शिक्षण गर्नु उचित हुन्छ। त्यसनिम्ति एक जना मात्रै शिक्षक भए पुग्छ भने अर्कोतिर कक्षाकोठाको अभाव पनि हुँदैन।

तराईको समस्या बेग्लै छ। त्यहाँ साना कोठामा डेढसय भन्दा बढी विद्यार्थी राखेर पढाइएको छ। वास्तवमा विद्यालयमा चाहिने न्यूनतम भौतिक संरचना के-कति हो, त्यसको निर्क्योल गरिनुपर्छ। विद्यालयमा पर्याप्त कक्षाकोठाका अतिरिक्त खानेपानी र शौचालयको राम्रो सुविधा हुनैपर्छ।

शैक्षिक बजेटको भारी अंश शिक्षकको तलब/भत्तामै खर्च हुने गरेको छ। तर, पूर्वाधारमा कम खर्च हुन्छ। हुन त एसएसआरपीले पनि विद्यालयको भौतिक संरचना निर्माणमा समुदायको योगदान हुनुपर्ने सवाललाई उठाएको छ। यो राम्रो अवधारणा हो। शहरी तथा शहरोन्मुख क्षेत्रमा यो अवधारणा केही हदसम्म सफल पनि देखिएला। तर, आर्थिक रूपमा पिछडिएका क्षेत्रमा चाहिँ भौतिक संरचनाको सुनिश्चितता सरकारबाटै हुनुपर्ने देखिन्छ।

### हस्त गुरुङ, पत्रकार

छलफलका अधिकांश सहभागीबाट शिक्षामा बजेटै पुगेन र बजेट विना केही नै हुँदैन भन्ने जस्तो आवाज उठ्यो। तर

**विद्यार्थी कम भएका ठाउँमा कक्षा १-३ का विद्यार्थीलाई एउटै कोठामा राखेर बहुकक्षा शिक्षण गर्नु उचित हुन्छ। एक जना मात्रै शिक्षक भए पुग्छ, कक्षाकोठाको अभाव पनि हुँदैन।**
**- डा. शान्ता दीक्षित**

बजेट बढाउँदैमा गतिलो उपलब्धि हात परिहाल्छ जस्तो मलाई लाग्दैन। उपलब्ध स्रोत/साधनबाट कतिसम्म गर्न सकिन्छ? गर्न सकिने ठाउँ छन् कि छैनन्? त्यसतर्फ कसैको ध्यान पुगेको देखिएन। खाली पैसा, पैसा मात्रै भनेर हुँदैन। पहिला शैक्षिक गुणस्तरको खाका तयार गरेर स्रोतसाधन खोज्नतिर लाग्नु उचित हुन्छ।

### होमनाथ दाहाल, पूर्वमन्त्री

दशकअघि यूएनडीपीले ६ वटा जिल्लामा सामुदायिक स्वामित्वको प्राथमिक शिक्षा (कोप) कार्यक्रम सञ्चालन गरेको थियो। यो कार्यक्रम अन्तर्गतका विद्यालयहरू किफायती मात्रै थिएनन्, पठनपाठन पनि राम्रो थियो। तर, यूएनडीपीले हात झिकेपछि शिक्षा मन्त्रालयले त्यसलाई अघि बढाउने प्रयास गरेन। त्यो कार्यक्रमले अभिभावकको सहयोगका कारण थोरै बजेटमा पनि स्कूल सुधार गर्न सकिन्छ भन्ने देखाएको थियो। जबकि अर्बौं सरकारी लगानी परेका धेरै सार्वजनिक स्कूलको स्थिति अहिले पनि नाजुक छ।

### महाश्रम शर्मा

**महानिर्देशक, शिक्षा विभाग**

शिक्षामा हामीले गर्न नसकेका धेरै काम छन्। ती हामीले जसरी पनि गर्नुछ। यो छलफलमा उठाइएका महत्त्वपूर्ण सवाललाई हामीले सकारात्मक रूपमा लिएका छौं। मेरो विचारमा हाम्रो मुख्य समस्या भने जवाफदेहिताको अभाव हो। स्थायी शिक्षकमा जागिरको 'ओभर ग्यारेन्टी' छ। जतिसुकै गैरजिम्मेवार काम गरे पनि शिक्षकलाई हटाउने ताकत कसैसँग छैन। यस्तो प्रवृत्ति कर्मचारीमा पनि छ। निजी क्षेत्रको अवस्था योभन्दा भिन्न छ। त्यसैले जवाफदेहितालाई हामीले एसएसआरपीमा समेट्ने प्रयास गरेका छौं।

बजेट व्यवस्थापनमा पारदर्शिताको अभाव रहेको प्रसङ्ग उठेको छ। यसमा सुधार गर्न शिक्षा विभाग तत्पर छ। विभागदेखि जिशिका हुँदै विद्यालयसम्म पुग्ने बजेटमा पारदर्शिता ल्याउने प्रयास गर्नेछौं। फर्जी विद्यार्थी सङ्ख्या देखाउने प्रवृत्तिलाई निरुत्साहित गर्न हामीले हरेक जिशिकामा परिपत्र गरिसकेका छौं। अब गलत तथ्याङ्क प्रमाणित गरेर पठाउने जिशिअलाई कारबाही हुनेछ। यसै वर्षदेखि हरेक विद्यार्थीको छुट्टै परिचयपत्र नम्बर दिने पद्धति पनि शुरु गर्न लागिएको छ। जिशिकाले पनि विद्यार्थीको सङ्ख्या गन्ने क्रम शुरु गरेका छन्। यी प्रयासबाट बजेट दुरुपयोग गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्न सकिन्छ भन्ने हाम्रो विश्वास छ।

# शिक्षकका नाममा खुलापत्र

**आफैं एउटा तन्त्रमा विधिवत् बाँधिएपछि विद्यार्थीहरूलाई त्यही खरानीमा धस्ने इच्छा जागृत हुन्छ, हुँदैन ? हुन्छ भने त्यसो गर्नुहुन्छ ? उमेर नपुगी मत दिन नपाउने भनेर राज्यले अपरिपक्व ठहऱ्याएका चिचिला नानीहरूलाई थाहै नपाई 'वाद' वा 'झण्डा' मुनि गोलबन्द गर्नु अपराध नै हैन र ?**

■ राधेश्याम अधिकारी

**आदरणीय शिक्षकहरू,**

आज म तपाईंहरूको नाममा यो पत्र लेख्दैछु। हुनत आजको नेपालमा कुनै पनि विषयमा आफैं सोच्ने, अन्तस्करणबाटै त्यो कुरा ठीक वा बेठीक के हो भनेर छुट्याउने अनि 'ठीक' लाई स्वीकार्ने र 'बेठीक' लाई अस्वीकार गर्ने राष्ट्रिय क्षमतामा ह्रास आउँदै गएको छ। बुझेर कुनै काम गर्नुभन्दा पनि लहैलहैमा लाग्ने र परिणामका बारेमा विचार नपुऱ्याई पछुताउने अवस्था सिर्जना हुँदैछ। तथापि; आशा र भरोसा लिएको छु कि मैले उठाएका मुद्दाहरूबारे तपाईंहरूले केही क्षण सोचिदिनुहुनेछ।

मैले भन्न लागेका कुरा खासै नौला छैनन्। तपाईंहरूले नजानेको विषय त हुँदै होइन। मैले जे सोचेर लेख्दैछु- त्यो मात्र अन्तिम सत्य हो भन्ने दाबी पनि म गर्दिनँ। यसबाट मैले वाद-विवाद, पक्ष-विपक्षका तर्कहरूले भविष्यको मार्ग तय गर्न मद्दत पुग्नेसम्मको विश्वास राखेको छु।

मलाई थाहा छ; यो वा त्यो राजनीतिक समूहसँग सङ्गठित नभई शिक्षण पेशामा बाँच्न गाह्रो पर्दैछ। त्यसैले; सजिलोको लागि शिक्षकहरू सम्झौता गर्दैछन्, अन्तस्करणलाई बेवास्ता गर्दैछन्। तर, यो कतिञ्जेलसम्म गर्न सकिने कुरा हो? जुन राजनीतिक समूहसँग गाँसिए पनि प्रत्येक शिक्षकले एउटा कुरामा अब घोत्लिनै पर्छ: 'तपाईं सम्बद्ध राजनीतिक समूहको नाराप्रति त्यो समूह आफैं कति इमानदार छ? के त्यो समूह र त्यसका नेता-कार्यकर्ताका काम, कारबाही र निर्णयले गाउँ, शहरमा सकारात्मक देन दिएका छन्? कि, शिक्षक; व्यक्ति वा समूहलाई एकत्रित गरी कसैको राजनीतिक अभीष्ट मात्र पूर्ति गरिँदैछ?'

म आफैं राजनीतिक दलसँग सम्बद्ध व्यक्ति हुँ। राजनीतिक दलप्रति मेरो आस्था छ। त्यसैगरी सामाजिक प्राणी भएको नाताले प्रत्येक नागरिकको रुचि कुनै न कुनै राजनीतिक दलसँग नजिक हुनु स्वाभाविक कुरा हो। यसमा शिक्षक पनि अछुतो वा अपवाद हुन सक्दैन। तर, शिक्षकको मूल धर्म के हो? मेरो आग्रह आफ्नो मूल धर्मलाई बिर्सनहुँदैन भन्ने सम्म हो।

शिक्षकको मूल धर्म पठन-पाठन गर्नु/गराउनु हो। अर्थात् केही सिक्नु, केही सिकाउनु हो। सिक्ने र सिकाउने कार्य मात्र भनेर पुग्दैन। त्यो पनि सकारात्मक सन्देश प्रवाहित हुने हुनुपर्छ। दोस्रो कुरा, सिकाउँदा सिक्नेहरूबीच भेद गर्नु भएन। समभाव र सद्विवेक परित्याग गर्नु भएन। तेस्रो कुरा, समाज रुपान्तरण हुने विषयमा अन्तस्करणका कुरा सिकाउनु पऱ्यो। मनको भाव र मुखको आवाजबीच तादात्म्यता मिलाउनु पऱ्यो। पक्ष-विपक्षका कुरा भन्नु पऱ्यो र सिक्नेलाई रोज्ने अवसर प्रदान गर्नु पऱ्यो।

३० वर्षे पञ्चायतकालीन अव्यवस्था फाल्न शिक्षकहरूले ठूलो सहयोग पुऱ्याएका हुन्। त्यसपछि शिक्षकहरूले राजनीतिक आवरणबाट आफूलाई मुक्त गर्न सक्नुपर्थ्यो- तर सकिएन। व्यवस्था परिवर्तन हुँदा खेल्ने शिक्षकको भूमिका र व्यवस्थाभित्रका राजनीतिक खेलाडीको अस्त्र हुने भूमिकाबीचको अन्तर बुझ्न नसक्दा आज नेपाली शिक्षकको आदर घटेको छ भन्ने मेरो विश्लेषण छ। कैयन् राजनीतिक व्यक्तिहरू शिक्षकको आवरणमा राजनीतिमा सक्रिय हुनु पऱ्यो पञ्चायत व्यवस्थामा, यो पनि सत्य हो। यही कुरा अन्य पेशामा पनि लागू हुन्छ। तर व्यवस्था परिवर्तन पछि पनि शिक्षक भएर रहनेले राजनीतिक रूपमा प्रत्यक्ष रूपमा संलग्न रहँदा विद्यार्थीको पठन-पाठन, शिक्षकहरूको अध्ययन अध्यापनमा बाधा पुगिरहेको प्रस्ट देखा पर्दैछ। यो कुरा सामुदायिक विद्यालयमा अझ टड्कारो समस्या भएर आइरहेछ।

मलाई आज अर्को कोणबाट प्रश्न गर्न मन लाग्यो। पञ्चायत व्यवस्थाको विरुद्धमा अधिकांश शिक्षकहरू लाग्नु परेको के कारणले होला? एकछिन घोत्लिएर सोचौं- आफैं उत्तर पाइन्छ। राणाकाल फ्याँक्न सीमित सङ्ख्यामा शिक्षक रहेकाले कति योगदान पुग्यो होला म जान्दिनँ। तर, पञ्चायत व्यवस्था फाल्न शिक्षकको ठूलो योगदान रह्यो- यसमा सन्देह छैन। मेरो विचारसँग असहमत हुने अधिकार अरूलाई छ भनेर म उत्तर खोज्दैछु। राजाले आफू मातहतको हुकुमी शासन लागू गर्न चाहे- त्यसको विरुद्ध उकुसमुकुस, छटपटाहट सबै वर्गमा हुँदा शिक्षकहरूले त्यसका विरुद्ध नेतृत्व प्रदान गरेको हो। राजाले विकल्प दिएनन्। शासनमा निजी हस्तक्षेप चाहिरहे। त्यसको प्रतिरोधमा अरूसरह शिक्षक पनि लागे। यो स्वाभाविक थियो।

तर संविधान अन्तर्गतको शासनव्यवस्था चालु हुँदा पनि शिक्षक-विद्यार्थीले शिक्षालयलाई राजनीतिकरण गर्न जसरी प्रोत्साहित गरे, अझ गर्दैछन्- यो ठूलो भूल हो भन्ने मलाई लाग्दछ। जय नेपाल, लाल सलाम, जय मधेश जे नारा लगाए पनि अन्ततोगत्वा यसको पछि सक्रिय भएर लाग्ने शिक्षक समुदायका कारण यो पेशाको मान-सम्मान घट्दैछ।

आफैं एउटा तन्त्रमा विधिवत् बाँधिएपछि विद्यार्थीहरूलाई त्यही खरानीमा धस्ने इच्छा जागृत हुन्छ, हुँदैन? हुन्छ भने त्यसो गर्नुहुन्छ? उमेर नपुगी मत दिन नपाउने भनेर राज्यले




अपरिपक्व ठहऱ्याएका चिचिला नानीहरूलाई थाहै नपाई 'वाद' वा 'झण्डा' मुनि गोलबन्द गर्नु अपराध नै हैन र ?

नागरिकले राजनीति गर्न पाउँछन् । यही शाश्वत् सत्य कायम गर्न नेपाली जनताले पटकपटक सङ्घर्ष गर्नु पऱ्यो । नागरिकभित्र शिक्षक पनि पर्दछन्। त्यसो हुँदा शिक्षकले राजनीति गर्न पाउँदैन त भन्ने प्रश्न पनि आउन सक्छ। शिक्षकले राजनीति गर्ने ठाउँ छ- तर त्यो ठाउँ विद्यालय हैन। विद्यालय समय अघि-पछि अप्रत्यक्ष रूपमा आफ्नो आस्था अनुकूलको राजनीति गर्न, बहस गर्न, छलफल गर्न नपाउने हैन। तर प्रत्यक्ष रूपमा झण्डा बोकेर राजनीति गर्ने हो भने शिक्षकले पहिले शिक्षण पेशा त्याग्नुपर्छ, अनि मात्र राजनीतिमा होमिनु बेस हुन्छ । शिक्षकको आवरणमा दिनानुदिनको राजनीतिमा संलग्न हुनबाट रोकिनु वा संयम गर्नु शिक्षकको हितमा नै हुन्छ।

विद्यालय व्यवस्थापन समिति राजनीतिक पार्टीको नामबाट कब्जा गर्ने अभियान चालु हुँदैछ । शिक्षक महोदयहरूले विद्यालयलाई राजनीतिक पार्टीको अर्को शाखाको रूपमा विकसित गर्न दिनुभएन। यसको प्रतिरोध कसरी गर्ने भन्न निकै अप्ठेरो स्थिति छ। तर प्रतिरोध नहुने हो भने कुनै दिन यस्तो पनि आउन सक्छ, पार्टीगत संलग्नता भएका विद्यालयहरू गाउँ गाउँमा खोल्नु परोस् । किनभने एउटा पार्टीको नियन्त्रणमा रहेको विद्यालयबाट अर्कै आस्था बोकेका अभिभावकले आफ्ना केटा-केटी झिक्ने र आफ्नो आस्थासँग मिल्ने अर्को विद्यालयमा पठाउने स्थिति आइपर्न सक्छ। यस्ता अप्रिय क्रियाकलाप हुन नदिन कुनै शिक्षक संघ/सङ्गठन सक्रिय देखिँदैनन्। किनभने ती सबै पार्टी अधीनस्थ छन्। त्यसैले शिक्षकहरू स्वयंले अन्तस्करणको बोली सुनेर यी कामलाई निरुत्साहित गर्नु आवश्यक छ। मेरो आग्रह यत्ति हो।

धन्यवाद !

**(सभासद् अधिकारी नेपाली काङ्ग्रेससँग आवद्ध छन्।)**

# हामी शिक्षक !

**सामुदायिक विद्यालयप्रति गुमेको विश्वास फिर्ता ल्याउन सबभन्दा पहिले हामी शिक्षकले राजनीतिक पार्टीहरूसँगको आबद्धता परित्याग गर्न सक्नुपर्दछ, राजनीतिक पार्टीका भ्रातृ संस्थाका रूपमा स्थापित शिक्षक संघ-सङ्गठनको विघटन र सम्पूर्ण शिक्षकहरूको साझा सङ्गठनको रूपमा एकल शिक्षक युनियनलाई स्वीकार्नुपर्छ।**

■ **किशोरदत्त बराल**

*"आजकलका शिक्षक पढाउँदैनन्। शिक्षकहरू पढाउन जान्दैनन् । शिक्षक पार्टीका कार्यकर्ता भएका छन्; पढाउनभन्दा धेरै राजनीति गर्दछन्। शिक्षकहरूका लागि पढाउन भन्दा पनि समय बिताउन र राजनीतिका कुरा गर्ने थलो भएका छन् विद्यालय।"*

यी माथि उल्लिखित यस्ता कुराहरू आजकल छरपस्ट सुन्न पाइन्छन् । पत्रपत्रिका, रेडियो, टेलिभिजनदेखि लिएर सभा, गोष्ठी, पानीपँधेरो र खेतबारी जहाँतहीँ यस्तै चर्चा हुन्छ। तर न सरकार, न समुदाय, न शिक्षक, न विद्यार्थी कोही पनि यसतर्फ गम्भीर र संवेदनशील पाईंदैनन्। संवेदनशील हुन पनि आवश्यक ठानिएको छैन। सबै पक्ष अर्कालाई दोष दिएर उम्कने असफल प्रयासमा भेटिन्छन्। कुरा गर्नेहरूले गरिरहेका छन्। आँखा चिम्लनेहरूले चिम्लिरहेका छन्। बालबालिकाको सुन्दर भविष्य निर्माण गर्नुपर्ने विद्यालयहरू बिग्रिएका बिग्रियै छन्। भत्किएका र खोक्रो भएका विद्यालयहरूबाटै सुन्दर र सुरक्षित भविष्यको कल्पना गरिएको छ; शिक्षक, विद्यार्थी, अभिभावक र राज्यबाट। तैपनि हामी सबै दङ्ग छौँ। विद्यार्थीले शायद बुझ्दैनन्, अभिभावक सोझा र अनपढ छन्, राज्य दृष्टिविहीन र मूक छ; त्यसैले देख्दैन, बोल्दैन।

तर शिक्षक किन बोल्दैन ? बालकमा उत्तम चेतना सृजना गराउने सर्जक र स्वयंमा एउटा उच्चकोटिको चेतना हो शिक्षक। त्यही उच्चकोटिको चेतना नै आज बन्धकतुल्य भएको छ, बोल्नै नसक्ने भएको छ। मानौं, उसका विचारहरू कैद गरिएका छन्। सर्वत्र अचम्म मानिएको छ। शिक्षक र शिक्षक संघ-सङ्गठनहरूको सकारात्मक भूमिका खोजिएको छ। तर यी सबै हराइरहेका छन्। होस गुमेको छ। जतिबेला होस खुल्ला शायद त्यतिबेला अहिलेका शिक्षक र विद्यालयहरू केहीको पनि अस्तित्व नभेटिएला।

अब शिक्षकहरू बोल्नै पर्छ। माथिका आरोपहरूप्रति शिक्षक

## बहस शिक्षा र शिक्षकका समस्या

संवेदनशील हुनै पर्दछ। अब पनि शिक्षक र यिनका सङ्गठनहरू बोलेनन् भने, समाजले अर्को आरोप लगाउने छ: 'हाम्रा शिक्षक अयोग्य र बेकम्मा छन्।' त्यसैले अब शिक्षकले बोल्ने हिम्मत गर्नै पर्दछ। तैं चुप मैं चुप गरेर वा बन्दकोठामा कानेखुशी गरेका भरमा आफूमाथि लगाइएका आरोपबाट मुक्ति पाउने स्थिति छैन। यसैले; शिक्षकहरूले आफूहरूप्रति लगाइएका आरोप सही हुन् भने तिनलाई स्वीकार गरेर आफूमा सुधार गर्ने अठोट गर्नुपर्दछ आरोप गलत हुन् भन्ने लाग्दछ भने त्यसको जवाफ दिने हिम्मत बटुल्नुपर्दछ। तेस्रो विकल्प छैन। कक्षाकोठाबाट विद्यार्थी हराइरहेको दृश्य हेरेर बसेको समाजलाई शिक्षकका नारा, जुलुस, भाषण र बन्दको जवाफले चित्त बुझाउन सक्ने छैन। शिक्षकहरूको योग्यता, क्षमता र इमानदारीमाथि लगाइएको आरोपको चोटिलो जबाफ समाजले त्यतिबेला पाउने छ जति बेला कक्षाकोठाबाट हराएका विद्यार्थीहरू पुन: कक्षाकोठामा फिर्ता आउन थाल्नेछन्, शिक्षक गुरुमा परिणत हुनेछन्, विद्यालयछँदा शिक्षकहरू केवल शिक्षक मात्रै रहनेछन्; काङ्ग्रेस, एमाले, माओवादी, मधेशी आदि केही पनि हुने छैनन्।

शिक्षकहरूमाथि लगाइएका सबै आरोप सही छैनन् तर अधिकांश सही छन्। तर हामीलाई यो सत्य स्वीकार गर्न कठिन भएको छ। कसैलाई सत्य बोल्दा आफू एक्लै उल्लु भइन्छ कि भन्ने डर छ, कसैलाई शिक्षक राजनीतिभित्र भोट पाईंदैन कि भन्ने डर छ अनि कसैलाई एमाले, कसैलाई माओवादी र कसैलाई काङ्ग्रेस नबनिने डर छ। तर शिक्षक बनिरहने रहर भने जीवन्त छ हामी सबैसँग। यही 'डर' र 'रहर' भित्र हामीले सत्य लुकाएका छौं, इमानदारी चपाएका छौं। सत्य स्वीकार गर्नुभन्दा अरूलाई दोष लगाउन सजिलो ! अनि हामीले आफूलाई सोह्रै आना सही ठहऱ्याउँदै हुँकार गर्ने गरेका छौं- सरकार बेकम्मा छ, शिक्षा नीति बेकम्मा छ, पाठ्यक्रम बेकम्मा छ आदिआदि। गड्गडाहट तालीभित्र भाषण ठोक्दै हामीले भन्ने गरेका छौं, "शिक्षकलाई विभेद गरिएको छ। शिक्षकलाई सेवासुविधाबाट बञ्चित गरिएको छ। राजनीतिक पार्टीको झोला र झण्डा बोक्न बाध्य पारिएको छ विद्यालयमा राजनीतिक हस्तक्षेप भएको छ" आदिआदि। तर दुनियाँले हाम्रो यो प्रलापलाई गोहीको आँसु भनिरहेको छ भन्ने हामीले पत्तै पाएका छैनौं। हाम्रा शैक्षिक कार्यक्रममा हामी राजनीतिक पार्टीका नेतालाई प्रमुख अतिथि बनाउँदा गर्व गर्छौं। मानौं हाम्रा कार्यक्रममा प्रमुख अतिथि बनाउने कुनै शिक्षाविद् नै छैनन् !

यदि हामीले उच्च शैक्षिक मर्यादा कायम राख्ने र पेशागत आन्दोलनलाई उचाइमा पुऱ्याउने हो भने अब प्रत्येक शिक्षकले फैसला गर्नुपर्दछ, "एकाध शिक्षकलाई नेता बनाउनका लागि हामीले पेशागत मर्यादालाई जोगाउने कि नजोगाउने ?" हामीले आफैँलाई सोध्नुपर्दछ, "हामीले सही अर्थमा शिक्षण गरेका छौं कि छैनौं ?" आज 'शिक्षक'को परिभाषा लज्जित भएको छ। समाज परिवर्तनका लागि राय, सल्लाह र सुझाव लिन शिक्षकको दैलोमा राजनीतिक नेता पसारिनुपर्थ्यो तर आज नेताको दैलोमा शिक्षक लम्पसार परेको छ। त्यसैले आम शिक्षकले बुझ्नु अवश्य भएको छ, राजनीतिक नेताको दैलोमा लम्पसार पर्ने शिक्षक या त अत्यन्त स्वार्थी र ठग हो या त अयोग्य र अक्षम। त्यस्ता अयोग्य र ठगहरूलाई तह लगाउने पर्छ। धेरै नगण्य त्यस्ता अयोग्य र ठग शिक्षकहरूका कारण बाँकी योग्य र सक्षम शिक्षकहरू पनि अपमानित हुनु परेको छ। तर बिडम्बना, त्यस्तै नगण्यहरूको आवाज कहिले क्रान्तिकारी भएर सडकमा बुरुक्क उफ्रन्छ त कहिले गुलियो भएर लपक्क हुन्छ सबैसँग। शायद समाजको यही नियतिसँगै अल्मलिँदै हामी बाँचेका छौं।

अब बहसको विषय बनाउनुपर्दछ: हाम्रा शैक्षिक आन्दोलनहरू किन सशक्त रूपमा अगाडि बढ्न र आशातीत परिणाम प्राप्त गर्न असफल रहे ? हाम्रो आन्दोलनलाई प्रभावकारी जनसमर्थन किन प्राप्त हुन सकेन ? हाम्रो आन्दोलनमा विद्यार्थी किन उठेनन् ? अभिभावकले किन चासो देखाएनन् ? किन सबै रमिते बने ? जवाफ स्पष्टै छ: हाम्रा माग र नाराले समाजको भावना र अपेक्षालाई प्रतिनिधित्व गरेनन्। हामी आफूभित्र मात्रै केन्द्रित भयौं: सरुवा, बढुवा, स्थायी, औषधि उपचार, बिदा आदिमा। आन्दोलनमा हामी एक्लै भयौं किनभने हामीले समाजलाई सँगै लिएर हिँड्न सकेनौं। हामी त्यहीं चुक्यौं। विद्यालय शिक्षा अत्यन्त सैद्धान्तिक भयो; त्यसलाई व्यावहारिक बनाउनु पऱ्यो भनेर हामीले इमानदार आवाज कहिल्यै उठाएनौं। हाम्रा माग पाठ्यक्रम परिवर्तन गरिनुपर्दछ भन्ने कुरासँग सम्बन्धित नै भएनन्। हामीले परीक्षा प्रणाली र पाठ्यक्रम अवैज्ञानिक छ त भन्यौं तर वैज्ञानिक परीक्षा प्रणाली र पाठ्यक्रम कस्तो हुनुपर्ने हो त ? त्यसमा बहस नै चलाउन सकेनौं। अभिभावक र विद्यार्थीहरूको आकर्षण निजी विद्यालयतर्फ बढ्दै जाँदा समाजले हाम्रो योग्यतामाथि प्रश्न उठायो, तर हामीले त्यो आकर्षण 'अङ्ग्रेजी भाषा'ले पैदा गरेको हो; हाम्रो अयोग्यताले होइन भनेर जवाफ दिन सकेनौं। अभिभावक र विद्यार्थीको चाहनालाई समयमै बुझेर अङ्ग्रेजी भाषाका पाठ्यपुस्तक उपलब्ध गराऊ भनेर सरकारलाई चुनौती दिँदै हामीले सडकमा जुलुस निकाल्न सकेनौं; न त 'अङ्ग्रेजी मात्रै सबैथोक होइन है' भनेर अभिभावक र विद्यार्थीको चित्त बुझाउनेतिर नै लाग्यौं। अङ्ग्रेजी र कम्प्युटरसँगै अन्य सीपमूलक शिक्षा समयको आवश्यकता हो, यसको तुरुन्त व्यवस्था गर, अन्यथा हामी कक्षा बहिष्कार गर्दछौं भनेर हामीले विद्यार्थीहरूको सुन्दर भविष्यप्रति इमानदारी प्रकट गर्न सकेनौं। यदि हामीले यसो गर्न सकेको भए विद्यार्थी, अभिभावक र सम्पूर्ण समाज हामीसँगै हुन्थ्यो। शिक्षकको एक आह्वाननमा समाज जुरुक्क उठ्ने थियो। त्यसो गर्न सकिएको भए आज शिक्षकको मर्यादा खुल्ला सडकमा बेवारिसे हुने थिएन। शैक्षिक आन्दोलनले राजनीतिक पार्टीहरूको कार्यालयमा शरणार्थी झैं ढुक्नुपर्ने थिएन। गल्ती हामीबाटै भएको छ। अब यसलाई सम्हालेर लैजानु आवश्यक छ। हामीले आफ्ना गल्तीबाट पाठ सिक्नै पर्दछ।

**शिक्षकहरूको योग्यता, क्षमता र इमानदारीमाथि लगाइएको आरोपको चोटिलो जबाफ समाजले त्यतिबेला पाउने छ जति बेला कक्षाकोठाबाट हराएका विद्यार्थीहरू पुन: कक्षाकोठामा फिर्ता आउन थाल्नेछन्, शिक्षक गुरुमा परिणत हुनेछन्, विद्यालयछँदा शिक्षकहरू केवल शिक्षक मात्रै रहनेछन्; काङ्ग्रेस, एमाले, माओवादी, मधेशी आदि केही पनि हुने छैनन्।**

**हाम्रा शैक्षिक आन्दोलनहरू किन आशातीत परिणाम प्राप्त गर्न असफल रहे ? हाम्रो आन्दोलनमा प्रभावकारी जनसमर्थन किन प्राप्त हुन सकेन ?, विद्यार्थी किन उठेनन् ? अभिभावकले किन चासो देखाएनन् ? किन सबै रमिते बने ? जवाफ स्पष्टै छः हाम्रा माग र नाराले समाजको भावना र अपेक्षालाई प्रतिनिधित्व गरेनन्। हामीले समाजलाई सँगै लिएर हिंड्न सकेनौं। हामी त्यहीं चुक्यौं।**




उच्च शैक्षिक मर्यादा स्थापित गराउन र सामुदायिक विद्यालयमा देखिएका चुनौती समाधान गर्नका लागि अब नेपाली शिक्षकहरूले दुई किसिमका आन्दोलनलाई सँगै अगाडि लिएर जान सक्नुपर्दछ। पहिलो हो; स्वयम् परिवर्तनको आन्दोलन। आफैँमा परिवर्तन ल्याएर मात्रै अरूमा परिवर्तन ल्याउन सकिन्छ। आफूलाई नबुझिकन संसार बदल्ने कुराको सुरुआत गर्नै सकिँदैन। परिवर्तन ल्याउने कुरा उमेरसँग सम्बन्धित हुँदैन। अबका विद्यार्थी शिक्षकमा र छोरा छोरी अभिभावकमा मात्रै भर पर्न सक्दैनन्। विद्यार्थीले तबसम्म शिक्षकको सम्मान गर्दैनन् जबसम्म शिक्षक आफैं पनि सिकिरहेका हुँदैनन् *(ओशोको दृष्टिमा शिक्षा २०६७)*। यसैले अब हामी परिवर्तन हुनुको कुनै विकल्प छैन। हामीले आफ्नो सीप, क्षमता र दक्षतामा परिवर्तन ल्याई समयको गतिसँगै आफूलाई अगाडि बढाउन सकेनौं भने शिक्षक संघ-सङ्गठन, स्थायी जागिरको प्रमाणपत्र र राजनीतिक पार्टीका नेताहरूको आडमा मात्र अब हामीले आफूलाई बचाउन सक्दैनौं।

शिक्षण पेशा अरू पेशासँग तुलना गर्न मिल्ने पेशा होइन। योसँग छुट्टै सामाजिक चरित्र हुन्छ। यसैले शिक्षणलाई अन्य पेशाभन्दा हामीले पृथक् र सम्मानित पेशाका रूपमा देखाउन हरसम्भव प्रयास गर्न सक्नुपर्दछ र पेशाप्रति इमानदारी र प्रतिबद्धता प्रकट गर्नुपर्दछ। जबसम्म शिक्षक र समाजबीचको अन्तरलाई हटाउन सकिँदैन तबसम्म शिक्षक सम्मानित हुनसक्दैन। आजकल विद्यार्थीले शिक्षकलाई सम्मान गरिरहेको छैन। विद्यार्थीले शिक्षकलाई सम्मान नगरेको यो यथार्थलाई विद्यार्थीमा विकास भएको अनुशासनहीनता र उच्छृङ्खलता भनेका छौं हामीहरूले तर विद्यार्थी यो स्वीकार गर्न तयार छैन। आजको विद्यार्थी हामी शिक्षकहरूसँग असन्तुष्ट छ। सूचना सञ्चारमा आएको परिवर्तनले ज्ञानको क्षेत्रमा ठूलो हलचल मच्चाएको छ। पहिला विद्यार्थीहरूले शिक्षकबाट र पाठ्यपुस्तकका केही सीमित स्रोतहरूबाट सूचना प्राप्त गर्दथे। त्यसैले शिक्षक विद्यार्थीभन्दा सधैं जान्ने थिए। विद्यार्थीमा भन्दा शिक्षकमा ज्ञानको भण्डार धेरै थियो। त्यसैले शिक्षक आदरणीय थिए। तर अहिले विद्यार्थी सूचनाका धेरै स्रोतहरूबाट ज्ञान थुपार्न सक्ने भएको छ। आजको विद्यार्थी शिक्षकबाट मात्रै सिक्दैन। त्यसैले कतिपय अवस्थामा शिक्षकभन्दा पनि धेरै जान्ने भएको छ विद्यार्थी। कक्षाकोठामा शिक्षकले बताउने कतिपय कुराहरूसँग विद्यार्थी अगाडि नै जानकार भइसकेको हुनसक्छ। आचार्य रजनिश भन्नुहुन्छ, *जहाँ ज्ञानको दूरी बढी हुन्छ त्यहाँ सम्मान पनि बढी हुन्छ र ज्ञानको दूरी कम हुँदा सम्मान पनि कम हुन्छ।* यसैले कक्षाकोठामा परम्परागत शैलीमा जानिसकेको सूचना बाँड्ने शिक्षकको शिक्षण-सिकाइ कार्यसँग विद्यार्थी सन्तुष्ट छैन। यही असन्तुष्टिसँगै शिक्षक सम्मानित हुनसकिरहेको छैन।

खिया लागेर काम नलाग्ने हुन लागेका हाम्रा शिक्षण सिकाइका हतियारहरूलाई समयमै उदाउन सकेनौं भने हामी पनि काम नलाग्ने भुत्ते हुन्छौं। समय र समाजले हामीलाई यति धेरै टाढा फालिदिनेछ जहाँबाट हामी कहिल्यै पनि फर्केर आउन सक्दैनौं। शिक्षण पेशा भनेको सरकारी कार्यालयका कर्मचारीले नागरिकता या चालक अनुमतिपत्र बाँडे जस्तो होइन। विद्यालय सामाजिकीकरणका लागि हो। शिक्षक सामाजिकीकरणको अभियन्ता हो। यसैले उसको कामगराइ, सोचाइ र प्रवृत्ति सिङ्गो विद्यार्थीको भविष्य र समाजसँग गाँसिएको हुन्छ। विद्यार्थी राष्ट्रका भविष्य हुन्। यसैले शिक्षकमा अन्य पेशामा संलग्न व्यक्तिहरू भन्दा छुट्टै चरित्र, लगनशीलता, ज्ञान र सीपको आवश्यकता पर्दछ। निजामती सेवामा रहेका कुनै कर्मचारी वा अन्य सामाजिक संघसंस्थाका कर्मचारीहरूले गल्ती गर्दा विद्यार्थी, अभिभावक वा समाजले त्यति वास्ता गर्दैनन् तर शिक्षकले गर्ने गल्ती उनीहरूका लागि सहन नसक्ने विषय बन्छ। शिक्षकबाट विद्यार्थीले आफ्नो सुन्दर भविष्य खोजेको हुन्छ र अभिभावकले आफ्नो छोराछोरीको भविष्यमार्फत आफ्नो सुरक्षा खोजेका हुन्छन्।

अहिलेसम्म शिक्षकको दायित्व योग्यता र समर्पणका बारेमा धेरै बहस नै भएको थिएन। अभिभावक र विद्यार्थीले त्यति मेसो पनि पाएका थिएनन्। तर सूचनाको पहुँचले आज

# बहस शिक्षा र शिक्षकका समस्या

**कसैलाई शिक्षक राजनीतिभित्र भोट पाईंदैन कि भन्ने डर अनि कसैलाई एमाले, कसैलाई माओवादी र कसैलाई काङ्ग्रेस नबनिने डर छ। तर शिक्षक बनिरहने रहर भने जीवन्त छ हामी सबैसँग। यही 'डर' र 'रहर' भित्र हामीले सत्य लुकाएका छौं, इमानदारी चपाएका छौं।**

सबैलाई सचेत गराएको छ। त्यसैले हामीले आफूमा परिवर्तन ल्याउनु जरुरी भएको छ। आज सामुदायिक विद्यालयहरू अङ्ग्रेजी माध्यमतर्फ बामे सर्दा नसर्दै फेरि अर्को चुनौती शुरु भइसकेको छ- सूचना र प्रविधिको। निजी विद्यालयहरूले शिक्षण सिकाइ प्रक्रियामा सूचनाप्रविधिको प्रयोगको रणनीतिक योजना बनाइसकेका छन्। सामुदायिक विद्यालयहरूका लागि अङ्ग्रेजी माध्यममा पढाउने विषय बरु त्यति चुनौतीपूर्ण नहुन सक्छ, जति हल्ला गरिएको छ। तर सूचनाप्रविधिको प्रयोग धेरै कारणले चुनौतीपूर्ण छ। यसैले यी दुवै चुनौती सामना गर्दै अगाडि बढ्न हामी शिक्षकहरूका लागि 'स्वयम् परिवर्तन'को एउटा सशक्त आन्दोलनको आवश्यकता छ।

शिक्षकहरूले गर्नुपर्ने दोस्रो आन्दोलन हो, पेशागत सेवा, सुविधा र सुरक्षाको लागि राज्यसँग गर्नुपर्ने आन्दोलन। यो आन्दोलनलाई सशक्त र प्रभावकारी बनाउन पहिलो आन्दोलनको सशक्तताप्रति ध्यान पुर्‍याउनुपर्ने हुन्छ। उद्याएको र खिया फालेको हतियारबाट गरिने प्रहार निश्चय पनि चोटिलो हुन्छ। हामीले पहिलो आन्दोलनको तयारी यसरी गर्नुपर्दछ कि जसले गर्दा हामीले दोस्रो आन्दोलन गर्नु नै नपरोस्। यदि शिक्षकहरूले दोस्रो आन्दोलन गर्नु पर्‍यो नै भने पनि यसले शिक्षकका मागप्रति बेवास्ता गर्ने कुनै पनि सरकारको कुर्सी यसरी हल्लाइदेओस्, जसका कारण शिक्षकको आन्दोलनलाई बेवास्ता गर्ने हिम्मत कहिल्यै नपलाओस्। यसका लागि विद्यार्थी र अभिभावकको सक्रिय सहयोग आवश्यक हुन्छ। हामीले विद्यार्थी, अभिभावक र समाजको चित्त बुझाउन सक्नुपर्दछ। शिक्षकहरूको मिहिनेत, लगनशीलता, अनुशासन, प्रतिबद्धता, विद्यार्थी र समाजप्रतिको उनीहरूको जवाफदेही र इमानदारीप्रति सबै विश्वस्त हुनुपर्दछ। शिक्षकप्रति समाजको श्रद्धा जाग्नुपर्दछ। समाजमा नैतिकता, इमानदारी र अनुशासनको आधारशिला बन्नुपर्दछ शिक्षक। यदि यस्ता शिक्षक बन्न सक्यौं भने; कक्षाकोठाभित्रै असुरक्षित र सेवासुविधाबाट वञ्चित शिक्षकले उत्साहका साथ पठनपाठन गर्न सक्दैन भन्ने कुरामा समाज स्वयम् सहमत हुन्छ र त्यसविरुद्ध बोल्न थाल्दछ। शिक्षकलै बोल्नै पर्दैन।

एउटा स्वाभाविक प्रश्न उठ्छ; यस्तो वातावरणको निर्माण कसरी गर्न सकिन्छ? के यो सम्भव छ? हो; भताभुङ्ग भएको शैक्षिक अवस्थाको सुधार एकैपटक र छोटो समयमा निश्चय पनि सम्भव छैन। तर इमानदारी र प्रतिबद्धताका साथ लाग्ने हो भने केही गर्न सकिन्छ। सामुदायिक विद्यालयप्रति गुमेको विश्वासलाई फिर्ता ल्याउन सकिन्छ। यसका लागि पहिलो चरणमा, हामी शिक्षकले राजनीतिक पार्टीहरूसँगको आवद्धता परित्याग गर्न सक्नुपर्दछ, राजनीतिक पार्टीका भ्रातृ संस्थाका रुपमा स्थापित शिक्षक संघसङ्गठनको विघटन र सम्पूर्ण शिक्षकहरूको साझा सङ्गठनको रूपमा एकल शिक्षक युनियनको व्यवस्था गर्नुपर्छ। शिक्षकहरूलाई सामाजिक अनुसन्धानमा संलग्न गराउन सक्नुपर्दछ। शिक्षकको मूल्याङ्कन, जागिरको वर्षको आधारमा होइन दक्षता, सीप, इमानदारी र अनुशासनका आधारमा गर्ने परिपाटीको विकास गरिनुपर्दछ। शिक्षकको मूल्याङ्कन शिक्षा अधिकारीबाट मात्रै होइन विद्यार्थी, अभिभावक र समाजबाट समेत गरिने परिपाटी बसाल्नुपर्दछ। विद्यालयलाई मात्रै नभई सम्पूर्ण समाजलाई नै शिक्षकको कार्य थलो बनाइनुपर्दछ। शिक्षकले विद्यालयको कक्षाकोठा भित्र मात्रै होइन विद्यार्थीको भान्छा र करेसाबारीमा समेत पुगेर नैतिकता र इमानदारी जस्ता मानवीय मूल्य र मान्यताको पठनपाठन गराउने किसिमको पाठ्यक्रमको निर्माण गरिनुपर्दछ। शिक्षकको जीवन र सम्पूर्ण व्यवहार नै एउटा सिङ्गो पाठ्यक्रम बन्नुपर्दछ। शिक्षक सामाजिकीकरणको अभियन्ता भएका कारण उसले कुनै जागिरेले जस्तै 'मेरो समय बिहान दश बजेदेखि चार बजेसम्म मात्रै हो' त्यसअघि पछिको समयमा म जे पनि गर्न सक्छु, 'यो मेरो स्वतन्त्रता हो' भन्ने जस्ता छुट लिनुहुँदैन। शिक्षकको काम भनेको अध्ययन र अध्यापन गर्नु नै हो। यसका अलावा शिक्षकलाई अन्य कुनै पनि पेशा व्यवसायमा संलग्न हुन दिनुहुँदैन। यसका लागि शिक्षकलाई पर्याप्त सुविधा र सम्मान राज्यबाट व्यवस्था गरिनुपर्दछ। यी सबै गर्न सकिने कुराहरू हुन्। भ्रष्टाचारमुक्त एउटा आदर्श समाज निर्माणका लागि मानवीय मूल्य, मान्यता र चरित्रको विकास गर्नुपर्ने हुन्छ। व्यक्तिको चरित्र निर्माण विद्यालयको कक्षाकोठाबाट र घरकै भान्छाबाट शुरु हुने भएकाले यो जिम्मा विद्यालय र विश्वविद्यालयका शिक्षकहरूलाई दिनुपर्दछ, जसले कक्षाकोठामा विद्यार्थीलाई र घरको भान्छाकोठामा अभिभावकलाई मानवीय मूल्यको शिक्षा दिन सकून्।

*(लेखक नेपाल शिक्षक संघ, राष्ट्रिय कार्यसमिति सदस्य तथा भद्रकाली उमावि, पोखराका प्राचार्य हुन्।)*

## आदरणीय शिक्षक तथा पाठकवृन्द,

विद्यालय तहको शिक्षा र शिक्षकहरूका समस्या, चुनौती र विडम्बनामा केन्द्रित रहने यो स्तम्भ आगामी तीन महिना अर्थात् मङ्सिरसम्म खुला रहनेछ। *शिक्षक* को साउन २०६८ को अङ्कमा आह्वान गरिएको *'शिक्षा र शिक्षकका शत्रु चिनौं!'* शीर्षक अन्तर्गत प्राप्त हुने लेखरचनाहरू पनि यसै स्तम्भमा समेटिने छन्। उक्त स्तम्भमा घोषित नगद पुरस्कारका विजेताको नाम 'बहस' को अन्तिम अङ्कमा सार्वजनिक गरिनेछ। – **सम्पादक**

# स्रष्टा शिक्षकलाई अनुरोध

शिक्षक साथीहरूले कविता, कथा, गजल, नाटक, निबन्ध आदि साहित्यिक रचना पठाउन भ्याउनु'भो भने दशैं अङ्क अर्थात् असोजको *शिक्षक* मा प्राथमिकताका साथ स्थान दिइनेछ। रचना आइपुग्नुपर्ने अन्तिम मिति २० भदौ २०६८।

**पठाउने ठेगाना**

*शिक्षक* **मासिक**, मचागाः (मच्छिन्द्रमार्ग), जावलाखेल, ललितपुर, पो.ब.नं. ३९१, ललितपुर
फोनः ५५४३२५२, फ्याक्सः ५५४११९६, इमेलः mail@teacher.org.np


हरेक चाडपर्व एवं सांस्कृतिक परम्पराहरू देशका राष्ट्रिय पहिचान हुन् । यस्ता कुराहरूको अन्त्य हुनु भनेको राष्ट्रिय पहिचान गुम्नु हो । राष्ट्रिय पहिचानको जगेर्नाका लागि पनि चाडपर्व एवं सांस्कृतिक परम्पराको प्रवर्द्धन र सम्वर्द्धन गर्नु हाम्रो नैतिक दायित्व हो ।

**नेपाल सरकार**
**सूचना तथा सञ्चार मन्त्रालय**
**सूचना विभाग**



## मकालु यातायात बस सेवा

हेड अफिस कलंकी काठमाडौं, फोनः ४२७७५५२/४२८१९७२

**काठमाडौंबाट**

| | |
|---|---|
| काकडभिट्टा | विहान ५ बजे |
| भद्रपुर | विहान ५:१५ बजे |
| मधुमल्ल | विहान ५:१५ बजे |
| धरान | विहान ५:५० बजे |
| विराटनगर | विहान ५:२०, ६:४५ |
| राजविराज | विहान ६ बजे |
| सिरहा/माडर | विहान ६:४५ बजे |
| मलंगवा | विहान १०:४५ बजे |
| जनकपुर | विहान ७:१५ बजे |
| कलैया | विहान १०:१५ बजे |
| वीरगञ्ज | विहान ८, १०:१५ ११, ११:४५ बजे बेलुकी ८:१५ बजे |
| भरतपुर | विहान ८:४५ बजे दिउँसो १२:१५ बजे |
| शिवनगर | दिउँसो १२:१५ बजे |
| टाँडी-पर्सा | दिउँसो १:४५ बजे |
| टाँडी-खोलासिमल | दिउँसो १:४५ बजे |
| पर्सा-कपिया | दिउँसो २:१० बजे |
| पर्साधाप-मेघौली | दिउँसो २:३० बजे |
| गीतानगर-जगतपुर | दिउँसो ३ बजे |

**काठमाडौंतर्फ**

| | |
|---|---|
| काकडभिट्टा | विहान ५ बजे |
| भद्रपुर | विहान ४:५० बजे |
| मधुमल्ल | विहान ४:५० बजे |
| धरान | विहान ४:२० बजे |
| विराटनगर | विहान ४:३० बजे |
| इटहरी | विहान ५, ५:२० ६:३०, ७ बजे |
| राजविराज | विहान ५:३० बजे |
| सिरहा/माडर | विहान ५:१५ बजे |
| लहान | ६:१५, ७ ७:१५, ९ बजे |
| मलंगवा | विहान ५:१५ बजे |
| कलैया | विहान ८ बजे |
| हेटौडा | विहान ११ बजे |
| वीरगञ्ज | विहान ८, ९, ११:३० बेलुकी ८:३० बजे |
| शिवनगर | विहान ५:३० बजे |
| भरतपुर | विहान ५:३० बजे |
| पर्सा | विहान ५:४५ बजे |
| मेघौली | विहान ६:३० बजे |
| टाँडी-खोलासिमल | विहान ६:३० बजे |
| पर्सा-कपिया | विहान ६:३० बजे |
| जगतपुर | विहान ७:१५ बजे |
| नारायणघाट | विहान ६:१५, ६:४५ ७, ७:४०, ८, ८:१५ ८:४५, दिउँसो ३ बजे |


टिकट पाइने स्थानः कलंकीः ४२७७५५२/४२८१९७२ सुन्धाराः ४२५३१४२ गौशालाः ४४८०७९३ लगनखेलः ५५३४३५९ धरानः ०२५-२०३७२ विराटनगर ०२१-३०७२७ राजविराजः ०३१-२००९१ लहानः ०३३-६०३६६ सिरहाः ०३३-२०१३१, मलंगवाः ०४६-२००४२ वीरगञ्जः ०५१-२१५२६, हेटौडाः ०४७-२०५३५ ।

यात्रुहरुको सुविधाका लागि गौशाला र सुन्धाराबाट निशुल्क मीनीबस सेवा उपलब्ध

व्यक्तित्व पूर्णमानसिंह बस्नेत

बाबुराम विश्वकर्मा

# सञ्जीवनीका बुटी



काभ्रेको धुलिखेलमा ६२ वर्षअघि खोलिएको सञ्जीवनी स्कूल (हालको सञ्जीवनी उमावि)को आर्थिक/भौतिक प्रगति र सांस्कृतिक उन्नतिमा महत्त्वपूर्ण योगदान छ। तर, सञ्जीवनीलाई 'साँच्चै' सञ्जीवनी बनाउने काम काठमाडौंका पूर्णमानसिंह बस्नेतले गरेका थिए भन्ने तथ्यसँग पछिल्लो पुस्ताका शिक्षक, विद्यार्थी र अभिभावकहरू कमै परिचित पाइन्छन्।

१ साउन २०१८ मा मावि शिक्षक भएर सञ्जीवनी छिरेका पूर्णमान २०२० सालदेखि २०४८ सालसम्म सञ्जीवनीका हेडमास्टर रहे। दुई वर्ष शिक्षक र २८ वर्ष 'प्रअ' रहँदा पूर्णमान सरले सञ्जीवनी हाईस्कूलको कायापलट मात्र गरेनन्, काभ्रेका धेरैलाई सुयोग्य र सफल नागरिक हुने अवसर पनि दिलाए। सञ्जीवनीलाई गुनै गुन लगाएकाले अवकाशको दुई दशकपछिसम्म पनि बस्नेतलाई धुलिखेलको पुरानो पुस्ताले 'हेडसर'कै रूपमा सम्झिरहेको छ।

काठमाडौंको असनमा जन्मेका बस्नेतको निम्ति २०१३ सालमा त्रिचन्द्र क्याम्पसबाट स्नातक सक्दा सैनिक अधिकृत हुने अवसर थियो। उनका बाबु/बाजे सबै सैनिक सेवाको उच्च ओहोदामा थिए। तैपनि बस्नेत चाहिँ तत्कालीन समाजमा शिक्षाको ज्योति फैलाउने रहर र अठोट बोकेर २०१५ सालमा बनेपाको आजाद हाईस्कूल पुगे। स्नातक गरेका शिक्षक दुर्लभ रहेको त्यतिबेलाको परिवेशमा पूर्णमानसिंह 'बीए माड्साप' भनेर पुकारिन्थे।

सञ्चालक समितिका अध्यक्षले हेडमास्टर भएर काङ्ग्रेसलाई सहयोग गर्न आग्रह गरेपछि पूर्णमानको आजाद हाईस्कूलसँगको सम्बन्ध टुङ्गियो। उनले "विद्यालयमा सबै पार्टीमा आवद्ध अभिभावकका छोराछोरी पढ्छन्। त्यसैले हेडमास्टर निष्पक्ष हुनुपर्छ। कुनै पार्टीप्रति आवद्ध व्यक्ति हेडमास्टर भएमा ऊ निष्पक्ष हुन सक्दैन" भन्दै अध्यक्षको प्रस्ताव अस्वीकार गरे। त्यसपछि शुरु भयो उनको र सञ्जीवनी माविको सहयात्रा। बस्नेत आज पनि भन्छन्, "राजनीतिक दलमा लाग्नेहरू शिक्षक नै होइनन्। स्वच्छ शिक्षक नभई छात्रछात्रालाई ज्ञान दिन सकिँदैन। राजनीतिक दलको पछिलाग्नेले विद्यार्थीलाई पढ्न होइन, दलकै झोला बोक्न सिकाउँछन्।" उनले आफ्नो आदर्शलाई आजीवन पालना गरे। उनले ठड्याएको सञ्जीवनी स्कूल अझै पनि दलीय राजनीतिको प्रभावबाट धेरै हदसम्म मुक्त भेटिन्छ।

बस्नेतको सङ्गत पाएका धेरै शिक्षकले उनकै आदर्श पछ्याएको भेटिन्छ। बनेस्तका सहकर्मी तथा सञ्जीवनी उमाविका पूर्वप्रअ अमरनाथ योगल भन्छन्, "उहाँको सङ्गत गरेका धेरै शिक्षक अझै पनि शुद्ध छन्, त्यो मामिलामा म पनि शुद्ध नै रहन सकें।"

२००६ सालमा स्थापना भए पनि बस्नेत प्रअ हुँदासम्म सञ्जीवनी स्कूलको भौतिक/शैक्षिक स्थिति नाजुक थियो। छात्रछात्राको सङ्ख्या न्यून थियो भने तिनलाई पढाउने शिक्षक पाउन कठिन हुन्थ्यो। विद्यालय सञ्चालन गर्न धुलिखेलका गृहिणीको मुठीदान र व्यापारीको चन्दाले ठूलो टेवा दियो। स्कूलप्रतिको बस्नेतको त्याग र लगनशीलताका कारण उनी

प्रअ भएको वर्ष दिन नपुग्दै सञ्जीवनी हाईस्कूलका छात्र शङ्करप्रसाद काफ्ले २०२१ सालको एसएलसी बोर्डमा पाँचौं स्थान हासिल गर्न सफल भए। २०३३ सालमा डा. रामकण्ठ श्रेष्ठ एसएलसी बोर्डको दशौं स्थानमा आए। यसअघि २०३२ सालमा बस्नेतका छात्र भगवान दासले एसएलसी बोर्डमा तेस्रो स्थान हासिल गरेका थिए। एसएलसीको परिणाम, पठनपाठन तथा भौतिक सुविधा र अतिरिक्त क्रियाकलापहरूमा राम्रो परिणाम प्रदर्शन गरेको आधारमा सरकारले सञ्जीवनी हाईस्कूललाई २०३४ सालमा काभ्रेको 'नमुना विद्यालय' घोषणा गर्‍यो। त्यतिबेलासम्म जिल्लामा एउटा मात्र नमुना स्कूल हुन्थ्यो।

पूर्णमानसिंह सरको कार्यकालसँगै शुरु भएको एसएलसीमा उत्कृष्ट नतिजा हासिल गर्ने सञ्जीवनीको परम्परा अझै पनि कायम रहेको पाइन्छ। एसएलसीमा प्रथम श्रेणी हासिल गर्ने आफ्ना छात्रछात्रालाई पूर्णमानले सञ्जीवनीमा पढाउने अवसर दिन्थे। सञ्जीवनी उमाविका अहिलेका २४ शिक्षकमध्ये प्रअ वेदप्रसाद कोजु, सहायक प्रअ निर्मलाकुमारी योगलसहित १४ जना शिक्षक बस्नेतकै छात्रछात्रा हुन्। तिनैमध्येका सानुकाजी महत सञ्जीवनीका गणित तथा विज्ञान शिक्षक हुन्। उनी २०६२ देखि शैक्षिक तालिम उपकेन्द्र काभ्रेको प्रमुखको रूपमा काजमा छन्।

महतले २०३७ सालमा सञ्जीवनीबाट एसएलसी प्रथम श्रेणीमा प्रथम स्थान हासिल गरेका थिए। पूर्णमानसिंहले एसएलसी दिएपछि सञ्जीवनीमा महतलाई स्वयंसेवक शिक्षक राखेका थिए। २०४२ सालमा आइएस्सी सकेपछि उनी सञ्जीवनीमा फेरि एक वर्ष स्वयंसेवक शिक्षक भए। २०४५ सालमा विज्ञान विषय लिएर बीएड सकेपछि उनी निजी स्रोतमा विज्ञान शिक्षक नियुक्त भए। २०४९ सालमा पूर्णमानले अवकाश पाएपछि सानुकाजी सोही दरबन्दीमा मावि शिक्षक भए। सानुकाजी भन्छन्, "छात्र र सहकर्मीको रूपमा मैले उहाँभित्र महान् हेडमास्टरको व्यक्तित्व देखेको छु।"

पूर्णमानसिंह सधैँ ९:४५ मा विद्यालय पुगिसक्थे। विद्यालयमा बस्नेतको अनुपस्थिति सामान्यतया हुँदैनथ्यो। स्कूलभित्र कागजको टुक्रा देखे आफैं टिप्ने, विद्यालय फोहोर हुन नदिने, शिक्षक नहुँदा कक्षा खाली नराख्ने, गृहकार्य नगर्ने छात्रछात्रालाई गृहकार्य गराउने, पाठ योजना अनुसार कक्षामा जाने आदि बस्नेतका शिक्षक जीवनका विशेषता हुन्। अङ्ग्रेजी शिक्षण अङ्ग्रेजी माध्यममा गर्ने, सहकर्मी शिक्षकहरूलाई फकाएर काम लगाउने, छात्रछात्रालाई अतिरिक्त क्रियाकलापमा लगाउने, शिक्षकलाई सधैँ पढ्न अभिप्रेरित गर्ने गरेका कारण पूर्णमानको कार्यकाललाई शिक्षक-अभिभावकले सञ्जीवनीको 'स्वर्ण युग' भन्ने गरेका छन्।

पूर्णमानसिंहको सक्रिय जीवनको अधिकांश समय धुलिखेलमै बित्यो, काठमाडौंको सान-सौकात र भारदारी

**"राजनीतिक दलमा लाग्नेहरू शिक्षक नै होइनन्। स्वच्छ शिक्षक नभई छात्रछात्रालाई ज्ञान दिन सकिँदैन। र ाजनीतिक दलको पछिलाग्नेले विद्यार्थीलाई पढ्न होइन, दलकै झोला बोक्न सिकाउँछन्।"**

रवाफले उनलाई छोएन। स्कूलको नेतृत्व गरुञ्जेल बिदामा नबसेकाले २०४४ सालमा घाँटीको बिरामी (ल्यारिनज्याइटिस) भएर वर्ष दिन थलिँदा पनि पूर्णमानसिंहलाई विद्यालयले तलबी बिदा दियो। किनभने घरपायक नभएर पनि बस्नेतले सञ्जीवनीको सेवामा जीवन अर्पण गरेका थिए। बस्नेतको अनुशासन र उच्च नैतिकता धेरैको प्रेरणाको स्रोत बनेको छ। सानुकाजीका शब्दमा "बस्नेतको व्यक्तित्वको बयान गर्न गाह्रो छ। उहाँ धुलिखेलको आस्थाको धरोहर हो।"


पूर्णमान बस्नेतले आफ्ना दुई छोरालाई मावि तहको शिक्षा सञ्जीवनीमै दिए। सञ्जीवनीबाट एसएलसी गरेका उनका छोरा निरञ्जनसिंह अहिले प्राइभेट फर्ममा काम गर्छन् भने कान्छा छोरा अरुणसिंह हेल्प नेपालका अध्यक्ष छन्। अरुण भन्छन्, "मैले कक्षा ८ सम्म काठमाडौंको निजी स्कूलमा पढेको हुँ। तर, ९ र १० सञ्जीवनी स्कूल पढ्दा निजी स्कूलको भन्दा गतिलो शैक्षिक वातावरण पाएको थिएँ।" २०१४ सालमा हाईस्कूल सञ्चालनको स्वीकृत पाएको सञ्जीवनी त्यसको १४ वर्षपछि बहुउद्देश्यीय विद्यालयमा परिणत भएको थियो।

देशभरिका सरकारी स्कूलमा यता आएर अङ्ग्रेजी माध्यममा पढाउने लहर चलेको छ। तर, बस्नेत सरले सञ्जीवनीमा २०३८ सालमै अङ्ग्रेजी माध्यममा छुट्टै कक्षा शुरु गरेका थिए। २०४३ सालदेखि सञ्जीवनीमा दृष्टिविहीन छात्रछात्राका निम्ति एकीकृत शिक्षा सञ्चालन गरिएको थियो। बस्नेतकै कार्यकालमा २०४८ सालदेखि सञ्जीवनीमा उमावि तह सञ्चालन गरियो। २०६० सालदेखि काठमाडौं विश्वविद्यालयको सहयोगमा उमाविमा विज्ञान सङ्काय पनि सञ्चालित छ। विज्ञान, शिक्षा र व्यवस्थापन सङ्कायमा उमावि कक्षा चलाएको सञ्जीवनीलाई सरकारले २०६२ सालमा देशकै 'नमुना उमावि' घोषणा गरेको थियो।

पार्किंसन रोग लागेर अहिले चाबहिलको शान्ति गोरेटोस्थित घरमा थलिँदा पनि पूर्णमानसिंह सरलाई आफूले धुलिखेलका जनता र स्कूलका निम्ति गरेको योगदानले सन्तुष्टि दिइरहेको छ। उनले *शिक्षक* प्रतिनिधिलाई भने, "स्कूललाई प्राण ठानें, अभिभावकले पनि सहयोग गरे। त्यसैले मनमा तुष र खेद छैन। बिरामी भएर थलिँदा पनि धुलिखेलका जनताको अपार माया र सम्मान पाएको छु। यही नै मैले कमाएको सम्पत्ति हो। म पूर्ण सन्तुष्ट छु।"

सञ्जीवनी स्कूलको उन्नतिमा पुर्‍याएको योगदानकै कारण बस्नेतले राष्ट्रिय शिक्षा पुरस्कार, महेन्द्ररत्न भूषणलगायत दर्जनौं सम्मान र पुरस्कार प्राप्त भएका छन्। २०४९ मा अवकाश पाएका बस्नेतको औपचारिक बिदाइ विद्यालय परिवारले ३ जेठ २०५० मा गर्‍यो। उक्त दिन बस्नेतलाई धुलिखेल बसपार्कबाट हजारौंको जुलुसको बीचमा हिँडाएर सञ्जीवनी पुर्‍याइएको थियो। बिदाइ समारोहपछि धुलिखेलवासी उनलाई पुर्‍याउन दर्जनौं बस-मिनीबस 'रिजर्भ' गरी काठमाडौंको चाबहिलसम्मै आएका थिए। उनी भन्छन्, "मैले आर्जन गरेकै माया, सद्भाव र सम्मान थियो त्यो।" सञ्जीवनी उमाविको प्रगति र पूर्णमानको व्यक्तित्वमा महत्त्वपूर्ण समानता छ। त्यो हो- सञ्जीवनी उमाविले शैक्षिक र भौतिक विकासमा उच्च सफलता हासिल गरेको छ भने पूर्णमानसिंह बस्नेतको पेशागत व्यक्तित्व, निष्ठा र मिहिनेतले उनलाई पूर्ण सन्तुष्टि प्रदान गरेको छ। पूर्णमान सर स्वस्थ, सुखी र दीर्घजीवी होऊन्!

डा. तीर्थबहादुर श्रेष्ठ



# लाभै लाभका स्रोतः परम्परागत ज्ञान र सीप

**एकजना डच अनुसन्धाताले कोलकाताको मानव सागर देखेपछि प्रश्न गरेछ, ‘यहाँ मानिस पागल भयो भने के औषधि दिइन्छ ?’ अनि, उत्तर पाएछ ‘सर्पगन्धा’। त्यसपछि उसैले पत्ता लगाएको ठानियो, ‘सर्पगन्धा’बाट प्राप्त हुने रसायन ‘रिसर्पिन’ नै पागलपन निको पार्ने औषधि हो।**

दक्षिण अफ्रिकाका केही आदिवासीहरू आफ्नो भोक मार्न एकप्रकारको सिउँडी चपाउने गर्दथे। यता आधुनिक समाजमा अतिभोजनका कारण हुने अस्वाभाविक मोटाइले गर्दा कुरुप महिला र पुरुषको सङ्ख्या दिनानुदिन बढ्दैथियो। त्यसैले मोटोपन हटाउने औषधिको खोजमा अध्ययन र अनुसन्धान पनि हुँदैथियो। यसैबीच; हुडिया सिउँडी (Hoodia Cactus) नामक त्यो बिरुवासम्बन्धी अफ्रिकी आदिवासीहरूको ज्ञान विस्तारै वैज्ञानिक जगतमा पुग्यो। अन्ततः भोक नलाग्ने या खाने रुचि घटाउने औषधीय गुण हुडिया सिउँडीमा प्राप्त भयो। नयाँ औषधि बन्यो। भोकले भौंतारिएका मानिसले भोक मार्न पत्ता लगाएको बुटी अतिभोजनका सिकार बनेका रोगीहरूको निम्ति औषधि बन्यो।

सन् १९९२ मा सम्पन्न जैविक विविधतासम्बन्धी विश्व महासन्धिको प्रावधान अनुसार; रैथाने जातिका परम्परागत ज्ञान, औषधोपचारका लोकपरम्परा तथा विभिन्न सांस्कृतिक सम्पदाको आधारमा निर्माण हुने व्यापारिक वस्तु वा सेवाबाट आर्जन हुने लाभको यथोचित बाँडफाँड गर्नु/गराउनुपर्ने हुन्छ। सोही प्रावधान अनुरुप हुडु सिउँडीबाट प्राप्त औषधिको लाभ दक्षिण अफ्रिकाका सान समुदायका बासिन्दाहरूमा बाँडफाँड भएको समाचार सार्वजनिक भएको छ। जैविक विविधतासम्बन्धी उक्त महासन्धि हुनुभन्दा पहिले यस्तो व्यवस्था थिएन। पश्चिम अफ्रिकी देशमा पाइने *कोला* नामक बिरुवाको गेडा चपाइरहँदा स्वादिष्ट चुइङ गम (Chewing Gum) को आनन्द आउने कुरा त्यहाँका आदिवासीबाट युरोपेली अनुसन्धाताहरूले सिके। त्यसैबाट आधुनिक चकलेट निर्माण भयो। त्यसैले स्वीस वा फ्रान्सेलीहरू चकलेटलाई *शोकोला* भन्छन्। कोलाको बियाँको स्वादिष्ट गम र क्याफेन लगायत अरू रासायनिक पदार्थको आनन्द दिने महँगा-महँगा





**अफ्रिकाका केही आदिवासीले आफ्नो भोक मार्न चबाउने गरेको हुडिया सिउँडी (Hoodia Cactus) नै आधुनिक समाजमा अतिभोजनका कारण हुने अस्वाभाविक मोटाइ घटाउने औषधिको स्रोत बनेको छ।**

**हुडिया सिउँडी।**

चकलेटबाट प्राप्त लाभ भने पश्चिम अफ्रिकाका ती जनजातिसम्म पुग्न सकेन। त्यही कोला कालान्तरमा 'कोकाकोला' नामको प्रसिद्ध पेयपदार्थमा पनि प्रयोग भयो। तर स्थानीयवासीले केही लाभ प्राप्त गर्न सकेनन्।

कोकाकोलामा प्रयोग हुने अर्को बुटी *कोका* दक्षिण अमेरिकी राष्ट्र पेरुका आदिवासीहरूको मौलिक सम्पदा थियो। त्यहाँ पनि भोक, प्यास र विशेष गरेर थकाइ मेटाउन कोकाको पात चपाउने चलन थियो। कोकालाई पेयपदार्थ लगायत अरू धेरै व्यापारिक उत्पादनहरूमा प्रयोग गरेर बहुराष्ट्रिय कम्पनीले थुप्रै लाभ प्राप्त गरे। तर त्यो लाभ कहिल्यै पेरु पुगेन। कालान्तरमा त्यही कोका पात लागू पदार्थ *कोकेन* को प्रमुख स्रोतमा परिणत हुन पुगे। कानुनले कोकेनको प्रयोगमा बन्देज लगायो। सँगै कोकाकोला निर्माता कम्पनीले *'कोका-कोला'* तथा *'कोक'* लाई ट्रेडमार्कका रूपमा दर्ता गरी त्यसको प्रयोगमाथि कानुनी एकाधिकार प्राप्त गरे। *कोकाकोला* को बोटलको डिजाइनमा समेत पनि सोही कम्पनीको एकाधिकार स्वीकारिएको छ। कोकाकोलाको बोटलको आकार कोलाको दानाको आकारमा आधारित छ। कोला वनस्पति अफ्रिकी राष्ट्रको हो तर व्यापारिक प्रयोगको एकाधिकार अमेरिकी कम्पनीको नाममा स्थापित छ।

भारतमा अङ्ग्रेजको शासन रहेको बेलामा एकजना डच (Dutch) अनुसन्धाता कोलकाताको मानव सागर देखेर रनभुल्लमा परेछ। यति धेरै मानिसबीच दिमाग खलबलिएका मानिस पनि पक्कै हुनुपर्छ भन्ने निष्कर्ष उसले निकाल्यो। त्यसपछि ठाउँ-ठाउँमा गएर सोध्न थालेछ, 'यहाँ मानिस पागल भयो भने के औषधि दिइन्छ?' यसै क्रममा उसले सर्पगन्धा फेला पार्‍यो। नेपाल, भारत, पाकिस्तान, बङ्गलादेशलगायत कैयौं एसियाली क्षेत्रमा हजारौं वर्षदेखि सर्पगन्धा जडिबुटीको रूपमा प्रख्यात छ। हाम्रा आयुर्वेदलगायत विभिन्न परम्परामा सर्पगन्धा प्रसिद्ध छ। सर्पगन्धाबाट प्राप्त रसायन *रिसर्पिन* को प्रयोगबाट उच्च रक्तचाप घटाउने, निद्रा लगाउने, दिमागी पागलपन हटाउनेलगायत अनेकौं रोग निको पार्ने औषधिहरू निर्माण भएका छन्। तर त्यो रसायनतत्वको औषधीय ज्ञानको अधिकार आज विभिन्न कम्पनीका नाममा कायम भएको छ। त्यो ज्ञानको वास्तविक स्रोतको कदर हुनसकेको छैन र आर्थिक लाभ पनि पहुँचभन्दा बाहिर छ।

यसैगरी सोमलता (एफिड्रा), भ्याकुर (डायोस्कोरिया), विष (एकोनाइट) असुरो (वासक), नीम, खयर, घोडताप्रे, चुत्रो लगायत सयौं जडिबुटीहरू आधुनिक औषधिमा प्रयोग हुन्छन्। हामी महँगो मोलमा ती औषधि किनेर प्रयोग गर्दछौं। आफ्ना स्रोत-साधनबाट हामी आफैंले फाइदा लिनसकेका छैनौं। हामीसँग त्यसका लागि आवश्यक कानुनी वा संस्थागत संरचना समेत छैन। आनुवंशीय स्रोत-साधन तथा परम्परागत ज्ञान, सीप र व्यावसायिक अभ्यासप्रति वैधानिक पहुँच पुग्ने/पुर्‍याउने प्रावधानका लागि तयार पारिएको विधेयक दशौं वर्षदेखि अलपत्र छ। *'जला है जिस्म जहाँ दिल भी जलगया होगा'* भन्ने मिर्जा गालिबको भनाइ जस्तै; जहाँ मुलुकको संविधान नै अलपत्र छ त्यहाँ विधेयकहरू अलपत्र हुने नै भए। त्यसो हुँदाहुँदै पनि जनस्तरमा, समुदायस्तरमा, जनजाति सङ्गठनका स्तरमा वा आफ्नै भौगोलिक क्षेत्रमा आफ्ना सांस्कृतिक निधि, व्यावसायिक अभ्यासका सीप, कला, कौशल आदि सम्पदाको आधारभूत अभिलेख कायम गर्न चुक्नुहुँदैन। 'चार जात छत्तीस वर्ण' मात्र भनेर पुग्दैन; हरेक जाति, जनजाति एवं आदिवासीहरू आ-आफ्नो सम्पदाको अभिलेख राख्न आफैं अग्रसर हुनुपर्छ। यस्तो कार्यमा गाउँ-गाउँ र ठाउँ-ठाउँमा क्रियाशील शिक्षकहरूले विशेष तत्परता देखाई सहयोगीको भूमिका निर्वाह गर्न सक्नुहुन्छ।

*क्रमश:*

# व्यक्ति बेपत्ता पार्ने (कसुर र सजाय) विधेयक २०६६ को विश्लेषण र सुझाव

नेकपा (माओवादी)ले २०५२ फागुन १ गतेबाट सशस्त्र सङ्घर्ष शुरु गरेदेखि २०६३ मङ्सिर ५ मा विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर हुँदाको अवधिमा द्वन्द्वका कारण करिब १७,००० नेपालीको मृत्यु भइसकेको थियो भने सयौं मानिस सुरक्षाकर्मी तथा माओवादीबाट बेपत्ता पारिएका थिए। द्वन्द्वरत पक्षहरूबाट मानिसलाई जथाभावी पक्राउ गरी बेपत्ता बनाउने, कुटपिट गर्ने, मार्ने, थुनामा राख्दा यातना दिने, पक्राउ पुर्जी नदिने, विभिन्न आरोप लगाई अपहरण गर्ने, कब्जामा लिने, गाउँबाट विस्थापन गराउने, सार्वजनिक तथा निजी सम्पत्ति तोडफोड गर्ने र हडप्ने, जबर्जस्ती चन्दा असुल गर्ने जस्ता मानवअधिकार तथा मानवीय कानुन विरुद्धका कार्यहरू भएका थिए।

नेपाल सरकार र नेकपा (माओवादी) बीच विस्तृत शान्ति सम्झौता भएपछि देश सङ्क्रमणकालीन अवस्थामा रहेको छ। शान्ति सम्झौतापछि राज्य पक्षबाट बेपत्ता पार्ने क्रम रोकिएको भए तापनि सङ्गठित समूह र हतियारधारी समूहबाट अपहरण गर्ने क्रम भने रोकिएको छैन।

### व्यक्ति बेपत्ता पार्ने कार्यको परिभाषा

सन् १९९२ मा संयुक्त राष्ट्रसंघद्वारा निर्मित *बलपूर्वक बेपत्ता पारिएका मानिसको संरक्षणसम्बन्धी घोषणा* मा “मानिसको इच्छा विपरित व्यक्तिगत स्वतन्त्रताबाट वञ्चित गरी सरकारी अधिकारीबाट वा कुनै सङ्गठित समूहहरू वा व्यक्तिगत रूपमा कसैले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सरकारको स्वीकृति वा समर्थनमा पक्राउ गरी थुनामा राख्नु वा अपहरण गरी व्यक्तिलाई कहाँ वा कुन अवस्थामा राखिएको भन्ने कुरा स्पष्ट नगरी वा उल्लिखित कार्य गरेको स्वीकार नगरी व्यक्तिको स्वतन्त्रताबाट वञ्चित गरी कानूनको संरक्षण भन्दा बाहिर राखिएको अवस्था हो” भनिएको छ।

बेपत्ता पारिने कार्य विरुद्ध र बेपत्ता पारिनबाट नागरिकलाई संरक्षण प्रदान गर्ने उद्देश्यले *जबर्जस्ती बेपत्ता पारिनबाट सबै व्यक्तिको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि २००६* को धारा २ ले जबर्जस्ती बेपत्ता भन्नाले ‘व्यक्तिलाई कानुनको संरक्षणबाट बाहिर पार्ने गरी स्वतन्त्रताको हरण गरेको, राज्यका एजेन्टहरू वा राज्यको अख्तियारी, समर्थन वा सहमति साथ काम गर्ने व्यक्ति वा समूहद्वारा गरिने पक्राउ, थुनछेक, अपहरण वा संयन्त्रबाट वञ्चित गर्ने अन्य स्वरुपलाई पनि मानिनेछ’ भनी उल्लेख गरेको छ।

मानिस बेपत्ता पार्ने कार्यलाई अरु स्पष्ट पार्दा बेपत्ता पारिनु भनेको त्यस्तो घटना हो जहाँ राज्यका प्रतिनिधि (Agent State) ले कसैलाई पक्राउ गरी हिरासतमा राखेका हुन्छन् तर परिवार र समुदायलाई कुनै खबर वा जानकारी दिँदैनन्। पक्राउ गर्दा पनि राज्यका निकायका व्यक्तिहरू या त सादा पोशाकमा आउँछन् वा बर्दीमै आएका भए पनि पक्राउ गरेको तथ्यलाई अस्वीकार गर्छन्। यस्ता घटनामा पक्राउ पर्नेलाई पक्राउ पुर्जी दिइँदैन; पुर्जी दिइए पनि त्यो थुनुवाकै साथमा रहन्छ वा त्यो पुर्जी अरू कसैलाई सुम्पने अवसर थुनुवाले पाउँदैन।

सङ्गठित समूह वा गैरराज्य पक्ष र अन्य व्यक्तिले राज्यको सहयोग नलिई आफ्नै संस्थागत वा व्यक्तिगत उद्देश्य पूर्तिका लागि मानिसलाई लुकाए भने त्यो अपहरण हुन जान्छ। बेपत्ता पारिएको व्यक्तिलाई उसका परिवारजन वा कानुन व्यवसायीलाई भेट गर्न दिइँदैन र आम बन्दीलाई राख्ने भन्दा पृथक् ठाउँमा गोप्य रूपले राखिएको हुन्छ।

### व्यक्ति बेपत्ता पार्ने (कसुर र सजाय) विधेयक–२०६६ मा रहेका मुख्य व्यवस्था

व्यक्ति बेपत्ता पार्ने कार्य रोकथाम गर्ने संयुक्त राष्ट्रसंघीय महासन्धि- २००६ लाई नेपालले औपचारिक रूपमा स्वीकार वा त्यसमा हस्ताक्षर गरेको छैन। तथापि नेपालको राष्ट्रिय कानुन र नेपाल पक्षधर रहेका मानवअधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय प्रावधान अनुसार व्यक्ति बेपत्ता पार्ने कार्यलाई नियन्त्रण गर्ने कानुन बनाउन र त्यसलाई लागू गर्न नेपाल बाध्य छ। नेपालको अन्तरिम संविधान २०६३ तथा विस्तृत शान्ति सम्झौतामा पनि यो विषयलाई प्रमुखताका साथ उल्लेख गरिएको छ। उच्चस्तरीय बेपत्ता छानबिन आयोग गठन गर्ने प्रतिबद्धता ती दुवै दस्तावेजमा व्यक्त भएको छ। त्यसै अनुरुप मस्यौदा गरिएको यो विधेयकमा रहेका अधिकांश प्रावधान मानवअधिकारका मूल्यमान्यता, सिद्धान्त र मापदण्ड अनुसार रहेका छन्।

**दफा २ परिभाषा**: राज्यका निकाय, कुनै सङ्गठन, सङ्गठित वा असङ्गठित समूह समेतलाई समेटेको छ।
**दफा ३**: बेपत्ता पार्ने कार्यलाई फौजदारी कसुरको रूपमा स्वीकारिएको छ।
**दफा ४ र ५**: मुख्य कसुरदार र कसुरदारको परिभाषा गरिएको छ।
**दफा ६**: मुख्य कसुरदारलाई ७ वर्षसम्म कैद र पाँचलाख रुपैयाँसम्म जरिवानाको व्यवस्था गरिएको छ। परिपञ्च रच्नेलाई त्यसको आधा सजायको प्रावधान रहेको छ भने महिला र नाबालक विरुद्ध अपराध गर्नेलाई थप दुई वर्षको सजाय प्रस्तावित गरिएको छ।
**दफा ८**: बेपत्ता पार्ने व्यक्तिबाट मनासिव क्षतिपूर्ति भराई लिन पाउने व्यवस्था गरिएको छ।
**दफा १०**: विधेयकले २०५२/११/१ देखि २०६३/८/५ सम्मको अवधिलाई समेटेको छ। उच्चस्तरीय स्वतन्त्र आयोगमा पाँच जना सदस्य रहने व्यवस्था गरिएको छ। सिफारिस समितिमा सभामुख, राष्ट्रिय मानवअधिकार आयोगका अध्यक्षले तोकेको सो आयोगको सदस्य र नेपाल सरकारले मनोनीत गरेको एक जना सदस्यको समिति रहने व्यवस्था छ।
**दफा १३**: आयोगलाई आवश्यक पर्ने कर्मचारीहरू नेपाल सरकारले उपलब्ध गराउने व्यवस्था रहेको छ।
**दफा १५ र १६**: आयोगको काम, कर्तव्य र अधिकार अन्तर्गत बेपत्ता पारिएको व्यक्तिको छानबिन गर्ने, दोषी यकिन गर्ने, परिपूरणको सिफारिस गर्ने र अदालतबाट भएका आदेश समेतका विषयमा छानबिन गर्ने अधिकार हुने।
**दफा १७**: जाँचबुझ सम्बन्धमा व्यक्तिलाई बोलाउने, बयान लिने, भौतिक प्रमाण कब्जा गर्ने लगायत अदालत सरहको अधिकार आयोगलाई हुने।
**दफा १९**: पीडित र साक्षीको सुरक्षासम्बन्धी व्यवस्था।
**दफा २०**: आयोगको कामकारबाही गोप्य राख्न सक्ने व्यवस्था।
**दफा २२**: पीडितलाई परिपूरणको लागि सिफारिस गर्ने।
**दफा २३**: कारबाहीका लागि लेखिपठाउने।

**दफा २५:** मुद्दा दायर सम्बन्धमा महान्यायाधिवक्ताको कार्यालयमार्फत अनुसन्धान हुने।
**दफा २६:** हदम्याद ६ महिनासम्म रहने।
**दफा २८:** प्रमाणको भार आरोपित व्यक्तिमा रहने।
**दफा ३३:** आयोगले निर्णय गर्दा अन्य निकायको सिफारिसलाई आधार बनाउन सक्ने।
**दफा ३४:** झुठा उजुर दिनेलाई सजायको व्यवस्था।

## विधेयकमाथि टिप्पणी र सुझाव

- विधेयकको प्रस्तावनामा 'व्यक्तिलाई बलपूर्वक बेपत्ता पार्ने कार्य मानवीय मर्यादा र मूल्यमान्यता विपरित भएकाले बलपूर्वक बेपत्ता पारिएको व्यक्ति र बेपत्ता पार्ने कार्यमा संलग्न व्यक्तिहरूका सम्बन्धमा छानबिन गरी सत्यतथ्य पत्ता लगाई दोषीलाई सजाय गर्न र पीडितलाई परिपूरणको व्यवस्था गर्ने सम्बन्धमा कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकाले' भन्ने राखिनु उपयुक्त हुने।
- ऐनको नाम *व्यक्तिलाई बलपूर्वक बेपत्ता पार्ने (अपराध र सजाय) ऐन* राख्नु उपयुक्त हुने।

**परिभाषा खण्डमा निम्न कुरा थप हुनुपर्ने:**

- 'पक्राउ गरिएको वा थुनामा राखिएको वा कब्जामा लिएको वा अपहरण गरेको अवस्थामा उक्त तथ्यलाई अस्वीकार गर्ने वा ढाँट्ने कार्य।
- व्यक्तिलाई पक्राउ गरी कानूनी संरक्षण भन्दा बाहिर राख्ने कार्य
- राज्यको अख्तियारी, समर्थन वा सम्मतिबाट काम गर्ने व्यक्ति वा समूहबाट व्यक्तिलाई बेपत्ता पार्ने कार्य
- कुनै पनि जेष्ठ नागरिक, महिला, अपाङ्ग वा बालबालिकालाई बदनियतपूर्वक तिनका अभिभावक वा संरक्षणको मञ्जुरी वा जानकारी विना विद्यालय, बाल कल्याण केन्द्र, सार्वजनिक स्थल वा अन्य कुनै ठाउँबाट अन्यत्र लगी तिनलाई सम्पर्कविहीन वा एकान्तबास गरे/गराएमा व्यक्ति बेपत्ता पार्ने कार्य गरेको मानिने।'
- दफा ३ (१) को सट्टा 'कुनै पनि व्यक्तिलाई बलपूर्वक बेपत्ता पार्न, बलपूर्वक बेपत्ता गर्न लगाउन वा त्यस्तो कार्यमा सहयोग वा मद्दत गर्न वा गर्न लगाउन हुँदैन' हुन् राम्रो हुने।
- दफा ६ मा कम्तीमा ७ वर्षसम्म कैद र घटनाको परिस्थिति, पीडितको पारिवारिक, आर्थिक अवस्था समेतलाई विचार गरी पीडितलाई क्षतिपूर्ति पाउने गरी सजायको दायरालाई बढाउनु पर्ने।
- बेपत्ता पार्ने कार्यमा दोषी ठहरिएको व्यक्ति सरकारी सेवाको वहालवाला कर्मचारी वा पदाधिकारी भएमा यसमा उल्लिखित सजायका अतिरिक्त निज सेवामुक्त हुने व्यवस्था राख्नुपर्ने।
- क्षतिपूर्ति सम्बन्धी मुद्दामा पीडित पक्षलाई नि:शुल्क कानुनी सहायतालगायत कानुनी प्रक्रियामा राज्यको पूरा सहयोग हुने कुरा सुनिश्चित हुनुपर्ने। बलपूर्वक बेपत्ता सम्बन्धी हरेक घटनामा पीडितले राज्यबाट क्षतिपूर्ति पाउने उल्लेख हुनुपर्ने।
- आयोगलाई स्वतन्त्र, स्वायत्त तथा समावेशी बनाउन (दफा १०) कम्तीमा एक जना नागरिक समाजको प्रतिनिधि हुने कुरा सुनिश्चित हुनुपर्ने। सिफारिस समितिलाई थप स्वतन्त्र बनाउन सिफारिस समितिमा नागरिक समाजको प्रतिनिधि हुन मनासिव देखिने। उपदफा थप गरी २०५२ साल फागुन १ गतेअघि र २०६३ साल मंसिर ५ गतेपछि भएका बलपूर्वक बेपत्ता सम्बन्धी घटनाहरूको छानबिन गर्न आयोग गठन गर्न सक्ने व्यवस्था राखिनु मनासिव हुने। आयोगमा नियुक्त हुने पदाधिकारीको न्यूनतम योग्यता तोकिनुपर्ने।
- आयोगलाई स्वतन्त्र र सक्षम बनाउनका लागि आयोगलाई आवश्यक पर्ने कर्मचारी आयोग आफैंले पनि नियुक्त गर्न सक्ने व्यवस्था राख्नुपर्ने। (दफा १३)

## विधेयकमा मिलाइनुपर्ने अन्य कुरा

- सर्वोच्च अदालतको मिति २०६४ जेठ १८ गतेको *बलपूर्वक बेपत्ता सम्बन्धी फैसला* तथा यससम्बन्धी अन्य अन्तर्राष्ट्रिय मापदण्ड समेतका व्यवस्थाहरूलाई प्रस्तावित ऐनमा सम्बोधन गरिनुपर्ने।
- सशस्त्र द्वन्द्वको समयमा वा अस्थिर राजनीतिक वातावरणमा बेपत्ता र अपहरण सम्बन्धी घटना भइरहने भएकाले भविष्यमा पनि पुन: यस प्रकारका कार्य हुनसक्ने सम्भावनालाई ध्यानमा राखी दुवै प्रकारका घटनालाई विधेयकमा समेट्ने व्यवस्था हुनु उपयुक्त हुने।
- कुनै पनि युद्ध, सशस्त्र सङ्घर्ष वा राष्ट्रिय सुरक्षा वा सङ्कटकालको घोषणा वा अन्य कुनै निहुँमा कानुनत: व्यक्तिलाई बलपूर्वक बेपत्ता पार्ने कार्य नगरिने कुरा स्पष्ट रूपमा उल्लेख गरिनुपर्ने।
- व्यापक र प्रणालीगत बेपत्तालाई मानवअधिकारको गम्भीर उल्लङ्घन एवं मानवताविरोधी अपराध मानिने कुरा विधेयकमा उल्लेख गरिनुपर्ने।
- अनुसन्धानको क्रममा आयोगले आवश्यकता अनुसार सार्वजनिक सुनुवाई गर्न सक्ने प्रावधान राखिनु उपयुक्त हुने।
- बेपत्ता भएको व्यक्तिको नजिकको हकवाला वा कानुन व्यवसायीलाई निजको विषयमा यथार्थ जानकारी प्राप्त गर्ने अधिकार प्रदान गरिनुपर्ने।
- बेपत्ता भएको व्यक्तिको खोजी गर्न, स्थान किटान गर्न, मुक्त गर्न वा मृत्यु भइसकेको अवस्थामा निजको लाश उत्खनन् गर्न, परीक्षण गर्न, पहिचान गर्न, लाशको अवशेष परिवारलाई उपलब्ध गराउन तथा आफ्नो परम्परा/रीतिथिति र धार्मिक परम्परा अनुसार काजक्रिया गर्ने/गराउने सम्बन्धी राज्यको दायित्वलाई विधेयकमा स्पष्ट उल्लेख गरिनुपर्ने।
- 'यस ऐन अन्तर्गतको कसुर गरेको भनी अभियोग लागेको व्यक्तिलाई प्राप्त प्रमाणको आधारमा कारण उल्लेख गरी सामान्यतया थुनामा राखी कारबाही गरिनेछ' भन्ने व्यवस्था उल्लेख हुनुपर्ने।
- अनुसन्धानको क्रममा, कुनै पनि जिम्मेवार अधिकारी व्यक्ति बेपत्ता पार्ने कार्यमा संलग्न रहेको आधार देखिएमा त्यस्तो अधिकारीलाई निलम्वनमा राखी कारबाही गरिने व्यवस्था राखिनुपर्ने।
- स्थापनाको क्रममा रहेका सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता आयोग तथा संवैधानिक अङ्गको रूपमा क्रियाशील राष्ट्रिय मानवअधिकार आयोगको क्षेत्राधिकार बीच उत्पन्न हुनसक्ने कानुनी समस्यालाई समाधान गर्नका लागि आवश्यक प्रावधानहरू संयोजन विधेयकमा उल्लेख गरिनु उपयुक्त हुने र यी निकायहरू बीचका सहकार्य र समन्वयका सम्बन्धमा पनि स्पष्टता हुनु उपयुक्त हुने।
- बलपूर्वक बेपत्ताको सन्दर्भमा प्रत्येक पीडितले सत्य-तथ्य थाहा पाउनु उसको सूचनाको अधिकारभित्र पर्छ भन्ने कुराको सुनिश्चितता गरिनुपर्ने।
- आयोगको जाँचबुझ सम्बन्धी अधिकारमा वैज्ञानिक रूपमा पुष्टि गर्न DNA परीक्षण गर्ने राष्ट्रिय विधिविज्ञान प्रयोगशालाको भौतिक व्यवस्था र आवश्यकता अनुसार राष्ट्रिय अन्तर्राष्ट्रिय विशेषज्ञहरू राख्न सकिने भन्ने व्यवस्था गरिनुपर्ने।

शवोत्खनन् गर्नुपर्ने आशंकित क्षेत्र सुरक्षित गर्नु सबैको कर्तव्य हुने हुँदा विधेयकमा उल्लेख हुनुपर्दछ।

*(प्रा.डा. यज्ञप्रसाद अधिकारीद्वारा नेपाल कन्स्टिट्यूसन फाउण्डेसनका लागि गरिएको यो अध्ययनलाई महिला, जनजाति, दलित, मधेशी, युवा तथा अन्य क्षेत्रका दवाव समूहहरूबाट प्राप्त सुझावका आधारमा अन्तिम रुप दिइएको छ। यस सन्दर्भमा यो फाउण्डेसन विजय मिश्र, मन्चला झा, मीना स्वर्णकार, रेश्मा थापा, नीरु श्रेष्ठ, डा. भीमार्जुन आचार्य, अनिता जोशी, फुर्पा तामाङ, सुष्मा चौधरी, कृष्ण आङ्देम्बे, श्यामकुमार विश्वकर्मा, उमेशप्रसाद साह, कोपिला रिजाल, अभिषेक अधिकारी, सुवास आचार्य, डा. हरिहर वस्ती, डा. सूर्य ढुङ्गेल र डा. विपिन अधिकारीप्रति आभार व्यक्त गर्दछ।*

*यो अध्ययन एसिया फाउण्डेसनको सहयोगमा गरिएको हो, तर यसमा व्यक्त विचारहरू सम्बद्ध लेखकका हुन्। तिनले फाउण्डेसनको विचार र दृष्टिकोणलाई प्रतिनिधित्व गर्दैनन्।)*

# ‘सम्भावना’लाई ‘समस्या’ पो ठानिएछ !

**कक्षामा धेरै प्रतिभा रहेछन्, प्रतिभालाई समस्याको रूपमा बुझिएछ। सही पहिचान गरिएनछ। त्यसनिम्ति विद्यार्थीको व्यवहारको सूक्ष्म अध्ययन आवश्यक रहेछ, विद्यार्थीमा भएका प्रतिभाहरूको। सजिलै नदेखिने हुनाले, सानै भए पनि पहिचानको लागि अवसरको मेसो मिलाउने काम हाम्रै रहेछ। उनीहरूको प्रतिभालाई पहिचान गर्न नसकिए कसरी व्यक्तित्व विकास हुनसक्छ र ?**

पुरानो नेवार वस्ती, वरपर बाहुनहरूद्वारा घेरिएको लेकको घाँच। मलाई थाहा भएदेखि नै मैले पढेको र पछि त्यही स्कूलमा पढाएको नाताले मेरो स्कूलमा जातीय विविधता थियो। म पढ्दा नेवार सरहरू बढी हुनुहुन्थ्यो। प्राथमिक तहमा त सबै नै नेवार। पढाइ नेपालीमा हुन्थ्यो। स्पष्ट नभएमा नेवार साथीहरू नेवारीमै प्रश्न गर्थे र सरहरूले पनि नेवारीमै बुझाउने प्रयास गर्थे। भाषिक विविधता भए पनि यथेष्ट सम्बोधन हुन नसकेको रहेछ भन्ने पछि थाहा भयो।

पछि त्यही विद्यालयकै शिक्षक भइयो। आफ्नो पालाको कुरा बिर्सियो। विविधता पहिचान गरी कक्षा व्यवस्थापन गर्ने आवश्यकता महसुस नै गरिएन लामो समयसम्म। एक दिन कक्षामा पढाउँदा पढाउँदै एउटा प्रसङ्गमा अरिङ्गालको कुरा आयो। एकजना गुरुङ विद्यार्थीले अरिङ्गाल भनेको बुझेनन् या चिनेनछन्। तिनले सोधे ‘अरिङ्गाल कस्तो हुन्छ ?’ त्यो घटनापछि कक्षाको भाषिक विविधता ख्याल गर्नुपर्ने चेत खुल्यो। सकेसम्म सबै भाषाभाषीलाई सम्झने प्रयत्न गर्न थालेँ। भाषिक विविधता व्यवस्थापन शिक्षणको अभिन्न अङ्ग भएको महसुस गरेँ।

विद्यालयको कार्यालय कक्षमा एउटा पुरानो फोटो टाँगिएको छ। त्यसमा तत्कालीन राजा वीरेन्द्र कुनै व्यक्तिलाई पदक लगाइदिँदैछन्। पदक थाप्ने व्यक्ति विद्यालयका पुरानो विद्यार्थी रहेछन् र होनहार राष्ट्रिय धावक। मैले ती दाजुको हालको अवस्था बुझ्ने प्रयास गरें- गोडामा असिम तागत, निरन्तर अभ्यास र सीपका धनी उनी परीक्षामा कमजोर हुनु अस्वाभाविक थिएन। परीक्षा राम्रो गर्न सकेनन्। परिणामत: हाम्रो पद्धतिले उनलाई ग्रहण गर्न सकेन। हाल गाउँघरमै सामान्य किसानको जीवन बाँचिरहेका छन्।

सामाजिक अध्ययन अन्तर्गत सबै समुदाय र सम्प्रदायका विद्यार्थीले आफ्नो क्षेत्रको लोक संस्कृति; गीत तथा नृत्य प्रस्तुत गर्नुपर्ने भयो। त्यसमा घाटु नाच र सोरठी नृत्य प्रस्तुत गर्ने समूह उत्कृष्ट ठहरियो। ती समूहमा सधैँ पढाइमा कमजोर देखिने विद्यार्थीहरूको बाहुल्य थियो। हाल ती विद्यार्थीमध्ये एकजनाले घाटु नाचसम्बन्धी एउटा पुस्तक पनि प्रकाशित गरेका छन्।

कक्षामा एक जना सारै कमजोर बहिनी थिइन्। उनको निष्क्रियता बारेमा केही सहकर्मीहरूसँग कुरा पनि गरेँ। निष्कर्ष; केटी भएको र उमेर पनि अलिक बढी भएकाले त्यस्ती भएकी भन्ने निकालियो। चित्त बुझाइयो। सामाजिक अध्ययन कक्षामै उनले एउटा गीत प्रस्तुत गर्नुपर्‍यो। निकै कर गरेपछि तयार भइन्। उनको प्रस्तुति ज्यादै राम्रो ठहर्‍यो- स्थापित राष्ट्रिय कलाकारको जस्तै। तीजको अवसरमा विद्यालयमै आयोजित एउटा गीति कार्यक्रममा उनले झनै राम्रो प्रस्तुति देखाइन्। विद्यालयका क्रियाकलापमा उनको सक्रियता ह्वात्तै बढ्यो, एकपछि अर्को गर्दै।

एक दिन कक्षा दशमा पढाउँदै गर्दा बाहिरबाट एकजना भाइ आएर कक्षाका अनुप नामका विद्यार्थीलाई बाहिर पठाइदिन अनुरोध गरे। त्यसो गर्न म तयार भइनँ। पछि अनुपले नै ज्यादै अनुरोध गरेपछि मैले उनलाई बाहिर जाने अनुमति दिएँ। एकछिन पछि उनले मलाई पूरै पिरियडभर बाहिर जान अनुमति मागे। मैले कारण सोध्दा उनी एउटा स्थानीय क्लबको सदस्य भएको र उनको क्लबले खोलामा विष तथा करेन्ट लगाई माछा मार्ने कामलाई निरुत्साहित गर्ने अभियान चलाइरहेको जानकारी दिए। बूढीगण्डकी नदीमा करेन्ट लगाई माछा मार्ने मानिस देखिएको खबर आएपछि उनी त्यसलाई रोक्न त्यता जान लागेका रहेछन्। उनले खोलामा करेन्ट प्रवाह गरी माछा मार्न प्रयोग गरिएका उपकरणहरू ल्याई प्रहरी कार्यालयमा बुझाए। उनीहरूले स्थानीय खोलाको निश्चित क्षेत्रमा करेन्ट तथा विष प्रयोग गरी माछा मार्न रोक लगाई वातावरण संरक्षणको क्षेत्रमा काम गरिरहेका रहेछन्। तर कक्षाको हाम्रो मूल्याङ्कन गर्ने विधिले उनलाई त्यति उम्दा विद्यार्थी मान्दैन।

कति विद्यार्थीहरू साथीहरूलाई अप्ठ्यारो पर्दा सहयोग गर्न स्वस्फूर्त अग्रसर हुन्छन्। तर त्यसरी अघिसर्नेहरूमध्ये प्राय: कक्षामा ‘कमजोर विद्यार्थी’ मानिन्छन्। अनि कक्षामा

जान्ने भनिएका विद्यार्थीलाई अर्काको मर्काप्रति पटक्कै वास्ता नहुने। केही विद्यार्थी विद्यालयमा हुने खेलकुद, अन्य अतिरिक्त क्रियाकलाप तथा साथीहरूसँग समन्वय गर्ने क्रममा निकै अग्रणी रहन्छन्, विद्यालयको काममा उनीहरू ज्यादै लगनशील भएर लाग्छन्। त्यस्ता कार्यमा सम्पूर्ण कक्षाको नेतृत्व पनि लिन्छन्, तर परीक्षामा भने तिनले ज्यादै कम अङ्क पाउँछन् वा ल्याउँछन्।

मेरा दुई जना विद्यार्थी यस्ता पनि थिए; परीक्षामा उनीहरू सधैं कक्षा प्रथम वा द्वितीय हुन्थे तर पढाइबाहेकका अन्य क्रियाकलापमा पटक्कै सहभागी हुन चाहँदैनथे। कतिसम्म निष्क्रिय भने कक्षामा प्रश्न गर्दा समेत उठेर नबोल्ने। हाम्रो मूल्याङ्कन पद्धति र मान्यता एउटै चाल्नोबाट छानिइआएका विद्यार्थीहरूमा समान क्षमता, रुचि र एउटै खालको ज्ञान हुनै पर्ने भन्नेछ। तर के सबै विद्यार्थीमा हुने प्रतिभा एउटै हो? वा एउटै मात्र हुनुपर्ने हो? विद्यार्थीहरूले परीक्षामा राम्रो अङ्क ल्याउनु मात्र ठीक अरू सबै बेठीक हो त? आफ्नो संस्कृतिको पहिचान गरी त्यसको प्रसार गर्न सक्ने विद्यार्थी कमजोर हुने? वातावरण संरक्षणको क्षेत्रमा उल्लेखनीय योगदान गर्ने अनुप भाइ र उनका साथीहरू कमजोर नै हुन् त?

हाम्रो मान्यता र पद्धति अनुसार 'किताबी कीरा' बाहेकका सबै विद्यार्थी समस्या हुन्। गीत गाउनेहरू समस्या, माछा मार्न रोक्नेहरू समस्या, पठनपाठन बाहेक अन्य क्रियाकलापमा लाग्नेहरू समस्या, पढाउँदा डेस्क वा कापीमा राम्रा अक्षर र चित्र बनाउनेहरू समस्या, अन्य विद्यार्थीसँग घुलमिल भई नेतृत्व लिनेहरू समस्या। हाम्रो शैक्षिक मान्यता र पद्धतिले यस्तै भनिरहेको छ।

*शिक्षक* मासिक *(विद्यार्थीको जन्मजात प्रतिभा कसरी चिन्ने? जेठ २०६८)* ले सोच्न बाध्य बनायो, थप अध्ययन गर्न लगायो। माथिल्लो परिच्छेदमा 'समस्या' भनिएका कुराहरू त अवसर पो रहेछन्। बरु हाम्रै अध्ययनशीलताको अभाव ठूलो समस्या रहेछ, गार्डनरले पहिल्यै यसको जवाफ सुझाएका रहेछन् (Howard Gardner (1983), Frames of Mind: The Theory of Multiple Intelligences) हामीले सजातीय मात्रै खोजेछौं, जातीय राजनीति गर्ने नेताले जस्तै।

प्रतिभा पहिचान गर्न नसकेको समस्या, पद्धतिले बनाएको समस्या, प्रतिभाको सही व्यवस्थापन गर्न नसकेको समस्या। सबै प्रतिभा रहेछन्, कसैमा कुनै बढी हुने र कसैमा कुनै कम। प्राथमिकता शाब्दिक/भाषिकले बढी पाएछ, हामी शिक्षकमा पनि अन्य प्रतिभा चिन्ने क्षमताको अभाव रहेछ, आफूसँग जुन प्रतिभाको आधिक्य थियो त्यसैलाई मात्र, आफ्नैलाई मात्र राम्रो ठान्यौं र अरूलाई उपेक्षा। दौडने, चित्र बनाउने, चित्रको माध्यमबाट बुझ्ने, नाच्ने-गाउने, समुदायलाई बुझ्ने, नेतृत्व लिने, आफ्ना विचार राख्ने, पृथक् विचार दिने प्रतिभाहरू समस्या हुन् भने त अन्य क्रियाकलापमा सहभागी हुन नचाहने; परीक्षामा प्रथम मात्र हुने पनि समस्या नै भइहाले नि!

कक्षामा धेरै प्रतिभा रहेछन्, प्रतिभालाई समस्याको रूपमा बुझिएछ। सही पहिचान गरिएनछ। त्यसनिम्ति विद्यार्थीको व्यवहारको सूक्ष्म अध्ययन आवश्यक रहेछ, विद्यार्थीमा भएका प्रतिभाहरूको। सजिलै नदेखिने हुनाले, सानै भए पनि पहिचानको लागि अवसरको मेसो मिलाउने काम हाम्रै रहेछ। उनीहरूको प्रतिभालाई पहिचान गर्न नसकिए कसरी व्यक्तित्व विकास हुनसक्छ र? अनि उनीहरूका प्रतिभा प्रदर्शन गर्न आवश्यक वातावरण निर्माण र त्यसको विकासको लागि अवसर प्रदान गर्नको लागि हाम्रो शिक्षण शैली एवं मूल्याङ्कन पद्धति परिमार्जन गर्नु आवश्यक हुने नै भयो। कक्षामा बहुप्रतिभाहरूको भण्डार रहेछ, एउटैमा पनि धेरै। सबैमा एउटैको आशा पो गरिएछ। ती राष्ट्रिय धावक जो राष्ट्रिय सम्पत्ति थिए, तिनलाई पनि जाँचमा धेरै नम्बर ल्याउने जस्तै स्वरुपमा खोजियो। समस्या ठानिएका मेरा विद्यार्थीहरूमा पृथक् सम्भावनाहरू रहेछन्। बरु तिनीहरूको प्रतिभालाई आवश्यक स्थान दिई उनीहरूलाई प्रोत्साहित गर्नु नै सही शिक्षण हुनसक्ने रहेछ। अन्य ती जसले कुनै लक्षण देखाउन सकेनन् र खोज्ने प्रयास पनि गरिएन तिनमा पनि अवश्य कुनै प्रतिभा थियो; तर तिनको भ्रूणावस्थामै हत्या भयो। त्यसनिम्ति मलाई अपराधबोध भइरहेछ। सच्चिने अवसर प्रदान गरेकोमा धन्यवाद शिक्षक मासिकलाई।

**श्यामप्रसाद लामिछाने**
भीमोदय माध्यमिक विद्यालय, गोरखा

# मेरो ३० वर्षे अनुभव !

म प्रावि शिक्षक हुँ। मेरो विद्यालयमा बाल शिशुदेखि कक्षा ५ सम्म पढाइ हुन्छ। प्राविस्तरमा साना बालबालिका भए पनि उनीहरूको प्रतिभा फरक भएको मेरो ३० वर्षको शिक्षण अनुभवले भन्छ-

प्रत्येक बालबालिकाको कक्षाकोठामा, खेल्ने चउरमा प्रार्थना गर्ने समयमा, वनभोज खान जाँदा, अतिरिक्त क्रियाकलाप गराउँदा, विद्यालयको वार्षिक उत्सव मनाउँदा, सरस्वती पूजामा, परीक्षामा, फूलबारी बनाउँदा, करेसाबारीमा काम गर्दा उनीहरूले गरेको काम, सीप, प्रस्तुति कला र शैली, जाँगरबाट उनीहरूमा भएको अन्तरनिहित प्रतिभा थाहा पाएकी छु।

जुन विद्यार्थीमा जस्तो प्रतिभा छ त्यस विद्यार्थीलाई त्यही प्रतिभा उजागर गर्न प्रोत्साहित गर्छु। जस्तै कुनै विद्यार्थी कथा, कविता लेख्न रुचाउँछ भने उसलाई प्रोत्साहित गर्दै उसले लेखेका बालकथा, बालकविता, स्थानीय एफएममा भन्न लगाएर र स्थानीय पत्रपत्रिकामा छाप्न लगाएर उसको अन्तरनिहित प्रतिभालाई प्रस्फुटन गर्न मद्दत गर्छु। यसले गर्दा अरू विद्यार्थीमा पनि आफ्नो प्रतिभा देखाउने उत्प्रेरणा जाग्छ।

बेलाबखत विद्यालयमा चित्रकला, हाजिरीजवाफ प्रतियोगिता, सांस्कृतिक कार्यक्रम, खेलकुद, माटाका आकृति,

## कक्षाकोठा प्रतिभा पहिचान र प्रोत्साहन

कागजका विभिन्न फूललगायतका कुराहरू बनाउन समूहमा लगाउँछु र जान्ने विद्यार्थीबाट नजान्ने विद्यार्थीलाई सिक्न-सिकाउन प्रोत्साहित गर्छु।

बालबालिकाले बनाएका सामग्रीहरू कक्षाकोठामा विद्यार्थीको नामसहित सजाएर राख्न सकिन्छ। जसले गर्दा पढ्न मन नलाग्ने, केही गर्न जाँगर नपलाएको बेलामा पनि उनीहरूमा "म पनि केही गरेर देखाउँछु" भन्ने भावना जगाउन मद्दत मिल्छ।

कक्षाकोठामा पढाइ-लेखाइ गर्दा जान्ने विद्यार्थी र नजान्ने विद्यार्थी समूहमा मिलाएर राख्छु। कुनै प्रश्न दिएर समूहमा छलफल गरेर उत्तर लेख वा भन भनी प्रश्न हल गर्न लगाउँदा नजान्ने विद्यार्थीले जान्ने विद्यार्थीहरूबाट सिक्न सक्छन्।

जान्ने विद्यार्थीलाई कक्षा अगाडि कालोपाटीमा कुनै प्रश्नको उत्तर लेख्न लगाउँदा उसले त्यो प्रश्नको सही समाधान गरेपछि, दुईचार पटक सबै विद्यार्थीलाई प्रश्नको सही समाधान उक्त विद्यार्थीबाट नै यसरी गरे भनेर सबैलाई सिकाउन लगाउँछु। त्यसो गर्न जान्ने विद्यार्थीलाई धन्यवादसहित उसको प्रशंसा गरिदिन्छु। त्यसपछि "ल अब अगाडि आएर कसले प्रश्नको जवाफ दिन्छ, लेख्छ र साथीहरूलाई सिकाउँछ" भनी प्रश्नको हल गर्न उत्प्रेरित गर्छु। नजान्नेलाई पनि तिम्रो साथीले यो प्रश्नको हल कसरी गरेको थियो भनी अगाडि बोलाएर कालोपाटीमा गर्न लगाउँछु, नसके सिकाइदिन्छु। यसरी नै पटक-पटक गर्न लगाउँछु। यसो गर्दा नजान्ने विद्यार्थी पनि अगाडि कालोपाटीमा प्रश्नको समाधान गर्न उत्सुक हुँदारहेछन्।

कक्षामा कान कम सुन्ने र बढी गफ गर्ने विद्यार्थीलाई कक्षाकोठामा अगाडिको बेन्चमा राखेर शिक्षण गराउँछु।

कक्षामा ढिलो आउने, गृहकार्य नगर्ने, छुच्चो स्वभावको विद्यार्थीलाई दण्डस्वरुप ल तिमी ढिलो आयौ, गृहकार्य गरेनौ, साथीहरूलाई पिट्यौ भनेर शिक्षकले दण्ड दिनुभन्दा विद्यार्थीलाई नै ल तिमीलाई जे आउँछ त्यही गर भन्छु, गराउँछु। जस्तै नाच, गीत गाउ, कविता भन, स्याल जस्तै कराउ, मुसो, बाखो, गाई, भैंसी, भेडा आदि जनावर वा चराचुरुङ्गी कसरी कराउँछन् भनेर नक्कल गर्न लगाउँछु। भ्यागुतो जस्तो उफ्रिने, एक खुट्टा टेकेर एकछिन उभिन लगाउँछु। मेरो विचारमा यसो गरेमा विद्यार्थीमा भएको क्षमता पनि उजागर हुन्छ र शिक्षकले विद्यार्थीलाई दण्ड दिए जस्तो पनि लाग्दैन।

म शिक्षक भएकाले कक्षामा सबै विद्यार्थी बहुमुखी प्रतिभाका हुन सकुन् भन्ने चाहन्छु। समय, शक्ति र परिस्थिति, पाठ अनुसार, पाठ्यक्रमले निर्दिष्ट गरेको उद्देश्य पूरा गराउन प्रयास गर्दछु। यद्यपि एकै हातका औंलाहरू त बराबर हुँदैनन् भन्ने उखान जस्तै सबैको अलग-अलग कुरामा चाख हुन्छ। तापनि पाठ्यपुस्तक त कक्षा अनुसार एउटै हुन्छ। मेरो कर्तव्य विद्यार्थीमा अन्तरनिहित प्रतिभा प्रस्फुटन गराई आफ्नो क्षमताले भ्याएसम्म आफ्नो पेशाप्रति प्रतिबद्ध रहनु हो भन्ने ठान्दछु।

**फाल्गुना दाहाल**
नवदुर्गा प्रावि, धनगढी नपा-१२, धनगढी

# रुचि जेमा छ, उतै लाग्छन्

म नेपाली विषयको शिक्षक भएको नाताले भाषा शिक्षणका क्रममा फेला परेका विशेष प्रतिभायुक्त विद्यार्थीसँग सम्बन्धित अनुभव व्यक्त गर्न गइरहेको छु। म २०६० सालदेखि कास्की पोखरास्थित फिस्टेल एकेडेमीबाट पहिलो पटक शिक्षकको रूपमा सेवा प्रवेश गरेको हुँ। नेपाली विषय शिक्षणका क्रममा पाठ्यवस्तुको विधा, उद्देश्य, प्रकृति आदिका आधारमा कहिले व्याख्यान विधि, कहिले छलफल र प्रश्नोत्तर त कहिले अभिनय गरेर पढाइन्थ्यो। शिक्षण चाखलाग्दो बनाउन कहिले प्रत्यक्ष अनुभव गर्न लगाएर, कहिले कुनै कार्यक्रममा सहभागी गराएर त कहिले परियोजना कार्य दिएर शिक्षण विधिमा विविधता लेराएर शिक्षण सिकाइ गर्दथें। विद्यालयको वातावरण शैक्षिक खालको थियो। विद्यार्थीका लागि चित्रकला, नृत्य, खेलकुदलगायतका विभिन्न विधामा नियमित प्रशिक्षण दिइने भएकाले प्रायः कुनै न कुनै विद्यार्थीमा केही न केही प्रतिभा रहेको देख्न पाइन्थ्यो। प्रशिक्षण दिएर उसलाई अघि लेराउन भन्दा कतिपय अवस्थामा ऊभित्र रहेको प्रतिभा पहिचान गर्न गाह्रो पर्थ्यो।

तैपनि विद्यालयभित्र विभिन्न तहमा आयोजना हुने वादविवाद, वक्तृत्वकला, स्पोर्टमिट, हाजिरीजवाफ, निबन्धकला, अभिनयकला जस्ता प्रतियोगितामा विद्यार्थीले देखाउने रुचि र क्षमताका आधारमा उनीहरूको प्रतिभा पहिचान हुन्थ्यो। बहिर्मुखी भन्दा अन्तरमुखी स्वभावका विद्यार्थीका प्रतिभा पहिचान गर्न गाह्रो हुँदोरहेछ। मैले मावि तहमा नेपाली विषयको जिम्मेवारी लिएको त्यो वर्ष कक्षा ८ मा ३१ जना विद्यार्थी अध्ययनरत थिए, अहिले पनि बढी यही कक्षाको सम्झना आउँछ। विभिन्न विधामा विद्यार्थीहरूको फरकफरक रुचि र क्षमता थियो। इन्द्र पौडेल नाम गरेका एक छात्र खेलकुद र नृत्यमा विशेष सोख राख्दथे। अर्का रानाभाट थर भएका इन्द्र चाहिँ फूटबलका राम्रा खेलाडी थिए भने निकै बान्की मिलेका अक्षर लेख्थे। तर दुःखको कुरा एकदुई कक्षा लिँदैमा थाहा भयो उनीहरू वर्णविन्यासमा कमजोर रहेछन्। शुरुका एक दुई कक्षामा मैले आगमन विधिबाट वर्णविन्यास सिकाएँ। प्रत्येक विद्यार्थीका नाम एवम् दैनिक रूपमा अधिक प्रयोग हुने शब्दहरू लेखाएर अभ्यास समेत गर्न लगाएँ। त्यस बेला नौ कक्षामा गुरुप्रसाद मैनालीको 'शहीद', लक्ष्मीप्रसाद देवकोटाको के 'नेपाल सानो

छ ?' भन्ने जस्ता रचना पढ्न पढाउनुपर्थ्यो। तुलनात्मक रूपमा देवकोटाको 'के नेपाल सानो छ ?' निबन्ध केही क्लिष्ट थियो। व्याकरणलगायत तीनवटा पाठ पढाएपछि मासिक परीक्षा लिएँ। मासिक परीक्षाको कापी हातमा परेपछि म छक्क परेँ।

छात्र विनोद पौडेलले दिएको प्रश्नको उत्तर एक स्थापित लेखकले लेखे बराबर थियो। चिटिङ भयो कि भन्ने पनि लाग्यो तर त्यो सम्भव थिएन, प्रश्नका उत्तर अत्यन्त मौलिक थिए, उच्चकोटिका। पढाउने क्रममा प्रसङ्गवश भनिएका सन्दर्भ र वाक्यहरू उनका उत्तरमा प्रतिबिम्बित भएका थिए। प्राय: सबै विद्यार्थी परिश्रमी भएकाले शैलजा, अञ्जु, विमला, इन्द्र पनि राम्रा थिए तर विनोद पौडेलको कोहीसँग तुलना नै हुनसक्थेन। मैले त्यसैबेलादेखि विनोदलाई भाषिक प्रतिभायुक्त व्यक्ति (Word Smart Person) को रूपमा पाएँ। मैले भाषाको हकमा सामान्य विद्यार्थीमा भन्दा उनमा फरक गुण पाएँ। तर उनलाई तिखार्नु र निखार्नु भने आवश्यक थियो। मैले मनमनै भाषाको क्षेत्रमा उनलाई नमुना विद्यार्थी बनाउने सङ्कल्प गरेँ। उनी सानैदेखि अरूभन्दा बढी कल्पनाशील थिए। सुनेका, पढेका कथाको सारांश वा कुनै चुट्किला भन्ने क्रममा उनी उही उमेर समूहका साथीभन्दा बढी काल्पनिक तर प्रभावकारी ढङ्गले व्यक्त गर्दथे। यस्तो अवस्थामा उनलाई मैले व्यक्तिगत एवम् समूहगत रूपमा नेपालीभाषामा राम्रो रहेको जानकारी दिँदै प्रोत्साहन गरेँ, सोही अनुसारका सन्दर्भ पुस्तकहरू पढ्न दिएँ, फुर्सदका बेलामा विशेषगरी विभिन्न विधाका आधारभूत ज्ञान एवम् स्थापित साहित्यकारहरू र उनीहरूका ख्याति, उपलब्धि र जीवनका रोचक प्रसङ्ग सुनाउन एवं लेखन तरिका सिकाउन थालेँ।

उनी केही समयपछि नै कथा, कविता, उपन्यास लगायतका रचना रुचिपूर्ण ढङ्गले अध्ययन गर्न थाले। साहित्यिक कक्षामा उनी अति आनन्दको अनुभूति गर्दथे। घुम्ने मेच माथि अन्धो मान्छे, जय भुँडी, नासो कथा सङ्ग्रह, गौरी, मुनामदन जस्ता विभिन्न कृतिहरू उनले मबाट लगेर पढे। यतिसम्म कि कसैका राम्रा साहित्यिक पुस्तक हराए विनोदले लगे कि भनिन्थ्यो। दशैंको बिदामा मैले अरु गृहकार्यसँगै सबैलाई छुट्टाछुट्टै साहित्यिक किताब किनेर अध्ययन गर्न लगाउँथे र कक्षामा त्यसको सारांश एवम् भावार्थ भन्न प्रोत्साहित गर्दथेँ। साथीहरूले किनेका फरकफरक किताब विद्यालय खुलेपछि उनीहरूले आपसमा बाँडेर पढ्दथे। यसो गर्दा विनोद लगायतका विद्यार्थीहरूमा शब्दभण्डार र लेखन शैलीको विकास भयो।

हुन पनि विनोद विद्यालय बाहिर आयोजना हुने जति पनि कार्यक्रममा पुग्थे; कहिल्यै रित्तोहात फर्किँदैनथे। विषय शिक्षकको नाताले मैले र हामी शिक्षक वर्गले उनलाई झनै राम्रो गर्ने प्रेरणा र पृष्ठपोषण प्रदान गरिरह्यौँ। त्यतिमात्र होइन, "तिमी यति राम्रो भाषिक क्षमता भएको व्यक्तिले हरेक विषयमा उत्कृष्ट हुनुपर्छ" भनिदिँदा उनमा थप आत्मविश्वास बढ्न गयो। अन्तत: २०६२ सालको एसएलसी परीक्षामा नेपाली विषयमा ८४ अङ्कसहित ८१.२५ प्रतिशत अङ्क प्राप्त गरी पश्चिमाञ्चल क्षेत्र प्रथम भए। अहिले उनी राम्रो कलेजमा छात्रवृत्तिमा पढिरहेका छन्। केही महिनाअघि भेट्दा आफ्नो साहित्यमा निकै रस बसेको र एउटा उपन्यास लेख्न गइरहेको बताएका थिए।

म अहिले पोखरास्थित ग्लोबल कलेजियट उमाविमा अध्यापन गर्दछु। जहाँ गए पनि हामी शिक्षकले खेलकुदका क्षेत्रदेखि हरेक विधामा विद्यार्थीको प्रतिभा पहिचान गरी विशेष वातावरण प्रदान गरेर उनीहरूको प्रतिभा निखार्न मद्दत पुऱ्याउन सक्छौँ। तर विद्यालय विशेषगरी कक्षाकोठाभित्र कुनै व्यक्तिविशेषलाई जोड दिएर प्रशंसा गर्दा अरू विद्यार्थीलाई नकारात्मक असर समेत पर्न सक्दछ, त्यसमा शिक्षकले हेक्का पुऱ्याउनुपर्दछ। सम्भव भएसम्म कसैको विशेष गुणको एकोहोरो तारिफ गर्नुभन्दा त्यस्तै अवसरमा सबैसँग भएका कुनै न कुनै क्षमता बताइदिनु राम्रो मानिन्छ।

विद्यालयमा प्रकृतिप्रेमी, अन्तरवैयक्तिक, अन्तरसामाजिक, खेलकुदमा रुचि राख्ने, तार्किक, साङ्गीतिक, अस्तित्वमुखी धेरै किसिमका प्रतिभा भएका विभिन्न विद्यार्थी हुन्छन्। त्यस्तै कोही अन्तरमुखी हुन्छन् त कोही बहिर्मुखी। हुन पनि सबै विद्यार्थीमा केही न केही मौलिक गुण हुने पक्ष शिक्षकले भुल्नुहुँदैन। यदि आफूलाई सबै विद्यार्थी विशेष पक्षका बारेमा थाहा छैन भने अन्य शिक्षक वा त्यस कक्षाका कक्षा शिक्षकसँग विद्यार्थीका बारेमा सोधपुछ गर्न सकिन्छ। जस्तै कुनै विद्यार्थी तार्किक वा गणितीय प्रतिभायुक्त छ भने त्यसका बारेमा कक्षा शिक्षक वा गणित विषय शिक्षकलाई बढी ज्ञान हुन सक्छ। हाम्रो जस्तो मुलुकमा विद्यार्थीको रुचि, चाहना वा क्षमतालाई ध्यानमा राखेर छुट्टै शिक्षण गर्ने पद्धतिको विकास भएको छैन। तसर्थ, मिश्रित रूपमा कक्षा शिक्षण गर्नुपर्ने अनिवार्यता छ। कक्षा शिक्षणका क्रममा कक्षाका सम्पूर्ण विद्यार्थीलाई पाठ्यक्रमले तोकेको उद्देश्य अनुरुपको शिक्षा त प्रदान गर्नु पऱ्यो नै, जुन विषयमा जोसँग विशेष प्रतिभा छ तत्सम्बन्धी विषयमा अतिरिक्त ज्ञान दिने गर्नुपर्दछ। समय अभाव भए त्यस्ता विद्यार्थीका लागि थप समयको प्रबन्ध गर्न सकिन्छ।

त्यति मात्र होइन, यस्तै प्रतिभा प्रस्फुटनका लागि विद्यालयभित्र र बाहिर हुने विभिन्न प्रतिस्पर्धात्मक अतिरिक्त क्रियाकलापमा क्षमता अनुसार सहभागी गराउनुपर्दछ। अभिभावकले समेत आफ्ना बाबुनानीको योग्यता र क्षमताको बारेमा थाहा पाउन् र सोही अनुसारको वातावरण प्रदान गरुन् भन्नका लागि उनीहरूलाई समयमै सूचित गर्नु राम्रो हुन्छ। यसरी सबै पक्ष मिलेर वातावरण सिर्जना गर्दै सही मार्ग निर्देश गर्दा उनीहरूमा अङ्कुराएको प्रतिभा फैलिने र झाङ्गिने अवसर पाउँछ। उसो त बच्चाको भित्री लगाव जता छ अन्तत: ऊ त्यतै डोरिइहाल्दछ। त्यसो नभइदिने भए पादरी बनाउन भर्ना गरिएका चार्ल्स डार्विनलाई हामी जीव वैज्ञानिकका रूपमा कदापि देख्न पाउने थिएनौं।

अहिलेको जटिल युगमा शिक्षक एउटा शिक्षक मात्र भएर पुग्दैन ऊ चिकित्सक, मनोविज्ञ, प्रशिक्षक, अभिनयकर्ता, योजना निर्माता एवम् कुशल परामर्शदाता सबै हुन सक्नुपर्छ। यसरी विभिन्न कुरामा हेक्का राख्दै एउटा कुशल र दक्ष शिक्षकले सबैसँग सहकार्य गरेर आफ्ना विद्यार्थीमा लुकेर रहेको प्रतिभा उजागर गर्दा मात्र समाज र देश लाभान्वित बन्दछ।


**नेपाल प्रकाश अधिकारी**
ग्लोबल कलेजियट उमावि, पोखरा

**कक्षाकोठा अनुभव**

समुन्दर सिंह सैंगर

# प्रजनन प्रणाली पढाउँदा...

**यदि शिक्षक आफैं नै प्रजनन प्रणाली र प्रजनन विधिका बारेमा खुलेर कुरा गर्न सक्तैन भने विद्यार्थीले पनि यस विषयमा खुलेर कुरा गर्नुहुँदैन भनेर बुझ्छन्। कुनै विषय पढाउन शिक्षकले गाह्रो मान्छ भने विद्यार्थीहरूले स्पष्ट सङ्केत पाउँछन्, 'ती देखाउनका लागि मात्र हुन्। कक्षामा नपढिने र नपढाइने विषयको के महत्त्व हुन्छ र ?'**



म दिगन्तर बन्ध्याली पाठशाला (राजस्थान, भारत)मा पढाउँछु। यो पाठशाला अन्य स्कूल भन्दा फरक छ। परम्परागत विद्यालयमा पढाएका शिक्षकहरूलाई यहाँको शिक्षणविधि अनौठो लाग्न सक्छ। यहाँ कक्षाकोठा छैनन् र कक्षाको अवधारणा पनि छैन। यहाँ 'स्तर समूह'हरू हुन्छन्। प्रतिभावान विद्यार्थी वर्षभरि एउटै 'स्तर समूह'मा रहनुपर्दैन। माथिल्लो स्तरमा प्रवेश पाउन परीक्षा पनि दिनुपर्दैन। विद्यार्थीको सिकाइ र क्षमता अनुसार स्तर स्वत: बढ्दै जान्छ।

विद्यार्थीको स्तर समूह क्षमता र उमेरको हिसाबले निर्धारण हुन्छ। यहाँ शिक्षकलाई सर्वज्ञाता मानिँदैन, उनीहरू स्थायी पनि हुँदैनन्। अपवाद बाहेक, यो शिक्षण विधिमा प्राथमिक तहमा एउटै शिक्षकले दिनभर अनि वर्षभर एउटा स्तरलाई एक्लै पढाउँछन्।

विद्यार्थीहरू स्वतन्त्र हुन्छन्। अरूलाई समस्यामा नपारेसम्म कुनै किसिमको दण्ड पाउँदैनन्। आफ्ना मनमा लागेका कुरा स्पष्ट राख्न पाउँछन्। केही बिग्रिएको वा नमिलेको जस्तो लागेमा शिक्षकसँग विवाद गर्न पनि पाउँछन्। विद्यालयको सरसफाई कार्यमा विद्यार्थी र शिक्षकको समान दायित्व हुन्छ।

बन्ध्याली स्कूलमा उच्च प्राथमिक तहको विज्ञान शिक्षक बनेर म आएको वर्ष 'सुरभि' र 'खुशी' समूहका विद्यार्थीहरू आठौं कक्षाको बोर्डको परीक्षा दिइरहेका थिए। (दिगन्तर माध्यममा परीक्षा दिनुपर्दैन। तर देशको शिक्षाको मुख्यधार ासँग जोडिनका लागि आठौं कक्षा पास गरेको प्रमाणपत्र जरुरी हुन्छ। त्यसका लागि प्राईभेट परीक्षा दिलाइन्छ।)

आठौं कक्षाको पाठ्यपुस्तकमा प्रजनन प्रणाली, वयस्क स्वास्थ्य, अन्तस्रावी प्रणाली र यौन सङ्क्रामक रोग जस्ता विषय थिए। ती विषय पढाउन मैले अन्य सामग्री, विधि वा विकल्प पनि रोज्न सक्थें। तर मैले पाठ्यपुस्तकलाई नै आधार बनाउने निधो गरें। औपचारिकताका लागि मैले त्यसो गरेको थिइनँ, म ती विषयमा विद्यार्थीहरूको बुझाइ बढाउन चाहन्थें। शरीरमा आउने परिवर्तनले किशोर-किशोरीको मन र मस्तिष्कमा कस्तो असर पार्दछ भन्ने जान्नका लागि पनि ती विषयबारे गहिरो ज्ञान राख्नु आवश्यक हुन्छ।

सबै विद्यार्थी किशोरावस्थाका थिए। तिनमा अधिकांश किशोरी थिए। कसैको निकाह भइसकेको थियो, कोही पति-पत्नी भइसकेका थिए तर गौना (पतिको घर जाने रीति) भइसकेको थिएन, कसैको बालककालमै सगाई (दुलही छेकाई रीति) भइसकेको थियो।

यस्तो संवेदनशील उमेर र अवस्थाका किशोर-किशोरीलाई प्रजनन् अङ्ग र तिनको कार्यप्रणाली बुझाउने काम कसरी अघि बढाउने भनेर म सोचमा परें। यस्ता विषयमा सहजताका साथ खुलेर कुरा गर्न, उनीहरूसँग मेरो सम्बन्ध परिपक्व र पुरानो भइसकेको थिएन। परिस्थिति मेरा विरुद्ध थियो। म असमञ्जसमा थिएँ। केही पुराना शिक्षकहरूसँग सल्लाह लिएँ। पहिला पहिला यी विषय पढाउँदा, किशोर

हरूलाई पुरुष शिक्षकले र किशोरीहरूलाई महिला शिक्षकले पढाउने चलन रहेछ। मलाई त्यो चलन मन परेन। यसो गरेर समाधान भेटिँदैनथ्यो।

अन्ततः जे त पर्ला भनेर आफू एक्लैले पढाउने मन बनाएँ। पहिले पनि एक पुरुष शिक्षकले त्यसो गर्न खोजेका रहेछन्। तर तिनले पढाएको भोलिपल्टै एक किशोरीकी आमा आएर बबाल मच्चाइछन्। ती महिलाले 'विद्यार्थीलाई छोरा-छोरी कसरी जन्मन्छन् भनेर पढाउने शिक्षक कुन हो?' भनेर स्पष्टीकरण मागिछन्। विपतै आइपरेछ। त्यो प्रसङ्गले मेरो साहस र आत्मविश्वासमा धक्का पुऱ्यायो। आफूले सोचेको जस्तो काम गर्न सामाजिक वातावरण तयार नभएको अनुभव गरें। तैपनि काम त गर्नै पर्थ्यो। तयारी शुरु गरें।

एउटा योजना तयार पारेपछि मनको द्वन्द्व र डर केही घट्यो। साथीहरूले मानव प्रजनन प्रणाली पढाउनुभन्दा अघि रूखबिरुवा र पशुपक्षीका प्रजनन प्रणालीबारे पढाउनु ठीक हुने सुझाव दिएका थिए। तर वनस्पति र पशुपक्षीका प्रजनन प्रणाली मानवका भन्दा फरक छन्। अनि सामाजिक अवधारणा पनि भिन्न छन्। अन्य जीवहरूले उत्पादनका लागि मात्र प्रजनन क्रिया गर्दछन्। मानवको प्रजनन क्रिया सन्तानोत्पादनका लागि मात्र हुँदैन, त्यसमा सामाजिक, भावनात्मक र आपसी विश्वासको ठूलो महत्त्व हुन्छ। अन्य जीवमा सन्तानोत्पादन कार्य निश्चित समयमा हुन्छ, अनि त्यस समयमा मात्र प्रजनन क्रिया चल्दछ। तर मानव समुदाय हरसमय प्रजनन कार्यका लागि सक्षम छ। यिनमा मासिकधर्म प्रणाली हुन्छ। यसै कारण रूखबिरुवा र पशुपक्षीको प्रजनन प्रणालीको जति विशद् व्याख्या गरे पनि मानवका बच्चाहरूलाई उनीहरूका शरीरमा आउने परिवर्तन र तिनका प्रभावका बारेमा राम्ररी बुझाउन सकिँदैनथ्यो।

मैले आफ्नो ध्यान मानव प्रजनन प्रणाली र तत्सम्बन्धी अङ्गहरूको जानकारी बढाउनमै केन्द्रित गरें। त्यस विषयमा लेखिएका पुस्तकहरू जम्मा गरें। *बच्चा कसरी जन्मन्छन्, छोरीको प्रश्न, लेडिज हेल्थ गाइड, शरीर अन्तक्रिया विज्ञान, गर्भावस्था, प्रेग्नेन्सी एण्ड बर्थ* जस्ता किताब पढें। आपसी सहजता बढाउन डेढ महिना जति त विद्यार्थीसँग घुलमिल गर्नमै बिताएँ। त्यसपछि मात्र पढाइ शुरु गर्ने उपयुक्त वातावरण बनेको महसुस भयो।

रूखबिरुवा कसरी बन्छन् भन्ने बिन्दुबाट शुरु गरें। विद्यार्थी सहज देखिए। बीज कसरी बन्छ, त्यो कसरी बिरुवा हुन्छ भन्ने कुरा उनीहरूलाई थाहा रहेछ। यो मौका छोपेर बीज बन्ने प्रक्रिया र रूख बन्ने प्रक्रियाको सम्बन्ध-चित्र बनाएर देखाएँ। बीऊ नभएको भए बिरुवा हुन्थे कि हुँदैनथे भनेर सोधें। सबैले सहजै उत्तर दिए- बिरुवा हुनका लागि बीज हुनु आवश्यक छ। फेरि सोधें- बीऊलाई सुक्खा माटोमा खसालिदिएमा वा मलजल नगरेमा त्यसको के हाल होला? यो प्रश्न पनि सहज र सरल थियो। त्यसैले यो प्राकृतिक क्रिया हो भन्ने अर्थ आउने गरी उनीहरूले सहजै जवाफ दिए। यसरी मेरो बाटो खुल्न थाल्यो।

अनि पक्षीहरूको प्रजनन प्रणालीबारे पढाउन थालें। विद्यार्थीले सहज भएर छलफल गरे। पक्षीले अण्डा पार्छन् र अण्डाबाट चल्ला निस्कन्छन् भन्ने कुरा पनि उनीहरूले निःशङ्कोच बताए। तर जब, मैले अण्डा कसरी बन्छ त भनेर सोधें सबै विद्यार्थी मौन भए। मैले जवाफका निम्ति जोड गरिनँ। अर्को प्रश्न गरें- पक्षीले अण्डा पारेको देखेका छौ? म संवेदनशील मोडमा आइसकेको थिएँ। अण्डा बन्नका लागि पक्षीहरूका बीचमा संसर्ग हुनुपर्दछ भन्ने जानकारी दिने बेला आएको थियो। त्यो महत्त्वपूर्ण जानकारी कसरी दिने भनेर म अप्ठ्यारोमा परिसकेको थिएँ। अनुभवहीनताले गर्दा मलाई आफू चक्रव्यूहमा फसेको जस्तो लाग्यो। तथापि असहजता भङ्ग गर्न अर्को प्रश्न फ्याकें- भाले र पोथी पक्षी नभएका भए, तिनीहरूबीच भेट नहुने भए अण्डा बन्ला कि नबन्ला? विद्यार्थीहरूले पक्षी-संसर्ग देखेका छन् कि छैनन् भन्ने जानकारी नराखी आफूले गलत प्रश्न गरेको तत्काल थाहा पाएँ।

तर फेरि पनि जवाफ पर्खेर बसिनँ। तुरुन्तै पशुहरूमा हुने प्रजनन क्रिया बारे कुरा गर्न थालें। सहज प्रश्न राखें-हाम्रा वरिपरि कस्ता जनावरहरू छन्? तिनका बच्चा कसरी जन्मन्छन्? तर यी प्रश्नमा पनि विद्यार्थीले असहजता महसुस गरेको पाएँ। उनीहरू पशु प्रजनन क्रियासँग जानकार छन् भन्ने सङ्केत चाहिँ दिए। मलाई केही सहज भयो। भाले र पोथीबीच संसर्ग नभई बच्चा सम्भव छैन भन्ने कुरा विस्तारै प्रस्ट भइसकेको थियो। यही मौका छोपेर मानव प्रजनन प्रणालीको कुरा शुरु गरें। तर फेरि सङ्कट आइहाल्यो। अब कसरी अघि बढ्ने?

अन्य जीवका भाले र पोथीबीचका संसर्गका कुरा गर्न सहज थियो, तर मान्छेका भाले र पोथीका बीचमा हुने संसर्गको प्रसङ्ग नै कोट्याउन मुस्किल पर्थ्यो। यो महासङ्कट टार्न, किशोरावस्थामा मानव शरीरमा आउने परिवर्तनका कुरा झिकें। अहिले म वास्तविक विषयमा आएको थिएँ। अनि एकैदिनमा धेरै छलफल नगरौं, पहिले किताबको पाठ पढेर आओ भनेर उम्किएँ।

मैले पनि सोच्ने समय पाएँ। भोलिपल्ट अचम्म भयो। विद्यार्थीले किताबमा दिइएका प्रजनन् अङ्ग र प्रणालीसम्बन्धी सबैजसो पाठ पढेछन्। उनीहरू केही सहज देखिए। मलाई साहस आयो। अनि म पुरुष शिक्षक भएर पनि किशोर र किशोरीहरूलाई एकै समूहमा राखेर, मानव प्रजनन प्रणालीबारे छलफल गर्न थालें। म सफल हुन थालें।

अहिले आठौं कक्षा सरहको 'किरण' समूहलाई प्रजनन अङ्ग र प्रणालीसम्बन्धी विषय नै पढाउँदैछु। यसमा १४ देखि १६ वर्ष उमेर समूहका विद्यार्थी छन्। तीमध्ये १६ किशोरी र १२ किशोर छन्। अरू जस्तै यीमध्ये केहीको

**अन्य जीवका भाले र पोथीबीचका संसर्गका कुरा गर्न सहज थियो, तर मान्छेका भाले र पोथीका बीचमा हुने संसर्गको प्रसङ्ग नै कोट्याउन मुस्किल पर्थ्यो। यो महासङ्कट टार्न, किशोरावस्थामा मानव शरीरमा आउने परिवर्तनका कुरा झिकें। अनि एकैदिनमा धेरै छलफल नगरौं, पहिले किताबको पाठ पढेर आओ भनेर उम्किएँ।**

'निकाह' भइसकेको छ भने केहीको त विवाहको कुरा पनि चलिसकेको छ। सबै विद्यार्थी एकअर्काको घरपरिवार र व्यवहारसँग चीरपरिचित छन्। यिनका अभिभावकहरू अल्प शिक्षित वा अनपढ छन्।

मैले यिनलाई रजस्वला चक्रका बारेमा पढाउनुथियो। के के हुन्छ, कहिले हुन्छ, के कारणले हुन्छ, समाजको दृष्टिकोण के छ, कस्ता भ्रम र भ्रान्ति छन् तथा के कस्ता सावधानी अपनाउनुपर्छ भन्ने जस्ता मूल कुरा बताउनुथियो।

पाठयोजना बनाएर समूहमा गएँ। विद्यार्थीलाई वरिपरि बसालें। अनि किशोरावस्थामा हुने परिवर्तनका बारेमा कुरा शुरु गरें। किशोरवयमा के के परिवर्तन हुँदारहेछन् भनेर सोधें। जवाफ आयो- केटाहरूको दाह्री र जुँगा आउँछ, स्वर धोद्रो हुन्छ, अनुहारमा डण्डीफोर आउँछ, साथीहरूसँग बस्न मन लाग्छ। अरू के के हुन्छ भनेर सोधें; उनीहरू केही लजाए। एउटा केटाले भन्यो- दाह्री जुँगा जस्तै प्रजनन अङ्ग वरिपरि पनि रौं उम्रन थाल्छ, केटीहरू मन पर्न थाल्छन्।

केटीहरूलाई त्यही प्रश्न गरें। उनीहरूले भने- शरीरमा चमक आउँछ, स्तन बढ्छ, नितम्ब फैलन्छ, शृङ्गार गर्न मन लाग्छ, केटाहरूका बारेमा कुराकानी गर्दा मज्जा आउँछ अनि साथीसँग समय बिताउँदा आनन्द आउँछ। मैले प्रश्न थपें- अरू के हुन्छ? एउटी केटीले लजाउँदै भनिन्- यसबेला केटीहरू 'ठूली भइसकेकी' हुन्छे। अनि मैले उसैलाई सोधें- 'ठूली भइसकेकी' भन्नाले के बुझिन्छ? अर्की किशोरीले बताइन्- महिनावारी हुन्छ। सबै विद्यार्थीका कान ठाडा भए। खासखुस चल्यो। यस विषयमा किशोरहरूले नयाँ जानकारी पाए। किशोरीहरूले अप्ठ्यारो माने। सहज वातावरण खल्बलियो। अनि समाजको अनुहार विद्यार्थीकै अनुहारमा देखा पर्‍यो।

यी विद्यार्थीहरूमा विषय-ज्ञानको अभाव थिएन। समाजले रहस्यमयी बनाइदिएकाले यो विषय अघि बढाउन समस्या आयो। हामी कतिपय विषयमा खुलेर कुरा गर्छौं भने कतिपय विषयमा त्यसो गर्न सक्तैनौं। त्यस्तो बानी लाग्नुका पछाडि 'रहस्यमय' बनाइराख्ने सामाजिक मान्यता र व्यवहार जिम्मेवार छ। मेरा विद्यार्थीले त्यो 'रहस्य' जान्ने उत्सुकतासम्म देखाएका थिए, तर एकैपटक बोल्ने साहस गर्न कठिन भइरहेको थियो। अप्ठ्यारो मानिरहेका थिए। यो नौलो कुरा थिएन। म विद्यार्थी हुँदा हाम्रा शिक्षकले यी विषय चाहिँ आफैं पढेर आऊ भनेर पन्छाइदिन्थे। कतिले चाहिँ किशोर र किशोरीलाई अलग राखेर पढाउँथे।

तर मेरा विद्यार्थी अलग थिए। एउटा केटोले प्रश्न गरिहाल्यो- केटीको 'महिना' भनेको के हो? विद्यार्थीहरूवीच चर्चा होओस् भनेर म चूप बसें। योजना अनुसार नै काम भयो। एक किशोरीले जवाफ दिइन्- "महिना भनेको महिनावारी हो क्या!"

महिनावारीकै सन्दर्भमा कुरा अघि बढाउन महिनावारी भएको महिलाप्रति घरपरिवार र समाजले के कस्तो व्यवहार गर्छ भन्ने प्रश्न उठाएँ। यसमा किशोरीहरू जुर्मुराएर भन्न थाले- "महिनावारी भएको बेला आमा र ठूलीदिदीले पनि अछूत जस्तो व्यवहार गर्छन्। 'पवित्र' भनिएका स्थानहरू, पूजाकोठा वा चुल्होमा जान दिंदैनन्" आदि।

'महिनावारी' सँग 'पवित्रता' को के सम्बन्ध छ; कसैलाई थाहा छैन। हाम्रो समाजको सार्वजनिक व्यवहारले बालबालिकाहरूको दिमागमा यौन र यौनिकतासँग सम्बन्धित प्रश्नलाई अनुचित या पापकर्म तुल्याइदिएको छ। शरीरको सामान्य प्रक्रियालाई पवित्रता वा अपवित्रतासँग जोडेर हेरिदिनाले नै यस्ता विषयहरूले सार्वजनिक चर्चाको अवसर नपाएका हुन्। यसैकारणले यस्ता विषयमा खुला चर्चा चलाउन शिक्षकलाई पनि चुनौती छ। समाज र धर्मले वर्जित गरेको क्षेत्रमा प्रवेश गर्ने साहस शिक्षकहरूले पनि जुटाउन सकेका छैनन्।

विद्यार्थीहरू सहज हुँदै गए। केही किशोरीहरू आफ्ना भोगाइ सुनाउन थाले। 'महिनावारी' भएको बेलामा उनीहरूलाई भान्सामा पस्न र पानी राखिएको भाँडो छुन दिंदैन। अर्काले पस्केर दिएको खानुपर्छ, खेलकुद गर्न दिंदैन। तिनका कुरा सुनिरहेका किशोरहरूले पनि आफ्ना घरमा यस्ता व्यवहारहरू देखेका थिए, त्यस्तो व्यवहारको असली रहस्य चाहिँ अहिले बुझ्न पाए।

कक्षामा 'महिनावारी' बारे छलफल चलिरहेकै बेलामा राजस्थानकै फागी गाउँबाट सरकारी शिक्षकहरूको एउटा टोली हाम्रो कक्षा अवलोकन गर्न आयो। यौन र यौनिकताका बारेमा एक पुरुष शिक्षकले किशोर र किशोरीलाई एकैठाउँमा राखेर छलफल गरिरहेको दृश्य उनीहरूका लागि आश्चर्यमा पार्ने खालको थियो। उनीहरू साश्चर्य छलफल सुन्न थाले।

हाम्रो पाठशालामा यस्ता अवलोकनकर्ताहरू आइरहने


निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

## अत्यन्त जरूरी सूचना

निर्वाचन आयोगले फोटोसहितको मतदाता नामावली संकलन गरिरहेको छ। यही २०६८ असार १ देखि आफ्नो स्थायी ठेगाना भन्दा अन्यत्र स्वदेशमा बसोबास गरिरहेका १६ वर्ष पूरा गरेका नागरिकले हाल अस्थायी बसोबास गरिरहेका जिल्ला निर्वाचन कार्यालय वा तोकिएको दर्तास्थलमा गई नाम दर्ता गर्न सक्ने व्यवस्था गरिएको छ।

सबै नेपाली नागरिकले आफ्नो नागरिकताको सक्कल प्रमाणपत्र लिई हाल बसोबास गरिरहेको जिल्ला निर्वाचन कार्यालय वा उक्त कार्यालयद्वारा तोकिएको दर्तास्थलमा गई फोटो खिचाई औंलाको छापा दिई आफ्नो नाम मतदाता नामावलीमा दर्ता गराउन अनुरोध छ। यसरी संकलन भएको नाम आफ्नो स्थायी ठेगानाको मतदाता नामावलीमा दर्ता गराउन अनुरोध छ। यसरी संकलन भएको नाम आफ्नो स्थायी ठेगानाको मतदाता नामावलीमा समावेश हुनेछ।

नगरपालिका र गाविसका दर्तास्थलमा आफ्नो विवरण दर्ता गराउन छुट भएका नेपाली नागरिकहरूले पनि नागरिकताको सक्कल प्रमाणपत्र लिई माथि उल्लेख भए अनुसार नै नाम दर्ता गराउन हुन निर्वाचन आयोग हार्दिक अनुरोध गर्दछ।

फोटोसहितको मतदाता नामावली सम्बन्धमा थप बुझ्नुपर्ने भएमा आफू बसोबास गरिरहेको जिल्लाको जिल्ला निर्वाचन कार्यालय वा निर्वाचन आयोगको फोन नं. ४२२३१६५ वा ४२२००५७ मा सम्पर्क गर्न सकिने छ।

**निर्वाचन आयोग**

भएकाले छलफलमा कुनै असर पार्दैनथ्यो। छलफल चलिरह्‍यो। विद्यार्थीहरूले खुलेर कुरा गरे। प्रश्न गरे-'महिनावारी चक्र' निश्चित समयमा मात्र किन हुन्छ? कुन उमेरमा हुन्छ? कति दिन रहन्छ? गर्भ भएको अवस्थामा हुन्छ कि हुँदैन? यसरी छलफल गर्दा गर्दै खाना खाने बेला १० मिनेट कटिसकेको थाहा पाएपछि भोलि पनि यसै विषयमा छलफल गरौंला भनेर छलफल रोकें। अवलोकनकर्ता गए। केही विद्यार्थीहरू खाना खाने बेलामा पनि यसै विषयमा चर्चा गरिरहेका थिए।

विद्यालय समय सकिएपछि हाम्रा गतिविधिबारे अवलोकनकर्ताहरूसँग छलफल गर्न बस्यौं। अवलोकन गर्न आएका सरकारी विद्यालयका शिक्षकहरूले 'किरण' समूहमा चलेको यौन र यौनिकता सम्बन्धी चर्चा र त्यसमा विद्यार्थीहरूले समान रूपमा राखेको सहभागिताप्रति आश्चर्य व्यक्त गरे। यस्तो संवेदनशील विषयमा पुरुष शिक्षकका साथमा किशोर र किशोरी सँगै बसेर खुला रूपमा बहस गर्ने वातावरण कसरी तयार भयो भन्ने उनीहरूको मुख्य जिज्ञाशा थियो।

यो अस्वाभाविक थिएन। यस्ता विषयमा खुला छलफल चलाए स्कूलको छवि बिग्रन्छ भन्ने मान्यता धेरै शिक्षकमा अझै पनि छ। अवलोकनकर्ता शिक्षकहरू पनि यही वर्गका थिए। तिनले राखेका प्रश्नका आधारमा हाम्रा शिक्षक र स्कूलहरूमा भएका केही निश्चित मान्यता यस्ता थिए:

यौन र यौनिकता जस्तो संवेदनशील विषयमा किशोर किशोरीहरूलाई एकैसाथ राखेर चर्चा गर्न गाह्रो हुन्छ।

किशोर किशोरीले सँगै बसेर यस्ता विषयमा खुलेर कुराकानी गर्न सक्तैनन्।

पुरुष शिक्षकले किशोर वयका बालिकाहरूसँग यौन र यौनिकता जस्ता संवेदनशील विषयमा छलफल चलाउन सक्तैन।

विद्यालयमा यौन, यौनिकता, प्रजनन् अङ्ग तथा प्रणालीबारे चर्चा गर्ने हो भने किशोरका लागि पुरुष र किशोरीका लागि महिला शिक्षकको व्यवस्था गर्नुपर्दछ।

उनीहरूको विचार सुन्दा यो विषयमा किशोर किशोरीहरूलाई सँगै राखेर चर्चा गर्दा अवश्य नै 'गडबडी' हुन्छ भन्ने रूल्कन्थ्यो। त्यस्तो दृष्टिकोण बनेका कारण ती शिक्षकहरू काम गर्नुअगावै हतास भएर नयाँ काम गर्न नसक्ने भएका रहेछन्। समाजको मान्यता विपरीतका काम गर्दा अवश्य नै असफल भइन्छ भन्ने डरबाट उनीहरू पीडित पाइन्थे। यथार्थमा उनीहरू आफ्नै मान्यताको बोझले थिचिएका थिए।

नयाँ काम गर्न सकिन्छ। तर चुनौती छन्। यस्ता काम गर्दा सामाजिक मान्यता मात्र होइनन्, शिक्षकको क्षमता पनि चुनौती बनेर आउँछ। हाम्रो समूहमा भएका काम सबै शिक्षकका लागि सहज हुँदैनन्। अनेक समस्या आउँछन्। समयले ल्याएको परिवर्तन र अनुभवी शिक्षकले दिएका सल्लाहमा योजना बनाएपछि मात्र यस्ता काम गर्न सकिन्छ।

सामाजिक मान्यतासँग सम्बन्धित समस्यासँग कसरी जुध्न सकिन्छ भन्ने अनुभवको बयान गर्न सक्नु पनि शिक्षकको योग्यता हो। संवेदनशील भनिएका विषयहरूमा पनि अन्य विषयमा जसरी नै बहस गर्न सकिन्छ भन्ने मान्यता बनाउनु र कुनै पनि विषयमा बहस गर्दा लाज मान्नुपर्दैन भन्ने

**शिक्षकले हरक्षण चुनौती बेहोर्नुपर्दछ। आफ्नो अनुभव र विषयगत ज्ञान बढाएर मात्र यस्ता चुनौतीसँग जुध्न सकिन्छ। विद्यार्थीले निडर भएर सिक्न सक्ने वातावरण नपाएसम्म यस्ता विषयमा खुला बहस चलाउन सकिँदैन। तर बहसको माध्यमबाट नै शिक्षकले धेरै कुरा सिक्छन्।**

आँट सजिलै जुटाउन सकिन्छ भन्ने ज्ञान बाँड्ने जिम्मा पनि शिक्षककै हुन्छ। हरेक व्यक्तिले प्रजनन प्रणाली र मासिकधर्मका बारेमा जान्नु त्यति नै जरुरी छ जति पाचन प्रणाली, वनस्पति विज्ञान र इतिहासका विषय जान्नु जरुरी छ भनेर बताउन सकिएला। तर यस्ता मान्यतालाई सहज बनाउने चुनौती छ। यो मेरो भोगाइ हो।

शिक्षकले हरक्षण चुनौती बेहोर्नुपर्दछ। त्यस्ता चुनौतीको समाधान शिक्षक आफैंले खोज्नुपर्दछ। आफ्नो अनुभव र विषयगत ज्ञान बढाएर मात्र यस्ता समस्यासँग जुध्न सकिन्छ। विद्यार्थीले निडर भएर सिक्न सक्ने वातावरण नपाएसम्म यस्ता विषयमा खुला बहस चलाउन सकिँदैन। तर बहसको माध्यमबाट नै शिक्षकले धेरै कुरा सिक्छन्। अनि मान्यतामा पनि परिवर्तन आउँछ।

यस विषयमा मलाई कसैले पढाएको पनि थिएन। अरूसँग खुलेर चर्चा गरेको पनि थिइनँ। म आफैं असहज थिएँ, मेरो बुझाइ पर्याप्त थिएन। शिक्षक नै असहज भएको विषयमा विद्यार्थीलाई कसरी सहज बनाउन सकिन्छ र? शिक्षकले अरू विषय जसरी सहजताका साथ पढाउँछ, त्यसैगरी मानव प्रजनन प्रणालीलाई पनि पढाउन सक्यो भने विद्यार्थीले अप्ठ्यारो मान्छन् भनेर यस्ता महत्त्वपूर्ण विषय पढाउन आलटाल गर्ने वा पन्छिने ठाउँ नै बाँकी रहँदैन। यस्ता विषय पढाउने शिक्षकका भाव-भङ्गिमाले पनि विद्यार्थीमा गहिरो असर पारिरहेको हुन्छ। यदि शिक्षक आफैं नै प्रजनन प्रणाली र प्रजनन विधिका बारेमा खुलेर कुरा गर्न सक्तैन भने विद्यार्थीले पनि यस विषयमा खुलेर कुरा गर्नुहुँदैन भनेर बुझ्छन्। कुनै विषय पढाउन शिक्षकले गाह्रो मान्छ भने विद्यार्थीहरूले स्पष्ट सङ्केत पाउँछन्, ती विषय देखाउनका लागि मात्र राखिएका हुन्। कक्षामा नपढिने र नपढाइने विषयको के महत्त्व हुन्छ र? विद्यार्थीको मनमस्तिष्कमा यस्ता धारणा बस्न नदिन शिक्षकले नै मिहिनेत गर्नुपर्छ। मानव प्रजनन प्रणाली र प्रजनन विधिको महत्त्वबारे शिक्षकले बुझाइदिन सके भने मात्र यसबारेको अन्धविश्वास उठ्नेछ र यस विषयमा खुलेर कुरा गर्ने सक्षम पुस्ता आउन सक्नेछ।

शिक्षकले मात्र सामाजिक परिस्थितिलाई परिवर्तन गर्न सक्दैन। विद्यार्थीकै सहयोगमा मेरो ज्ञान बढ्यो। म स्पष्टसँग भन्छु- मैले धेरै कुरा विद्यार्थीबाट सिकें। म पनि यस्ता विषयमा चर्चा गर्न मानसिक रूपमा तयार थिइनँ। मैले चुनौती लिएको मात्र हो, काम गर्ने प्रयास गरेको मात्र हो। यस सन्दर्भमा, पानीमा नपसी पौड्ने सीप जानिँदैन भन्ने उखान मलाई सही लाग्छ।

साभार: *शिक्षा विमर्श* नोभेम्बर-दिसम्बर २०१०

**सरलीकृत अनुवाद- हस्त गुरूङ**

# जिज्ञासा जवाफ

## प्रसूति स्याहार बिदा: कहिले लिने ?

शिक्षा नियमावलीमा पत्नी सुत्केरी हुँदा पुरुष शिक्षकलाई १५ दिन प्रसूति स्याहार बिदा दिने उल्लेख छ। यो बिदा श्रीमती सुत्केरी भएको कति दिनदेखि कति दिनभित्र लिनुपर्ने हो ?

**युवराज काफ्ले**
**जनमार्ग उमावि, सिलुवा–१, पाल्पा**

*सुत्केरी हुनुअघि र पछि गरी १५ दिन प्रसूति स्याहार बिदा दिने व्यवस्था नियमावलीमा छ । तर, यति दिनदेखि यति दिनभित्र बिदा लिइसक्नुपर्ने बारे नियमले केही बोलेको छैन । यद्यपि नियमावलीमा लेखिएको 'सुत्केरी हुनुअघि' भन्ने शब्दावलीले चाहिँ 'प्रसूति तयारी'लाई सङ्केत गरेको देखिन्छ । यसबाट सुत्केरी भएको १५ दिनभित्रै प्रसूति स्याहार बिदा उपभोग गरिसक्नुपर्ने भन्ने नियमको आशय रहेको देखिन्छ ।*

***विदुरराज गिरी***
***उपसचिव, शिक्षा मन्त्रालय***

## भिन्नता नै छैन के देखाउने ?

कक्षा ४ को अङ्ग्रेजी पाठ्यपुस्तक (जशिसाके) को पृष्ठ २३ को क्रियाकलाप नं. ५ मा दुई वटा चित्र दिएर तिनमा 'चार/चार वटा फरक देखाऊ' भनिएको छ। तर, म दुवै चित्र उस्तै देख्छु, कुनै भिन्नता देख्दिनँ, यसमा के भएको हो ?

**हीरासिंह बोहरा**
**महत्यालेश्वर निमावि, बर्छेन–६, डोटी**

Picture 'A'



Picture 'B'



*जशिसाकेद्वारा सन् २००७ को संस्करणमा छापिएको चित्रमा स्पष्ट चार/चार वटा फरक छन्। तर, सन् २००८ यता पुन:मुद्रित पुस्तकमा भने तपाईंले औंल्याए जस्तै त्रुटि रहेको देखिन्छ। पछिल्ला संस्करणका लागि पाठ्यक्रम विकास केन्द्रले चित्रको रङमा सामान्य हेरफेर गरी पाठ्यपुस्तकको 'सोर्स फाइल'सहितको मुद्रणीय प्रति जशिसाकेमा पठाएको हो। तर, हामीले पठाएको 'पेज फाइल'लाई मिलाउने क्रममा जशिसाकेबाटै त्रुटिवश चित्र 'ए' र 'बी' समान चित्र छापिएको देखिन्छ। अत: उपलब्ध भएसम्म सन् २००७ को पाठ्यपुस्तकबाट अध्यापन गराउन शिक्षक वर्गमा हाम्रो अनुरोध छ। यो त्रुटिलाई आउँदो संस्करणमा सच्याइनेछ।*

**गणेशप्रसाद भट्टराई**
**उपनिर्देशक, पाठ्यक्रम विकास केन्द्र**

*पाठ्यक्रम विकास केन्द्रबाट पठाइएका दुई वटा चित्रको फाइलको नाम मिल्दोजुल्दो भएकाले चित्र छनोट गर्दा भूलवश एउटै चित्र पर्न गएको हो । यसबाट शिक्षकवर्गमा पर्न गएको असुविधाप्रति हामी दु:खी छौं। आउँदो संस्करणमा यो त्रुटि सच्चिएर आउनेछ ।*

***अर्जुनविलास पन्त***
***निर्देशक, जनक शिक्षा सामग्री केन्द्र लिमिटेड***

## मैले के गर्नुपर्ला ?

म २०४८/०५/०३ मा प्रावि र २०६०/०६/३० मा निमावि तहको स्थायी नियुक्ति पाई हालसम्म कार्यरत छु। मैले 'पाठ्यक्रम तथा मूल्याङ्कन' विषयमा एम.एड. उत्तीर्ण गरी १०+२ लाई पनि पढाउँदै आएको छु। यही भदौमा मेरो २० वर्ष पुग्दैछ। अत: तलको अवस्थामा मैले के गर्नुपर्ला ?

१. १०+२ को दरबन्दी (पूर्णकालीन)मा जान कार्यरत पद छोड्नुपर्छ कि पर्दैन ? उमेरको हद लाग्छ वा लाग्दैन ?

२. हाल कार्यरत पदबाटै पेन्सन लिएर बस्ने स्थितिमा मैले १०+२ तर्फ दरबन्दी सिर्जना भएको अवस्थामा १०+२ को शिक्षक भएर काम गर्न पाउँछु कि पाउँदिनँ ?

**रामेश्वर अधिकारी**
**महेन्द्र उमावि, तुलसीपुर, दाङ**

*१०+२ को पूर्णकालीन दरबन्दीको लागि हालसम्म नीतिगत व्यवस्था नै नभइसकेको हुँदा त्यसबारे केही बताउन सकिँदैन ।*

***पुण्यप्रसाद घिमिरे***
***उपसचिव, शिक्षा मन्त्रालय***

## स्रोतव्यक्ति कसरी छान्ने ?

नयाँ स्रोतव्यक्ति नियुक्तिका लागि दुई जना शिक्षकको आवेदन परेको अवस्थामा स्रोतव्यक्ति छनोट गर्ने मापदण्ड र प्रक्रिया के हो ?

**नारायणप्रसाद पौडेल**
**प्रअ, ज्ञानोदय निमावि, सत्यवती–७, पाल्पा**

*स्रोत केन्द्र मातहतका विद्यालयका प्रअहरूबाट मतदान गराएर एक जनालाई चयन गर्ने ।*

***रामराज खकुरेल***
***उपसचिव, शिक्षा विभाग***

## पदक त अर्कैले लगेछ !

२०६५ सालको राष्ट्रिय शिक्षा पुरस्कार पाउने शिक्षकको सूचीमा मेरो नाम पनि थियो। मैले पाउनुपर्ने प्रमाणपत्र र पदक २०६७ माघमा जिशिका, मोरङमा आएको थाहा पाएपछि पदक लिन गएँ। भर्पाईमा सानो सही गरेर मेरो पदक त अर्कै व्यक्तिले लगिसकेको रहेछ। कसले

लग्यो त्यो पनि पत्तो लागेन। अब मैले पदक पाउने उपाय के होला?

**जीतबहादुर कटुवाल**
**दुर्गा मावि, इटहरा-६, मोरङ**

*शिक्षा मन्त्रालयले अर्को पदक र प्रमाणपत्रको व्यवस्था गर्न सक्दैन। यदि तपाईंलाई २०६५ सालमा राष्ट्रिय शिक्षा पुरस्कार पाएको प्रमाण चाहिएमा मन्त्रालयले त्यसका निम्ति प्रमाणित कागजात चाहिँ बनाइदिन सक्छ।*

***कृष्णगोपाल श्रेष्ठ***
***शाखा अधिकृत, शिक्षा मन्त्रालय***

## निर्णय व्यवस्थापन समितिबाट

म निमावि बाँकी, गोल्टाकुरी-२, दाङमा पियन पदमा कार्यरत छु। मैले महिनाको रु.३ हजार तलब पाउँछु। विद्यालयमा व्यवस्थापन खर्च बापत रु.१ लाख निकासा हुने कुरा थाहा भयो। यो सम्पूर्ण रकम पियनको तलबमा खर्चन मिल्ला कि नमिल्ला?

**शान्तवीर थारू**
**निमावि बाँकी, गोल्टाकुरी-२, दाङ**

*विद्यालयका कर्मचारी (लेखापाल र पियन)को व्यवस्थापनका लागि भनेर यस्तो रकम विद्यालयमा पठाउने गरिन्छ। त्यस रकमबाट विद्यालय व्यवस्थापन समितिको निर्णयका आधारमा तलब व्यवस्थापन गर्नुपर्ने हुन्छ।*

***कृष्णप्रसाद ढुङ्गाना***
***उपसचिव, शिक्षा विभाग***

## सुविधा थपिँदैन

म यसैपालि प्राथमिक द्वितीय श्रेणीमा बढुवा भएको छु र विद्यालयको प्रअ पनि हुँ। शिक्षा नियमावलीमा प्राथमिक विद्यालयमा आई.एड. वा सोसरह उत्तीर्ण शिक्षक प्रअ हुनुपर्ने व्यवस्था छ। मेरो विद्यालयमा सो तह उत्तीर्ण गर्ने म नै एक मात्र शिक्षक हुँ। अब म प्रअ रहेको अवस्थामा मेरो कुन श्रेणी कायम हुन्छ र तलब/भत्ता थप हुन्छ कि हुँदैन?

**गिरबहादुर थापा**
**प्रअ, सूर्योदय प्रावि, आँबुखैरेनी-१, तनहुँ**

*तपाईं योग्यताप्राप्त प्रअ भएतापनि त्यसबाट अर्को छुट्टै श्रेणी निर्धारण हुँदैन र तपाईंले पाउँदै आएको प्रअ भत्ता बाहेक अरू सुविधा थपिने छैन।*

***पुण्यप्रसाद घिमिरे***
***उपसचिव, शिक्षा मन्त्रालय***

## द्विविधा पऱ्यो

विद्यालय क्षेत्र सुधार योजनाले तोकेको मापदण्ड अनुसार आधारभूत तह (कक्षा १-८) का लागि शिक्षकको योग्यता आई.एड. हो कि बी.एड. हो? यसमा द्विविधा पऱ्यो।

**कुमार बयलकोटी**
**दीपेन्द्र स्मृति प्रावि, धरान**

*विद्यालय क्षेत्र सुधार योजनाले आधारभूत तहको शिक्षकको योग्यता आई.एड. वा सोसरह तोकेको छ।*

***शिवकुमार सापकोटा***
***उपनिर्देशक, शैक्षिक जनशक्ति विकास केन्द्र***

## बिदा कसरी काटिन्छ ?

कुनै शिक्षक बिरामी बिदाबाट कट्टा हुने गरी बिदा बसेको बेलामा विद्यालय खुलेका दिनको मात्रै बिदा कट्टा हुन्छ कि सार्वजनिक बिदाको दिनको पनि?

**विष्णुकुमारी खत्री**
**नवदुर्गा प्रावि, हिलेछाप, ओखलढुङ्गा**

*यस्तै प्रकृतिका समस्या जिशिका, काठमाडौंबाट पनि शिक्षा मन्त्रालयमा प्राप्त भएका छन्। यसबारे नीतिगत निर्णयका लागि फाइल अगाडि बढाइएको छ। निर्णय भएपछि यसबारे विस्तृत बताउन सकिनेछ।*

***विदुरराज गिरी***
***उपसचिव, शिक्षा मन्त्रालय***

## जिल्लान्तर पनि हुने हो ?


शिक्षा विभागले गत वैशाखमा जिशिकामा परिपत्र गरेको दरबन्दी मिलानको मापदण्डमा बढी भएका दरबन्दीलाई 'पुल दरबन्दी'मा राखी क्रमशः मिलान गर्दै लैजाने उल्लेख छ। यदि कुनै जिल्लामा धेरै सङ्ख्यामा पुल दरबन्दीमा शिक्षक रहेमा अर्को जिल्लामा लगेर मिलान गर्न मिल्छ कि मिल्दैन?

**हेमचन्द्र अधिकारी**
**भारती उमावि, हात्तीखर्क-६, धनकुटा**

*एउटै जिल्लाभित्रका विद्यालयमा दरबन्दी मिलान गर्ने गरी उक्त व्यवस्था कायम गरिएको हो। यसमा तपाईंले भनेजस्तो जिल्लान्तर सरुवा र दरबन्दी मिलान गरिंदैन।*

***गणेश पौडेल, उपनिर्देशक, शिक्षा विभाग***





Most demanded by students
सरकारी तथा निजी विद्यालयका लागि
TALEJU
ENGLISH
PRACTICE BOOK
By : Surya Prasad Ghimire
For Class VII, VIII, IX, & X Classwise Book
तलेजु प्रकाशन
काठमाडौं, फोन ४२५२९६६, ४२२९२६८


गुञ्जन्छ राष्ट्रको हरेक कुनामा...
नेपाल एफएम नेटवर्क
NEPAL FM 91.8
NEPAL FM
91.8
Socially Inclusive Radio of New Nepal
तपाई जहाँ भए पनि नेपाल एफ एम
विस्तृत जानकारीका लागि : नेपाल एफ.एम. 91.8, रविभवन, काठमाडौं
फोन: ४२८९१२१, ४२८९१२३, ईमेल : radio@nfm.com.np
www.nfm.com.np

# फुर्सद



## शब्द खेल-३५




नाम: — — — — — — —

ठेगाना: — — — — — — —


### तेर्सो

१) बिलम्ब/अबेला/ढिलो
३) पञ्चपात्रको सानो डाडु
५) नख/नङ्ग्रा
७) कुनै वस्तुको स्वरूप/आकृति
९) आवश्यकता/खाँचो
१०) घटिया/खराब/नराम्रो
१२) घोडचढीले समाउने छालाको लामो फित्ता
१३) भित्र कपास भरेर बाहिर कपडाले छोपी तगेको बाक्लो ओढ्ने
१५) सतर्क हुनाको भाव, गुण वा अवस्था/सावधानी
१६) मालहरूको समूह/मालताल
१८) अड्डा-अदालतको मामिलामा प्रशस्त अनुभवी
२०) दोष/अवगुण/दुर्गुण
२१) एकपछि अर्को गर्दै जाने प्रक्रिया/क्रम/तारतम्य
२२) आँखा/नयन/नेत्र

### ठाडो

२) घाम अस्ताइसकेपछिको समय
३) शरीर/देह/पिठिउँ
४) तलतिर/उँधो
६) जीवजन्तु पाल्न बनाइएको साँघुरो कोठो
७) भैंसी, राँगो, सुँगुर आदि डुब्ने वा खेल्ने पानीपोखरी
८) धन/सम्पत्ति/पैसा
९) सेनाको एक समूह वा गुल्म
११) राम्ररी बटुलिएको/सञ्चय गरिएको
१३) सात तार भएको एक प्रसिद्ध बाजा
१४) कलम सारेको बोटमा फलेको
१५) तासको सातफुट्टी भएको पत्ती
१६) मानिस/मनुष्य
१७) चिराक/बल्दो आगो
१९) सैनिकहरूलाई सामूहिक रूपमा दिइने शारीरिक प्रशिक्षण
२०) सानोतिनो नदी

## अन्ताक्षरी-३५




नाम: — — — — — — — — —

ठेगाना: — — — — — — — — —

१) रूखका हाँगामा पलाएको टुसो (३)
२) कुनै कामकारबाहीलाई रोक्ने-अड्याउने काम वा प्रयत्न (४)
३) आन्तरिक भाव/आशय/तात्पर्य/अभिप्राय (४)
४) प्रबन्ध/व्यवस्था/इन्तिजाम (४)
५) नियमित रूपमा प्रकाशित हुने पत्रिकाका निश्चित विषयमा सधैं लेखिरहने व्यक्ति (५)
६) पुराणअनुसार चार युगमध्ये पछिल्लो (४)
७) खँदिलो भइकन महत्वपूर्ण/सार वा तत्व भएको (४)
८) लोकतन्त्रका सिद्धान्तअनुसारको (५)
९) दाल-भात आदि पकाइने एक प्रकारको भाँडो (३)
१०) विश्वविद्यालयअन्तर्गत रहने कुनै अध्ययन संस्थानका प्रमुख (२)
११) हेर्दा राम्रो देखिने/आँखालाई आनन्द दिने/ज्यादै सुन्दर (६)
१२) फरक फरक विभिन्न मत/अनेक मत (६)
१३) शरीरमा सञ्चार हुने रगतको तीव्र वा अल्प चाप (४)
१४) समान अर्थ बुझाउने/एउटै अर्थ बुझाउने/समानार्थक (५)
१५) आकाशमा माथि-माथिसम्म कावा खाँदै उडिरहने एक हिंस्रक पक्षी (२)

**शब्द खेल-३३ को सही उत्तर**

तेर्सो: १) सुगम ३) अफ्रिका ५) तर ६) जप ८) माकुरा ९) महसुस ११) मधुमास १३) निराधार १५) सरोकार १७) महिमा १८) सीमा २०) पाको २१) तन्नम २२) नहर ।

ठाडो: १) सुर २) मलमास ३) अविराम ४) काज ५) तमाम ७) पलाँस १०) सुविधा १२) धुपौरो १३) निकासी १४) रमझम १५) समाधान १६) रडाको १९) मात २०) पार ।

**अन्ताक्षरी-३३ को सही उत्तर**

१) प्रताप २) पत्राउ ३) उसिसनिसिस ४) सर्वोत्तम ५) मनतातो ६) तोडफोड ७) डरछेरुवा ८) वास्तविक ९) कठघरा १०) राफसाफ ११) फलमासु १२) सुनसान १३) नरपशु १४) शुभकामना १५) नामुद ।

## फुर्सद



## सुडोकु-३५

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | ८ | | | २ | ४ | १ | |
| ७ | | | | ३ | | ९ | | |
| ९ | ४ | | | | | | | ८ |
| १ | | | ५ | | ४ | | | |
| | ९ | | | ८ | | | ५ | |
| | | | १ | | ३ | | | २ |
| ८ | | | | | | | ७ | ३ |
| | | २ | | १ | | | | ६ |
| | १ | ७ | ८ | | | ५ | | |

नामः _ _ _ _ _ _ _ _

ठेगानाः _ _ _ _ _ _ _ _

## सुडोकु-३३ को समाधान

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ६ | ९ | १ | ७ | २ | ४ | ५ | ३ | ८ |
| ७ | २ | ५ | ८ | ३ | ९ | ६ | १ | ४ |
| ३ | ४ | ८ | ५ | १ | ६ | ९ | ७ | २ |
| ४ | ६ | २ | ३ | ९ | ७ | ८ | ५ | १ |
| ८ | ३ | ७ | १ | ६ | ५ | ४ | २ | ९ |
| ५ | १ | ९ | २ | ४ | ८ | ३ | ६ | ७ |
| ९ | ७ | ६ | ४ | ५ | २ | १ | ८ | ३ |
| १ | ८ | ४ | ६ | ७ | ३ | २ | ९ | ५ |
| २ | ५ | ३ | ९ | ८ | १ | ७ | ४ | ६ |

सूचनाः शब्दखेल, अन्ताक्षरी र सुडोकुका सहभागीहरूले पत्रिकाको 'कटिङ' अनिवार्य पठाउनुपर्नेछ । फ्याक्स, फोटोकपी तथा अर्को कागजमा सारेर पठाएको समाधान मान्य हुने छैन । -सं.

## सामान्यज्ञान-३५

१. आर्कटिक (Arctic) क्षेत्रको सबैभन्दा धेरै भू-भाग कुन राष्ट्रले दाबी गरिरहेको छ ?
(क) आइसल्याण्ड (ख) रूस
(ग) अमेरिका (घ) नर्वे

२. विश्वमा सर्वाधिक अलैंची उत्पादन गर्ने देश कुन हो ?
(क) दक्षिण अफ्रिका (ख) भियतनाम
(ग) भारत (घ) नेपाल

३. नेपालमा आय/व्ययको अनुमानित विवरणसहित वार्षिक बजेट बनाउने क्रम कहिलेदेखि शुरू भएको हो ?
(क) वि.सं. २००८ (ख) वि.सं. २०११
(ग) वि.सं. २०१५ (घ) वि.सं. २०१८

४. छन्दोबद्ध कविताका हरफलाई श्लोक भनिए झैं वेदका हरफलाई के भनिन्छ ?
(क) श्लोक (ख) शिखा
(ग) ऋचा (घ) वेदान्त

५. जेनेटिक इञ्जिनियरिङ प्रविधिबाट उत्पादन गरिएको पहिलो औषधि के हो ?
(क) पेन्सिलिन (ख) मेघालिन
(ग) इन्सुलिन (घ) टाइथालिन

तलका शब्दको पर्यायबाची शब्द तत्काल भन्नुस्, आफ्नो शब्दभण्डार जाँच्नुस्
(क) तरकारी (ख) ताजा
(ग) फलफूल (घ) माथि

## सामान्यज्ञान-३३ को सही उत्तर

१. पृथ्वीको सबैभन्दा अग्लो ठाउँ हिमालयमा अवस्थित सगरमाथाको टुप्पो हो भने सबैभन्दा होचो वा गहिरो भू-भाग कहाँ पर्छ ?
(ख) मृतसागर (डेड-सी)

२. महाभारतका लेखक को हुन् ?
(घ) वेदव्यास

३. तलका कुन एउटा देशको मुद्रा रूपैयाँ (अङ्ग्रेजीमा Rupee) होइन ?
(क) बङ्गलादेश (जसको मुद्रालाई टाका भनिन्छ ।)

४. अफ्रिकन हात्ती कति महिनामा ब्याउँछ ?
(ख) २१ महिना



५. कुन चराको मस्तिष्कभन्दा आँखा ठूला हुन्छन् ?
(ग) अष्ट्रिच

# सही समाधान पठाउने सहभागी र पुरस्कार विजेता

**शब्दखेल-३३: सही समाधान पठाउने सहभागीमध्ये गोलाप्रथाद्वारा छानिएका पुरस्कार विजेताः** ***रमेश शर्मा,*** **राजकुलेश्वर आधारभूत विद्यालय, भीमेश्वर-२, दोलखा ।**

**सही समाधान पठाउने अन्य सहभागी**
- तीर्थराज मिश्र/सुरेन्द्र तामाङ, खुँगा मावि, खाल्डे-८, पाँचथर
- मीरा कु. खत्री, दीपेन्द्र निमावि, जोगीडाँडा-६, उदयपुर
- सोमनाथ कोइराला, खाँडादेवी उमावि, मझुवा
- काजी ब. थापा/तीर्थराज गौली, सप्तधारा मावि, जीता-८, लमजुङ
- ध्रुवधन कुलुङ, बालेश्वर मावि, केरुङ-६, सोलुखुम्बु
- कमलादेवी कार्की, थानपोखरी उमावि, ज्यामिरेझोर, उदयपुर
- खड्गराज कार्की, गुदेल मावि, गुदेल, सोलुखुम्बु
- गुरू प्र. न्यौपाने, रानीटार उमावि, पाँचथर
- सनिता खड्का, चन्द्रसूर्य मावि, झलारी-७, कञ्चनपुर
- चन्द्र प्र. ओली, भैरव मावि, धुपिढुस्का-५, जुम्ला
- सन्तोष प्र. श्रेष्ठ, महेन्द्र न.उमावि, खलंगा, प्यूठान
- नारायण प्र. नेपाल, जुगल प्रावि, बतासे-४, सिन्धुपाल्चोक
- चेतराज मिश्र, कालिका निमावि, दिपिल, बझाङ
- पल्लवराज जोशी, रिठाचौपाता-८, मैखोली, दार्चुला
- हरिनारायण खतिवडा, शारदा संस्कृत मावि, रामेछाप
- देवराज श्रेष्ठ, उदय प्रावि, तीनधारे, ओखलढुङ्गा
- राम प्र. देवकोटा, मित्रता उमावि, सत्ररूम, तनहुँ
- वसन्त काफ्ले, महेन्द्रोदय मावि, बोया-४, भोजपुर
- विष्णु घिताल, भानु मावि, गढी, मक्रान्चुली, मकवानपुर
- तुल्सी प्र. पौडेल, सरस्वती मावि, सहारे-८, सिमघाट
- सन्जीव लवट, खलंगा-६, प्यूठान
- दिननाथ दुलाल, जनता उमावि, रामपुर-२, रामेछाप
- गगन कु. श्रेष्ठ, जाल्पा मावि, गैरीगाउँ-१, ओखलढुङ्गा
- कल्पना श्रेष्ठ/टेक ब. श्रेष्ठ, जनता उमावि, रामपुर-३, रामेछाप
- मीनकेतनराज शर्मा, जागृति मावि, खौमा, भक्तपुर
- देवीमाया प्रधान, लक्ष्मीनारायण प्रावि, वास्तिम-४, भोजपुर
- बुद्धि कार्की, बालेश्वर मावि, केरुङ-६, सोलुखुम्बु
- झलक ब. श्रेष्ठ, भीमेश्वर निमावि, रामेछाप
- रामचन्द्र/सरोज अधिकारी, जलकन्या निमावि, बैरेनी-६, धादिङ
- देवनारायण चौधरी, थानपोखरी उमावि, ज्यामिरेझोर, उदयपुर
- कौशल कु. यादव, मधेशी शिक्षक फोरम, मोहत्तरी
- माधव प्र. भट्टराई, रा.ज.उमावि, भ्रमरपुरा, मोहत्तरी
- कमला दाहाल 'पाण्डे', दिक्तेल-४, खोटाङ
- सुशीला खतिवडा, शीतला मावि, खाल्ले, खोटाङ
- लेखनाथ घिमिरे, शान्ति निकेतन उमावि, कोल्बुङ, इलाम
- घनश्याम डल्लाकोटी, मानवअधिकार तथा विकास केन्द्र, न्यूरोड, काठमाडौं
- सदिच्छा/शुभेच्छा डल्लाकोटी, ज्ञानोदय मावि, काठमाडौं
- मीठू डल्लाकोटी, निमावि बरहट्टी, वीरेन्द्रनगर-४, चितवन

**अन्ताक्षरी-३३: सही समाधान पठाउने सहभागीमध्ये गोलाप्रथाद्वारा छानिएका विजेताः** ***चित्रकला खपाङ्गी मगर,*** **बालज्योति प्रावि, पञ्चावती-३, कुसुमबोट, उदयपुर ।**

**सही समाधान पठाउने अन्य सहभागी**
- खड्गराज कार्की, गुदेल मावि, सोलुखुम्बु
- दामोदर भुजेल, महांकालेश्वर प्रावि, चित्तपोल-६, भक्तपुर
- हरिनारायण खतिवडा, शारदा सं. मावि, रामेछाप
- मोहनदेव जोशी, रिठाचौपाता-८, मैखोली, दार्चुला
- कमलादेवी कार्की, थानपोखरी उमावि, ज्यामिरेझोर, उदयपुर
- बुद्धि कार्की, बालेश्वर मावि, केरुङ-६, सोलुखुम्बु
- निर्मला श्रेष्ठ, भानुमोरङ प्रावि, विराटनगर, मोरङ
- गगन कु. श्रेष्ठ, जालपा मावि, गैरीगाउँ, ओखलढुङ्गा
- पल्लवराज जोशी, रिठाचौपाता-८, मैखोली, दार्चुला
- राजन प्र. संजेल/भरत प्र. फुँयाल, अमरसिंह प्रावि, आमभञ्ज्याङ, मकवानपुर
- सावित्री थापा मगर, जनशक्ति प्रावि, ओख्रेनी-६, रामेछाप
- प्रकाश खड्का, कालिका मावि, असैना-८, कञ्चनपुर
- रामचन्द्र/गोविन्दप्रसाद अधिकारी, जलकन्या निमावि, बैरेनी-६, धादिङ
- विमल प्र. देवकोटा, जनज्योति उमावि, लालबन्दी, सर्लाही
- नारायण प्र. तिमल्सिना, छतिवन-५, गोठखोला
- पुस्तराज कँडेल, चण्डीदेवी निमावि, हर्दिनेटा-९, गुल्मी
- ध्रुवधन कुलुङ, बालेश्वर मावि, केरुङ-६, सोलुखुम्बु
- जनार्दन घिमिरे, भगवती मावि, नुवाकोट-५, अर्घाखाँची
- देवनारायण चौधरी, हडिया-४, उदयपुर
- अनुप श्रेष्ठ, सरस्वती उमावि, खानीभञ्ज्याङ, ओखलढुङ्गा
- विष्णु घिताल, भानु मावि, गढी-६, मकवानपुर
- उद्धव आचार्य, झम्केश्वरी मावि, पालुङ-१, मकवानपुर
- छत्र ब. विष्ट, सिंहदेवी निमावि, बोया-२, भोजपुर
- निसान सापकोटा, छतिवन-५, गोठखोला, मकवानपुर
- काजी ब. थापा/चन्द्रमा अधिकारी, सप्तधारा मावि, जीता-८, लमजुङ
- चेतराज मिश्र, कालिका निमावि, दिपिल, बझाङ
- गंगा भुसाल, नुवाकोट मावि, चिदिचौर, अर्घाखाँची
- माधव प्र. भट्टराई, रा.ज.उमावि, भ्रमरा, महोत्तरी
- मीन कु. दाहाल, शीतला मावि, खाल्ले, खोटाङ
- झलक ब. श्रेष्ठ, भीमेश्वर निमावि, रामेछाप-५, रामेछाप
- हरिहर सुवेदी, घाटदेवी निमावि, पालुङ, मकवानपुर
- सुशीला खतिवडा, शीतला मावि, खाल्ले, खोटाङ
- राम कु. श्रेष्ठ, भीमेश्वर निमावि, रामेछाप-५, रामेछाप
- वसन्त काफ्ले, महेन्द्रोदय मावि, बोया, भोजपुर
- बल ब. थापा मगर, सरस्वती प्रावि, पालकोट-५, बाग्लुङ
- कमला दाहाल 'पाण्डे', दिक्तेल-४, खोटाङ
- यादव प्र. पौडेल, वीरेन्द्रनगर न.पा.-८, इत्राम, सुर्खेत
- घनश्याम डल्लाकोटी, मानवअधिकार तथा विकास केन्द्र, न्यूरोड, काठमाडौं
- सदिच्छा/शुभेच्छा डल्लाकोटी, ज्ञानोदय मावि, बाफल, काठमाडौं
- मीठू डल्लाकोटी, निमावि बरहट्टी, वीरेन्द्रनगर-४, चितवन
- लीलाधर जोशी, मालिकार्जुन मावि, रिठाचौपाता-६, दार्चुला

**सुडोकु-३३: सही समाधान पठाउने सहभागीमध्ये गोलाप्रथाद्वारा छानिएका पुरस्कार विजेताः** ***रूद्रबहादुर श्रेष्ठ,*** **पाँचकन्या प्रावि, कदमबास-७, सिन्धुपाल्चोक**

**सही समाधान पठाउने अन्य सहभागी**
- कान्ति ब. रायमाझी, दुर्गादेवी प्रावि, मझुवा-४, रामेछाप
- रमेश शर्मा, राजकुलेश्वर आधारभूत विद्यालय, भीमेश्वर-२, दोलखा
- चेतराज मिश्र, कालिका निमावि, दिपिल, बझाङ
- सुनिल कु. सारू मगर, भृकुटी मावि, सौरे-२, काभ्रे
- गुप्त ब. भण्डारी, महेन्द्र प्रावि, मलम्पार-७, म्याग्दी
- मुना कु. श्रेष्ठ, गोल्माडाँडा प्रावि, रामपुर-८, रामेछाप
- हेम प्र. भट्टराई, भानु निमावि, हत्पते-४, सिन्धुली
- मोहनदेव जोशी, रिठाचौपाता-८, मैखोली, दार्चुला
- सिवेस कु. सिंह, छतिवन-६, मकवानपुर
- हेम ब. जि.सी., जलकन्या मावि, सेरा-३, पर्वत
- चन्द्र प्र. ओली, भैरव मावि, धुपीढुस्का-५, जुम्ला
- खिलराज थापा, जनता मावि, डुम्रे-१, उदयपुर
- पदम प्र. मिश्र, बाल सुबोधिनी निमावि, झापा
- राम कु. श्रेष्ठ, भीमेश्वर निमावि, रामेछाप-५, रामेछाप
- उद्धव सापकोटा, छतिवन-५, मकवानपुर
- गोविन्द प्र. ढुङ्गाना, बनेपा न.पा.-४, नयाँवस्ती, काभ्रे
- लाल ब. डि.सी., सरस्वती मावि, सीमघाट-८, सुर्खेत
- विष्णु घिताल, भानु मावि, मकवानपुरगढी-६, मकवानपुर
- रीता थापा मगर, अन्तरज्योति मावि, तालुकोट-८, गोरखा
- दिल कु. राई, का.प्र. गण (ई) एयरपोर्ट, काठमाडौं
- नरेन्द्र प्र. चौधरी, नेपाल राष्ट्रिय मावि, बेलवा, बारा
- दीपेन्द्र कु. झा, भीमेश्वर निमावि, रामपुर-७, रामेछाप
- अरविन्द कु. यादव, भृङ्गेश्वर मावि, कोटगाउँ-९, रामेछाप
- नन्दलाल ओली, कालिका मावि, दैलेख
- प्रकाश खड्का, कालिका मावि, असैना-८, कञ्चनपुर
- वसन्त काफ्ले, महेन्द्रोदय मावि, बोया-४, भोजपुर
- मिलन ढकाल, कुमारीपाटी, ललितपुर
- होमनाथ पराजुली, सिंहवाहिनी प्रावि, हेलौछा-५, भोजपुर
- चित्रकला खपाङ्गी मगर, बालज्योति प्रावि, पञ्चावती-३, उदयपुर
- प्रेमकृष्ण श्रेष्ठ, प्रगतिशील उमावि, झा.रा.-२, सिन्धुली
- तुल ब. पुन, भृकुटी प्रावि, भलाका राङखानी-१, रोल्पा
- हुकुम ब. साउद, जनकल्याण निमावि, निगाली-१, कैलाली
- जय प्र. कापर, हजारी जनक विद्यापिठ, कटैया-६, मोहत्तरी
- निरमाया श्रेष्ठ, सातकन्या कालिका देवी प्रावि, कदमबास-१, सिन्धुपाल्चोक
- देवनारायण चौधरी, थानपोखरी उमावि, ज्यामिरेझोर,उदयपुर
- कविन्द्र प्रकाश पुन, जनकल्याण निमावि, रूकुम
- छत्र ब. विष्ट, सिंहदेवी निमावि, बोया-२, भोजपुर
- प्रकाश भट्टराई, हत्पते-७, सिन्धुली
- जगन्नाथ पौडेल, सरस्वती मावि, सहारे-८, सुर्खेत
- जनक प्र. आचार्य, प्रभात मावि, पालुङ-३, पाल्पा
- गणेश कु. ओली, सरस्वती मावि, चेपाङ
- देवचन्द्र श्रेष्ठ, ७१ 'ग', बैंकमार्ग, बागबजार, काठमाडौं
- शम्भु ब. आले मगर, नीलकण्ठेश्वर मावि, कठजोर-७, रामेछाप
- ध्रुवधन कुलुङ, बालेश्वर मावि, केरुङ-६, सोलुखुम्बु
- शिव कलेल, महन्यालेश्वर निमावि, अलाडी-६, डोटी
- दिपेश गिरी, बछलादेवी निमावि, सि.पा. साँगाचोक
- फाल्गुना दाहाल, नवदुर्गा प्रावि, धनगढी न.पा.-१२, कैलाली
- लालमणि भट्टराई, जोगवाणी प्रावि, भुवनपोखरी-३, पाल्पा
- श्रवण कु. चौधरी, जनता निमावि, दुलारी-८, मोरङ
- पल्लवराज जोशी, रिठाचौपाता-८, मैखोली, दार्चुला
- पवित्रा बुढा, पृथ्वीनारायण क्याम्पस, पोखरा, कास्की
- कृष्ण प्र. लम्साल, चण्डेश्वरी उमावि, निगालपानी-८, धादिङ
- कमलादेवी कार्की, थानपोखरी उमावि, ज्यामिरेझोर, उदयपुर
- खड्गराज कार्की, गुदेल मावि, गुदेल, सोलुखुम्बु
- हरिनारायण खतिवडा, शारदा संस्कृत मावि, रामेछाप
- भुवन अधिकारी, सरस्वती रा.प्रावि, सुतर्नी-२, चितवन
- बालकृष्ण श्रेष्ठ, सेतीदेवी प्रावि, बेनी-१, सोलुखुम्बु
- अमित भट्टराई, मिलेनियन उमावि, तानसेन, पाल्पा
- लीलाधर जोशी, मालिकार्जुन मावि, रिठाचौपाता-६, दार्चुला
- ओमप्रकाश श्रेष्ठ, राम्चे प्रावि, बुंकोट, गोरखा
- कृष्ण ब. भण्डारी, मष्टा प्रावि, मालुमेला-८, बझाङ
- राज कु. कार्की, गणेश मावि, भीमखोरी-८, काभ्रे
- रूद्र ब. थापा मगर, राङखानी उमावि, राङखानी, बाग्लुङ
- मीठू कु. डल्लाकोटी, निमावि बजरहट्टी, वीरेन्द्रनगर-४, चितवन
- सदिच्छा डल्लाकोटी, ज्ञानोदय मावि, बाफल, काठमाडौं
- वैदेहीशरण यादव, उमावि, बसबिट्टी, महोत्तरी
- बल ब. थापा मगर, सरस्वती प्रावि, पालकोट-५, बाग्लुङ
- धनञ्जय श्रेष्ठ, च.उमावि, लेखानी-५, उदयपुर
- प्रमोद कु. दास, दीपेन्द्र निमावि, जोगीडाँडा-६, उदयपुर
- सन्तोष प्र. श्रेष्ठ, महेन्द्र न.उमावि, खलंगा, प्यूठान
- बुद्धि कार्की, बालेश्वर मावि, केरुङ-६, सोलुखुम्बु
- झलक ब. श्रेष्ठ, भीमेश्वर निमावि, रामेछाप-५, रामेछाप
- कौशल कु. यादव, मधेशी शिक्षक फोरम, महोत्तरी
- दिलीप कु. यादव, खाँडादेवी उमावि, मझुवा-९, रामेछाप
- शुभेच्छा डल्लाकोटी, ज्ञानोदय मावि, बाफल, काठमाडौं

**सामान्यज्ञान-३३: सही समाधान पठाउने सहभागीमध्ये गोलाप्रथाद्वारा छानिएका पुरस्कार विजेताः** ***जनार्दन घिमिरे,*** **भगवती मावि, नुवाकोट-५, अर्घाखाँची**

**सही समाधान पठाउने अन्य सहभागी**
- पल्लवराज जोशी, रिठाचौपाता-८, मैखोली, दार्चुला
- मीठू डल्लाकोटी, निमावि बजरहट्टी, वीरेन्द्रनगर-४, चितवन
- पवित्रा चन्दरा/तीलविर सुतार, सरस्वती मावि, सहारे-८, सुर्खेत
- जगन्नाथ पौडेल/तुलसी प्र. पौडेल, सरस्वती मावि, सहारे-८, सुर्खेत
- दीपकराज आचार्य/लालमती वि.क., सरस्वती मावि, सहारे-८, सुर्खेत
- जग ब. ओली, भालुखोला प्रावि, सहारे-७, सुर्खेत
- लीलाराम थापा मगर/थानेश्वर पाण्डे, उमावि, सहारे-७, सुर्खेत
- लाल ब. डि.सी, सरस्वती मावि, सहारे-८, सुर्खेत
- दुर्गा डि.सी., मिलन पुस्तक पसल, सहारे-८, सुर्खेत
- अमर सर/भावना ढकाल, सरस्वती मावि, सहारे-८, सुर्खेत
- शुभेच्छा डल्लाकोटी, ज्ञानोदय मावि, बाफल, काठमाडौं
- सुरेश कु. शर्मा, सिद्धार्थ निमावि, मोतीपुर-१, बर्दिया
- यादव प्र. पौडेल, वीरेन्द्रनगर न.पा.-८, ईत्राम, सुर्खेत
- पदम प्र. न्यौपाने, सेतीदेवी निमावि, साँघुटार-३, थाक्ले
- घनश्याम डल्लाकोटी, मानवअधिकार तथा विकास केन्द्र, न्यूरोड, काठमाडौं
- सदिच्छा डल्लाकोटी, ज्ञानोदय मावि, बाफल, काठमाडौं
- चित्रकला खपाङ्गी मगर, बालज्योति प्रावि, पञ्चावती-३, उदयपुर
- डम्बर थापा मगर, रौता-९, उदयपुर
- रविन गौतम, सतासी धाम-४, झापा
- गोविन्द प्र. आचार्य, ज.क.उ.मावि, पालुङ, मकवानपुर
- मेघराज जोशी, कैलाली ब.क्या., कैलाली
- गंगा भूसाल, नुवाकोट चिदीचौर, अर्घाखाँची
- तील कु. पौडेल, सिद्धार्थ निमावि, मोतीपुर-१, हाउसपुर, बर्दिया
- केशव नेपाल, भगवती मावि, आँखीभुईं-९, सङ्खुवासभा

**नियमः** *शब्दखेल, अन्ताक्षरी, सुडोकु* र *सामान्यज्ञान* को सही समाधान पठाउनुहुने पाठकमध्ये गोलाप्रथाबाट छानिएका एक/एक जना विजेतालाई एक वर्षसम्म *शिक्षक* मासिक निःशुल्क (हुलाक खर्चसहित) उपलब्ध गराइनेछ ।
यस अंकका प्रश्नको जवाफ/समाधान **२० असोज २०६८** सम्ममा *शिक्षक* मासिकको कार्यालयमा आइपुग्नुपर्नेछ ।
**जवाफ पठाउने ठेगानाः** ***शिक्षक*** मासिक, मच्छिन्द्र मार्ग, जावलाखेल, पो.ब.नं. ३९१, ललितपुर ।

# सुनका कुरा सुनौं



पहिले-पहिले 'ल्हासामा सुन छ, कान मेरो बुच्चै !' भनेर दिदी-बहिनीहरू गुनासो गर्ने गर्दथे । यताका दिनमा बढेको बढ्यै गरेको सुनको भाउले झन् धेरै दिदी-बहिनीहरूका कान बुच्चै पार्ने सङ्केत दिन थालेको छ । एकथरी जानिफकारहरूले अबका पाँच महिनामै सुनको भाउ अहिलेको दोब्बर हुने भविष्यवाणी गरिसकेका छन्। अर्थात्, तोलाको रु.५० हजारको सट्टा रु.१ लाख ! अनि नहोलान् त धेरैका कान बुच्चै ?

सुनको भाउ यति छिटो र चर्को दरमा पहिले कहिल्यै बढेको थिएन । गुरुत्वाकर्षणको सिद्धान्तका प्रतिपादक सर आइज्याक न्यूटनले बेलायतको टक्सार प्रमुख हुँदा, सन् १७१७ मा कायम गरेको सुनको मूल्य लण्डनमा २०० वर्षसम्म कायम रहेको थियो। सन् १८०० मा प्रति आउन्स (१ आउन्स= ३१.१०३४ ग्राम; करिब तीन तोला) औसत २० अमेरिकी डलरमा बिक्री हुने गरेको सुनको मूल्य सन् १९६८ मा आएर बल्ल दोब्बर (३९.३१ डलर) भएको थियो । *(हे. तालिका)* सन् १९७३ को तेल सङ्कटपछि पहिलो पटक सुनको मूल्यले १०० डलर छोएको हो। सन् १९८० को दशकमा प्रति आउन्स ६०० डलरसम्म पुगेको मूल्य १९९० को दशकभरि ३०० र ४०० डलरको बीचमा स्थिर भएको पाइन्छ। सन् २०००-२००१ मा त यो दर २७० डलरसम्म झरेको थियो। तर त्यसपछिका वर्षमा भने सुनको भाउ बढेको बढ्यै छ। यी पङ्क्ति लेख्दै गर्दा (१४ अगष्ट, २०११) विश्वबजारमा सुनको मूल्य प्रति आउन्स १७५० देखि १८०५ डलर रहेको छ भने नेपालमा प्रति तोला करिब रु.५० हजार।

यसरी किन बढ्दैछ त सुनको भाउ? सुनले प्राग्ऐतिहासिक कालदेखि आर्जन गरेको 'विश्वास' नै अहिलेको मूल्यवृद्धिको प्रमुख कारण हो । संयुक्त राज्य अमेरिका र युरोपियन युनियनका देशहरूले उधारोमा गरेको खर्च अर्थात् राष्ट्रिय ऋणको मात्रा बढ्दै जाँदा तिनका मुद्रा (डलर, यूरो, पाउण्ड आदि)ले अन्तर्राष्ट्रिय बजारमा पाउँदै आएको विश्वास र साख कायम रहन छाड्यो। परिणामत: आफ्नो धन सुरक्षित राख्न संसारभरका ब्याङ्क, व्यापारी र सामान्य मानिस समेत सुन किनेर थुपार्न थाले । 'दुर्लभता' त सुनको गुण हुँदै हो । बढेको माग अनुसार बजारमा सुन आपूर्ति हुनसक्ने नभएपछि भाउ बढ्ने नै भयो।



**सुनको मूल्यको इतिहास**

**सन् १८००–२०११**

**प्रति आउन्स/डलरमा**

| वर्ष | मूल्य |
|---|---|
| १८०० | १८.९३ |
| १८३३ | १८.९३ |
| १८५३ | १८.९४ |
| १८७३ | १८.९४ |
| १८९३ | १८.९६ |
| १९१३ | १८.९२ |
| १९३३ | २६.३३ |
| १९५३ | ३४.८४ |
| १९७३ | ९७.३९ |
| १९८३ | ४२४.०० |
| १९९३ | ३५९.७७ |
| २००० | २७९.११ |
| २००१ | २७१.०४ |
| २००२ | ३०९.७३ |
| २००५ | ४४४.७४ |
| २००३ | ३६३.३८ |
| २००६ | ६०३.४६ |
| २००४ | ४०९.७२ |
| २००७ | ६९५.३९ |
| २००८ | ८७१.९६ |
| २००९ | ९७२.३५ |
| २०१० | १,२२४.५३ |
| २०११ | १८००.०० |



**इसापूर्व १२२३ मा निर्मित मिश्रका शासक तुताखामुनको यो सुनौलो प्रतिमूर्तिले सुनको ऐतिहासिक प्रयोग झल्काउँछ।**

सुनप्रतिको मानिसको विश्वास विगत पाँच हजारभन्दा बढी वर्षदेखि अविच्छिन्न कायम रहँदै आएको छ। यो पाउन दुर्लभ र देख्नमा सुन्दर मात्रै छैन; अजर, अमर र अविनाशी पनि छ। अहिलेसम्म संसारमा जे-जति सुन उत्खनन् वा उत्पादन भयो, त्यो लगभग सबै अहिले पनि सुरक्षित छ। विश्व सुन परिषद् (वर्ल्ड गोल्ड काउन्सिल)को अनुमानमा संसारका सबै देश, ब्याङ्क, व्यापारी र व्यक्तिका हात, गला, कान र सेफ तथा गोदाममा सजिएको सुनको कुल तौल करिब १ लाख ६६ हजार टन हुन्छ। आजसम्मको विश्वको उत्पादन पनि करिब करिब यही नै हो।

सुन दुर्लभ छ किनभने एउटा सानो औंठी बनाउन पुग्ने सुन फेला पार्न सुनखानीको २५ ट्रकभन्दा बढी चट्टान र माटो-ढुङ्गा केलाउनु, पगाल्नु र धुनुपर्छ । उच्च मूल्यमा बिक्ने भएकाले मात्र संसारका सुनखानी चलिरहेका हुन्। सुनखानीबाट करिब १० करोड मानिसले रोजीरोटी जुटाउँछन्। सिद्धान्तत: सस्तो खालका धातुहरू प्रयोग गरेर कारखानामा पनि सुन बनाउन सकिन्छ, तर त्यसको प्रशोधन लागत खानीको भन्दा धेरै बढी पर्छ।

सुन कहिल्यै बूढो वा पुरानो हुँदैन, खिया त लाग्दै लाग्दैन। यो १०६४ डिग्री सेल्सियस तापक्रममा पग्लिन्छ भने २८०८ डिग्रीमा भकभक उम्लिन्छ। त्यसपछि फेरी-फेरी चाहे जस्ता नयाँ गहना वा बिस्कुट बनाउन सकिन्छ। मान्छेको शरीरमा गहनाका रूपमा टाँसिने बित्तिकै यसको तपक्रम मान्छेको शरीरकै तापक्रम (३७ डिग्री सेल्सियस)मा स्थिर भइदिन्छ।

सुन आफू मात्रै बूढो-पुरानो नहुने हैन, यसको सेवन गर्नेहरू पनि सुन जस्तै चम्किला र हृष्टपुष्ट हुन्छन् भन्ने विश्वास हजारौं वर्षदेखि रहँदै आएको छ । नेपालका पूर्व प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले आफ्नो जीवनका पछिल्ला ८ महिना स्वर्णभष्मको सेवनबाट आर्जन गरेका थिए भन्ने उहाँका निकटवर्तीहरूको दाबी छ। एकखालको बाथको निम्ति स्वर्णभष्मलाई अद्वितीय औषधि मान्ने पूर्वीय विश्वास छ भने पश्चिमीजगतमा मुटुको उपचारमा समेत सुनको प्रयोग भइसकेको छ। यस्ता गुणैगुण भएपछि किन नबढोस् त दुर्लभ सुनको भाउ !

**राजेन्द्र दाहाल**


YAMAHA
बल्ल चित्त बुझ्यो !
चेन स्प्रोकेट साह्रै बलियो
'अरुलाई पनि चित्त बुझ्यो !
YBR 125
M.A.W. Enterprises Pvt. Ltd., Tripureshwor, Kathmandu: 01-4261160, 4261847
72
125CC

म.क्षे.हु.नि. द.नं. ५६/०६७/६८

